# उच्चस्तरीय प्रशासन सुधार कार्यदलको प्रतिवेदन-२०८०



**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**
**कोशी प्रदेश, विराटनगर, नेपाल**
**असार १०, २०८०**

# उच्चस्तरीय प्रशासन सुधार कार्यदल

| | |
|---|---|
| १.श्री चन्द्र कुमार घिमिरे<br>पूर्व सचिव, नेपाल सरकार | — संयोजक |
| २.श्री बाबुराम पौडेल | — सदस्य |
| ३.श्री माधव प्रसाद पोखरेल<br>सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश | — सदस्य सचिव |

# विषयसूची


## परिच्छेद १ पृष्ठभूमि १

१.१. अध्ययनको आवश्यकता १
१.२. अध्ययनको क्षेत्र तथा उद्देश्य १
१.२.१. अध्ययनको क्षेत्र १
१.२.२. अध्ययनको उद्देश्य १
१.३.अध्ययनको सीमा २

## परिच्छेद २ पूर्व प्रकाशित सामग्रीको समिक्षा ३

२.१. विभिन्न मुलुकहरुको अभ्यास ३
२.१.१. भारत (India) ३
२.१.१.१ पृष्ठभूमि ३
२.१.१.२. कर्मचारी प्रशासन ४
२.१.१.३ विकास प्रशासन ६
२.१.१.४ राजस्व प्रशासन ६
२.१.१.५ सुरक्षा प्रशासन ७
२.१.१.६ प्रहरी प्रशासन ७
२.१.१.७ कानूनी प्रशासन ८
२.१.१.८ सार्वजनिक सेवा प्रशासन (Public Service Administration) ८
२.१.२ ब्राजिल (Brazil) ८
२.१.२.१ पृष्ठभूमि ८
२.१.२.२ कर्मचारी प्रशासन (Personnel Administration) ९
२.१.२.३ विकास प्रशासन (Development Administration) ९
२.१.२.४ राजस्व प्रशासन (Revenue Administration ) १०
२.१.२.५ सूरक्षा प्रशासन (Defense Administration) १०
२.१.२.६ प्रहरी प्रशासन (Police Administration) १०
२.१.२.७ कानूनी प्रशासन (Legal Administration) ११
२.१.२.८ सार्वजनिक सेवा प्रशासन (Public Service Administration) ११
२.१.३ स्विट्जरल्याड (Switzerland) ११
२.१.३.१ पृष्ठभूमि ११
२.१.३.२ कर्मचारी प्रशासन ११
२.१.३.३ विकास प्रशासन १२
२.१.३.४ राजस्व प्रशासन (Revenue Administration ) १२
२.१.३.५ सुरक्षा प्रशासन (Defense Administration) १२
२.१.३.६ प्रहरी प्रशासन (Police Administration) १३
२.१.३.७ कानूनी प्रशासन (Legal Administration) १३
२.१.३.८ सार्वजनिक सेवा प्रशासन (General Service Administration ) १३
२.२ नेपालमा संघ, प्रदेश र स्थानीय तह १४

२.३ नेपालमा प्रादेशिक प्रशासनको व्यवस्था १५
२.३.१ संघीय निजामती प्रशासन सेवा १५
२.३.२ प्रादेशिक निजामती प्रशासन सेवा १५
२.३.३. प्रादेशिक मन्त्रालयहरु २२
२.३.३.१ प्रादेशिक केन्द्रिय निकायहरु: २३
२.३.३.२. स्थानीय सेवा २३
२.३.४ अन्य सेवाहरु २६
२.३.४.१ प्रदेश प्रहरी २६
२.३.४.२ प्रदेश अनुसन्धान व्यूरो २६
२.३.४.३ समिति तथा वोर्ड २६
२.३.५ प्रदेश प्रशासनमा प्रयुक्त कानूनहरु २७

**परिच्छेद ३ अनुसन्धान विधी ३०**

३.१ अध्ययनको ढाँचा ३०
३.२ अध्ययनको विधी ३०
३.३ तथ्याँकको श्रोत ३०
३.४ अध्ययनको विश्लेषण र प्रतिवेदन तर्जुमा ३१

**परिच्छेद ४ अवस्थाको विश्लेषण ३२**

४.१ प्रदेश सरकारको कार्यक्षेत्र ३२
४.२ संगठन ४१
४.३ कर्मचारीको दरबन्दी ५४
४.४ कर्मचारी व्यवस्थापन ६६
४.५ कार्यपद्धती ८७
४.६ नविनता र प्रविधीको उपयोग १०४
४.८ अन्तरसरकारी सम्बन्ध र समन्वय ११०
४.८.१ संघ र प्रदेश प्रशासन ११०
४.८.२ प्रदेश र स्थानीय तहको प्रशासन १११
४.९ प्रदेश आय परिचालन ११२
४.९.२ वित्तिय हस्तान्तरण ११७
४.१० बजेट विनियोजन र खर्च १२०
४.१०.१ घाटा बजेट १२०
४.१०.२ आवधिक योजना र वार्षिक बजेट विनियोजन १२०
४.१०.३ वार्षिक नीति कार्यक्रम र वार्षिक वजेट विनियोजन १२०
४.१०.४ चालू र पुँजीगत विनियोजन र खर्च १२१

**परिच्छेद ५ निष्कर्ष तथा खोज १२७**

५.१ कार्यक्षेत्र, सँगठन संरचना र कर्मचारी दरबन्दी १२७
५.२ कर्मचारी प्रशासन, सेवा तथा विकाससम्बन्धी कानूनी तथा नीतिगत प्रबन्ध १३१
५.३ कार्य पद्धती १३४
५.४ मनोवृत्ति र आचरण १४१

५.५ जनशक्ति विकास र उपयोग १४२
५.६ प्रशासनिक अन्तर सम्बन्ध (प्रदेश र संघ तथा प्रदेश र स्थानीय तह) १४३
५.९ प्रदेशको आय व्यवस्थापन १४४

**परिच्छेद ६ सिफारिस** **१४५**
६.१ संगठन संरचना र कर्मचारी दरबन्दीमा सुधार १४५
६.२ कर्मचारी, सेवा तथा विकास सम्बन्धी कानूनी तथा नीतिगत प्रबन्ध १४८
६.३ कार्य पद्धती १५३
६.४ मनोवृत्ति र आचरण १५९
६.५ जनशक्ति विकास र उपयोग १५९
६.६ प्रशासनिक अन्तर सम्बन्ध (प्रदेश र संघ तथा प्रदेश र स्थानीय तह) १६१
६.७ प्रदेशको राजस्व वृद्धि १६२
६.८ प्रशासन सुधार कार्यान्वयन योजना (Administrative Reforms Implementation Plan) १६३

**सन्दर्भ सामाग्री** **१६५**

**अनूसूचीहरु** **१७०**

# तालिका सूची


| तालिका नम्बर | तालिकाको नाम | पेज नम्बर |
|---|---|---|
| १ | कोशी प्रदेश निजामती सेवाको रिक्त पदमा पदपूर्ति सम्बन्धि प्रावधान | १६ |
| २ | स्थानीय सेवाको पदमा पदपूर्ति सम्बन्धि प्रावधान | २४ |
| ३ | संघबाट संघीयता सम्बन्धी कानून निर्माणमा भएको उपलव्धीको अवस्था | ३८ |
| ४ | नेपालको संविधान कार्यान्वयनार्थ संघबाट कानुन निर्माणको अवस्था | ३८ |
| ५ | नेपालको संविधान कार्यान्वयनार्थ कोशी प्रदेशमा कानुन निर्माणको अवस्था | ३९ |
| ६ | कोशी प्रदेशमा अभ्यास गर्न छुटेका कार्य क्षेत्रको विवरण | ४० |
| ७ | कोशी प्रदेश र स्थानीय तह बीच कार्यक्षेत्रमा दोहोरोपना | ४१ |
| ८ | प्रदेश सरकारबाट तर्जुमा भएका प्रदेश कानुनहरुको विवरण | ४२ |
| ९ | प्रदेश सरकार मन्त्रालयहरु र अन्तर्गतका निकायहरुको नाम | ४५ |
| १० | मन्त्रालय मातहत रहेका प्रशासनिक ईकाईको संख्यात्मक विवरण | ४८ |
| ११ | कोशी प्रदेशमा मन्त्रालय र संगठनको प्रकृति | ४९ |
| १२ | कोशी प्रदेश सरकारका तालिम प्रदायक निकायहरुको सूची | ५० |
| १३ | संघबाट हस्तान्तरण भई कोशी प्रदेशमा आएका तर पुर्नसंरचना नभएका निकायहरुको नामावली विवरण | ५३ |
| १४ | कोशीमा हालसम्म अस्तित्वमा नआएका तर संभाव्य संगठनहरु | ५५ |
| १५ | कोशी प्रदेश सेवामा कार्यरत कूल कर्मचारीको मन्त्रालयगत विवरण | ५६ |
| १६ | कोशी प्रदेशको तहगत दरबन्दीको विवरण | ५८ |
| १७ | पद सिर्जना गर्दा थप हुन सक्ने आर्थिक दायित्वको आँकलन | ५९ |
| १८ | कोशी प्रदेश सेवामा कार्यरत कूल स्थाई कर्मचारी संख्या | ६० |
| १९ | कोशी प्रदेश प्रहरी र अर्न्तगत दरबन्दी र कार्यरतको विवरण | ६१ |
| २० | कोशी प्रदेशमा प्रहरी संगठन संरचना | ६३ |
| २१ | सेवा समूह संचालन र व्यवस्थापन | ६७ |
| २२ | कोशी प्रदेश प्रशासनमा वृत्ति विकासका अवसर सम्बन्धी विवरण | ६७ |
| २३ | कोशी प्रदेश प्रशासनमा भएको पदपूर्ति विवरण | ७० |
| २४ | कोशी प्रदेश सेवामा कार्यरत कूल कर्मचारीको जिल्लागत संख्या | ७० |
| २५ | कोशी प्रदेश सरकारको प्रमुख सचिव पदमा रिक्तताको विवरण | ७१ |
| २६ | कोशी प्रदेशको प्रमुख सचिवमा स्थायित्व सम्बन्धी विवरण | ७२ |
| २७ | कोशी प्रदेशमा सचिव कर्मचारीको स्थाईत्व | ७३ |
| २८ | कोशी प्रदेश प्रशासनमा कार्यस्थल अनुसार कार्यरत कर्मचारीको संख्या | ७४ |
| २९ | सेवा अनुसार प्रदेशमा कार्यरत स्थाई कर्मचारीको आपूर्ति विवरण | ७५ |
| ३० | प्रदेशमा कार्यरत कूल स्थाई कर्मचारीको विवरण | ७६ |
| ३१ | प्रदेश मन्त्रालय, निकाय र मातहतमा कर्मचारी दरबन्दी र पदपूर्ति | ७८ |

| | | |
|---|---|---|
| ३२ | प्रदेशका कर्मचारीले पाएको पदकको संख्यात्मक विवरण (जनसेवाश्री) | ७९ |
| ३३ | प्रदेशका कर्मचारीहरुले प्राप्त गरेको निजामती सेवा पुरस्कारको विवरण | ७९ |
| ३४ | कोशी प्रदेश निजामती सेवामा विभागीय सजायको विवरण | ८० |
| ३५ | कोशी प्रदेश सरकारका तालिम प्रदायक निकायहरु र तालिमको विवरण | ८१ |
| ३६ | तालिम प्रदायक निकायमा गरिएका अनुसन्धानको विवरण | ८२ |
| ३७ | कोशी प्रदेश लगानी प्राधिकरणबाट लगानी स्वीकृत परियोजनाहरुको विवरण | ८७ |
| ३८ | प्रदेश लगानी प्राधिकरण कोशी प्रदेशको विनियोजन र खर्चको अवस्था | ८७ |
| ३९ | कार्यविवरण भएका कोशी प्रदेशका मन्त्रालयको नामावली | ८७ |
| ४० | मन्त्री र सचिवबिच कार्यसम्पादन करारको अवस्था | ९० |
| ४१ | मन्त्रालयहरुको विवरण वेभसाइटमा उपलब्धता | ९२ |
| ४२ | मन्त्रालयहरुको वेभसाइटमा गुनासो सुन्ने अधिकारीको जानकारी | ९३ |
| ४३ | कोशीका मन्त्रालयहरुको वेभसाइटमा गुनासो राख्नेले प्रयोग गर्न सक्ने टोलफ्रि फोन | ९४ |
| ४४ | कोशी प्रदेशको व्यवस्थापन परीक्षणको विवरण | ९६ |
| ४५ | कोशीमा भ्रमण अनुगमनमा भएको खर्च विवरण | ९७ |
| ४६ | प्रदेश सरकारको ५ बर्षको बेरुजुको तुलनात्मक स्थिती | ९९ |
| ४७ | प्रदेश सरकारको बेरुजु फर्छ्यौटको तुलनात्मक स्थिती | ९९ |
| ४८ | कोशी प्रदेशमा आ.व. २०७८/७९ मा संचालित घुम्ती सेवाको विवरण | १०२ |
| ४९ | शासकिय सुधार एकाईको स्थापना सम्बन्धी विवरण | १०३ |
| ५० | कोशी प्रदेश सरकारका तालिम र अनुसन्धान प्रदायक निकायहरुले गरेको आम्दानी | १०३ |
| ५१ | प्रदेश निजामती कर्मचारीका आचरणका सम्बन्धमा गरिएका व्यवस्थाहरु | १०६ |
| ५२ | कार्यालयमा सामाजिक संजाल र निषेधित साइटको प्रयोग | १०७ |
| ५३ | उच्चस्तरीय प्रशासन सुधार कार्यदलबाट माग सुझाव प्राप्ति सम्बन्धी विवरण | १०९ |
| ५४ | कोशी प्रदेश समन्वय परिषद्को बैठक सम्बन्धी विवरण | ११० |
| ५५ | कोशी प्रदेश सरकारको वार्षिक कूल आय विवरण | ११२ |
| ५६ | ७ प्रदेशको आन्तरिक आन्तरिक राजस्वको तुलना | ११३ |
| ५७ | प्रदेशहरुको प्रक्षेपित र यथार्थ आन्तरिक राजस्वको तुलनात्मक विवरण | ११३ |
| ५८ | प्रदेशका ५ राजस्व श्रोतको तुलनात्मक विवरण | ११५ |
| ५९ | सातै प्रदेशको राजस्व बाँडफाँडको तुलनात्मक विवरण | ११६ |
| ६० | पछिल्लो आर्थिक वर्ष (२०७८/२०७९) को सातै प्रदेशलाई संघबाट प्राप्त अनुदानको तुलना | ११८ |
| ६१ | प्रदेशहरुको यथार्थ खर्च धान्ने श्रोतको तुलनात्मक विवरण | ११९ |
| ६२ | कोशी प्रदेशमा घाटा बजेटको उपयोग | १२० |
| ६३ | सातै प्रदेशको कूल खर्च प्रगतीको विवरण | १२१ |
| ६४ | कोशी प्रदेश सरकारको वार्षिक बजेट विनियोजन र खर्च प्रगती | १२२ |
| ६५ | कोशी प्रदेश सरकारबाट वार्षिक विनियोजन गरिएका कार्यक्रम आयोजनाको विवरण | १२३ |

| | | |
|---|---|---|
| ६६ | विनियोजन र थप श्रोत सुनिश्चितताको तुलनात्मक विवरण | १२४ |
| ६७ | कोशी प्रदेशमा बजेट रकमान्तर सम्बन्धी अभ्यास | १२४ |
| ६८ | कोशी प्रदेशमा अर्थ विविधको प्रयोग सम्बन्धी विवरण | १२४ |
| ६९ | कोशी प्रदेशबाट स्थानीय तहलाई प्रदत अनुदानको विवरण | १२५ |

## चित्र सूची

१. प्रदेश प्रशासनको पदसोपानको पिरामिड – पेज नं ५७

## मामिला अध्ययन सूची

१. मामिला अध्ययन (केस स्टडी) १: कोशी प्रदेश प्रहरी – पेज नं ६४
२. मामिला अध्ययन (केस स्टडी) २: प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुडी, झापा – पेज नं ८४
३. मामिला अध्ययन (केस स्टडी) ३: कोशी प्रदेशका यातायात व्यवस्था कार्यालयहरु – पेज नं १०४

# अनुसूचीको सूची



| सि.नं. | अनुसूची | पेज नं. |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दरबन्दी संरचना | १७१ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दरबन्दी तेरीज | १७२ |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालयको दरबन्दी संरचना | १७५ |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालयको दरबन्दी तेरीज | १७६ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालयको दरबन्दी संरचना | १७९ |
| ६ | आर्थिक मामिला तथा योजना मन्त्रालयको दरबन्दी तेरीज | १८० |
| ७ | सामाजिक विकास मन्त्रालयको दरबन्दी संरचना | १८२ |
| ८ | सामाजिक विकास मन्त्रालयको दरबन्दी तेरीज | १८३ |
| ९ | स्वास्थ्य मन्त्रालयको दरबन्दी संरचना | १८५ |
| १० | स्वास्थ्य मन्त्रालयको दरबन्दी तेरीज | १८६ |
| ११ | सडक पुर्वाधार तथा शहरी विकास मन्त्रालयको दरबन्दी संरचना | १८७ |
| १२ | सडक पुर्वाधार तथा शहरी विकास मन्त्रालयको दरबन्दी तेरीज | १८८ |
| १३ | खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालयको दरबन्दी संरचना | १९० |
| १४ | खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालयको दरबन्दी तेरीज | १९१ |
| १५ | पर्यटन,वन तथा वातावरण मन्त्रालयको दरबन्दी संरचना | १९२ |
| १६ | पर्यटन,वन तथा वातावरण मन्त्रालयको दरबन्दी तेरीज | १९३ |
| १७ | उद्योग, कृषि तथा सहकारी मन्त्रालयको दरबन्दी संरचना | १९५ |
| १८ | उद्योग, कृषि तथा सहकारी मन्त्रालयको दरबन्दी तेरीज | १९६ |
| १९ | यातायात कार्यालयको सेवा प्रवाहमा सुधारको कार्ययोजना | १९८ |
| २० | संघीय संसदबाट निर्माण र संसोधन भएका ऐनहरुको सुची | २०२ |
| २१ | कोशी प्रदेश सरकारको हालसम्मका प्रमुख सचिवज्यूहरुको कार्य अवधी | २०८ |
| २२ | उच्चस्तरीय प्रशासन सुधार कार्यदलको म्याद थप सम्बन्धी पत्र | २०९ |
| २३ | कार्यदलले प्रतिवेदन तयार गर्दा छलफल गरेका व्यक्तित्वहरुको नामावली | २११ |
| २४ | प्रदेश ऐनहरुको सूची | २१२ |
| २५ | प्रदेशबाट तर्जुमा भई स्वीकृत भएका नियमहरुको सूची | २१४ |
| २६ | एकल अधिकारको विश्तृतीकरणमा समावेश भएका तर प्रदेशको कार्य विभाजनमा नपरेका विषयहरुको सूची | २१५ |

| | | |
|---|---|---|
| २७ | प्रदेश सरकारको एकल अधिकारको विस्तृतीकरणमा रहेको तर प्रदेशले कानूनी<br>व्यवस्था नगरेका विषयहरुको सूची | २१७ |
| २८ | प्रदेश सरकारको एकल अधिकारको विश्तृतीतकरणका विषयहरु मध्य प्रदेश सरकारको कार्यविभाजनमा परेको तर प्रदेशमा संस्थागत प्रबन्ध हुन नसकेका विषयहरु सूची | २२५ |

## कार्यदलको भनाई

संघीयताको सुदृढिकरणका लागि प्रदेश सरकारको प्रशासन सुधार आजको दिनको महत्वपूर्ण समसामयिक सवाल हो जोसँग आम जन सरोकार गाँसिएको छ । नेपालमा प्रदेश सरकारको प्रशासन सुधारका क्षेत्रमा अहिलेसम्म विरलै कुनै अनुसन्धान तथा अध्ययन सम्पन्न गरिएको छ । यस मानेमा यो अध्ययन एक कोशेढुंगा हुने अपेक्षा हामीले गरेका छौं ।

यति महत्वपूर्ण प्रतिवेदन तर्जुमामा प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री हिक्मत कुमार कार्की र वहाँको नेतृत्वको प्रदेश सरकार (मन्त्रिपरिषद्) ले हामीलाई उच्च विश्वास गरेर यसमा सहभागी हुने अवसर हामीलाई दिनु भएकोमा वहाँहरुप्रति हामी अत्यन्तै आभारी छौं ।

यस प्रतिवेदनको अध्ययन दौरान हामीलाई हौसला भरेर र यसका लागि आवश्यक अन्तर निकाय समन्वय जुटाई दिएर सहयोग गर्नु हुने प्रदेश सरकारका प्रमुख सचिव श्री दीपक कुमार काफ्लेलाई मुरी मुरी धन्यवाद ज्ञापन गर्छौं । साथै, कार्यदलको कार्य दौरान दैनन्दिन लजिष्टीक तथा प्रशासनिक सहयोग उपलब्ध गराउने सचिवहरु क्रमशः श्री ईश्वर कुमार गिरी, श्री माधव प्रसाद पोखेल, तात्कालिन सचिव श्री कृष्ण प्रसाद सापकोटा र वहाँहरुको सिङ्गो टिमप्रति अनुग्रहित छौं ।

आफ्नो व्यस्त कार्यसूचीका बाबजूद कार्यदललाई तथ्य र तथ्यांक उपलब्ध गराउन हरहमेशा तत्पर हुने सबै विज्ञ तथा पदाधिकारीहरुलाई धन्यवाद नदिई रहन सकिन्न । अन्तमा, कार्यदलमा रही हामीलाई अटुट सघाउनु हुने खासगरी शा.अ.हरु श्री दिनेश ढुंगाना, शा.अ. श्री कोविद ढकाल, अनमोलमणी भट्टराई, कम्प्यूटर अपरेटर श्री चुडामणी (सीएम) न्यौपान, श्री सुकिन्द्र कुमार साह, कार्यालय सहयोगी सुश्री नितु कुमारी साह (पन्जियार), श्री युवराज गिरी, सवारी चालक श्री मिन तामाङ्ग र श्री सुरज विश्वास पनि हाम्रो धन्यवादका कुशल पात्रहरु हुनुहुन्छ ।

कार्यदल अधिकारपूर्वक अपेक्षा गर्दछौं कि यस प्रतिवेदनमा औंल्याईएका सवाल (Issues) र सुझाव ( Recommendations) लाई आगामी समयमा प्रदेश सरकारले कार्यान्वयन गर्न उच्च प्राथमिकता दिनेछ । कार्यान्वयनका लागि आवश्यक पर्ने साधन श्रोतहरु जुटाउनेछ । त्यस्तै, प्रदेश सरकारलाई संस्थागत गर्न र सुदृढिकरण गर्न यस क्षेत्रमा कार्यरत अन्य ६ वाट प्रदेशका सरकारहरु, ईच्छुक हरेक निकाय, अनुसन्धानकर्ता, प्राज्ञिक संस्था तथा फोरम, बौद्धिक व्यक्तित्व, सार्वजनिक मिडिया र अन्य सरोकारवालाहरुले यस्तो कार्यमा थप पहल लिँदा यो अध्ययन सहयोगी बन्न सक्नेछ भन्ने समेत विश्वास लिएका छौं ।

उच्चस्तरीय प्रशासन सुधार कार्यदल
कोशी प्रदेश, बिराटनगर, नेपाल
२०८० असार १० गते, आईतबार ।

# कार्यकारी सारांश

कोशी प्रदेशमा पहिलोपल्ट मुख्यमन्त्रीको बहाली भएको मिति २०७४/११/०३ देखि यो प्रदेश सरकारको उमेर गणना गर्दा प्रारम्भबाट मिति २०७९/०२/०१ सम्म कूल १९१५ दिन व्यतित भएको छ । यसबीच ४ जना मुख्यमन्त्री, ९ जना प्रमुख सचिव र ५२ जना सचिव यस प्रदेश प्रशासनले पाएको तथ्य यसको ईतिहाँसमा छ । तरपनि प्रदेश प्रशासन मितव्ययी, दक्ष, प्रभावकारी र परिणाममुखी हुन नसकेको गुनासो व्याप्त छ । त्यसैगरी, प्रदेश सरकारको खर्च वृद्धिको अनुपातमा आन्तरीक राजस्व वृद्धि पर्याप्त नभएको, बजेट विनियोजन सहि नभएको, पूंजीगत खर्च पर्याप्त हुन नसकेको र पालिकाहरुसँग समन्वय, सहअस्तित्व र सहकार्य अपेक्षित हुन नसकेको गुनासो सुन्ने गरिन्छ । यस पृष्ठभूमिमा प्रदेश सरकारले प्रदेश प्रशासनको सुधार गर्ने गहन दायित्व महसूस गर्दै मन्त्रिपरिषदबाट मिति २०७९/१०/६ र २०७९/११/१ मा गरेको निर्णयबाट यो उच्चस्तरीय प्रशासन सुधार कार्यदल गठन भएको थियो ।

यस उच्चस्तरीय कार्यदललाई देहायको कार्यादेश दिईएको थियोः १) प्रदेश सरकार र अर्न्तगतका निकायहरुको संगठन संरचना छरितो बनाई प्रदेश सरकारको प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नका लागि उपयुक्त आकारमा कर्मचारी दरबन्दी संख्या कायम गर्न सिफारिस गर्ने, २) प्रदेश सरकारबाट नागरिकहरुलाई प्रदान गरिने सेवालाई चुस्त, दुरुस्त बनाउनका लागि प्रदेश सरकारको कार्यप्रणाली र कार्यविधीलाई छोटो, सरल र उपलव्धीमूलक बनाउन तथा सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधीको प्रयोग गरी प्रदान गर्न सकिने सेवाहरुका सम्बन्धमा ठोस सुझाव दिने, ३) प्रदेश निजामती सेवाको सुधार गरी निष्पक्ष, तटस्थ, उत्तरदायि, जवाफदेही एवं उत्प्रेरित निजामती प्रशासन संरचना तयार गर्न आवश्यक सुझाव दिने साथै समग्र प्रदेशको सुशासन कायम गर्न एवं भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा सुझाव दिने, ४) प्रदेश सरकार र अर्न्तगतका निकायहरुले सम्पादन गर्दै आईरहेका कार्यहरु मध्ये स्थानीय तहले सम्पादन गर्दा उपयुक्त हुने सेवा प्रवाह तथा विकास निर्माणका क्षेत्रहरुको पहिचान गरी सिफारिस गर्ने, ५) स्थानीय तह तथा प्रदेश बीचको अन्तरसम्बन्ध मजबूत बनाउने उपायहरु सिफारिस गर्ने, ६) प्रदेश सरकारको आन्तरीक राजस्व वृद्धि गर्नका लागि आयका सम्भावित क्षेत्रहरुको पहिचान सहित राजस्वको दायरी फराकिलो बनाउने सम्बन्धमा सुझाव दिने, ७) उल्लेखित कार्यक्षेत्रगत शर्तहरुको परिधीभित्र रही राय सुझाव तथा सिफारिसहरुको कार्यान्वयनको कार्ययोजना समेत सिफारिस गर्ने ।

यस अध्ययनले सप्रमाणमा आधारित (Evidence Based) भएर अध्ययन यो प्रदेश प्रशासनको विभिन्न आयामहरुको विश्लेषण गऱ्यो । सोका आधारमा यस कार्यदललाई दिईएको कार्यादेशभित्र प्रमाणहरुको व्यापक खोजि गऱ्यो । सांख्यिक (Quantitative) तथा गुणात्मक (Qualitative) प्रमाण अर्थात तथ्य र तथ्यांकलाई उपयोगमाथि उभिएर यो अध्ययनले समस्या पहिचान र सुझाव तर्जुमा गर्ने अधिकतम प्रयास गरेको छ ।

अध्ययन विश्लेषणका क्रममा तथ्यांक संकलन गर्दै कार्यादेशको विषयहरुलाई केलाउने उद्देश्यले कूल ६९ वटा तालिका तर्जुमा गरियो भने कूल २८ वटा अनूसूची उपयोग गरियो । गहिरो विश्लेषण चाहिने भएकाले प्रदेश सरकारको कार्यक्षेत्रहरु, सँगठनहरु, कर्मचारीको दरबन्दीहरु, कर्मचारी व्यवस्थापन, कार्यपद्धती, नविनता र प्रविधीको उपयोग, मनोवृत्ति र आचरण, अन्तरसरकारी सम्बन्ध (प्रदेश र संघबीच तथा प्रदेश र स्थानीय तहबीच), प्रदेश आय (आन्तरीक आय र वित्तीय हस्तान्तरण), बजेट विनियोजन र खर्च, बजेट रकमान्तर, स्थानीय तहलाई अनुदान, संघसंस्थालाई प्रादेशिक अनुदान र

प्रदेशको सेवा र विकासमा स्थानीय तह जस्ता विषयहरुलाई विश्लेषणको आधारस्तम्भ (Pillars) बनाईयो । त्यस प्रकृयालाई गहिरोसँग सघाउन थप ३ वटा मामिला अध्ययन (केस स्टडी) हरु गरियो जुन प्रदेश प्रहरी, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान (कलवलगुडी) र यस प्रदेशका यातायात व्यवस्था कार्यालयहरु भन्ने विषयमाथि केन्द्रित रहे ।

कार्यक्षेत्रको सवालमा कतिपय विषयमा प्रदेशको कार्यक्षेत्र स्पष्ट नभएको, संघ र स्थानीय तहसँग दोहोरोपना भएको, कतिपय सृजना गर्नु पर्ने संगठन निर्माण नभएको तर केही अन्य तहको सरकारको कार्यक्षेत्रको संगठन यस प्रदेशमा दोहोरिएको देखियो । त्यस्तै, कतिपय बनिसक्नु पर्ने कानूनहरु नबनेको पनि पाईयो भने आफ्नो कार्यक्षेत्रभन्दा अन्य कार्यक्षेत्रमा गएर विनियोजन भएको पाईयो । संगठन संरचनाका सवालमा मन्त्रालय, निकाय, कार्यालयहरु अझै बढी भएको देखियो भने संविधान र प्रचलित कानूनबमोजिम केही अरु संगठनहरु अझै संभाव्य रहेको पनि पाईयो । त्यस्तै, २०७५ सालबाट संघबाट हस्तान्तरण भई यस प्रदेशमा आएका कैयन निकाय र कार्यालयहरु अहिले संघीय ढाँचामा सन्दर्भविहिन बन्दापनि संचालनमा रहिरहेका देखिए । यसरी तिनीहरुबाट खर्च दायित्व सृजना भएको, उत्पादकत्व नभएको र तिनले पुर्नसंरचना पर्खिरहेको पाईयो । दरबन्दीहरु सृजना भएर पनि पदनामको तह नपाउँदा पदपूर्ति अघि नबढेको साथै O&M सम्पन्न हुन बाँकी देखियो । प्रदेश प्रहरीको सवालमा अझै कतिपय कानून, दरबन्दी, व्यवस्थापन योजना, प्रहरीको संचालनमा संघ र प्रदेशबीचको तादाम्यता, पूर्वाधार अभाव र प्रदेशले प्रहरी बोक्न सक्तैन भन्ने गलत भाष्य जस्ता कारणले प्रदेश प्रहरी संचालनमा आउन नसकिरहेको भेटियो । हालाकी यसका पछाडी राजनैतिक तहमा मतैक्यताको अभाव मुख्य जिम्मेवार छ । कर्मचारी प्रशासन, सेवा प्रवाह, विकास गतिविधीको सवालमा अनेकौं कानूनी र नीतिगत समस्याहरु देखिए । प्रदेश निजामती सेवाका लागि कतिपय कानूनी व्यवस्था गरिसक्ता पनि अनेकन व्यवस्थापकिय कारणले तीनीहरु लागू हुन नसकेको देखियो, जस्तैः प्रदेश निजामती सेवाबाट प्रदेश सचिवको नियुक्ती । अरुको क्षमता विकासका लागि सहयोगी बन्नु पर्ने प्रदेश सरकारका तालिम तथा अनुसन्धान प्रदायक निकायहरु ९ वटा हुँदापनि ती आँफैमा संकटग्रस्त अवस्थामा भेटिए । प्रदेशमा लगानी भित्राउन खडा गरिएको लगानी प्राधिकरण आँफै विभिन्न समस्यामा अडकिएको देखियो । कार्यपद्धतीको सवालमा कर्मचारीको कार्यविवरण अहिलेसम्म नबनिसकेको, संस्थागत स्मरण सम्बन्धी अवस्था कमजोर रहेको, अधिकार प्रत्यायोजन पर्याप्त नभएको, पारदर्शिताका लागि कानूनी प्रावधान राखिएपनि परिपालना कमजोर रहेको, गुनासो व्यवस्थापन फित्तलो भएको, व्यवस्थापन परिक्षण प्रयोगमा करीब-करीब नआएको, अनुगमन मूल्यांकन कमजोर रहेको, सार्वजनिक वित्तीय व्यवस्थापन निकै समस्यामा रहेको, SOP को उपयोग नभएको, बेरुजुको अवस्था सन्तोषजनक नरहको, सार्वजनिक सुनुवाई, कार्यक्रम वा आयोजनास्थलमा सूचना बोर्ड, नागरिक बडापत्र र घुम्ती सेवाको प्रयोग अझै अपर्याप्त भएको देखियो । त्यस्तै, सेवा प्रदायक कार्यालयहरुमा नविनता र सूचना प्रविधीको उपयोग निकै अपर्याप्त भेटियो । मनोवृत्ति र आचरणको सवालमा विभिन्न समस्याहरु देखिए । जनशक्ति विकास र उपयोगतर्फ प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान निकै रसातलमा रहेको भेटियो । प्रशासनिक अन्तरसम्बन्ध खासगरी प्रदेश र संघ साथै प्रदेश र स्थानीय तहबीच पनि अनेक सवालहरु रहेका देखिए । प्रदेश सरकारको आय खासगरी आन्तरीक राजस्व र वित्त हस्तान्तरणबाट प्राप्त हुने अनुदानका सवालमा थुप्रै समस्याहरु देखा परे । यसरी कूल १३७ वटा समस्याहरु यस अध्ययनले यहाँ औंल्याएको छ । उपरोक्त निष्कर्षहरुले आगामी समयमा प्रदेश प्रशासनभित्र ठूलो सुधारको खाँचो रहेको दर्शाउँछ ।

अब सुधार कसरी संभव छ ? यसतर्फ लागौँ । कार्यक्षेत्रमा सुधार गर्न यस प्रतिवेदनले १२ वटा सुझाव दिएको छ । त्यसैगरी संगठन संरचनामा सुधार ल्याउन २० वटा सुझाव अघि सारिएको छ । यसै क्रममा कर्मचारी, सेवा तथा विकास सम्बन्धी कानूनी तथा नीतिगत प्रबन्धतर्फ २० वटा सुझाव दिईएको छ । तालिम तथा अनुसन्धान प्रदायक ९ वटा संस्थाहरुमा सुधार गर्न ७ वटा सुझावहरु दिईएका छन् । तर यस सिलसिलामा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धी केस स्टडी र जनशक्ति विकास र उपयोग शिर्षकमा अनेकौं सुझावहरु उक्त प्रतिष्ठानलाई पुर्नजीवन दिन प्रतिवेदनभित्र पेश गरिएका छन् । त्यस्तै, प्रदेश लगानी प्राधिकरण र प्रदेश प्रहरीका लागि १५ वटा मुख्य सुझावहरु प्रस्तुत छन् । कार्यपद्धती सुधारतर्फ त्यसका १६ वटा आयामहरुमा ४३ वटा सुझावहरु यहाँ पस्किएका छन् । कर्मचारीको मनोवृत्ति र आचरण भन्ने सवालतर्फ हेरिएका ३ वटा आयामहरुमा ६ वटा सुझावहरु यहाँ संलग्न छन् । त्यसैगरी जनशक्ति विकास र उपयोग भन्ने सवालमा २ वटा प्रमुख र २६ वटा सहायक सुझावहरु दिईएका छन् । निकै महत्वपूर्ण सवाल प्रशासनिक अन्तरसम्बन्धतर्फ ९ वटा सुझावहरु यहाँ छन् । प्रदेश सरकारको राजस्व वृद्धिका लागि १४ वटा सुझावहरु समावेश छन् । अन्तिममा, प्रशासन सुधारका लागि यो प्रतिवेदनको कार्यान्वयन गर्ने सवालमा ३ वटा रणनैतिक सुझावहरु प्रस्तुत गर्दै यो अध्ययनले बिट मारेको छ । यहाँसम्म आईपुग्दा कूल १५२ वटा मूल सिफारिसहरु र कैयन सहायक सिफारिसहरु यस कार्यदलले समेटेको छ ।

यथार्थमा भन्नु पर्दा यो कार्यदललाई एकातिर निकै व्यापक प्रकृतिको कार्यादेश दिईएको तर अर्कोतिर यसले पाएको कूल समय केवल ४ महिना १७ दिन थियो । प्रारम्भमा त्यो केवल ३ महिना थियो । हालाकी कार्यबोझले कमसेकम ८ महिनाको समयावधी माग गर्दछ । यसका अतिरिक्त कार्यदलमा खटिएका सदस्य केवल २ जना मात्रै भएको कार्यदलमा खटाईएका जनशक्ति साह्रै नपुग थियो । खटिएका कर्मचारीहरुको सरुवा निरन्तर जारी रह्यो । छुट्टै बजेट उपलब्ध नहुनु जस्ता कारणले गर्दा डिजाइन र समय तय गरिएको सर्भेक्षण समेत त्याग्न कार्यदल बाध्य हुन पर्‍यो । कार्यदलका लागि प्रारम्भमा विज्ञहरुको सेवा लिन सक्ने भनिएकोमा सो अवसर समेत यस कार्यदलले पाउन सकेन । यसले गर्दा चाहेरपनि कतिपय विषयमा तथ्याँक संकलन, प्रशोधन, विश्लेषण गर्न सकिएन । एउटा सर्भेक्षण गर्ने योजना रद्द गर्नुपर्‍यो । कैयन प्रारम्भमा बनाईएका तालिकाहरु तथ्यांकको अभावमा हटाउनु पर्‍यो । यस्ता तमाम सीमाहरु (Limitations) का बीचबाट यो प्रतिवेदन तर्जुमा भएको छ ।

# परिच्छेद १
# पृष्ठभूमि

## १.१ अध्ययनको आवश्यकता

नेपालको संविधान २०७२ ले संघीयतामा आधारित राज्य व्यवस्थाको प्रारुपलाई विधिवत रुपमा अवलम्वन गरे पश्चात २०७५ सालमा प्रशासनिक पुनसँरचना आरम्भ गरियो । यसका लागि कार्य विस्तृतिकरण सम्बन्धी प्रतिवेदनलाई उपयोगमा ल्याई २०७५ साल देखि प्रदेश प्रशासन सञ्चालनमा आयो । यसै बीच प्रदेश प्रशासन प्रभावकारी नभएको, खर्चिलो भएको, परिणाममुखी नभएको, सेवा तथा विकास प्रवाहमा खरो उत्रिन नसकेको र जनमैत्री प्रविधिको उपयोग गर्न नसकेको आरोप तथा प्रश्नहरु पनि उठ्ने गरेको अवस्था छ ।

संघीयता र प्रदेश सरकारलाई संस्थागत गर्दै अघि वढ्न प्रदेश प्रशासन निश्पक्ष, तटस्थ, उत्तरदायी, जवाफदेही एवम् स्वचालित तथा उत्प्रेरित हुनु जरुरी छ । यसका साथै राजस्वको उपयुक्त परिचालन क्षमता वढाउनु र संघ तथा स्थानीय तहसँग सहकार्य, समन्वय र सह-अस्तित्वमा आधारित सुमधुर अन्तर सम्बन्धको सम्वर्द्धन गर्नु पर्ने चुनौती पनि प्रदेश प्रशासन सामु खडा छन् । उपरोक्त सन्दर्भमा प्रदेश प्रशासनमा आमुल सुधारको आवश्यक्ता  आजको माग हो ।

यही आवश्यक्तालाई गम्भिरतापूर्वक लिई कोशी प्रदेश सरकार (मन्त्री परिषद) को मिति २०७९।१०।६ र मिति २०७९।११।१ को निर्णयानुसार विभिन्न छ(६) कार्यक्षेत्रगत शर्तहरु उल्लेख गरी ती कार्यक्षेत्रगत शर्तहरुको परिधिमा रही राय सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकारका पूर्व सचिव चन्द्र कुमार घिमिरेको संयोजकत्वमा नेपाल सरकारका पूर्व सह सचिव बाबुराम पौडेल सदस्य र शासकीय सुधार महाशाखाका प्रदेश सचिव सदस्य-सचिव रहने गरी यो उच्च स्तरीय प्रशासन सुधार कार्यदल गठन गरिएको छ । अतएव कार्यदेश अनुरुप उल्लेखित कोशी प्रदेश सरकारलाई राय सुझाव सहितको एक प्रतिवेदन पेश गर्न प्रस्तुत अध्ययन सम्पन्न गरिएको हो ।

## १.२ अध्ययनको क्षेत्र तथा उद्देश्य

### १.२.१ अध्ययनको क्षेत्र

यस कार्यदलले अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा प्रदेश सरकारको कार्य क्षेत्र, संगठन ढाँचा, कर्मचारी दरवन्दी, कर्मचारी व्यवस्थापनलाई आफ्नो अध्ययनको क्षेत्रमा समेटेको छ । यसै गरी कार्यपद्धति, नविनता र प्रविधिको उपयोग, मनोवृति तथा आचारण, अन्तर सरकारी सम्बन्ध र समन्वयलाई पनि अध्ययनको क्षेत्रमा समेटिएको छ । यसका अतिरिक्त प्रदेशको आय र परिचालन, वजेट विनियोजन र खर्च एवम् प्रदेशको सेवा र विकास प्रवाहमा स्थानीय तह समेतलाई अध्ययनको क्षेत्रमा राखी यो कार्यदलले प्रतिवेदन तयार गरेको छ ।

### १.२.२ अध्ययनको उद्देश्य

प्रदेश सरकार (मन्त्रिपरिषद) को निर्णयबाट यस उच्चस्तरीय कार्यदललाई प्रदत्त कार्यदेश अनुसार यस प्रतिवेदनका उद्देश्य देहाय बमोजिम छनः-

क. प्रदेश सरकार र अन्तर्गतका निकायहरूको संगठन संरचना छरितो बनाई प्रदेश सरकारको प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नका लागि उपयुक्त आकारमा कर्मचारी दरबन्दी संख्या कायम गर्न सिफारिस गर्ने

ख. प्रदेश सरकारबाट नागरिकहरुलाई प्रदान गरिने सेवालाई चुस्त, दुरुस्त बनाउनका लागि प्रदेश सरकारको कार्य प्रणाली र कार्यविधिलाई छोटो, सरल र उपलब्धिमूलक बनाउन तथा सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गरी प्रदान गर्न सकिने सेवाहरूका सम्बन्धमा ठोस सुझाव दिने

ग. प्रदेश निजामती सेवाको सुधार गरी निष्पक्ष, तटस्थ, उत्तरदायी, जबाफदेही एवं उत्प्रेरित निजामती प्रशासन संरचना तयार गर्न आवश्यक सुझावहरू दिने साथै समग्र प्रदेशको सुशासन कायम गर्न एवं भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा सुझाव दिने

घ. प्रदेश सरकार र अर्न्तगतका निकायहरूले सम्पादन गर्दै आइरहेका कार्यहरुमध्ये स्थानीय तहले सम्पादन गर्दा उपयुक्त हुने सेवा प्रवाह तथा विकास निर्माणका क्षेत्रहरुको पहिचान गरी सिफारिस गर्ने

ङ. स्थानीय तह तथा प्रदेश बिचको अन्तरसम्बन्ध मजबूत बनाउने उपायहरू सिफारिस गर्ने

च. प्रदेश सरकारको आन्तरिक राजस्व वृद्धि गर्नका लागि आयका सम्भावित क्षेत्रहरूको पहिचान सहित राजस्वको दायरा फराकिलो बनाउने सम्बन्धमा सुझाव दिने

छ. उल्लिखित कार्यक्षेत्रगत शर्तहरूको परिधिमा रही राय सुझाव तथा सिफारिसहरूको कार्यान्वयनको कार्ययोजना समेत सिफारिस गर्ने

## १.३ अध्ययनको सीमा

यस कार्यदललाई अध्ययनका लागि उपलब्ध समय, साधन स्रोत र जनशक्तिको कमीले गर्दा कार्यदलले आफ्नो अध्ययनमा प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ४ को उप-दफा (१) मा उल्लेखित (क) प्रदेश इन्जिनियरिङ्ग सेवा (ख) प्रदेश कृषि सेवा (ग) प्रदेश प्रशासन सेवा (घ) प्रदेश वन सेवा (ङ) प्रदेश शिक्षा सेवा (च) प्रदेश स्वास्थ्य सेवा (छ) सूचना प्रविधि सेवा गरी जम्मा ७(सात) वटा प्रदेश निजामती सेवामा सीमित भई अध्ययन गरिएको छ । यसैगरी प्रदेश सरकारका केन्द्रिय निकायहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी सिचाई तथा उर्जा मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, उद्योग कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लोकसेवा आयोग, प्रदेश लगानी प्राधिकरण र प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान र मातहतका कार्यालयहरुमा सीमित रही यो अध्ययन गरिएको छ ।

यसका अलावा विद्यमान संविधान, प्रदेश प्रशासनलाई असर पार्ने सघीय कानूनहरु साथै प्रदेश कानूनहरुलाई यस अध्ययनले अध्ययन, विश्लेषणमा समेटिएको छ । साथै प्रदेश सरकारको आय-व्यय, वजेट विनियोजन तथा प्रदेश प्रशासनको संघ प्रशासन र स्थानीय तहको प्रशासनसँगको अन्तर सम्बन्ध सम्वन्धी तथ्य तथ्यांकमा यो अध्ययन केन्द्रित छ । उल्लेखित विषयहरुका लागि छोटो समयावधिमा प्रदेश प्रशासनसँग उपलब्ध तथ्य र तथ्यांकमा समेत यो अध्ययन केन्द्रित रहयो । साधन श्रोत, बजेट, जनशक्तिको अभावमा यस अध्ययनले सिमित श्रोतको मात्र उपयोग गर्न सक्यो ।

# परिच्छेद २
# पूर्व प्रकाशित सामग्रीको समिक्षा

## २.१. विभिन्न मुलुकहरुको अभ्यास

नेपाल सहित विश्वका देहायका २७ वटा देशहरुमा[१] संघीय शासन प्रणाली रहेको छ। संघीय शासन प्रणाली लागु भएका देशहरु देहाय बमोजिम छन् ।

| | | |
|---|---|---|
| अर्जेन्टिना (Argentina Republic) | नाइजेरिया ( Federal Republic of Nigeria ) | भेनेजुयला (Bolivarian Republic of Venezuela) |
| अष्ट्रिया (Republic of Austria) | नेपाल (Federal Democratic Republic of Nepal) | मलेसिया (Federation of Malaysia) |
| अस्ट्रेलिया (Common Wealth of Australia) | सोमालिया (Federal Republic of Somalia) | माइक्रोनेशिया (Federated States of Micronesia) |
| इथियोपिया (Federal Democratic Republic of Ethiopia) | दक्षिण सुडान (Republic of South Sudan) | मेक्सिको (United Mexican States) |
| इराक (Republic of Iraq) | पाकिस्तान (Islamic Republic of Pakistan | रुस (Russian Federation) |
| कोमोरस (Union of The Comoros ) | बेल्जियम ( Kingdom of Belgium ) | सेन्ट किट्स (Federation of Saint Kitts and Nevis) |
| क्यानडा ( Canada) | वोश्निया हर्जगोभिना (Bosnia and Herzegovina ) | संयुक्त राज्य अमेरिका (United States of America) |
| जर्मनी (Federal Republic of Germany) | ब्राजिल (Federative Republic of Brazil) | |
| सुडान ( Republic of the Sudan) | भारत ( Republic of India) | |
| स्वीटजरल्याण्ड (Swiss Confederation ) | संयुक्त अरव ( United Arab Emirates ) | |

विश्वका अन्य देशहरुमा कर्मचारी प्रशासन, विकास प्रशासन, राजश्व प्रशासन, सुरक्षा प्रशासन, सार्वजनिक सेवा प्रशासन, प्रहरी प्रशासन, सुरक्षा प्रशासन कसरी चली रहेको छ भन्ने सन्दर्भमा संघीय शासन प्रणाली रहेका देशहरु मध्ये भारत स्विटजरन्याण्ड र ब्राजिलमा भएको व्यवस्थाको यहाँ संक्षिप्तमा समिक्षा गरिएको छ ।

### २.१.१. भारत (**India**)

#### २.१.१.१ पृष्ठभूमि

कूल क्षेत्रफल ३२,८७,२६३ स्क्वायर कि.मि.[२] भएको नेपालको छिमेकी मुलुक भारतमा जम्मा २८ वटा प्रान्त (States) र ८ वटा केन्द्र शासित प्रदेशहरु (Union Territories)[३] छन् । जो निम्न बमोजिम छन्:

प्रान्त (**States**)

[१] Viewed at https://en.wikipedia.org/wiki/Federation#Federations

[२] Viewed at https://en.wikipedia.org/wiki/Geography_of_India#:~:text=It%20is%20the%20seventh%2Dlargest,mi)%20from%20east%20to%20west. ।

[3] Viewed at https://knowindia.india.gov.in/states-uts/

| | | | |
|---|---|---|---|
| 1.Andhra Pradesh | 2. Arunachal Pradesh | 3. Assam | 4.Bihar |
| 5. Chhaltis garh | 6. Goa | 7. Gujrat | 8.Haryana |
| 9. Himachal Pradesh | 10. Jharkhand | 11.Karnataka | 12. Kerala |
| 13. Madhya Pradesh | 14. Maharashtra | 15. Manipur | 16. Meghalaya |
| 17.Mizoram | 18. Nagaland | 19. Odisha | 20.Punjab |
| 21. Rajasthan | 22. Sikkim | 23.Tamil Nadu | 24. Telangana |
| 25 Tripura | 26.Uttar Pradesh | 27. Uttarakhand | 28 West Bengal |

**केन्द्र शासित प्रदेश (Union Territories)**

| |
|---|
| 1. Andama and Nicobar Islands |
| 2. Chandigarh |
| 3. Dadra and Nagar haveli and Daman and Diu |
| 4. The Government of NCT of Delhi |
| 5. Lakshadweep |
| 6. Puducherry |
| 7. Ladakha |
| 8. Jammu and Kashmir |

२८ वटा प्रदेश सरकार र ८ वटा केन्द्र शासित प्रदेशहरु भएको भारतमा केन्द्र सरकार र प्रदेश सरकारको कर्मचारी प्रशासन, विकास प्रशासन लगायत अन्य प्रशासन के कसरी चलेका छन् भन्ने विषयमा यहाँ संक्षिप्तमा चर्चा गरिएको छ ।

### २.१.१.२. कर्मचारी प्रशासन

भारतमा केन्द्र सरकार र प्रदेश सरकारका गरी २ किसिमका सरकारी कर्मचारीहरु छन् । केन्द्र सरकारको कानून बमोजिम विभिन्न सेवा समूहमा केन्द्र सरकारले केन्द्र सरकारका कर्मचारीहरुको नियुक्तिको व्यवस्था गरेको छ भन्ने प्रदेश कानूनमा व्यवस्था भए बमोजिम प्रदेश सरकारले तत् तत् प्रदेशका लागि कर्मचारी नियुक्तिको व्यवस्था गरेको छ । केन्द्र सरकार तथा प्रदेश सरकारका कर्मचारीहरुको नियुक्ति प्रकृया देखि सरुवा, वढुवा, अवकास विभागिय कारवाही लगायतका विषयमा तत् तत् सरकारले आ-आफ्नो कानूनमा व्यवस्था गरेका छन् । IAS Officer लगायत केन्द्र सरकारका कर्मचारीहरुको नियुक्ति Union Public Service Commission (UPSC)[४] ले गर्दछ भने प्रदेश तहका कर्मचारीहरुको नियुक्ति सम्बन्धित प्रदेशको State public Service Commission (SPSC)[5] ले गर्दछ ।

कानूनमा व्यवस्था भए बमोजिम भारतका प्रत्येक प्रदेशमा State Public Service Commission छ र यसले नै प्रदेश कर्मचारीहरुको नियुक्ति, वढुवा, अनुशासन र आचरण, विभागीय कारवाही, अवकास र पेन्सन सम्बन्धी कार्य गर्दछ । Federal Level का कर्मचारीहरुका हकमा कर्मचारीको नियुक्ति, तालिम सम्बन्धी कार्य Department of Personnel and Training (DOPT)[6] ले गर्दछ । वढुवा सम्बन्धी कार्य (Central Civil Service Authority)[7] ले गर्दछ भने पेन्सनसँग सम्बन्धित कार्य (Department of Pension

[4] Viewed at https://en.wikipedia.org/wiki/Indian_Administrative_Service#:~:text=IAS%20officers%20may%20enter%20the,way%20are%20called%20direct%20recruits

[5] Viewed at https://www.careerlauncher.com/upsc/state-public-service-commission/

[6] Viewed at https://dopt.gov.in/about-us/functions/roles-responsibilities-0#:~:text=The%20Department%20of%20Personnel%20%26%20Training%20determines%20Government%20policy%20for%20the,Ministries%2FDepartments%20in%20that%20area.

[7] Viewed at https://www.upsc.gov.in/about-us/functions#:~:text=Appointment%20of%20officers%20on%20promotion,by%20the%20President%20of%20India.

and Pensioner's Welfare) ले गर्दछ । भारतमा Federal Level र State Level मा देहाय बमोजिमका पदका कर्मचारीहरु हुन्छन्

Federal Level[8]

- Cabinet Secretary (top most civil servant)
- Secretary/Additional Secretary
- Joint secretary
- Director
- Deputy Secretary
- Under Secretary
- Section Officer
- Assistant Section Officer

State Level[9]

- Chief Secretary
- Additional Chief Secretary
- Principal Secretary
- Secretary
- Special Secretary
- Joint Secretary
- Deputy Secretary
- Under Secretary
- Section Officer
- Assistant Section officer

प्रदेश स्तरमा भएका उपरोक्त पदहरु मध्ये Joint Secretary Level सम्मका IAS Officer हरु हुन् भने सो भन्दा तल्लो पद मात्र SPSC बाट नियुक्ति भएका पदहरु हुन् । जिल्लास्तर देखि केन्द्रियस्तर सम्मका सबै विभागका विभागिय प्रमुखहरु IAS Officer हुने व्यवस्था छ । खास गरि केन्द्रियस्तरका सबै पदहरु र प्रदेशस्तरका Sub Divisional Officer(SDO), Sub-divisional Magistrate(SDM), Joint Collector/chief Development Officer (CDO), District Magistrate (MD)/ District Collector/Deputy Commissioner, Divisional Commissioner, Member Board Of Revenue जस्ता पदहरुमा IAS Officer ले नै नेतृत्व गर्ने व्यवस्था छ । भारतको केन्द्रिय कर्मचारी प्रशासन सञ्चालनका लागि Central Civil services (conduct) Rules, Public Service commission (Limitation of Functions) Act, Government Servants (Conditions of Service & appeal) Rules[10] जस्ता कानूनहरु छन् भने प्रदेश स्तरमा प्रत्येक प्रदेशले आफ्नो प्रदेशको लागि कानून निर्माण गरी लागु गरेका छन् । भारतको उत्तर प्रदेशलाई उदाहरणका रुपमा लिदा यो प्रदेशमा कर्मचारी प्रशासन सम्बन्धी अन्य कानूनहरु पनि छन् । मुख्य रुपमा Uttar Pradesh Government Servants Conduct Rules, 1956 अन्तर्गत कर्मचारी प्रशासन संचालन भएको पाईन्छ ।

(Source: :ELITE IAS, Designation and posts held by an IAS Officer Retrieved https://www.eliteias.in/designations-and-posts-held-by-an-ias-officer/

---

[8] Viewed at http://www.careeranna.com/articles/roles-and-responsibilities-of-an-ias-officer/
[9] Viewed at https://en.wikipedia.org/wiki/List_of_Indian_administrative_divisions_by_level_of_government
[10] Viewed at https://dopt.gov.in/download/acts

### २.१.१.३ विकास प्रशासन

कानूनद्धारा निर्दिष्ट अधिकार क्षेत्र बमोजिम देशको आर्थिक तथा सामाजिक विकासमा भारतको केन्द्र सरकार र प्रदेश सरकार लागेका छन् । योजना निर्माण, स्रोत प्राप्ती र परिचालन, आयोजना कार्यानवयन, अनुगमन मुल्याङ्कन जस्ता विषयहरु कानूनमा नै समेटिएका छन् । केन्द्र सरकारले गर्ने कार्यको नीति तथा दिशा निर्देशनहरु (Policy and Guidelines) केन्द्रिय स्तरको सम्बन्धित मन्त्रालयबाट निर्माण गरिन्छ । यसरी नीति तथा दिशा निर्देशन तयार गर्दा राष्ट्रिय प्राथमिकता, विकासको लक्ष्य र क्षेत्र विशेषको आवस्यत्तालाई ध्यान दिइन्छ । प्रदेश सरकारहरु आफ्नो प्रदेशमा विकासका नीति तथा कार्यक्रम तयार गर्न स्वतन्त्र हुन्छन् । तर यसरी नीति तथा कार्यक्रम तयार गर्दा केन्द्र सरकारले तोके बमोजिमको Framework मा रहनु पर्ने व्यवस्था छ । केन्द्र सरकारले तोकेको Framework मा रही प्रदेश सरकारले प्रदेशको प्राथमिकता, विकासको लक्ष्य र प्रदेशको आवश्यक्तालाई ध्यान दिई नीति कार्यक्रम वनाई निर्दिष्ट लक्ष्य हासिल गर्दछन् । केन्द्र र प्रदेश सरकारले विकास कार्यका लागि आवश्यक पर्ने कानून, जिमेवारी एवम् जवाफदेहिताका सम्बन्धमा स्पष्ट व्यवस्था गरेका छन् र व्यवस्था गरिए बमोजिम विकास आयोजनाहरुको समिक्षा अनुगमन एवम् परिक्षण गर्ने गरेका छन् ।

यसका लागि भारतको केन्द्रिय सरकारबाट र प्रदेश सरकारबाट विभिन्न किसमका कानून, नियम, नीति तथा कार्यक्रमहरु जारी गरिएका छन् । केन्द्रिय स्तरबाट जारी गरिएको Mahatma Gandhi National Rural Employment Act (MGNREGA) ले भारतको ग्रामीण विकासका लागि महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । प्रदेशहरु मध्ये उत्तर प्रदेशलाई उदाहरणका रुपमा लिइदा अन्य प्रदेशमा जस्तै: उत्तर प्रदेशमा पनि विकास प्रशासन सम्बन्धि विभिन्न कानून, नीति, नियम तथा कार्यक्रमहरु लागु गरिएका छन् । ती मध्ये मुख्य रुपमा Uttar Pradesh Infrastructure and Industrial Policy 2012[11] लाई लिन सकिन्छ । यसैगरी Mahatma Gandhi National Rural Employment Act (MGNREGA) लाई उत्तर प्रदेशले कार्यान्वयनमा ल्याएको छ । यसको कार्यान्वयनले उत्तर प्रदेशको ग्रामीण विकासमा महत्वपूर्ण उपलब्धी हासिल भएको छ । (Source: Ministry of Statistics and Program Implementation. (n.d.). Government of India. Retrieved on May 13, 2023, from https://www.mospi.gov.in/ )

### २.१.१.४ राजस्व प्रशासन

भारतमा केन्द्र सरकार र प्रदेश सरकारको राजस्व प्रशासन अन्तर्गत राजस्वको संकलन, व्यवस्था एवम् प्राप्त राजस्वलाई सरकार सञ्चालन, सार्वजनिक सेवा तथा विकास कार्यमा विनियोजन गर्ने कार्यहरु समावेश गरिएको छ । यसले कर प्रशासन, राजस्वका नीतिहरु, आर्थिक योजना साथै वित्तिय सुशासनलाई समेटेको छ । राजस्व प्रशासन प्रणाली राजस्वको प्रभावकारी परिचालन, कर सम्बन्धि कानूनको पालना एवम् सार्वजनिक कोषको कुशलता पूर्वक प्रयोग हुने कुरामा विश्वस्त हुने गरी डिजाइन (Design) गरिएको छ । राजस्व प्रशासनको नीति तथा रणनीतिहरु केन्द्र सरकार, प्रदेश सरकार र अन्य वित्तिय क्षेत्रहरु वीच एक आपसमा सहयोग पुग्ने गरी निर्माण गरिएका छन् । यस कार्यमा केन्द्र सरकारले कर, राजस्व एवम् वित्तिय सुशासनका सम्बन्धमा वृहत किसिमको नीति तथा नियमहरु निर्माण गर्ने गर्दछ । केन्द्र सरकारले दिएको फ्रेमवर्क (Framework) को परिधि भित्र रही राजस्व संकलनका नीति तयार गरी राजस्व संकलन, व्यवस्थापन र विनियोजन गर्न प्रदेश सरकारलाई

[11]Viewed at http://udyogbandhu.com/topics.aspx?mid=Infrastructure%20and%20Industrial%20Investment%20Policy%20-%202012

स्वतन्त्रता दिइएको छ। राजस्व प्रशासनको यही नीति भित्र रही प्रदेश सरकारहरुले प्रदेश-विशेष कर, शुल्क तथा महशुल (Duties) आदि संकलन गरी प्राप्त राजस्व प्रदेश सरकार सञ्चालन एवम् विकासमा खर्च गर्दछन्। हाल भारतमा Income Tax Act 1961 र Goods and Services Tax (GST) Act 2017 अन्तर्गत राजस्व संकलनको कार्य भई रहेको छ। Central Board of direct Taxes (CBDT) र Central Board of Indirect Taxes and customs (CBIC) ले राजस्व प्रशासन सम्बन्धी कार्य हेरी रहेका छन्। अन्य प्रदेशमा जस्तै भारतको उत्तर प्रदेशमा Uttar Pradesh Value added Tax Act 2008[12] अनुसार उत्तर प्रदेशका वस्तु विक्रीमा Tax लगाइन्छ। यसैगरी Property Tax, Professional Tax लगायतका Tax पनि प्रदेशले लिने गरेको छ।

(Source: Income Tax Department Government of India. Retrieved at https://incometaxindia.gov.in/pages/tax-laws-rules.aspx)

### २.१.१.५ सुरक्षा प्रशासन

भारतमा सुरक्षा प्रशासन हेर्ने कार्यको नेतृत्व केन्द्र सरकारका रक्षा मन्त्री (Defense Minister) ले गर्दछन्। सुरक्षा व्यवस्थाका सम्बन्धमा सुरक्षा नीति वनाउने, सुरक्षा स्रोतहरुको व्यवस्थापन गर्ने तथा सशस्त्र सुरक्षा वलका वीच समन्वय गर्ने कार्य रक्षा मन्त्रालयले गर्दछ। भारतीय सशस्त्र सुरक्षा वल अन्तर्गत जम्मा तीन वटा निकाय छन्।

भारतीय सेना (India Army)

भारतीय नौ सेना (India Army)

भारतीय हवाई सेना (India Air Force)

भारतीय सेना, भारतीय नौसेना र भारतीय हवाई सेनाको Supreme Commander भारतका राष्ट्रपति रहने व्यवस्था छ। आर्मी अफिसरको नियुक्ति Union Public Service Commission (UPSC) ले गर्ने गर्दछ भने अन्य पदमा Directorate General of Recruiting (DCTR) ले गर्दछ। ( Source: Ministry of Defence Government of India. Retrieved https://mod.gov.in/)।

### २.१.१.६ प्रहरी प्रशासन

प्रहरी प्रशासन तर्फ हेर्दा भारतमा केन्द्र सरकार (Central Government) र प्रदेश सरकार (State Government) का गरी २ किसिमका प्रहरीहरु रहने व्यवस्था छ। केन्द्रिय स्तरका प्रहरीहरु Central Bureau of Investigation (CBI), National Investigation Agency (NIA) र Paramilitary forces पर्दछन्।

प्रदेश तहमा प्रत्येक प्रदेशमा प्रदेश सरकारबाट नियुक्ति भएका प्रहरीहरु छन्। प्रदेश प्रहरीको नेतृत्व Director General of Police (DGP) ले गर्दछन् जो IPS Officer हुन्छन्। प्रदेशले आवश्यक्ता अनुसार विभिन्न Zones, Ranges, Districts / Subdivisions को व्यवस्था गरी ती स्थानमा प्रहरी परिचालन गरी प्रदेशको आन्तरिक सुरक्षा व्यवस्था मिलाएको पाईन्छ।

केन्द्रिय स्तरमा भारतीय प्रहरी वल (Indian police force) को नेतृत्व र आदेश दिने कार्य Indian police service (IPS) ले गर्दछ। जसको व्यवस्थापन भारतको गृह मन्त्रालयले गर्दछ। केन्द्र सरकार अन्तर्गत रहेका IPS Officers को नियुक्ति Civil Service Examination बाट गरिन्छ, यो कार्य UPSC ले गर्दछ। यसै गरी केन्द्रिय Central Reserve police Force (CRP), Border Security

[12] Viewed at https://comtax.up.nic.in/Vat_Rules/UPVATRulesUpdatedupto27-06-2014.pdf

Force (BSF) लगायत केन्द्रिय सरकार अन्तर्गत रहने अन्य प्रहरीको नियुक्ति Union public service commission (UPSC) ले गर्दछ भने प्रदेश सरकार अन्तर्गत रहने प्रहरी वलको नियुक्ति सम्बन्धित प्रदेशको State service commission वा Police Recruitment Boards ले गर्ने गर्दछ । केन्द्रिय स्तरमा भारतीय प्रहरी Indian police Act 1861 अनुसार संचालित छ । प्रत्येक प्रदेशमा प्रहरी सम्बन्धी कानून निर्माण गरिएको छ। उत्तर प्रदेशमा अन्य प्रदेशमा भैं प्रहरी सम्बन्धी Uttar Pradesh police Act 1861 अनुसार प्रहरी प्रशासन संचालित छ ।

(Source: Ministry Of Home Affairs Government of India. Retrieved https://www.mha.gov.in/en)

### २.१.१.७ कानूनी प्रशासन

भारतको कानूनी प्रशासन प्रणाली कानूनको शासन, व्यक्तिगत अधिकारको सुरक्षा तथा नागरिकलाई न्यायमा पहुँच स्थापित गर्ने सिद्धान्तबाट निर्देशित छ । न्याय सम्पादन तर्फ सर्वोच्च अदालत, उच्च अदालतहरु, जिल्ला अदालतहरु तथा अन्य अधिनस्थ (Subordinate) अदालतहरु कृयाशिल छन् । कानूनको व्याख्या एवम् कार्यानवयनको नेतृत्व भारतको सर्वोच्च अदालतले गर्दछ ।

देशको कानून भारतको संसदले निर्माण गर्दछ । प्रदेशलाई आवश्यक पर्ने कानून सम्बन्धित प्रदेश सभाले निर्माण गर्दछ ।

(Source: Department of Legal Affairs Government of India. Retrieved https://legalaffairs.gov.in/)

### २.१.१.८ सार्वजनिक सेवा प्रशासन (Public Service Administration)

भारतमा सार्वजनिक सेवा प्रमुख रुपमा सिभिल सेवा (Civil Service) हरु द्वारा सम्पादन गरिन्छ । सिभिल सेवा (Civil Service) ले सरकारको दैनिक कामकाज गर्ने तथा सरकारी नीतिहरु एवम् कार्यक्रमहरुको कार्यानवयन गर्ने जस्ता जिम्मेवारी पूरा गर्दछन् । भारतका सिभिल सेवाहरु (Civil Services) अन्तर्गत केन्द्रिय स्तरमा भारतीय प्रशासनीक सेवा (Indian Administrative Service ) भारतीय पुलिस सेवा ( Indian Police Service ) भारतीय विदेश सेवा ( Indian Foreign Servies ) जस्ता सिविल सेवाहरु ( Civil Services ) छन् । केन्द्रिय स्तरका Civil Services मा Union public Service commission (UPSC) एवम् Staff Selection Commission (SSC) ले नियुक्ति गर्ने कार्य गर्दछन् भने प्रदेश स्तरमा प्रत्येक प्रदेशमा स्थापित State Public Service Commission (SPSC) ले प्रदेश स्तरका सिभिल सेवाका लागि आवश्यक Civil Service Officers, Police Officers र अन्य कर्मचारीको नियुक्ति गर्दछ ।

(Source: Department of Legal Affairs Government of India. Retrieved https://legalaffairs.gov.in/)

## २.१.२ ब्राजिल (**Brazil** )

### २.१.२.१ पृष्ठभूमि

दक्षिण अमेरिका अवस्थित कुल क्षेत्रफल ८५,१४,८७७ स्क्वायर कि.मि.[१३] भएको संघीय गणतान्त्रिक देश ब्राजिलमा २६ वटा प्रदेश र एउटा संघीय जिल्ला[१४] छ ।

[१३] Viewed at https://www.distancelatlong.com/country/brazil/ ।

[१४] Viewed at https://www.distancelatlong.com/country/brazil/ ।

**ब्राजिलका प्रदेशहरु:**

| | | | |
|---|---|---|---|
| 1. Acre | 2. Alagoas | 3. Amapa | 4. Amazonas |
| 5. Bahia | 6. Ceara | 7. Espirito Santo | 8. Goais |
| 9. Maranhoa | 10. Mato Cirosso | 11. Mato Grossodo sul | 12. Minas Gerais |
| 13. Para | 14. Paraiba | 15. Parana | 16. Pernambuco |
| 17. Piaui | 18 Rio dejaneiro | 19. Rio Grande do sul | 20. Ri Grande do Norte |
| 21. Rondonia | 22. Roraima | 23. Santa Catarina | 24. Sao Paulo |
| 25. Sergipe | 26. Tocantins | | |

**संघिय जिल्ला ( Federal district )**

| |
|---|
| 1. Distrito Federal (It includes the capital City Brasilia) |

### २.१.२.२ कर्मचारी प्रशासन (Personnel Administration)

ब्राजिलमा केन्द्र सरकार (Federal Government) र प्रदेश सरकारका आ-आफ्नै कर्मचारीहरु छन् । केन्द्रिय स्तरका सवै कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य केन्द्र सरकारको Ministry of Economy ले गर्दछ । केन्द्रिय स्तरका कर्मचारीहरुको नियुक्ति आवश्यक तालिम, वढुवा, तलव-भता लगायत अवकाससँग सम्बन्धित सबै कार्य यसै मन्त्रालय मार्फतबाट हुन्छ । केन्द्रिय सरकार अन्तर्गत सम्पूर्ण कर्मचारीहरुको नियुक्ति गर्ने कार्य संघीय सार्वजनिक सेवा परीक्षा वोर्ड (CEBRASPE) र (ESAF) ले गर्दछन् । यस्तै कर्मचारीहरुलाई तालिम दिने कार्य National School of Public Administration ( ENAP) ले गर्दछ । ब्राजिलका प्रदेशस्तर (State Level) का कर्मचारीहरु नियुक्ति गर्ने कार्य प्रदेश स्तरबाट नै हुन्छ ।

कर्मचारी नियुक्तिका लागि प्रदेश सरकारले केन्द्र सरकारले जस्तै छुट्टै निकायको व्यस्था गरेका छन् र केन्द्र सरकारमा जस्तै खुल्ला प्रतिस्पर्धात्मक प्रणालीद्धारा कर्मचारीहरुको नियुक्ति गरिन्छ । कर्मचारीहरुको नियुक्तिको व्यस्थापन, वढुवा, अवकास संग सम्बन्धित कार्य गर्न प्रदेश सरकार अन्तर्गतका मन्त्रालय वा विभागले जिम्मा लिएका हुन्छन् ।

(Source: Brazilian public Administration: shaping and Being Shaped by Governance and Development Retrieved https://link.springer.com/article/10.1007/s41111-017-0052-4 )

### २.१.२.३ विकास प्रशासन (Development Administration)

ब्राजिलमा केन्द्र सरकारको विकास प्रशासन सम्बन्धी कार्य Ministry of Economy ले हेर्ने गर्दछ । सार्वजनिक विकासको नीति निर्माण देखि कार्यानवयन सम्म सबै कार्य यसै मन्त्रालयले गर्दछ । नीति निर्माण गर्दा आर्थिक वृद्धि, क्षेत्रिय असन्तुलन घटाउने र समाजिक असमानता कम गर्दै जाने विषयलाई प्राथमिकतामा राखिएको हुन्छ । केन्द्र सरकारले विशेष गरी ठूला ठूला आयोजनाहरु जस्तै सडक, पुल, विमानस्थल लगायत पूर्वाधार निर्माण, गरिवी निवारण, शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जना हुने जस्ता क्षेत्रहरुमा खर्च गर्दछ । केन्द्र सरकार र प्रदेश सरकारवाट गरिने खर्चममा Duplication हुन नदिने नीति अवलम्बन गरिएको हुन्छ ।

प्रदेश स्तरमा प्रदेशको आवश्यक्ता अनुसारका क्षेत्रमा कार्य गरिएको छ । प्रदेशले विकास निर्माण सम्बन्धी कार्य गर्दा केन्द्र सरकारले तयार गरेको Framework को परिधि भित्र रही विकास निर्माण सम्बन्धी निति निर्माण गर्नु पर्ने हुन्छ । Framework को परिधि भित्र रही विकासका नीति निर्माण गर्न र कार्यान्वयन गर्न प्रदेश सरकारहरु स्वतन्त्र हुन्छन् ।

ब्राजिलको विकास प्रशासनले Non–Governmental Organization (NGOS), Private Sector Entities / Civil Society Group लाई पनि समेटेको पाइन्छ । यस्ता निकायहरुले केन्द्र सरकार र प्रदेश सरकार दुवै सरकारलाई आफ्नो विज्ञता, स्रोत लगायतबाट विकास आयोजना कार्यानवयन गर्न सहयोग गर्ने गर्दछन् । यहाँ Public Private Partnership लाई उच्च महत्व दिइएको छ । विकास कार्यमा संघीय सरकार र प्रदेश सरकारले समन्वयात्मक रुपमा कार्य गरेका छन् ।

(Source:Development Administration and the Brazilian Political System Retrieved https://www.jstor.org/stable/446310)

### २.१.२.४ राजस्व प्रशासन (Revenue Administration )

केन्द्र सरकारको राजस्व प्रशासन सम्बन्धी सम्पूर्ण कार्य Brazilian Federal Revenue Service ले गर्दछ । यसले केन्द्र सरकारको आयकर, मूल्य अभिवृद्धि कर लगायत कर सम्बन्धी सम्पूर्ण कानून लगायत Custom, Duties र सामाजिक सूरक्षा योगदानसंग सम्बन्धित सवै कार्यहरु गर्दछ । विभिन्न स्रोतबाट प्राप्त हुने राजस्व संकलन गर्ने, करका दायरा बढाउने, करदातालाई कर सम्बन्धी शिक्षा प्रवाह गर्ने एवम् करदातालाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने जस्ता कार्यहरु पनि यसै निकायले गर्दछ ।

ब्राजिलमा प्रदेश सरकारको आफ्नै राजस्व प्रशासन प्रणाली छ। प्रत्येक प्रदेश सरकारले राजस्व प्रशासन सम्बन्धि कार्यालयको व्यवस्था गरेका छन् । प्रदेश सरकरहरुले State Value Added Tax, State Sales Tax लगायतका माध्यमबाट राजस्व संकलन गर्दछन् । प्रदेश सरकारहरुका आ-आफ्नै राजस्व प्रशासन संग सम्बन्धित कानूनहरु छन् । राजस्व बाँडफाँडका विषयमा केन्द्र सरकार र प्रदेश सरकारहरु वीच सुमधुर सम्बन्ध स्थापित छ । ब्राजिलका केन्द्र सरकार र प्रदेश सरकारहरुले राजस्व संकलन लगायका विषयमा Online Tax Filing and Platform, Electronic Invoicing, Data Analytics जस्ता Digital System प्रयोग गरेको छन् । यसरी Digital System को प्रयोग गरेर राजस्वमा चुहावट, ठगी तथा भ्रष्टाचारलाई न्यूनिकरण गर्न धेरै हद सम्म सक्षम भएका छन् ।

(Source: Laws of Brazil Retrieved https://lawsofbrazil.com/tag/brazilian-federal-revenue-department/)

### २.१.२.५ सूरक्षा प्रशासन (Defense Administration)

देशको सूरक्षाका लागि ब्राजिलको रक्षा मन्त्रालय अन्तर्गत ३ किसिमका सशस्त्रवलको व्यवस्था गरिएको छ । जो निम्नानुसार छनः

१. Brazilian Army
२. Brazilian Navy
३. Brazilian Air force

ब्राजिलको केन्द्र सरकारको Defense Ministry अन्तर्गत रही उपरोक्त अनुसारका ३ वटै Arms Force ले कार्य गर्ने गर्दछन् ।

(Source: Brazil Country commercial Guide Retrieved https://www.trade.gov/country-commercial-guides/brazil-defense-aviation-and-security)

### २.१.२.६ प्रहरी प्रशासन (Police Administration)

ब्राजिलमा केन्द्र सरकार (Federal Government) र प्रदेश सरकार (State Government) का अलग अलग प्रहरी (Police) छन् । केन्द्र सरकारका प्रहरीहरु Federal Institutions मा हुने अपराध नियन्त्रण, अन्तराष्ट्रिय लागूऔषध ओसार पसार सम्बन्धी अपराध र अध्यागमन (Immigration) सम्बन्धि कार्यका लागि खटिएका हुन्छन् । प्रदेश स्तरमा Military Police र Civil Police गरी दुई किसिमका Police हरु

छन् । Military Police ले सार्वजनिक अमन चयन (Public order) कायम राख्ने कार्य गर्दछ भने Civil Police ले अपराध अनुसन्धान सम्बन्धी कार्य गर्दछ । केन्द्र सरकारका प्रहरीको नियुक्ति खुल्ला प्रतिस्पर्धाद्धारा CEBRASPE ले गर्दछ भने प्रदेश सरकारका प्रहरीहरुको नियुक्ति सम्बन्धित प्रदेश को Civil Service commission ले खुल्ला प्रतिस्पर्धाद्धारा गर्न गर्दछ ।

(Source: Federal police of Brazil Retrieved https://en.wikipedia.org/wiki/Federal_Police_of_Brazil)

### २.१.२.७ कानूनी प्रशासन (Legal Administration)

ब्राजिलको कानूनी प्रशासन कानूनको शासनलाई कायम राख्ने, व्यक्तिगत स्वतन्त्रताको संरक्षण गर्ने, न्याय प्रणालीमा सबैको पहुँच सुनिश्चित गर्ने र न्याय प्रणालीलाई निश्पक्ष र सक्षम वनाउने सिद्धान्तबाट निर्देशित छ । कानूनी प्रशासनका Component का रुपमा न्यायिक निकाय, व्यवस्थापकीय संयन्त्र ( Legislative Framework ) र प्रशासनीक निकाय छन् ।

यहाँ न्यायिक क्षेत्रको सर्वोच्च निकायका रुपमा Supreme Federal Court ( संघीय सर्वोच्च अदालत ) छ । यसै गरी प्रदेश (State) र स्थानीयतह (Municipal Level) समेत न्यायिक निकायहरु कार्यरत छन् । यहाँ संघीय स्तरमा (Federal level) मा National Congress, प्रदेश स्तरमा State Legislatures र स्थानीय तहमा Municipal council ले कानूनको निर्माण गर्दछन् । Brazilian Bar Association(OAB) ले कानून व्यवसायीलाई निर्देशित गर्ने, कानून व्यवसायीको नैतिक मापदण्ड निर्धारण गर्ने, कानूनी शिक्षा प्रदान गर्ने जस्ता कार्यहरु गर्दछ । संघीय सरकारको कानूनको कार्यानवयन प्रशासनीक निकायले हेर्ने गर्दछ।

(Source: Federal police of Brazil Retrieved https://en.wikipedia.org/wiki/Federal_Police_of_Brazil)

### २.१.२.८ सार्वजनिक सेवा प्रशासन (Public Service Administration)

ब्राजिलमा सार्वजनिक सेवा प्रशासन सरकारी कार्य सञ्चालन र जनतालाई सहज रुपमा सेवा उपलब्ध गराउने सिद्धान्तबाट निर्देशित भएको छ । संघीय सेवाका कर्मचारीहरुले राष्ट्रिय स्तरका कार्य गर्दछन् भने जनतासँग प्रत्यक्ष सरोकार भएका कार्यहरु प्रदेश स्तरका कर्मचारी एवम् प्रहरीहरुबाट सम्पन्न गर्ने गरिएका छन् । प्रदेश स्तरका प्रशासनीक एवम् प्रहरीको नेतृत्वमा प्रदेश स्तरबाट नैं नियुक्त भएका कर्मचारी तथा प्रहरीहरु रहने व्यवस्था छ ।

## २.१.३ स्विट्जरल्याड (Switzerland)

### २.१.३.१ पृष्ठभूमि

स्विट्जरल्याड जसलाई Swiss Confederation पनि भनिन्छ, यो देश मध्य यूरोपमा रहेको नेपाल जस्तै भू-परिवेष्टित मुलुक हो । कुल क्षेत्रफल ४१,२८५ स्क्वायर किलोमिटर[१५] भएको यो देशमा जम्मा २६ वटा प्रदेश (Cantons)[१६] छन् र प्रत्येक Canton का आफ्नै संविधान ( Constitution ) र आफ्नै सरकार समेत छन् ।

Cantons

1.Aargau 2. Appenzell inner Rhoden 3. Appenzell Ausserrhoden 4. Basel-stadt 5. Basel-landschaff 6. Bern 7. Fribourg 8. Geneva 9. Glarus 10. Graubunden 11. Jura 12. Lucerne 13. Neuchatel 14. Nidwalden 15. Obwalden 16. Schaffhausen 17. Schwyh 18. Solothurn 19. St. Gallen 20. Thargau 21. Ticino 22. Uri 23. Valais 24. Vaud 25. Zug 26. Zurich

[१५] Viewed at https://simple.wikipedia.org/wiki/List_of_cantons_of_Switzerland_by_area
[१६] Viewed at https://simple.wikipedia.org/wiki/List_of_cantons_of_Switzerland_by_area

स्विट्जरल्याण्डको Federal personnel Administration (FPA) ले संघीय कर्मचारी सम्बन्धी सम्पूर्ण कार्यहरु गर्दछ। कर्मचारीको नियुक्ति, वढुवा, वृत्ति विकास, अवकास संग सम्बन्धि सवै कार्यहरु FPA ले नै गर्ने गदर्छ। Cantons का सम्बन्धमा २६ वटै Canton मा Human Resource Departments छन्। Department of Finance अन्तर्गत रहने Human Resource Department हरुले नै Canton का कर्मचारीहरुको नियुक्ति वढुवा, तालिम, अवकास सँग सम्बन्धि सबै कार्यहरु हेर्ने गर्दछन्। नियुक्ति प्रकृया खुला प्रतिस्पर्धाबाट गरिन्छ र अधिकाश कार्य Digitalize System बाट हुन्छ।

(Source: Government and Administration Organization Act of 21 March 1997 (Status as of 2 December 2019 Retrieved https://www.fedlex.admin.ch/eli/cc/1997/2022_2022_2022/en )

### २.१.३.३ विकास प्रशासन

स्विट्जरल्याण्डको Federal Level मा Swiss Federal Department of Economic Affairs, Education and Research (EAER) ले विकास प्रशासनमा नेतृत्वदायी कार्य गर्दछ। यसले आर्थिक नीति निर्माण गर्ने, अनुसन्धान गर्ने तथा लगानीका लागि उपयुक्त वातावरण निर्माण गर्ने कार्यहरु गर्दछ। EAER ले विकासका कार्यहरु अगाडि वढाउन विभिन्न संघीय निकाय, निजी क्षेत्रका संघ संस्थाहरु एवम् अनुसन्धान निकायहरुसँग समन्वयात्मक कार्य लगायत अन्य आवश्यक कार्यहरु पनि गर्दछ।

आवश्यक्ता अनुसार हरेक Canton मा विकास प्रशासन सँग सम्बन्धित प्रशासनीक निकायहरु स्थापन गरिएका छन्। Canton ले विशेष गरी पूर्वाधार विकास, शिक्षा, व्यवसायिक तालिम, स्वास्थ्य, पर्यटन र वातावरण संरक्षण सम्बन्धी कार्यहरु गर्दछन्। यसरी कार्य गर्दा स्थानीय समुदाय, व्यापारी, Non–Governmental Organizations सँग सहकार्य गरेर प्राथमिकता निर्धारण गरी आयोजनाहरुको कार्यनवयन गर्दछन् ।स्विट्जरल्याण्डको विकास प्रशासनले विकेन्द्रिकरणलाई प्राथमिकता दिएको हुनाले विकासका कार्यहरुमा Canton को भूमिका उल्लेखनीय रुपमा रहेको पाइन्छ।

(Source: Regional Development Policy in Switzerland Retrieved https://www.oecd.org/cfe/_Switzerland.pdf )

### २.१.३.४ राजस्व प्रशासन (**Revenue Administration** )

स्विट्जरल्याण्डको Federal Level मा Federal Tax Administration (FTA) ले करको नीति, नियम तथा कार्यानवयन गर्ने सम्बन्धि कार्य गर्दछ। यसले प्रत्यक्ष तथा अप्रत्यक्ष कर अशुल गर्ने देखि अशुल भएको राजस्व/कर Canton हरुमा वितरण गर्ने कार्यमा समेत भूमिका खेल्दछ। Federal Government र Canton Government ले राजस्व संकलनका लागि आ-आफ्नो अधिकार क्षेत्र निर्धारण गरेका छन्। आफ्नो अधिकार क्षेत्रमा पर्ने राजस्व संकलनका लागि प्रत्येक Canton ले कानून निर्माण गर्दछन् र कानूनको परिधि भित्र रही आफ्नो अधिकार क्षेत्र भित्रको राजस्व संकलन गर्दछन्। Personal Income Tax, Corporate Tax, Wealth Tax र अन्य Local Tax लगायतका Tax Canton को अधिकार क्षेत्र भित्र पर्दछन्।

(Source: Federal Department Of Finance Retrieved https://www.efd.admin.ch/efd/en/home.html)

### २.१.३.५ सुरक्षा प्रशासन (**Defense Administration**)

स्विट्जरल्याण्डको संघीय सरकारको Federal Department of Defense, Civil Protection and Sports ले सुरक्षा प्रशासन सम्बन्धी कार्य गर्दछ। यो Department अन्तर्गत Swiss Armed Forces लाई राखिएको छ र यही Force ले देशको सुरक्षाको कार्य गर्दछ। स्विट्जरल्याण्डका प्रत्येक योग्य नागरिकले शैनिक तालिम लिएर Reserve Force को अनिवार्य रुपमा कार्य गर्नु पर्ने व्यवस्था छ। यो व्यवस्था पुरुषहरुका लागि वाध्यात्मक छ भने महिलाहरुका लागि स्वेच्छिक छ।

### २.१.३.६ प्रहरी प्रशासन (**Police Administration**)

स्विट्जरल्याण्डमा Federal सरकार र Canton सरकारका अलग अलग प्रहरी छन् । Federal Office of the Police (Fedpol) ले संघीय सरकारका प्रहरीको नियुक्ति सम्बन्धि कार्य गर्दछ । प्रत्येक Canton का आ-आफ्ना प्रहरी छन् । Canton हरुले नै आफ्नो Canton लाई आवश्यक पर्ने प्रहरीको नियुक्ति गर्दछन् । Cantonal Police Department ले यसको जिम्मा लिएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा आवश्यक पर्ने प्रहरी प्रशासन सम्बन्धि सबै कार्य Cantonal प्रहरीले गर्दछन् र आवश्यक पर्दा यस्ता कार्य गर्न Cantonal प्रहरीलाई Federal प्रहरीले सहयोग गर्दछन् ।

(Source: OSCEPOLIS Retrieved https://polis.osce.org/country-profiles/switzerland )

### २.१.३.७ कानूनी प्रशासन (**Legal Administration**)

स्विट्जरल्याण्डमा कानूनी प्रशासन हेर्ने कार्य Federal Government, Cantons र Municipalities ले गर्दछ । Federal level मा Swiss Federal Department of Justice and Police ( FDJP) ले Legal Administration सम्बन्धी जिम्मा लिएको पाइन्छ । यसले Federal Level का Civil law, Criminal Law, Administrative Law, Constitutional Law जस्ता कानूनको विषयमा हेर्ने कार्य गर्दछ । Federal Office of Justice ले न्याय प्रशासन सम्बन्धि कार्य हेर्दछ । Federal Supreme Court को प्रशासन हेर्ने कार्य पनि Federal Office of Justice ले गर्दछ ।

Canton को अधिकार क्षेत्र भित्रको कानूनी विषय हेर्न प्रत्येक Canton मा आ-आफ्ना कानूनी निकायहरु छन् । प्रत्येक Canton मा District Courts, Appellate Courts / High Courts हरु छन् । Federal level को कानून संघीय संसदले निर्माण गर्दछ भने Canton Level को कानून प्रत्येक Canton का संसदले निर्माण गर्दछन् ।

(Source: Hauser Global Law School Program Retrieved https://www.nyulawglobal.org/globalex/Switzerland.html )

### २.१.३.८ सार्वजनिक सेवा प्रशासन (**General Service Administration** )

स्विट्जरल्याण्डका Federal level मा Federal personnel office (FPO) ले सार्वजनिक सेवा प्रशासन सम्बन्धी कार्य गर्दछ । राज्यका नागरिकलाई चुस्त सेवा प्रवाहका लागि संघीय सरकारका कर्मचारीहरु को व्यवस्थापन, नियुक्ति, कार्य क्षमताको मूल्याङ्कन, तालिम कर्मचारीको वृति विकास सम्बन्धी नीति निर्माण गर्ने र आवश्यक दिशा निर्देशन गर्ने कार्य FPO ले नै गर्ने गरेको छ ।

Canton को क्षेत्राधिकार भित्रको कार्य चुस्त दुरुस्त रुपमा सम्पन्न गरी नागरिकलाई सेवा उपलब्ध गराउने कार्य प्रत्येक Canton का Cantonal Public Service Administration(CPSA) ले गरेका छन् । CPSA ले Canton का कर्मचारीहरुको सम्बन्धमा नीति निर्माण गर्ने, नियुक्ति प्रकृयाहरु, कार्यसम्पादन मूल्याङ्कन, तालिम लगायतका विषयहरु हेर्ने गर्दछन् । Canton को आन्तरिक प्रशासन, स्वास्थ सेवा, शिक्षा, सार्वजनिक सुरक्षा लगायतका Canton का अधिकार क्षेत्र भित्रका विषयमा Canton personnel हरुबाट Canton को सार्वजनिक सेवा सम्बन्धी कार्यहरु हुने गरेका छन् ।

(Source: The Publication Platform for federal Law Retrieved https://www.fedlex.admin.ch/eli/cc/1997/2022_2022_2022/enl )

## २.२ नेपालमा संघ, प्रदेश र स्थानीय तह

नेपालमा नेपालको संविधान २०७२ लागु हुन पूर्व एकात्मक शासन प्रणाली थियो । एकात्मक प्रणाली अन्तर्गत राणा शासनकालमा नेपाललाई विभिन्न ३२ जिल्ला र ३ गौँडाहरुमा विभाजन गरिएको थियो । २००७ साल देखि २०१८ साल सम्म नेपाललाई विभिन्न ३२ जिल्लामा विभाजन गरिएको थियो भने वि.स.२०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । वि.स.२०१८ मा ४ वटा विकास क्षेत्र समेत थप गरियो । यसैगरी वि.स.२०३७ सालमा ४ विकास क्षेत्रमा १ क्षेत्र थपगरी नेपाललाई ५ वटा विकास क्षेत्रमा विभाजन गरिएको थियो । यसरी नेपालको संविधान २०७२ लागु हुनु पूर्व नेपालमा १४ अञ्चल ७५ जिल्ला र ५ वटा विकास क्षेत्र थिए ।

*(स्रोत: विकीपीडिया नेपालको पूर्व प्रशासनकि विभाजन* Retrieved https://ne.wikipedia.org/wiki/ )

नेपालको संविधान २०७२, वि.स. २०७२ आश्विन ३ गते देखि नेपालमा लागु भयो । सो सविधानको धारा ५६ ले राज्यको संरचना गरेको छ ।

संविधानको धारा ५६ को उप-धारा(१) को प्रावधान अनुसार नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको कायम भएको छ । सोही धाराको उपधारा(२) मा संघ, प्रदेश र स्थानीय तहले प्रयोग गर्ने राज्य शक्तिका स्रोतका विषयमा उल्लेख छ ।

सोही धाराको उपधारा (३) मा प्रदेशका विषयमा उल्लेख छ र अनुसूचि ४ ले नेपालमा जम्मा ७ वटा प्रदेश कायम गरिएको छ । सोही धाराको उपधारा (४) मा स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरिएको छ । हाल नेपालमा ७५३ वटा पालिकाहरु[१७] छन् ।

संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँडका विषयमा व्यवस्था गरिएको छ । धारा ५७ को उपधारा (१) मा भएको व्यवस्था अनुसार संविधानको अनुसूचि ५ मा संघको अधिकार सोही धाराको अपधारा (२) मा भएको व्यवस्था अनुसार अनुसूचि ६ मा प्रदेशको अधिकार सोही धारा को उपधारा (३) मा भएको व्यवस्था अनुसार अनुसूचि ७ मा संघ र प्रदेशको साझा अधिकार सोही धाराको उपधारा (४) मा भएको व्यवस्था अनुसार अनुसूचि ८ मा स्थानीय तहको अधिकार र सोही धाराको उपधारा (५) मा भएको व्यवस्था अनुसार अनुसूचि ९ मा संघ, प्रदेश एवम् स्थानीय तहको साझा अधिकारका विषयमा उल्लेख भएको छ ।

राज्य र शक्तिको बाँडफाँड सम्बन्धी अधिकार प्रयोग गर्दा संघले यो संविधान र संघीय कानून बमोजिम, प्रदेशले प्रयोग गर्दा यो संविधान र प्रदेश कानून बमोजिम र स्थानीय तहले प्रयोग गर्दा यो संविधान र गाउँ सभा वा नगर सभाले वनाएको कानून बमोजिम हुनेछ भनी संविधानको धारा ५७ को उपधारा क्रमश (१),(२) र (४) मा उल्लेख छ । त्यस्तै संघ र प्रदेशको साझा अधिकारको प्रयोग यो संविधान, संघीय कानून र प्रदेश कानून बमोजिम हुने, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको प्रयोगका सम्बन्धमा यो संविधान, संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले वनाएको कानून बमोजिम हुनेछ भनी सोही धाराको क्रमश उपधारा (३) र (५) मा व्यवस्था गरिएको छ ।

[१७] Viewed at नेपाल राजपत्र खण्ड ६७, काठमाण्डौ, जेठ ११ गते २०७४ साल (संख्या ७ ) भाग ४

## २.३ नेपालमा प्रादेशिक प्रशासनको व्यवस्था

नेपालको संविधान २०७२ को धारा ५६ को उपराधा (३) मा प्रदेशका विषयमा उल्लेख भई सोही संविधानको अनूसूचि ४ मा नेपालमा जम्मा ७ ( सात) वटा प्रदेश कायम गरिए अनुसार कोशी प्रदेश पनि एक हो । मिति २०७९ फाल्गुण १७ भन्दा अगाडि प्रदेश १ का नामले चिनिने यस प्रदेशको नाम २०७९ फाल्गुण १७ गते वसेको प्रदेश १ को प्रदेश सभाको दुई तिहाई भन्दा बढी प्रदेश सासदको निर्णयबाट कोशी प्रदेश नामाकरण गरिएको हो । नेपालको सुदुर पूर्वमा अवस्थित यो प्रदेशमा तत्कालीन मेची अञ्चलका ४, कोशीका ६ र सगरमाथा अञ्चलका ४ जिल्ला गरी कूल १४ वटा जिल्ला छन् । कूल क्षेत्रफल २५,९०५ स्क्वायर कि.मि रहेको यो प्रदेशको उत्तरमा चीन पूर्व र दक्षिणमा भारत तथा पश्चिममा मधेस प्रदेश र वागमती प्रदेशसँग सिमाना जोडिएको छ ।

### २.३.१ संघीय निजामती प्रशासन सेवा

संघीय शासन प्रणालीको नेपालको संविधान २०७२ जारी भई लागु भइ सकेको वर्तमान अवस्थामा संघीय निजामती सेवा ऐन हाल सम्म जारी भएको छैन । निजामति सेवा ऐन २०४९ बमोजिम नै नेपालको संघीय निजामती प्रशासन सञ्चालनमा छ । निजामती सेवा ऐन २०४९ को हालसम्म चार पटक संसोधन गरिएको छ । चौथो संसोधन २०७२।३।२९[१८] मा गरिएको हो जुन नेपालको संविधान २०७२ लागु हुनु पूर्व नै हो ।

नेपालको संविधान २०७२ जारी भई संघ प्रदेश र स्थानीय तह कायम भई कार्यानवयन भए पश्चात संघीय संसदले कर्मचारी समायोजन ऐन २०७५ वनाई कर्मचारीहरुलाई प्रदेश र स्थानीय तहमा समायोजन गरी कार्य भई रहेको छ ।

### २.३.२ प्रादेशिक निजामती प्रशासन सेवा

कर्मचारी समायोजन ऐन २०७५ मा भएको व्यवस्था बमोजिम कोशी प्रदेश अन्तर्गत विभिन्न सेवा समूहका जम्मा ३९८४ दरवन्दी स्वीकृत भएको अवस्था छ । स्वीकृत दरवन्दी मध्ये समायोजनबाट २४२५ कर्मचारी पूर्ति भएको अवस्था छ भने संघीय निजामती सेवामा दरवन्दी कायम भएका ८१ जना विभिन्न सेवा/समूहका कर्मचारिहरु काजमा कार्यरत रहेका छन ।

*(स्रोतः प्रदेश निजामती किताबखानाबाट विवरण लिई कार्यदलले तयार गरेको।)*

प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तलाई कानूनी व्यवस्था गर्न कोशी प्रदेश सभाले प्रदेश निजामती सेवा ऐन २०७९ जारी गरेको छ । मिति २०७९।११।१५ को प्रदेशको राजपत्र खण्ड ६ (अत्तिरिताङ्क ३८) मा प्रकाशित यस ऐनमा भएका मुख्य मुख्य प्रावधानहरु देहाय बमोजिम छन् ।

क. ऐनको दफा ४ को उपदफा (१) अनुसार प्रदेश इन्जिनियरिङ्ग सेवा, प्रदेश कृषि सेवा, प्रदेश प्रशासन सेवा, प्रदेश वन सेवा, प्रदेश शिक्षा सेवा, प्रदेश स्वास्थ्य सेवा र सूचना प्रविधि सेवा गरी जम्मा ७ वटा प्रदेश निजामती सेवाका कर्मचारीको व्यवस्था गरिएको छ ।

ख. ऐनको दफा ५ को उपदफा (१) अनुसार प्रदेश निजामती सेवा अन्तर्गत अधिकृत स्तरमा छैठौ तह देखि एघारौ तह सम्मका कर्मचारी रहने र सहायक स्तरमा आधारभुत तह, तेश्रो, चौथो र पाँचौ गरी चार तहका कर्मचारी रहने व्यवस्था छ ।

[१८] viewed at: https://mofaga.gov.np/detail/1696

ग. ऐनको दफा ६ मा प्रत्येक पदको कार्यविवरण हुनुपर्ने र आयोजना प्रमुख तथा तोकिए बमोजिमका कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्नु पर्ने उल्लेख छ भने दफा ७ मा दरवन्दी सृजना सम्बन्धमा उल्लेख गरिएको छ।

घ. ऐनको दफा ८ को उपदफा (१) मा भएको व्यवस्था अनुसार प्रदेश निजामती सेवाको पदपूर्ति खुला प्रतियोगिता, अन्तर स्थानीय तह प्रतियोगिता र वढुवाद्धारा गरिने उल्लेख छ। वढुवा अन्तर्गत आन्तरिक अन्तरसेवा प्रतियोगितात्मक परीक्षा, कार्य क्षमताको मुल्याङ्कन तथा जेष्ठता र कार्य सम्पादन मुल्याङ्कनद्धारा वढुवा गरिने प्रावधान छ । कुन कुन तहमा के कसरी पदपूर्ति गरिने प्रावधान छ सोको विवरण देहाय बमोजिम छ।

तालिका १: कोशी प्रदेश निजामती सेवाको रिक्त पदमा पदपूर्ति सम्वन्धि प्रावधान

| तह | | खुला प्रतियोगिताद्धारा | अन्त स्थानीय तह प्रतियोगिताद्धारा | बढुवाद्धारा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्धारा | कार्यक्षमताको मूल्याङ्कनद्धारा | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा | |
| क | चौथो | १००% | – | – | – | – | - |
| ख | पाँचौ | ६०% | – | – | २०% | २०% | - |
| ग | छैटौं | – | – | – | – | – | तह वृद्धि |
| घ | सातौं | ५०% | १०% | – | २०% | २०% | |
| ङ | आठौं | – | – | – | – | – | तह वृद्धि (प्रदेश स्वास्थ्य सेवाको चिकित्सक बाहेक) |
| च | आठौं | १००% | – | – | – | – | प्रदेश स्वास्थ्य सेवाको चिकित्सक |
| छ | नवौं | १०% | १५% | १०% | ३५% | ३०% | प्रदेश स्वास्थ्य सेवा बाहेकको सेवा |
| ज | नवौं | २०% | १५% | – | ३५% | ३०% | प्रदेश स्वास्थ्य सेवा |
| झ | दशौं | – | – | – | – | – | तह वृद्धि |
| ञ | एघारौ (सचिव) | – | – | – | ८०% | २०% | |

ङ. ऐनको दफा ११ मा प्रदेश निजामती सेवाको खुला प्रतियोगिता, आन्तरिक अन्तर सेवा प्रतियोगिता र अन्तर स्थानीय तह प्रतियोगिताद्धारा पूर्ति हुने पद प्रदेश लोकसेवा आयोगको सिफारिशमा हुने व्यवस्था गरिएको छ ।

च. ऐनको दफा ३० को उपदफा (१) मा तह वृद्धि हुने पद भन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन वर्षको का.स.मु. मा औषत नव्वे प्रतिशत अङ्क प्राप्त गरेको र तल उल्लेख भए अनुसारको योग्यता पुगेका कमर्चारीलाई सम्बन्धित सेवा समूह वा उप समूहमा तह वृद्धि गरिने प्रावधान छ ।

| क्र.स. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | प्रदेश निजामती सेवा ( स्वास्थ्य सेवा बाहेक ) | प्रदेश निजामती सेवा अन्तर्गतको स्वास्थ्य सेवा |
| १ | पाँचौ | छौटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उतीर्ण | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिम तह वृद्धि वा स्तर वृद्धि हुनेछ। |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण । | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिम न्यूनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिम न्यूनतम शैक्षिक योग्यता |

छ. सोही दफाको उपदफा (२) मा व्यवस्था भए अनुसार प्रत्येक आर्थिक वर्षको पौष र असार महिनामा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र सो अन्तर्गतका निकायमा कार्यरत कर्मचारीको हकमा मुख्य मन्त्री कार्यालयका प्रशासन महाशाखा हेर्ने सचिव तथा अन्य मन्त्रालय, आयोग, निकाय वा सचिवालय र सो अन्तर्गतका निकायमा कार्यरत कर्मचारीको हकमा सम्बन्धित सचिवले तह वृद्धिको निर्णय गर्नु पर्ने प्रावधान छ । यसै गरी सोही दफाको उपदफा (६) अनुसार तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुने र तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविक कै तहमा कायम हुने व्यवस्था उल्लेख छ ।

ज. ऐनको दफा ३१ मा कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने वढुवाका विषयमा उल्लेख गरिएको छ । दूवै प्रकारको वढुवाका लागि सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवा कालीन तालिम लिएको, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत कम्तिमा नव्वे प्रतिशत अङ्क प्राप्त गरेको र वढुवाको विज्ञापन हुनु भन्दा अघिल्लो असार मसान्त सम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता हुनु पर्ने उल्लेख छ ।

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | प्रदेश स्वास्थ्य सेवा |
| अधिकृत एघारौ | अधिकृत दशौ तहमा कार्यरत रहेको हुनुपर्ने | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण । | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत नवौ | अधिकृत आठौ तहमा कार्यरत रहेको हुनुपर्ने । | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण । | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता |

| | | | |
|---|---|---|---|
| अधिकृत सातौ | अधिकृत छैटौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण । | |
| सहायक पाचौं | सहायक चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.एल.सि. वा सो सरह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता । |

झ. ऐनको दफा ३२ मा कर्मचारी वढुवाको योग्यता सम्बन्धी विशेष व्यवस्था गरिएको छ । ऐनमा उल्लेख भए अनुसार सेवा शर्त सँग सम्बन्धित प्रचलित संघीय कानूनले अनिवार्य अवकासका लागि तोके बमोजिमको उमेर वा अवधि पूरा भई अनिवार्य अवकास हुने प्रदेश ऐन बमोजिम नियुक्ति पाएका प्रदेश निजामती कर्मचारी एउटै तहको पदमा कम्तीमा बाह्र वर्ष सम्म वहाल रहेको भए अवकास हुन एक महिना बाकी हुदाका वखत निजलाई एक तह माथिको पदमा वढुवा गरिने, यसरी वढुवा गर्नका लागि स्वतः विशेष पद सृजना हुने र त्यस्तो कर्मचारी सेवाबाट अवकास भए पछि सो पद स्वतः खारेज हुने व्यवस्था छ ।

ञ. ऐनको दफा ३५ मा कार्य क्षमताको आधारमा हुने वढुवाको आधारका विषयमा उल्लेख गरिएको छ । मूल्याङ्कनका आधार देहाय बमोजिम छनः-

अ. कार्य सम्पादन मूल्याङ्कन वापत — चालिस अङ्क

आ. ज्येष्ठता मूल्याङ्कन वापत — छब्विस अङ्क

इ. भौगोलिक क्षेत्रमा काम गरे वापत — बीस अङ्क

ई. शैक्षिक योग्यता वापत — बाह्र अङ्क

उ. तालिम वापत — दुई अङ्क

यस्तै कार्य सम्पादन मूल्याङ्कन वापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसावले र अन्य अङ्कको गणना गर्दा वढुवाको दरखास्त दिने अन्तिम म्याद सम्म हासिल गरेको अङ्क गणना गरी बढुवा गरिने व्यवस्था गरिएको छ ।

ट. ऐनको दफा ४१ मा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्धारा हुने वढुवाका वारेमा उल्लेख गरिएको छ । ऐनमा भएको व्यवस्था अनुसार ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्धारा वढुवा हुने देहाय बमोजिमका आधारहरु तोकिएको छ

अ. वढुवाको सम्भाव्य उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि वरावरको पछिल्लो त्यति वर्षको कार्यसम्पादन मुल्याङ्कनको औषतमा नव्वे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको ।

आ. अधिकृत नवौ वा सो भन्दा माथिको पदको लागि सम्बन्धित सेवा, समूह वा उप समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरहको तथा सातौ तहको पदको लागि सम्वन्धित सेवा, समूह वा उप समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा वाह्र वा सो सरहको योग्यता भएको ।

इ. सेवाकालीन तालिम लिएको ।

ई. हाल वहाल रहेको पदमा भौगोलिक क्षेत्रमा काम गरे वापत पूरा अङ्क प्राप्त गरेको । तर रिक्त पदमा सम्भाव्य उम्मेदवार नपुग हुने अवस्था भएमा भौगोलिक क्षेत्रमा पूरा अङ्क प्राप्त गरी रहुनु पर्ने अवस्था छैन ।

ठ. ऐनको दफा ४२ मा वढुवा समितिका सम्बन्धमा उल्लेख गरिएको छ । ऐनमा भएको व्यवस्था लाई मिति २०८०।१।१४ मा अध्यादेश जारी[१९] भई संसोधन गरिएको छ। अध्यादेशमा उल्लेख भए अनुसार देहाय बमोजिम वढुवा समिति गठन गरिएको छ :-

क. अधिकृतस्तर सातौ र सो भन्दा माथिल्लो तहको पदका लागिः

१. प्रदेश लोकसेवा आयोगको अध्यक्ष - अध्यक्ष

२ प्रमुख सचिव -सदस्य

३. प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य -सदस्य

४. प्रदेश लोकसेवा आयोगका अध्यक्षले मनोनित गरेको सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

५. मन्त्रालयको कर्मचारी वढुवा विषय हेर्ने सचिव -सदस्य सचिव

ख. अधिकृतस्तर छैटौ र सो भन्दा मुनिका तहका पदको लागि

१. प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य -अध्यक्ष

२. प्रदेश लोकसेवा आयोगको सचिव -सदस्य

३. समितिको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ -सदस्य

४. प्रमुख सचिवले तोकेको सचिव -सदस्य

५. मन्त्रालयको कर्मचारी वढुवा विषय हेर्ने सचिव -सदस्य सचिव

ड. प्रदेश निजामती सेवाका कर्मचारीले प्राप्त गर्ने तलव, भता लगायत अन्य सुविधाका सम्बन्धमा ऐनको परिच्छेद ६ दफा ४६ देखि दफा ५६ सम्ममा उल्लेख गरिएको छ । ऐनमा उल्लेख भए अनुसार कर्मचारीहरुले देहाय बमोजिमका तलब भत्ता र सुविधा प्राप्त गर्दछन :

- महिना भुक्तान भए पछि तलब र भत्ता पाउने भए भत्ता समेत पाउने, कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था प्रदेश सरकारले गर्ने सक्ने ।
- प्रत्येक कर्मचारीले एक वर्ष सेवा अवधि पूरा गरे पछि एक दिनको तलब वरावरको रकम तलब वृद्धि पाउने ।
- निलम्वन भएको कर्मचारीले निलम्वनको अवधि भर निजले आफ्नो तलबको आधा रकम पाउने।
- आफ्नो धर्म संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वको लागि प्रत्येक कर्मचारीले आर्थिक वर्षमा एक पटक खाई पाई आएको एक महिनाको तलव वरावरको रकम चाड पर्व खर्च वापत पाउने ।

[१९] Viewed at प्रदेश राजपत्र कोशी प्रदेश, खण्ड ७ विराटनगर, नेपाल, वैशाख १४ गते, २०८० साल ( संख्या २ ) भाग १

- निवृतिभरण पाउने गरी अवकास प्राप्त कर्मचारीले एक महिनाको निवृत्तिभरण रकम वरावरको रकम चाडपर्व खर्च वापत पाउने ।
- मासिक तलवबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत थप गरी कर्मचारी संचय कोषमा जम्मा गरी दिने ।
- संघीय निजामती सेवाका कर्मचारीले पाए सरहको सावधिक जीवन बीमा र सो वापतको सुविधा पाउने ।
- प्रत्येक वर्षको चैत्र महिनाको तलव सँगै प्रदेश सरकारले तोके बमोजिमको पोशाक भत्ता पाउने ।
- कर्मचारीले आफ्नो सेवा अवधि भरमा अधिकृत स्तरको कर्मचारी भए वाह्र महिना र सहायक स्तरको कर्मचारी भए एक्काइस महिनाको खाइपाई आएको तलव वरावरको रकम उपचार खर्च वापत पाउने । पदमा वहाल रहदा उपचार खर्च वापतको रकम लिएको रहेछ भने सो कट्टा गरी वाकी रकम र लिएको रहेनछ भने पूरै रकम सेवा निवृत हुँदा पाउने ।
- कुनै कर्मचारिको सेवामा छदै मृत्यु भएमा निजको परिवारलाई त्यस्तो कर्मचारीले खाई पाई आएको वाह्र महिनाको तलब रकम एकमुष्ट विशेष आर्थिक सुविधाका रुपमा उपलब्ध गराउने ।
- सेवामा वहाल रहेको कुनै कर्मचारी वा निजको पति वा पत्नीलाई कडा रोग लागेमा थप आर्थिक सहायता स्वरुप वढीमा पाँचलाख रुपैया सम्म उपलब्ध गराउने ।
- प्रदेश सरकारले उपचार खर्च र थप आर्थिक सहायताको सट्टा स्वास्थ्य विमा कार्यक्रम लागु गर्न सक्ने ।

ढ. ऐनको परिच्छेद ७ दफा ५७ देखि दफा ६९ सम्म अवकास, उपदान र निवृत्तिभरणका सम्बन्धमा उल्लेख गरिएको छ । उल्लेखित व्यवस्थाका मुख्य वुदाहरु देहाय बमोजिम छन् ।

- सेवा शर्त सँग सम्बन्धित प्रचिलत संघीय कानूनले अनिवार्य अवकासका लागि तोके बमोजिमको उमेर पूरा भएको वा प्रदेश सचिवको हकमा प्रदेश सचिव पदमा ५ वर्ष सेवा अवधि पूरा भएको प्रदेश निजामती सेवाको कर्मचारीको अनिवार्य अवकास हुने ।
- शारीरिक वा मानसिक रोगका कारण नियमित रुपमा सेवा गर्न असमर्थ छ भनी प्रमाणित भएको अवस्थामा प्रदेश सरकारले निजको सेवा अवधिमा वढीमा सात वर्ष सेवा अवधि थप गरी प्रदेश सरकारले प्रदेश निजामती कर्मचारीलाई अवकास दिन सक्ने ।
- पाँच वर्ष वा सो भन्दा वढी सेवा गरेको र निवृतिभरण पाउने अवधि नपुगेको प्रदेश निजामती सेवाको कर्मचारी अवकास वा राजिनामाबाट पदवाट अलग भएमा वा भविस्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी पदबाट हटाइएमा त्यस्तो कर्मचारीले देहाय बमोजिम उपदान पाउने

  अ. पाँच वर्षदेखि दश वर्ष सम्म सेवा गरेकोमा प्रत्येक वर्षको निमित आखिरी आधा महिनाको तलव

  आ. दश वर्ष भन्दा वढी पन्ध्र वर्ष सम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित आखिरी एक महिनाको तलव

  इ. पन्ध्र वर्ष भन्दा बढी बीस वर्ष भन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित आखिरी डेड महिनाको तलव

– बीस वर्ष वा सो भन्दा वढी अवधि सेवा गरेको कर्मचारीले अवकास पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविस्यमा सरकारी सेवाका निमित अयोग्य नठहरिने गरी पदबाट हटाईएमा प्रदेश निजामती सेवाको त्यस्तो कर्मचारीले देहाय बमोजिम मासिक निवृतिभरण रकम पाउने

$$\frac{\text{जम्मा सेवा वर्ष x आखिरी तलब}}{\text{५०}}$$

– यस्तो निवृत्तिभरण रकम समान पदको वहालवाला कर्मचारीको तलवको शुरु अङ्कको आधाभन्दा कम र समान पदको वहालवाला कर्मचारीको तलवको शुरु स्केल भन्दा वढी नहुने ।

– पन्ध्र वर्ष सेवा अवधि पूरा भएको कुनै कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा वढीमा पाँच वर्ष अवधि सम्म थप गरी निजको परिवारले निवृत्तिभरण वा उपदान जे लिन चाहन्छन् सो रोजेर लिन पाउने ।

– योगदान मूलक निवृत्तिभरण सम्बन्धी कानूनमा उल्लेख भएको अवधि पछि नियुक्ति हुने प्रदेश निजामती कर्मचारीले योगदान मूलक निवृत्तभरण पाउने छ । यस ऐनमा उल्लेख भए अनुसारको उपदान, निवृत्तभरण र निवृत्तभरण वृद्धि पाउने छैन ।

ण. ऐनको परिच्छेद ८ दफा ७० देखि ७३ सम्म प्रदेश निजामती कर्मचारीको तालिम, अध्ययन र छात्रवृतिका विषयमा उल्लेख गरिएको छ भने परिच्छेद ९ दफा ७४ देखि ९१ सम्म प्रदेश निजामती कर्मचारीले पालन गर्नु पर्ने विभिन्न आचरणका विषयमा उल्लेख गरिएको छ। उल्लेख भए अनुसार समय पालन र नियमितता, अनुशासन र आदेश पालन, राजनितिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने, राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने, सरकारको आलोचना गर्न नहुने, सरकारी कामकाज सम्बन्धी समचार प्रकाशन गर्नमा प्रतिबन्ध, दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध, कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यपार व्यवसाय गर्न नहुने, अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने, निर्वाचनमा भाग लिन नहुने, प्रदर्शन र हडताल गर्न प्रतिबन्ध, प्रतिनिधित्व गर्न नहुने, यौनजन्य दुर्यवहार गर्न नहुने, यातना दिन नहुने, सम्पति विवरण पेश गर्नु पर्ने, स्थायी आवसीय अनुमति पत्र लिन नहुने लगायतका आचरणहरु कर्मचारीहरुले पालना गर्नु पर्ने छ ।

त. ऐनको परिच्छेद १० दफा ९२ देखि ९५ सम्म प्रदेश निजामती कर्मचारीको सेवाको सुरक्षाका विषयमा तथा परिच्छेद १० दफा ९६ देखि ११२ सम्म विभागीय कारवाही र पुनरावेदनका विषयमा उल्लेख गरिएको छ ।

थ. ऐनको परिच्छेद १२ को दफा ११३ र ११४ मा प्रदेश सचिव तथा प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्था गरिएको छ । दफा ११३ मा उल्लेख भए अनुसार प्रदेश सरकारको एघारौं तहको कर्मचारी प्रदेश सचिवमा नियुक्त हुने छ। एघरौ तहको कर्मचारी अभाव भएको अवस्थामा मात्र नेपाल सरकारसँग प्रदेश सचिव माग गरी पूर्ति गरिने छ। ऐनको दफा ११४ मा व्यवस्था भए अनुसार स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुने छ । प्रदेश निजामती सेवाको पदको रुपमा प्रमुख प्रशासकीय अधिकृत पद दर्ता र सो अनुरुप पदपूर्ति नभए सम्म संघीय निजामती सेवाका कर्मचारी माग गरी खटाउन वाधा नपर्ने समेत ऐनमा उल्लेख भएको छ ।

द. जम्मा १४१ दफा रहेको यस ऐनको दफा ११५ मा प्रदेश निजामती कर्मचारीले पाउने विदाका विषयमा उल्लेख गरिएको छ। उल्लेख भए अनुसार प्रदेश निजामती कर्मचारीहरुले संघ र प्रदेशले समय समयमा प्रदान गरेको सार्वजनकि विदाको अतिरिक्त तोकिए बमोजिम भैपरी आउने र पर्व विदा, घर विदा, विरामी विदा, प्रसूति विदा, प्रसूति स्याहार विदा, मृत्यु संस्कार विदा, अध्ययन विदा र असाधारण विदा पाउने छन् । यसै गरी दफा ११६ मा वेतलवी विदा, दफा ११७ मा अतिरिक्त सेवा विदाका विषयमा उल्लेख गरिएको छ ।

ध. ऐनको दफा १२० मा उल्लेख भए अनुसार प्रदेशमा एक मात्र अधिकारिक ट्रेड युनियन हुनेछ। यस्तै ऐनको दफा १२१ मा उल्लेख भए अनुसार कर्मचारीले सामूहिक राजिनामा दिएमा सम्बन्धित निकाय वा अधिकारीले त्यस्तो राजिनामा सम्बन्धित कर्मचारीले दिएको यकिन गरी स्वीकृत गर्न सक्ने छ ।

न. ऐनको दफा १२४ मा अपाङ्गता भएको कर्मचारीका लागि विशेष व्यवस्थाका विषयमा उल्लेख गरिएको छ भने ऐनको दफा १२५ मा कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालनका विषयमा, दफा १२६ मा पुरस्कार सम्बन्धमा, दफा १२७ मा प्रदेश सरकारले सेवा निवृत कर्मचारीको सेवा लिन सकिने र दफा १२८ मा प्रदेश सरकारका विभिन्न निकायहरुमा कार्यरत कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिको पालना गरे नगरेको सम्बन्धमा मन्त्रालयले व्यवस्थापन परीक्षण गर्नेछ भनी उल्लेख गरिएको छ भने दफा १२९ मा अधिकार प्रत्यायोजन सम्बन्धमा उल्लेख गरिएको छ ।

प. ऐनको दफा १३० मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा तथा स्थानीय सेवाका कर्मचारीको अभिलेखका लागि प्रदेश किताब खाना रहने छ भने उल्लेख गरिएको छ । प्रदेश किताब खानाले माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुने, कर्मचारीको व्यक्तिगत विवरण अधावधिक गर्ने गराउने दायित्व कर्मचारी कार्यरत निकाय, राष्ट्रिय किताबखाना, प्रदेश किताबखाना र सम्बन्धित कर्मचारी समेतको हुने भनि ऐनमा उल्लेख गरिएको छ ।

फ. दफा १३१ मा सेवा अवधि जोडिने, दफा १३२ मा सन्तती छात्रवृति, दफा १३३ मा अस्पताल तोक्न सकिने र दफा १३४ मा करारमा कार्यरत कर्मचारीलाई तोकिए बमोजिम समाजिक सुरक्षाकोषमा आवद्ध गर्न सकिने व्यहोरा उलेख गरिएको छ ।

### २.३.३. प्रादेशिक मन्त्रालयहरु

संघीय संरचना बमोजिम नेपालमा संघ र प्रदेशको प्रथम पटकको निर्वाचन मिति २०७४ मंसिर १० र मंसिर २१[२०] मा सम्पन्न भएको थियो । निर्वाचन सम्पन्न भए पश्चात यस प्रदेशमा प्रदेश सरकार गठन हुँदा मिति २०७४।११।३ देखि २०७८।१०।१५ सम्म ७ (सात) वटा मन्त्रालय कायम भई सोही अनुसार प्रदेशको कार्य अगाडि बढाइएको थियो । मिति २०७८।१०।१६ देखि मन्त्रालयको संख्या १३ कायम गरियो र १३ वटा मन्त्रालयबाट प्रदेशका कार्यहरु गरिए । यो संख्या मिति २०७९।१०।५ सम्म कायम राखियो । नेपालको संविधान २०७२ अनुसार मिति २०७९ मंसिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाका लागि दोश्रो निर्वाचन सम्पन्न भयो । निर्वाचन सम्पन्न भए पश्चात मिति २०७९।१०।६ गते यस प्रदेशमा सरकार गठन हुँदा जम्मा ९ वटा मन्त्रालय कायम गरियो । उक्त मिति देखि हाल

[२०] Viewed at https://election.gov.np/

सम्म यस प्रदेशमा जम्मा ९ वटा मन्त्रालय कायम छन् र सोही बमोजिम प्रदेश सरकार सञ्चालन भई रहेको छ ।

### २.३.३.१ प्रादेशिक केन्द्रिय निकायहरुः

कोशी प्रदेशमा प्रादेशिक केन्द्रिय निकायहरु देहाय बमोजिम छन् ।

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

ख. आर्थिक मामिला तथा योजना मन्त्रालय

ग. आन्तरिक मामिला तथा कानून मन्त्रालय

घ. खानेपानी, सिचाई तथा ऊर्जा मन्त्रालय

ङ. भौतिक पूर्वाधार विकास मन्त्रालय

च. उद्योग, कृषि तथा सहकारी मन्त्रालय

छ. पर्यटन, वन तथा वातावरण मन्त्रालय

ज. समाजिक विकास मन्त्रालय

झ. स्वास्थ्य मन्त्रालय

ञ. प्रदेश सभा

ट. प्रदेश योजना आयोग

ठ. प्रदेश लोक सेवा आयोग

ड. प्रदेश लगानी प्राधिकरण

ढ. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

ण. मुख्य न्यायाधिवक्ताको कार्यालय

त. प्रदेश प्रज्ञा प्रतिष्ठान

(स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट विवरण लिइ कार्यदलद्धारा तयार गरिएको )

### २.३.३.२. स्थानीय सेवा

प्रदेशभित्र रहेका स्थानीय तहमा कर्मचारी र कार्यालय व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम प्रभावकारी वनाउन तथा स्थानीय सेवालाई सक्षम, सेवा मुलक सुशासन मुखी, उत्तरदायी, सहभागिता मुलक र व्यवसायिक वनाउन वाञ्छनीय देखि स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा नेपालको संविधान को धारा २२७ को प्रयोजनार्थ धारा २०२ को उपधारा(१) बमोजिम कोशी प्रदेश प्रमुखबाट मिति २०८०।१।१४ मा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८०[२१] जारी गरिएको छ । सो अध्यादेशमा रहेका मुख्य मुख्य प्रावधानहरु देहाय बमोजिम छनः-

[२१] Viewed at प्रदेश राजपत्र कोशी प्रदेश खण्ड (७) विराटनगर, नेपाल, वैशाख १४ गते २०८० साल (संख्या १ )

क. अध्यादेशको दफा ३ को उपदफा (१) मा उल्लेख भए बमोजिम स्थानीय तहमा स्थानीय इन्जिनियरिङ्ग सेवा, स्थानीय कृषि सेवा, स्थानीय प्रशासन सेवा, स्थानीय वन सेवा, स्थानीय शिक्षा सेवा र स्थानीय स्वास्थ्य सेवा गरी ६ (छ) किसिमका सेवाको व्यवस्था गरिएको छ ।

ख. अध्यादेशको दफा ४ को उपदफा (१) मा व्यवस्था भए अनुसार अधिकृत स्तरमा छैठौ देखि एधारौ सम्म जम्मा ६ वटा तह र सहायक स्तरमा आधारभुत, तेश्रो, चौथौ र पाँचौ गरी चारवटा तहका कर्मचारीहरु हुन सक्ने व्यवस्था गरिएको छ ।

ग. अध्यादेशको दफा ६ को उप-दफा (३) मा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सिफारिशमा गाँउ सभा वा नगर सभाले दरवन्दीको आवश्यक्ता र औचित्य समेतको आधारमा त्यस्तो संगठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गर्ने व्यवस्था गरिएको छ ।

घ. अध्यादेशको दफा ७ को उप-दफा (१) मा स्थानीय तहले संगठन संरचना र दरवन्दी स्वीकृत भएको मितिले तीन महिना भित्र स्थानीय सेवाको पदहरुको सेवा, समूह, उप समूह तथा तह समेत खुल्ने गरी प्रदेश कितावखानामा त्यस्तो पद दर्ता गराउनु पर्ने व्यवस्था गरेको छ ।

ङ. अध्यादेशको दफा ८ को उपदफा (१) मा स्थानीय सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिने व्यवस्था गरिएको छ ।

तालिका २ः स्थानीय सेवाको पदपूर्ति सम्बन्धि प्रावधान

| तह | | खुला प्रतियोगिताद्धारा | अन्त स्थानीय तह प्रतियोगिताद्धारा | बढुवाद्धारा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्धारा | कार्यक्षमताको मूल्याङ्कनद्धारा | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा | |
| (क) | चौथो | १००% | - | - | - | - | - |
| (ख) | पाँचौ | ६०% | - | - | २०% | २०% | - |
| (ग) | छैटौं | - | - | - | - | - | तह वृद्धि |
| (घ) | सातौं | ६०% | १०% | - | १५% | १५% | |
| (ङ) | आठौं | - | - | - | - | - | तह वृद्धि (स्थानीय स्वास्थ्य सेवाको चिकित्सक बाहेक) |
| (च) | आठौं | १००% | - | - | - | - | स्थानीय स्वास्थ्यक सेवाको चिकित्सक |
| (छ) | नवौं | १०% | १५% | १०% | ३५% | ३०% | स्थानीय स्वास्थ्य सेवा बाहेकको सेवा |
| (ज) | नवौं | २०% | १५% | - | ३५% | ३०% | स्थानीय स्वास्थ्य सेवा |
| (झ) | दशौं | - | - | - | - | - | तह वृद्धि |
| (ञ) | एघारौ (सचिव) | - | - | - | ८०% | २०% | |

च. अध्यादेशको दफा ११ मा स्थानीय सेवाको खुला प्रतियोगिता, आन्तरिक अन्तरसेवा प्रतियोगिता र अन्तर तह प्रतियोगिताद्धारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिशमा नियुक्ति गरिने व्यवस्था गरिएको छ ।

छ. अध्यादेशको दफा १५ मा स्थानीय सेवाको प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति, पदस्थापना एवम् अवकासको निर्णय प्रमुख सचिवबाट हुने व्यवस्था गरिएको छ ।

ज. अध्यादेशको दफा २२ मा स्थानीय सेवाका कर्मचारीहरुको अभिलेख प्रदेश किताबखानाले राख्नु पर्ने व्यवस्था गरिएको छ ।

झ .अध्यादेशको दफा २५ को उपदफा (१) मा स्थानीय तहमा कम्तीमा दुई वर्ष सेवा गरेका कर्मचारीलाई प्रदेश भित्रका कुनै स्थानीय तहमा मन्त्रालयले सरुवा गर्न सक्ने व्यवस्था गरिएको छ ।

ञ. अध्यादेशको दफा ३९ को उपदफा (१) मा स्थानीय सेवाको पदमा वढुवाको सिफारिश गर्न देहाय बमोजिमको वढुवा समिति रहने व्यवस्था गरिएको छ ।

अ. अधिकृत स्तर सातौ र सो भन्दा माथिल्लो तहको पदका लागिः

| | | |
|---|---|---|
| १ | प्रदेश लोकसेवा आयोगको अध्यक्ष | -अध्यक्ष |
| २ | प्रमुख सचिव | -सदस्य |
| ३ | प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य | -सदस्य |
| ४ | प्रदेश लोकसेवा आयोगका अध्यक्षले मनोनित गरेको सम्बन्धित विषयको विशेषज्ञ | -सदस्य |
| ५ | मन्त्रालयको कर्मचारी वढुवा हेर्ने सचिव | -सदस्य सचिव |

आ. अधिकृतस्तर छैटौ र सो भन्दा मुनिका तहका पदको लागि

| | | |
|---|---|---|
| १ | प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य | -अध्यक्ष |
| २ | प्रदेश लोकसेवा आयोगको सचिव | -सदस्य |
| ३ | समितिको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ | -सदस्य |
| ४ | प्रमुख सचिवले प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ५ | मन्त्रालयको कर्मचारी वढुवा विषय हेर्ने सचिव | -सदस्य सचिव |

६ अध्यादेशको दफा ६८ मा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले आवश्यक्ता अनुसार स्थानीय तहको कर्मचारीको सीप र क्षमता वृद्धिको लागि सेवा प्रवेश एवम सेवाकालीन अवधिमा तालिम दिने व्यवस्था गरिएको छ ।

७ अध्यादेशको दफा ९९ मा अधिकृत स्तर एघारौं, दशौं र नवौं तह वा सो सरहको पदमा कार्यरत कर्मचारीको हकमा सम्बन्धित स्थानीय तहले विभागीय कारवाहीका लागि लेखि पठाएको अवस्थामा प्रमुख सचिवले विभागीय सजायको आदेश दिन सक्ने र सहायक स्तरको तह वा सो सरहको पदमा कार्यरत कर्मचारी र अधिकृत स्तर छैठौं देखि अधिकृत स्तरआठौं तह सम्म वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई सम्बन्धित स्थानीय तहको नवौं, दशौं वा एघारौं तहको प्रमुख प्रशासकीय अधिकृतले विभागीय सजायको आदेश दिने व्यवस्था गरिएको छ ।

८. अध्यादेशको दफा १११ मा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश सेवाको पद हुने छ । मन्त्रालयले प्रदेश सेवाको प्रशासन सेवाको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउने छ भनी व्यवस्था गरिएको छ ।

### २.३.४ अन्य सेवाहरु

कोशी प्रदेश सरकार अन्तर्गत निजामती सेवासँग सम्बन्धित वाहेक अन्य सेवाका निकायहरु देहाय बमोजिम छनः-

#### २.३.४.१ प्रदेश प्रहरी

कोशी प्रदेशमा विभिन्न तहका गरी कूल १०,७१७ स्वीकृत प्रहरी दरवन्दी छ । स्वीकृत दरवन्दी मध्ये यस प्रदेशमा हाल ९८५७ जना विभिन्न तहका प्रहरीहरु कार्यरत छन् । प्रदेश सभाले प्रदेश प्रहरी ऐन २०७७ जारी गरे पश्चात यही ऐन बमोजिम यस प्रदेशका प्रहरीहरु सञ्चालित छन् । ऐनको दफा ३ को उप दफा (१) मा व्यवस्था भए अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत प्रदेश प्रहरी संगठन रहने छ । यसै गरी सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रहरी संगठनमा पहिलो पटकको हकमा प्रहरी समायोजन सम्बन्धी संघीय कानून बमोजिम नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारी समायोजन भई वा खटिई आएका प्रदेश प्रहरी कर्मचारीबाट प्रदेश प्रहरी गठन हुने कुरा उल्लेख छ ।

ऐनको दफा ४ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले प्रहरीको सङ्गठन संरचना, प्रहरी कर्मचारीको दरवन्दी निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गर्ने व्यहोरा उल्लेख छ ।

यसै गरी ऐनको दफा १२ को उपदफा (२) मा खुला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा लिइने लिखित परीक्षा प्रदेश लोकसेवा आयोगले सञ्चालन गर्ने उल्लेख गरिएको छ ।

#### २.३.४.२ प्रदेश अनुसन्धान व्यूरो

नेपालको संविधान २०७२ को अनुसूचि ६ बमोजिम निर्दिष्ट प्रदेशको एकल अधिकारले तोकेका कार्यक्षेत्र भित्र प्रदेश अनुसन्धान व्यूरो समेत पर्दछ । तर यस प्रदेशमा हाल सम्म प्रदेश अनुसन्धान व्यूरो सम्बन्धी कुनै कानून निर्माण भएकोछैन र अनुसन्धान व्यूरोको गठन पनि भएको छैन ।

#### २.३.४.३ समिति तथा वोर्ड

प्रदेश कानून बमोजिम स्थापना भएका समिति, वोर्डहरु तथा अन्य निकायहरु देहाय बमोजिम छन्

क. प्रदेश खेलकुद विकास वोर्ड

ख. अस्पताल विकास समिति

ग. प्रदेश प्रज्ञा प्रतिष्ठान

घ. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

ङ. प्रदेश लगानी प्राधिकरण

च. मनमोहन प्राविधिक विश्वविधालय

### २.३.५ प्रदेश प्रशासनमा प्रयुक्त कानूनहरु

कोशी प्रदेश सभावाट हाल सम्म ६० वटा ऐन निर्माण भएको छन् । प्रदेश प्रमुखज्यूबाट हाल एउटा अध्यादेश जारी भएको छ । साथै कोशी प्रदेश सरकारवाट हाल सम्म २४ वटा नियमावली निर्माण गरिएको छ । यसका साथै विभिन्न कार्यविधि तथा निर्देशिकाहरु जारी गरिएका छन् । सो मध्ये ऐन, अध्यादेश र नियमावलीको विवरण देहाय बमोजिम छन् ।

कोशी प्रदेश सभाबाट हालसम्म निर्माण भएका ऐनहरु

१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
२. प्रदेश नं. १ विनियोजन ऐन, २०७४
३. सार्वजनिक लिखत प्रमाणीकरण ( कार्यविधि ) ऐन, २०७५
४. गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५
५. प्रदेश नं. १ आकस्मिक कोष संचालन ऐन, २०७५
६. जिल्ला सभा सञ्चालन ( कार्यविधि ) ऐन, २०७५
७. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५
८. मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५
९. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५
१०. गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५
११. जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५
१२. प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५
१३. प्रदेश विनियोजन ऐन, २०७५
१४. आर्थिक ऐन, २०७५
१५. अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५
१६. जिल्ला सभा ऐन, २०७५
१७. विपद् व्यवस्थापन ऐन, २०७५
१८. सामाजिक विकास संस्था ऐन, २०७५
१९. प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५
२०. प्रदेश नं. १ प्रदेश वित व्यवस्थापन ऐन, २०७५
२१. प्रदेश नं. १ प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५
२२. प्रदेश घरलु हिसा सम्बन्धी ऐन, २०७५
२३. प्रदेश सिचाई ऐन, २०७५
२४. प्रदेश सभा सचिवालय ऐन, २०७६
२५. प्रदेश सुशासन ( व्यवस्थापन तथा सञ्चालन ) ऐन, २०७६
२६. प्रदेश खेलकुद ऐन, २०७६
२७. बृहत विराट विकास क्षेत्र सम्बन्धि ऐन, २०७६
२८. आर्थिक ऐन, २०७६ संवत् २०७६ सालको ऐन नं. ९
२९. प्रदेश भवन ऐन, २०७६
३०. प्रदेश विधुत ऐन, २०७६
३१. प्रदेश सहकारी ऐन, २०७६
३२. मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६

३३. पर्यटन विकास ऐन, २०७६
३४. प्रदेश लोक सेवा आयोग ऐन, २०७६
३५. जाँचबुझ तथा अनुसन्धान आयोग ऐन, २०७६
३६. प्रदेश स्वायत संस्था गठन ऐन, २०७६
३७. सार्वजनिक निजि सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६
३८. प्रदेश विनियोजन ऐन, २०७६
३९. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६
४०. प्रदेश नं. १ वातावरण संरक्षण ऐन २०७६
४१. प्रदेश आर्थिक ऐन, २०७७
४२. प्रदेश विनियोजन ऐन, २०७७
४३. प्रदेश प्रहरी ऐन, २०७७
४४. प्रदेश नं. १ प्रदेश वन ऐन, २०७७
४५. प्रदेश नं. १ बालबालिका संरक्षण ऐन, २०७७
४६. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७
४७. प्रदेश सार्वजनिक सडक ऐन, २०७७
४८. प्रदेश नं. १ निजि तथा साझेदारी फर्म दर्ता ऐन, २०७७
४९. प्रदेश नं. १ जनस्वास्थ्य ऐन, २०७७
५०. प्रदेश कृषि व्यवसाय प्रबर्द्धन अनुदान ऐन, २०७७
५१. प्रदेश सरकारी अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७८
५२. आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
५३. प्रदेश आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९
५४. प्रदेश आर्थिक ऐन, २०७९
५५. प्रदेश विनियोजन ऐन, २०७९
५६. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९
५७. प्रदेश प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९
५८. प्रदेश निजामती ऐन, २०७९
५९. केही प्रदेश ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७९
६०. प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संसोधन गर्न वनेको ऐन, २०७९

*(Source: आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश,* Retrieved at https://moial.koshi.gov.np/ )

कोशी प्रदेश प्रमुखज्यूबाट जारी भएको अध्यादेश

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०

*(Source: आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश,* Retrieved at https://moial.koshi.gov.np/ )

कोशी प्रदेश सरकारबाट हालसम्म निर्माण भएका नियमावलीहरु

१. प्रदेश सभा नियमावली, २०७४
२. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५
३. सामाजिक विकास संस्था नियमावली, २०७५

४. प्रदेश घरेलु हिंसा सम्बन्धी नियमावली, २०७६
५. प्रदेश बजार अनुगमन नियमावली, २०७६
६. मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (संचालन) नियमावली, २०७६
७. प्रदेश खेलकुद नियमावली, २०७६
८. प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६
९. प्रदेश सहकारी नियमावली, २०७६
१०. सार्वजनिक निजी साझेदारी कार्यक्रम कार्यान्वयन नियमावली, २०७६
११. मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष (सञ्चालन) नियमावली, २०७७
१२. सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७
१३. प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७
१४. कटहरी फलपूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली, २०७७
१५. पर्यटन विकास नियमावली, २०७७
१६. प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण नियमावली, २०७७
१७. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन ) नियमावली, २०७७
१८. प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७
१९. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी नियमावली, २०७८
२०. प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८
२१. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८
२२. प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९
२३. प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७९
२४. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९

*(Source: आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश* Retrieved https://moial.koshi.gov.np/ *)*

# परिच्छेद ३
# अनुसन्धान विधी

## ३.१ अध्ययनको ढाँचा

उच्चस्तरीय कार्यदललाई प्राप्त कार्यादेश बमोजिम कार्य सम्पन्न गर्ने क्रममा तयार पारीएको यो प्रतिवेदन कुल ६ वटा परिच्छेदमा विभक्त छ, यस अनुसार क्रमसः पृष्ठभूमि, पूर्व प्रकाशित सामग्रीको समिक्षा (Literature Review), अनुसन्धान विधि, वर्तमान अवस्थाको विश्लेषण, निष्कर्ष तथा खोज पश्चात सिफारिशको ढाँचामा तयार गरिएको छ। प्रयोग गरिएका सन्दर्भ सूचि र आवश्यक्ता अनुसारका २८ वटा अनुसूचीहरु राखिएका छन् । त्यस्तै प्रतिवेदनमा उपयोगका लागि कार्यदलले तर्जुमा गरेका ६८ वटा तालिकाहरु अध्ययनको अङ्गका रुपमा रहेका छन् । साथै तिन वटा केश स्टडी समावेश गरिएको छ ।

## ३.२ अध्ययनको विधी

यस अध्ययनमा संख्यात्मक (Quantitative ) तथा गुणात्मक (Qualitative) गरी दुवै किसिमका तथ्याङ्क (Data) प्रयोग गरिएको छ ।यस मानेमा यसमा प्रयुक्त विधि मिश्रित उपागम (Mixed Approach) मा आधारित छ । कार्यदेश अनुसारको गहिरो अनुसन्धान गर्ने उद्देश्यले तिन वटा Case Study गरिएको छ । त्यसै गरी केही स्थानमा Field Visit समेत गरिएको छ । यसका अतिरिक्त पूर्व प्रकाशित सामग्री( Literature Review) को समिक्षा समेत गरी ३ वटा विभिन्न मुलुकको अभ्यास, त्यस्तै नेपालको संविधान, कानूनहरु र समिक्षात्मक साहित्यहरुको अध्ययन गरि तथ्यहरुलाई पर्गेल्ने कार्य गरिएको छ । पूर्व प्रकाशित सामाग्रीको समिक्षा अन्तर्गत संघीय शासन प्रणाली लागु भएका देशहरु मध्ये भारत, व्राजिल र स्वीटजरल्याण्डको कर्मचारी प्रशासन, विकास प्रशासन, राजस्व प्रशासन, सुरक्षा प्रशासन, न्याय प्रशासन, प्रहरी प्रशासन र सार्वजनिक सेवा प्रशासनको अध्ययन गरी समिक्षा गरिएको छ । संघीयता सम्बन्धमा नेपालको संविधान र अन्य कानुनमा भएको व्यवस्थाको समिक्षा लगायत कोशी प्रदेशबाट जारी भएको निजामती सेवा ऐन र स्थानीय सेवा सम्बन्धी अध्यादेश लगायतको पनि समिक्षा गरिएको छ । यसका साथै ४६ जना संघीयता सम्बन्धी विज्ञहरु, वुद्धिजिवीहरु, पूर्व प्रशासकहरु, राजनीतिज्ञहरु, व्यवसायीहरु तथा कर्मचारीहरुसँग समेत आवश्यक्ता अनुसार छलफल गरी वहाँहरुवाट प्राप्त सुझावलाई यस भित्र समेटिएको छ ।

## ३.३ तथ्याँकको श्रोत

यस अध्ययनमा Primary Data र Secondary Data दुवैलाई तथ्याङ्कको स्रोतका रुपमा लिइएको छ ।

Primary Data तर्फ पूर्व प्रशासक, वुद्धिजिवी, प्राज्ञिक व्यक्तित्व, संघीयता विज्ञ, राजनीतिज्ञ, कर्मचारी, कर्मचारी संघ र संगठनका प्रतिनिधिहरु, व्यवसायीहरुसँग गरिएको छलफलका साथै Field Visit, पत्राचार, प्रश्नावली, सरकारी निकायबाट प्रकाशित सूचनाहरु, नेपालका कानूनहरु, कोशी प्रदेशका कानूनहरु, भारत, व्राजिल र स्वीटरल्याण्डका सरकारी निकायले Web site मा राखेका कानून तथा अन्य दस्तावेजहरुबाट लिइएको छ। यसै गरी Secondary Data का रुपमा विभिन्न पुस्तक, लेख रचना, समाचारपत्रहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाका प्रकाशनहरु, अनुसन्धानात्मक कृतिहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सरकारी Web Site मा राखिएका Journal, Magazine, Report आदिलाई लिइएको छ ।

## ३.४ अध्ययनको विश्लेषण र प्रतिवेदन तर्जुमा

अध्ययनका लागि अपनाइएको विधि तथा तथ्याङ्कको स्रोतको उपयोग गरी मिहिन रुपमा अध्ययनको विश्लेषण गरिएको छ । विश्लेषण पश्चात निष्कर्षमा पुगी आवश्यक राय सुझाव सहित ६ वटा परिच्छेदमा प्रतिवेदन तर्जुमा गरिएको छ । विश्लेषणका क्रममा संघीय सरकार र प्रदेश सरकार सञ्चालनका तौर तरिकाका सम्बन्धमा अन्य देशमा भएका असल अभ्यासहरुलाई अनुकुलता अनुसार प्रयोगमा ल्याउन सुझाव प्रस्तुत गरिएको छ । यसै गरी निर्माण गर्न छुट भएका कानूनहरु निर्माण गर्न र अनावश्यक रुपमा सञ्चालनमा रही रहेका विभिन्न निकायहरुलाई एक अर्कामा Merge गर्ने देखि खारेज गर्न समेत सुझाव दिइएको छ। कर्मचारी दरवन्दी, कर्मचारीको व्यवस्थापन, अन्तरसरकारी सम्बन्ध र समन्वय, प्रदेशको आन्तरिक राजस्व, वित्तिय बाँडफाँड, प्रादेशिक अनुदान, प्रदेशको सेवा प्रवाह र स्थानीय तह, प्रदेशको विकास प्रवाह र स्थानीय तह लगायतका विषयमा प्राप्त Primary Data एवम् Secondary Data को उपयोग गरी त्यसको विश्लेषण गरी आवश्यक निष्कर्षमा पुगी राय सुझाव सहितको प्रतिवेदन तर्जुमा गरिएको छ ।

# परिच्छेद ४
# अवस्थाको विश्लेषण

## ४.१ प्रदेश सरकारको कार्यक्षेत्र

नेपालको संविधान विद्यमान २०७२ अनुसार प्रदेश सरकारको कार्यक्षेत्र दुई खाले छन्: पहिलो, संविधानको अनूसूची ६ बमोजिम निर्दिष्ट एकल अधिकारले तोकेका कार्यक्षेत्रहरु । दोश्रो, संविधानको अनूसूची ७ र ९ बमोजिम निर्दिष्ट साझा अधिकारले तोकिदिएका कार्यक्षेत्रहरु । एकलतर्फ प्रदेश सरकारलाई प्राप्त अधिकारहरु देहायबमोजिम छन्:

१. प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा

२. नेपाल राष्ट्र बैङ्कको नीति अनुरुप वित्तिय संस्थाहरुको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदार र सहयोग

३. रेडियो, एफएम, टेलिभिजन सञ्चालन

४. घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सावरी साधन कर, मनोरञ्जन कर,विज्ञापन कर, पर्यटन, कृषि आयमा कर,सेवा शुल्क दस्तुर, दण्ड जरिवाना

५. प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा

६. प्रदेश तथ्यांक

७. प्रदेश स्तरको विद्युत, सिँचाई र खानेपानी सेवा, परिवहन

८. प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्राहलय

९. स्वास्थ्य सेवा

१०. प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद् सम्बन्धी

११. प्रदेशभित्रको व्यापार

१२. प्रदेश लोकमार्ग

१३. प्रदेश अनुसन्धान व्यूरो

१४. प्रदेश सरकारकी कार्यालयहरुको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय

१५. प्रदेश लोक सेवा आयोग

१६. भूमि व्यवस्थापन, जग्गाको अभिलेख

१७. खानि अन्वेषण र व्यवस्थापन

१८. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग

१९. प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन

२०. कृषि तथा  पशु विकास, कलकारखाना, औद्योगिकरण, व्यापार, व्यवसाय, यातायात

२१. गुठी व्यवस्थापन

त्यसैगरी, प्रदेश सरकारलाई संविधानको अनूसूची ७ (संघ र प्रदेशको अधिकारको साझा सूची) र अनूसूची ९ (संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची) बाट उपलब्ध साझा अधिकारहरु देहाय बमोजिम छन्:

१. फौज्दारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रकृया) - अनुसूची-७

२. आवश्यक वस्तु तथा सेवाको आपुर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन- अनुसूची-७

३. देशको सुरक्षा सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था- अनुसूची-७

४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण- अनुसूची-७

५. पारिवारिक मामिला (विवाह, सम्पति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र धर्मपुत्री उत्तराधिकारी र संयुक्त परिवार) सम्बन्धि कानुन- अनुसूची-७

६. सम्पति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना- अनुसूची-७

७. करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी- अनुसूची-७

८. टाट पल्टेको र दामासाही सम्बन्धी- अनुसूची-७

९. औषधि र विषादि- अनुसूची-७

१०. योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन- अनुसूची-७

११. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकको हक अधिकार र विवादको समाधान- अनुसूची-७

१२. कानुन व्यवसाय, लेखापरीक्षण, ईन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्चि र अन्य पेशा- अनुसूची-७

१३. प्रदेश सिमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता- अनुसूची-७

१४. सञ्चार माध्यम सम्बन्धी- अनुसूची-७

१५. उद्योग तथा खनिज र भौतिक पुर्वाधार- अनुसूची-७

१६. क्यासिनो, चिट्ठा - अनुसूची-७

१७. प्राकृतिक तथा गैर प्राकृतिक विपद् पुर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ- अनुसूची-७

१८. पर्यटन, खानेपानी र सरसफाई- अनुसूची-७

१९. चलचित्र, सिनेमा हल, खेलकुद - अनुसूची-७

२०. बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन- अनुसूची-७

२१. गरिबि निवारण र औद्योगिकरण- अनुसूची-७

२२. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मान संसाधन विकास- अनुसूची-७

२३. अन्तरप्रादेशिक रुपमा फैलिएका जंगल,हिमाल,वन संरक्षण क्षेत्र जल उपयोग- अनुसूची-७

२४. भूमि नीति र सो सम्बन्धी कानुन- अनुसूची-७

२५. रोजगारी र बेरोजगार सहायता- अनुसूची-७

२६. सहकारी -अनुसूची-९

२७. शिक्षा, खेलकुद र पत्रपत्रिका -अनुसूची-९

२८. स्वास्थ्य -अनुसूची-९

२९. कृषि-अनुसूची-९

३०. विद्युत, खानेपानी, सिँचाई जस्ता सेवाहरु-अनुसूची-९

३१. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क- अनुसूची-९

३२. वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण र जैविक विविधता- अनुसूची-९

३३. खानी र खनिज-अनुसूची-९

३४. विपद् व्यवस्थापन-अनुसूची-९

३५. सामाजिक सुरक्षा र गरिबी निवारण-अनुसूची-९

३६. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक-अनुसूची-९

३७. पुरातत्व, प्राचिन स्मारक र संग्राहलय-अनुसूची-९

३८. सुकुम्बासी व्यवस्थापन-अनुसूची-९

३९. प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी-अनुसूची-९

४०. सवारी साधन अनुमती-अनुसूची-९

तथापी साझा अधिकार प्रयोग गर्न पूर्व प्रदेश सरकारले संघको कानूनी प्रबन्धलाई पर्खनु पर्ने बाध्यात्मक व्यवस्था छ। संविधानको धारा ५७ को उपधारा (६) ले अनूसूची ७ र ९ का सम्बन्धमा "प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ।" भन्ने व्यवस्था गरेको छ।

अहिलेसम्म साझा अधिकारका सम्बन्धमा संघीय कानून नबन्दा कतिपय साझा अधिकारको सूचीमा परेका विषयमा प्रदेशको अधिकार क्षेत्रमा अन्यौलता कायमै रहेको अवस्था छ।

उक्त एकल र साझा दुवै खाले अधिकारको सूचीलाई केलाउँदा प्रदेश सरकारहरुले गर्नुपर्ने प्रमुख कार्यहरु निम्नलिखित देखिन आउँछन् :

१. प्रदेशको समग्र अर्थतन्त्र (Macro Economy) को व्यवस्थापन

२. प्रादेशिक योजना
३. स्वास्थ्य
४. समाज कल्याण तथा सामाजिक सुरक्षा
५. खेलकूद
६. शान्ति सुरक्षा
७. विपद व्यवस्थापन र भू-संरक्षण
८. कृषि
९. उद्योग र लगानी प्रर्वद्धन
१०. वाणिज्य
११. भौतिक पूर्वाधार (सडक, खानेपानी, सिंचाइ, जलविद्युत्त, वैकल्पिक उर्जा ईत्यादी)
१२. प्रदेशस्तरको उच्च शिक्षा, पाठ्यक्रम विकास तथा पाठ्यसामग्री
१३. सीप विकास
१४. पुस्तकालय, संग्रहालय
१५. भूमि तथा गुठी व्यवस्थापन
१६. सहकारी
१७. गरिबी निवारण
१८. यातायात व्यवस्थापन
१९. वन तथा वातावरण
२०. पर्यटन, क्यासिनो र चिठ्ठा
२१. सूचना तथा संचार प्रविधी
२२. लैङ्गिक मूलप्रवाहीकरण
२३. कर्मचारी व्यवस्थापन
२४. प्रहरी व्यवस्थापन
२५. कानून निर्माण तथा कार्यान्वयन
२६. तथ्यांक व्यवस्थापन
२७. प्रदेश सभा सम्बन्धी
२८. भाषा, लिपी, संस्कृति र धर्म
२९. साहित्य, ललितकला र चलचित्र
३०. खानी अन्वेषण र व्यवस्थापन
३१. अन्तर सरकारी (प्रदेश र स्थानीय) समन्वय, सहकार्य, सहकारिता र सहअस्तित्व

नेपालको संविधानको भाग ३ धारा १६ देखि ४७ मा व्यवस्था गरिएका नागरिकको मौलिक हक र कर्तव्य र भाग ४ धारा ४९, ५० र ५१ मा भएका राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीति अनुसार थप कार्य प्रदेशको कार्यक्षेत्रमा पर्न आएको देखिन्छ । यसका लागि संविधानमा उल्लेख भएका संघ, प्रदेश र स्थानीय तहहरुको कार्य तथा अधिकारलाई थप बिस्तृतिकरण गर्न नेपाल सरकार (

मन्त्रिपरिषद) बाट मिति २०७३ माघ १८ मा स्विकृत भएको *कार्य विस्तृतीकरण प्रतिवेदन २०७३*[२२] अनुसार राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिमा परेका विषयमध्ये प्रदेश सरकारको कैयन कार्यहरु थप प्रष्ट परिएका छन् । उक्त व्यवस्थाहरु बमोजिम निम्न कार्यहरु प्रदेश सरकारको भूमिकाका रुपमा थप अपेक्षित छन् जहाँ प्रदेश सरकारको सक्रियता आवश्यक छ:

१. अपराध पीडितको पुनस्थापना (धारा- २१)

१.१ अपराध पीडितको पुर्नस्थापना सम्बन्धी कार्यको कार्यान्वयन

२. अपराध, यातना तथा शोषण पीडितलाई क्षतिपूर्ति (धारा- २२)

२.१. अपराध, यातना तथा पीडितलाई क्षतिपूर्ति सम्बन्धी कार्यको कार्यान्वयन

३. महिला हक सम्बन्धी (धारा ३८)

३.१. महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

३.२. महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजनाको कार्यान्वयन

३.३. महिला तथा लैङ्गिक हिंसा सम्वन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन

३.४. महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान

३.५. लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुर्नस्थापन

३.६. लैंगिक उत्तरदायी वजेट र परिक्षण सम्बन्धी

४. बालबालिकाको हकहित संरक्षण (धारा ३९)

४.१. बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

४.२. बालबालिका सम्वन्धी अध्ययन अनुसन्धान

४.३. प्रदेशस्तरमा आपत्कालीन बाल उद्धार कोष व्यवस्थापन

४.४. प्रदेशस्तरको बाल सुधार तथा पुनर्स्थापना

४.५. बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह

५. उपभोक्ताको हकको संरक्षण (धारा ४४)

५.१. उपभोक्ता हकहित संरक्षण सम्बन्धी अनुगमन र समन्वय

६. युवाक्षेत्र

६.१. युवा वैज्ञानिक प्रोत्साहन

[22] कृष्ण प्रसाद सापकोटा, रुद्र सापकोटा र नवराज कोईरालाको प्रकाशन 'संघीय नेपालमा तहगत सरकारबीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँड (संक्षिप्त संस्करण)', पेज ७ मा हेरेको ।

६.२. युवा सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन तथा नियमन

६.३. विज्ञान संग्राहलय, प्लानेटोरियम

७. उपाधि, सम्मान र विभूषण सम्बन्धी

७.१. उपाधि, सम्मान तथा विभूषणको सिफारिस

८. सन्धि वा सम्झौता (धारा २७८)

८.१. अन्तर्राष्ट्रिय सन्धि सम्झौता सम्बन्धी नीति कार्यान्वयन

८.२. नेपाल सरकारको सहमति लिई आर्थिक तथा औद्योगिक विषयका करारजन्य विषयका सम्झौता

९. कर्मचारी समायोजन

९.१. वर्तमान स्थानीय निकायका कर्मचारीलाई स्थानीय तहमा समायोजन सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा र कार्यान्वयन

कार्य विभाजन नियमावली र प्रचलित अन्य ऐन कानून अन्तर्गत प्रदेश सरकारको कार्यक्षेत्र दर्शाउने गरी भईरहेका व्यवस्थाहरूलाई कार्य विस्तृतीकरण प्रतिवेदनले निम्नबमोजिम प्रदेश सरकारको कार्यक्षेत्रका रुपमा थप औंल्याएको छः

१. सार्वजनिक बिदा, उत्सव, उर्दी आादि

१.१. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन

२. निर्वाचन सम्बन्धी

२.१. निर्वाचनकार्यमा सहयोग र समन्वय

३. शान्ति तथा पुनर्निर्माण क्षेत्र

३.१. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन सम्वन्धी

३.२. प्रदेशस्तरमा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्वन्धी

३.३. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी

उल्लिखित व्यवस्थाहरु हुँदाहुँदैपनि प्रदेश सरकारको कार्यक्षेत्रका बारेमा कतिपय अन्यौलता कायमै देखिन्छ । यसका लागि प्रमुख जिम्मेवार साझा अधिकार सम्बन्धी कानूनी प्रबन्ध हुन बाँकी रहनु नै हो । जस्तैः संघीय निजामती सेवा ऐन, संघीय प्रहरी सेवा ऐन यसका उदाहरण हुन् । प्रदेश र स्थानीय तह संचालनको लागि अत्यावश्यक कतिपय व्यवस्थापकिय र कानूनी प्रावधानहरु अहिलेसम्म अपूर्ण छन् । संघीय कानूनको अभावमा प्रदेश र स्थानीय तहले साझा अधिकारसँग सम्बन्धित कानूनहरु निर्माण गर्न हिच्किचाए (*संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९, पेज ५७)* ।

नेपाल सरकारले संघीयता कार्यान्वयन गर्ने सम्बन्धमा जारी गर्नु पर्ने कानूनहरुको सम्बन्धमा २०७३ सालमा एक अध्ययन गरेको थियो र सोका आधारमा कानून निर्माणलाई गति दिएको थियो । त्यसैगरी प्रदेश सरकार र स्थानीय तहले समेत आफ्नो अधिकार क्षेत्रभित्र कानून निर्माण अभियान चलाएका

थिए । यस क्रममा संघबाट बन्नु पर्नेमा हालसम्म बनेका र बन्न बाँकी कानूनहरुको विवरण तल तालिकामा प्रस्तुत छ ।

प्रदेश सरकारको कार्यक्षेत्रमा स्पष्टता ल्याउन कानूनी प्रबन्ध एक अपरिहार्य कदम हो । यसका लागि कतिपय संघले र कतिपय प्रदेशले नयाँ कानून जारी गर्नु पर्ने वा भईरहेका कानूनमा संशोधन गर्नुपर्ने हुन्छ । नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७३ साल संघीयताको कार्यान्वयनका लागि गरिनु पर्ने कानून निर्माणबारे एक अध्ययन *"नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानूनको पहिचान प्राथमिकीकरण र कानून निर्माणको विद्यमान अवस्था सम्बन्धी प्रतिवेदन २०७३"* सम्पन्न गरेको थियो । उक्त अध्ययनमा औंल्याईएका निर्माण एवं संशोघड ागदरनु पर्ने कानूनहरुको सूचीमध्ये हालसम्म सो कार्य सम्पन्न भएको अवस्थालाई यस कार्यदलले समिक्षा गर्ने क्रममा देहायको तालिका तयार गरेको छ । यसबमोजिम संघ सरकारले नयाँ जारी गर्नुपर्ने कानूनी विषयको संख्या १११ वटा देखिन्छ भने सोमध्ये हालसम्म १९० वटा निर्माण वा संशोधन गरि सकिएको छ । निर्माण तथा संशोधन भएका उक्त १९० वटा कानूनहरुको पूर्ण नामावली विवरण अनूसूची २० मा प्रस्तुत छ ।

तालिका ३ नेपालको संविधान कार्यान्वयनार्थ संघबाट कानुन निर्माणको उपलव्धी अवस्था

| सि.नं. | निर्माण गर्नुपर्ने संघीय कानूनका विषयहरु | निर्माण भएका वा संसोधन भएका संघीय कानूनहरु | निर्माण वा संसोधन हुन बाँकी कानूनहरु |
|---|---|---|---|
| १ | १११ | १९० | प्राप्त नभएको |

स्रोतः संघीय संसदबाट निर्माण भएका कानुनहरुको अध्ययनको आधारमा कार्यदलबाट निर्मित ।

संघीयता कार्यान्वयनका लागि कोशी प्रदेशले गर्नुपर्ने कानूनी प्रबन्धतर्फ राम्रो प्रगती भएको देखिन्छ । *"नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानूनको पहिचान प्राथमिकीकरण र कानून निर्माणको विद्यमान अवस्था सम्बन्धी प्रतिवेदन २०७३"* ले औंल्याएका २२ वटा कानून निर्माण गर्नुपर्ने भनिएकोमा १९ वटा सम्पन्न भईसकेका छन् ।

तालिका ४ नेपालको संविधान कार्यान्वयनार्थ कोशी प्रदेशमा कानुन निर्माणको अवस्था

| सि.नं. | निर्माण गर्नुपर्ने प्रदेश कानूनका विषयहरु | निर्माण भएका प्रदेश कानूनका विषयहरु |
|---|---|---|
| १ | २२ | १९ |

**स्रोतः** नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानूनको पहिचान प्राथमिकिकरण र कानुन निर्माणको विद्यमान अवस्था सम्बन्धी प्रतिवेदन, २०७३ कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र कोशी प्रदेशमा निर्माण भएका कानुनहरुको अध्ययनको आधारमा कार्यदलबाट निर्मित ।

माथिको तालिकामा कोशी प्रदेशबाट बन्न बाँकी रहेका ३ कानूनी विषयहरु देहायबमोजिम भएको यस अध्ययनले पाएको छः

१. प्रदेशको सरकारी कामकाजको थप भाषा निर्धारण गर्ने प्रदेश कानून
२. स्थानीय स्तरका न्यायिक निकाय सम्बन्धी प्रदेश कानून
३. प्रदेश सभाको कार्यकाल १ वर्ष थप गर्ने प्रदेश कानून ।

प्रदेशको कार्यक्षेत्र प्रष्ट पार्ने सन्दर्भमा संघीयता सम्बन्धि कानूनहरुको भूमिका अहम हुन्छ । कोशी प्रदेशले हालसम्म अनेकन कानूनहरुको प्रबन्ध गरी आफ्नो कार्यक्षेत्र थप स्पष्ट पारेको छ । तथापी तलको तालिका बमोजिम प्रदेशको एकल अधिकारलाई व्याख्या गरिएको अंश कार्यविस्तृतिकरण प्रतिवेदनमा परे तापनि कोशी प्रदेशको कार्यक्षेत्रमा अझै थुप्रै स्पष्टता ल्याउन बाँकी नै छ ।

सर्वप्रथम, एकल अधिकारको सूचीमा र कार्यविस्तृतीकरणमा पर्दापर्दै पनि कोशी प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७९[२३] मा उल्लेख नभएका विषयहरुको संख्या अझैपनि २८ वटा रहेको देखिन्छ । त्यस्तै एकल अधिकारको सूचीमा र कार्यविस्तृतीकरणमा पर्दापर्दै पनि कोशी प्रदेश सरकारले विभिन्न नीतिगत प्रबन्ध गर्न बाँकी नै रहेका विषयहरुको संख्या अझैपनि २०० वटा रहेका छन् । साथै, एकल अधिकारको सूचीमा र कार्यविस्तृतीकरणमा पर्दापर्दै पनि कोशी प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा पर्दापर्दै पनि तिनको अभ्यास गर्नका लागि प्रदेश संरचनाभित्र संस्थागत व्यवस्था गर्न छुटेका विषयहरुको संख्या ११६ वटा रहेका छन् । तल तालिकामा दिए अनुसार सि.न. १, २ र ३ सम्बन्धी विषयहरुको नामावलीको पूर्ण विवरण क्रमशः अनूसूची २६, २७ र २८ मा हेर्न सकिन्छ ।

तालिका ५ः कोशी प्रदेशमा अभ्यास गर्न छुटेका कार्य क्षेत्रको विवरण

| सि.नं. | विवरण | विषयहरुको संख्या |
|---|---|---|
| १ | प्रदेशको एकल अधिकारको विश्तृतीकरणमा रहेको तर प्रदेश सरकारको कार्यविभाजनमा नरहेका विषयहरुको संख्या | २८ |
| २ | प्रदेश एकल अधिकारको विश्तृतीकरणमा रहेको तर प्रदेशले नीतिगत प्रबन्ध नगरेका विषयहरुको संख्या | २०० |
| ३ | प्रदेश सरकारको एकल अधिकारको विश्तृतीतकरणका विषयहरु मध्य प्रदेश सरकारको कार्यविभाजनमा परेको तर प्रदेशमा संस्थागत प्रबन्ध हुन नसकेका विषयहरुको संख्या | ११६ |

स्रोतः नेपाल सरकारको निर्णयबमोजिम भएको कार्यविश्तृतीकरण प्रतिवेदन र प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ तथा प्रदेश सरकारले बनाएका नीति, ऐन, कानुन एवं संस्थागत प्रबन्धहरुको अध्ययनको आधारमा कार्यदलबाट निर्मित ।

[२३] प्रदेश राजपत्र, कोशी प्रदेशद्धारा प्रकाशित, खण्ड ६) बिराटनगर, नेपाल, माघ ६ गते, २०७९ साल (अतिरिक्ताङ्क ३४) मा हेरिएको ।

### *स्थानीय तहसँग दोहोरोपना*

तलको तालिकाले प्रदेश सरकार र स्थानीय तहको कार्यक्षेत्र बीच दोहोरोपना छ छैन भन्ने विषयको विश्लेषणका लागि तर्जुमा गरिएको छ । संकलित तथ्यांकका आधारमा कतिपय अवस्थामा प्रदेश सरकार अनावश्यक रुपमा दायित्व सृजना हुने गरी स्थानीय तहको कार्यक्षेत्रभित्र प्रवेश भएको पनि भेटिन्छ । तलको तालिकाले स्थानीय तहको एकल अधिकारमा परेकाले नेपाल सरकारबाट स्विकृत कार्यविस्तृतिकरण प्रतिवेदनमा स्थानीय विषयका रुपमा उल्लेख भएको ११ वटा विषय प्रदेश सरकारले जारी गरेको कार्यविभाजन नियमावलीमा समाविष्ट भएको देखिन्छ । त्यसैगरी स्थानीय तहको एकल अधिकारका रुपमा कार्यविस्तृतिकरण प्रतिवेदनमा परेका भएपनि कोशी प्रदेश सरकारले प्रयोग गर्न कानून निर्माण गरेका विषय संख्या १८ रहेको छ । त्योभन्दा अझ बढेर स्थानीय तहको एकल अधिकार सूचीमा परेर कार्यविस्तृतिकरण प्रतिवेदनमा परेतापनि कोशी प्रदेश सरकारले संस्था सृजना वा प्रबन्ध गरेका विषय संख्या १८ वटा छन् । प्रदेश सरकारसँग साधन श्रोतको कमि महसूस हुँदापनि बजेट विनियोजन गरिँदा स्थानीय तहको विषयमा विनियोजन गर्ने प्रवृत्ति देखिन्छ । यस प्रसँगमा स्थानीय तहको एकल अधिकारमा परेर कार्यविस्तृतिकरण प्रतिवेदनमा स्थानीय तहको कार्यक्षेत्रका रुपमा समाविष्ट करीब ४६ वटा विषय क्षेत्रमा प्रदेश सरकारले बजेट विनियोजन गरेको छ ।

यसबाट कोशी प्रदेश र स्थानीय तहबिच कार्यक्षेत्रमा दोहोरोपना कायम रहेको यस अध्ययनमा देखा पर्दछ ।

तालिका ६: कोशी प्रदेश र स्थानीय तह बीच कार्यक्षेत्रमा दोहोरोपना

| सि.नं. | विवरण | विषयहरुको संख्या |
|---|---|---|
| १ | स्थानीय तहको एकल अधिकारको रुपमा कार्यविस्तृतिकरण प्रतिवेदनमा परेका विषयहरुमध्ये कोशी प्रदेश सरकारको कार्यविभाजन नियमावलीमा रहेका विषयहरुको संख्या | ११ |
| २ | स्थानीय तहको एकल अधिकारको रुपमा कार्यविस्तृतिकरण प्रतिवेदनमा रहेको तर प्रदेशले कानूनी प्रबन्ध गरेका विषयहरुको संख्या | १८ |
| ३ | स्थानीय तहको एकल अधिकारको कार्यविस्तृतिकरण प्रतिवेदनका विषयहरुमा प्रदेशले संस्थागत प्रबन्ध गरेका विषयहरुको संख्या | १८ |
| ४ | स्थानीय तहको एकल अधिकारको कार्यविस्तृतिकरण प्रतिवेदनमा रहेका विषयहरु मध्ये प्रदेश सरकारले बजेट विनियोजन गरेका विषयहरुको संख्या | ४६ |

स्रोतः नेपाल सरकारको निर्णयबमोजिम स्विकृत कार्यविस्तृतीकरण प्रतिवेदन र प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७९ तथा प्रदेश सरकारले बनाएका नीति, ऐन, कानुन एवं संस्थागत प्रबन्धहरुको अध्ययनको आधारमा कार्यदलबाट निर्मित।

नोटः स्थानीय स्तरका पुर्वाधार, विकास निर्माण वा सेवा भन्नाले एक स्थानीय तहको भौगोलिक सीमा भित्र सञ्चालन हुने किसिमका विकास निर्माण एवं सेवालाई लिईएको छ।

माथिको तालिकामा उल्लिखित प्रदेश र स्थानीय तहबीच कार्यक्षेत्रमा दोहोरोपना भएका ४ खाले विषयहरुको विवरणहरु यस कार्यदलले तर्जुमा गरी सि.नं. १, २, ३ र ४ का लागि क्रमशः अनूसूची २९, ३०, ३१ र ३२ मा राखिएको छ ।

यहाँ तालिकामा बनेका कानून र बन्न बाँकी कानूनहरुको फेहरिस्त राखिएको छ । यस बमोजिम हालसम्म बनेका ऐनको संख्या ५९ भएकोमा २४ वटा नियमावलीहरु बनिसकेका छन् । तर ३५ वटा नियमावलीहरु बन्न बाँकी रहेको देखिन्छ। यसबाट बुझ्न सकिन्छ कि ३५ वाट ऐनहरु बनेर प्रमाणिकरण भएपनि आंशिक मात्रै लागू हुन सक्ने अवस्थामा छन् । त्यसैगरी, प्रदेश सरकारले आफ्नो कार्यक्षेत्रको पूर्ण उपयोग आफ्नै कानून नियमावलीहरु नबनाएको कारणले गर्न सकेको छैन । यस्तो अवस्थामा स्वभाविक रुपमा प्रदेश सरकार प्रभावकारी हुन नसक्ने अनुमान सहजै गर्न सकिन्छ ।

तालिका ७: प्रदेश सरकारबाट तर्जुमा भएका प्रदेश कानुनहरुको विवरण

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | प्रदेश सभाबाट प्रमाणित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका विधेयक | ६० |
| २. | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका नियमावली | २४ |
| ३. | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका निर्देशिका | १३ |
| ४. | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका कार्यविधि | ४८ |
| ५. | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका मापदण्ड | १ |
| ६. | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका गठन आदेश | १ |
| | **जम्मा** | १४६ |

उल्लिखित संख्यामा प्रदेश सरकारले हालसम्म जारी गरेका ऐन र नियमावलीहरुको पूर्ण नामावली विवरण क्रमशः अनूसूची २४ र अनूसूची २५ मा हेर्न सकिन्छ ।

## ४.२ संगठन

*मन्त्रालय र मूल निकायहरु*

तलको तालिका बमोजिम केन्द्रिय स्तरमा ५ खाले निकायहरु प्रदेश सरकारसँग प्रचलनमा छन् । यसमा विभिन्न मन्त्रालयहरु, प्रदेश सभा सचिवालय, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग, प्रदेश प्रज्ञा प्रतिष्ठान र मुख्यन्यायाधिवक्ताको कार्यालय रहेका छन् । मन्त्रालयहरुतर्फ हाल कूल ९ वटा मन्त्रालय रहेको देखिन्छ भने मातहततर्फ कूल ५५ खाले कार्यालयहरु विद्यमान छन् । सोमध्ये मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा ३ खाले, आन्तरीक मामिला तथा कानून मन्त्रालयमा ४ खाले, आर्थिक मामिला तथा योजना मन्त्रालयमा २ खाले, सामाजिक विकास मन्त्रालयमा ८ खाले, स्वास्थ्य मन्त्रालयमा १२ खाले, सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा ३ खाले, खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयमा ५ खाले, पर्यटन वन तथा वातावरण मन्त्रालयमा ७ खाले, उद्योग कृषि तथा सहकारी मन्त्रालयमा ११ खाले कार्यालयहरु रहेका देखिन्छन् ।

तालिका ८: प्रदेश नं. १, प्रदेश सरकार मन्त्रालयहरु र अन्तर्गतका निकायहरुको नाम

| सि.नं. | मन्त्रालय | मन्त्रालय अन्तरगतका निकाय |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्पर्क कार्यालय, धनकुटा<br>• प्रदेश लगानी प्राधिकरण |
| २ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • यातायात व्यवस्था कार्यालय सवारी, ईटहरी, सुनसरी<br>• यातायात व्यवस्था कार्यालय स.चा.अ.प., ईटहरी, सुनसरी<br>• यातायात व्यवस्था कार्यालय, झापा/ओखलढुङ्गा<br>• यातायात व्यवस्था सेवा कार्यालय, इलाम/विराटनगर/गाईघाट/धनकुटा |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | • प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर<br>• प्रदेश लेखा ईकाइ कार्यालय, झापा/पाँचथर/धनकुटा/उदयपुर/ओखलढुङ्गा |
| ४ | सामाजिक विकास मन्त्रालय | • प्रदेश प्रज्ञा प्रतिष्ठान<br>• शिक्षा विकास निर्देशनालय, धनकुटा<br>• प्रदेश खेलकुद विकास वोर्ड, विराटनगर<br>• प्रदेश संग्रहालय, धनकुटा<br>• व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, ओखलढुंगा/झापा<br>• शिक्षा तालिम केन्द्र, सुनसरी<br>• दीर्घकालिन पुनःस्थापना केन्द्र, विराटनगर<br>• रोजगार सूचना केन्द्र, विराटनगर |
| ५ | स्वास्थ्य मन्त्रालय | • प्रदेश जनस्वास्थ्य प्रयोगशाला, विराटनगर<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर<br>• स्वास्थ्य तालिम केन्द्र, धनकुटा<br>• स्वास्थ्य निर्देशनालय, धनकुटा<br>• स्वास्थ्य कार्यालय, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ /संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर<br>• जिल्ला अस्पताल, उदयपुर/इनरुवा,सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ / |

| सि.नं. | मन्त्रालय | मन्त्रालय अन्तरगतका निकाय |
|---|---|---|
| | | संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ /संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर<br>• मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी, मोरङ्ग<br>• प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा<br>• प्रादेशिक अस्पताल, भद्रपुर, झापा<br>• संक्रामक रोग तथा सघन उपचार केन्द्र, विराटनगर<br>• **प्रदेश स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्र, विराटनगर**<br>• **कोभिड अस्पताल, बिराटनगर** |
| ६ | सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | • यातायात पूर्वाधार निर्देशनालय, ईटहरी सुनसरी<br>• पूर्वाधार विकास कार्यालय पाँचथर/झापा/मोरङ/भोजपुर/संखुवासभा/उदयपुर/ओखलढुङ्गा<br>• शहरी विकास तथा भवन कार्यालय, इलाम/धनकुटा/मोरङ/ओखलढुङ्गा |
| ७ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | • खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नं. १, पाँचथर/ नं. २ ओखलढुङ्गा/नं. ३ सुनसरी / नं ४ झापा/ नं. ५ धनकुटा/ भोजपुर/खोटाङ<br>• जलश्रोत तथा सिंचाइ विकास डिभिजन, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ / संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर<br>• भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन, मोरङ्ग<br>• कन्काई सिंचाइ व्यवस्थान कार्यालय, झापा<br>• चन्दा मोहना सिंचाइ व्यवस्थापन कार्यालय, मोरङ्ग, मोरङ्ग |
| ८ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रदेश वन निर्देशनालय, धरान<br>• पर्यटन कार्यालय, धरान, सुनसरी/काँकडभिट्टा, झापा<br>• पर्यटन विकास आयोजना, विराटनगर मोरङ्ग |

| सि.नं. | मन्त्रालय | मन्त्रालय अन्तरगतका निकाय |
|---|---|---|
| | | • वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुनसरी<br>• डिभिजन वन कार्यालय, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ /संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर गाईघाट/उदयपुर त्रिवेणी<br>• जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन ईकाई, मोरङ्ग, विराटनगर<br>• भू तथा जलाधार व्यवस्थापन कार्यालय, धनकुटा/ओखलढुङ्गा |
| ९ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | • उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, विराटनगर, मोरङ्ग<br>• घरेलु तथा साना उद्योग कार्यालय, झापा / मोरङ / सुनसरी / इलाम / पाँचथर / ताप्लेजुङ / संखुवासभा / भोजपुर / धनकुटा / तेह्रथुम / खोटाङ / ओखलढुङ्गा / सोलुखुम्बु / उदयपुर<br>• प्रदेश सहकारी रजिष्ट्रार तथा सहकारी प्रशिक्षण कार्यालय, सुनसरी<br>• कृषि विकास निर्देशनालय, विराटनगर, मोरङ्ग<br>• पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, विराटनगर, मोरङ्ग<br>• कृषि व्यवसाय प्रवद्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरी<br>• पशु सेवा तालिम केन्द्र, दुहवी, सुनसरी<br>• कृषि ज्ञान केन्द्र, झापा / मोरङ / सुनसरी / इलाम / पाँचथर / ताप्लेजुङ / संखुवासभा / भोजपुर / धनकुटा / तेह्रथुम / खोटाङ / ओखलढुङ्गा / सोलुखुम्बु / उदयपुर<br>• भेटनरी अस्पताल तथा विज्ञ केन्द्र, झापा/मोरङ/सुनसरी/पाँचथर/संखुवासभा/धनकुटा/ओखलढुङ्गा/उदयपुर<br>• बीउ विजन प्रयोगशाला, झुम्का, सुनसरी<br>• बाली संरक्षण प्रयोगशाला, झुम्का, सुनसरी<br>• माटो तथा मल परिक्षण प्रयोगशाला, झुम्का, सुनसरी |

स्रोतः संघीय तथा कोशी प्रदेश सरकारले विभिन्न मितिहरुमा गरेको निर्णयहरुका आधारमा कार्यदलबाट निर्मित ।

प्रदेश सरकारको संरचनासँग हाल कूल १९३ वटा कार्यालयहरु अस्तित्वमा छन् । सोमा मन्त्रालय, आयोग, सचिवालय, बोर्ड, निर्देशनालय, केन्द्र, प्राधिकरण, डिभिजन, सब-डिभिजन, कार्यालय लगायत पर्छन् । उक्त १९३ वटा कार्यालयहरुको संचालन लागत प्रदेशले आ.व.२०७९/८० मा चालूतर्फ विनियोजित रकम करीब रु. १३ अर्ब ९ करोड आर्थिक भार वहन गर्नु परिरहेको अवस्था छ ।

कार्यालयको संख्याका दृष्टिले सबैभन्दा बढी वा धेरै संगठन ४९ वटा संरचना भएको स्वास्थ्य मन्त्रालय रहेको छ भने दोश्रोमा क्रमशः ४४ वटा संरचना भएको उद्योग कृषि तथा सहकारी मन्त्रालयमा र तेश्रोमा २४/ २४ वटा संरचना भएको पर्यटन वन तथा वातावरण मन्त्रालय र खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय रहेका छन् । उक्त मन्त्रालयहरु पश्चात चौथो, पाँचौ, छैठौं, सातौँ, आठौँ र नवौँ ठूला संगठन भएका मन्त्रालयको सूचीमा क्रमशः सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालय (१२ वटा), सामाजिक विकास मन्त्रालय -९ वटा), आर्थिक मामिला तथा योजना मन्त्रालय (६ वटा), आन्तरीक मामिला तथा कानून मन्त्रालय (४ वटा) र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (३ वटा) देखिन आउँछन् । यस सम्बन्धी थप विवरण तल प्रस्तुत दुई तालिकाहरुमा उपलब्ध छ ।

तालिका ९: मन्त्रालय मातहत रहेका प्रशासनिक ईकाईको संख्यात्मक विवरण

| सि.नं. | मन्त्रालय | मन्त्रालय अन्तरगतका निकाय | मन्त्रालय अन्तर्गतका निकायहरुको संख्या |
|---|---|---|---|
| १ | स्वास्थ्य मन्त्रालय | • प्रदेश जनस्वास्थ्य प्रयोगशाला, विराटनगर<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर<br>• स्वास्थ्य तालिम केन्द्र, धनकुटा<br>• स्वास्थ्य निर्देशनालय, धनकुटा<br>• स्वास्थ्य कार्यालय, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ / संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर<br>• जिल्ला अस्पताल, उदयपुर/इनरुवा,सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ / संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ /संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर<br>• मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी, मोरङ्ग<br>• प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा<br>• प्रादेशिक अस्पताल, भद्रपुर, झापा<br>• संक्रामक रोग तथा सघन उपचार केन्द्र, विराटनगर<br>• प्रदेश स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्र, विराटनगर | ४९ |

| सि.नं. | मन्त्रालय | मन्त्रालय अन्तरगतका निकाय | मन्त्रालय अन्तर्गतका निकायहरुको संख्या |
|---|---|---|---|
| २ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | • उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, विराटनगर, मोरङ्ग<br>• घरेलु तथा साना उद्योग कार्यालय, झापा / मोरङ / सुनसरी / इलाम / पाँचथर / ताप्लेजुङ /<br>संखुवासभा / भोजपुर / धनकुटा / तेह्रथुम / खोटाङ / ओखलढुङ्गा / सोलुखुम्बु / उदयपुर<br>• प्रदेश सहकारी रजिष्ट्रार तथा सहकारी प्रशिक्षण कार्यालय, सुनसरी<br>• कृषि विकास निर्देशनालय, विराटनगर, मोरङ्ग<br>• पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, विराटनगर, मोरङ्ग<br>• कृषि व्यवसाय प्रवद्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरी<br>• पशु सेवा तालिम केन्द्र, दुहवी, सुनसरी<br>• कृषि ज्ञान केन्द्र, झापा / मोरङ / सुनसरी / इलाम / पाँचथर / ताप्लेजुङ / संखुवासभा / भोजपुर / धनकुटा / तेह्रथुम / खोटाङ / ओखलढुङ्गा / सोलुखुम्बु / उदयपुर<br>• भेटनरी अस्पताल तथा विज्ञ केन्द्र, झापा/मोरङ/सुनसरी/पाँचथर/संखुवासभा/धनकुटा/ओखलढुङ्गा/उदयपुर<br>• बीउ विजन प्रयोगशाला, झुम्का, सुनसरी<br>• बाली संरक्षण प्रयोगशाला, झुम्का, सुनसरी<br>• माटो तथा मल परिक्षण प्रयोगशाला, झुम्का, सुनसरी | ४४ |
| ३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | • खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नं. १, पाँचथर/ नं. २<br>ओखलढुङ्गा/नं. ३ सुनसरी / नं ४ झापा/ नं. ५ धनकुटा/ भोजपुर/खोटाङ<br>• जलश्रोत तथा सिंचाइ विकास डिभिजन, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ /<br>संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर<br>• भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन, मोरङ्ग<br>• कन्काई सिंचाइ व्यवस्थान कार्यालय, झापा<br>• चन्दा मोहना सिंचाइ व्यवस्थापन कार्यालय, मोरङ्ग, मोरङ्ग | २४ |
| ४ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रदेश वन निर्देशनालय, धरान<br>• पर्यटन कार्यालय, धरान, सुनसरी/काँकडभिट्टा, झापा<br>• पर्यटन विकास आयोजना, विराटनगर मोरङ्ग<br>• वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुनसरी<br>• डिभिजन वन कार्यालय, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ | २४ |

| सि.नं. | मन्त्रालय | मन्त्रालय अन्तरगतका निकाय | मन्त्रालय अन्तर्गतका निकायहरुको संख्या |
|---|---|---|---|
| | | /संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर गाईघाट/उदयपुर त्रिवेणी<br>• जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन ईकाई, मोरङ्ग, विराटनगर<br>• भू तथा जलाधार व्यवस्थापन कार्यालय, धनकुटा/ओखलढुङ्गा | |
| ५ | सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | • यातायात पूर्वाधार निर्देशनालय, ईटहरी सुनसरी<br>• पूर्वाधार विकास कार्यालय पाँचथर/झापा/मोरङ/भोजपुर/संखुवासभा/उदयपुर/ओखलढुङ्गा<br>• शहरी विकास तथा भवन कार्यालय, इलाम/धनकुटा/मोरङ/ओखलढुङ्गा | १२ |
| ६ | सामाजिक विकास मन्त्रालय | • प्रदेश प्रज्ञा प्रतिष्ठान<br>• शिक्षा विकास निर्देशनालय, धनकुटा<br>• प्रदेश खेलकुद विकास वोर्ड, विराटनगर<br>• प्रदेश संग्रहालय, धनकुटा<br>• व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, ओखलढुंगा/झापा<br>• शिक्षा तालिम केन्द्र, सुनसरी<br>• दीर्घकालिन पुनःस्थापना केन्द्र, विराटनगर<br>• रोजगार सूचना केन्द्र, विराटनगर | ९ |
| ७ | आर्थिक मामिला तथा योजना मन्त्रालय | • प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर<br>• प्रदेश लेखा ईकाइ कार्यालय, झापा/पाँचथर/धनकुटा/उदयपुर/ओखलढुङ्गा | ६ |
| ८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • यातायात व्यवस्था कार्यालय सवारी, ईटहरी,सुनसरी<br>• यातायात व्यवस्था कार्यालय स.चा.अ.प., ईटहरी, सुनसरी<br>• यातायात व्यवस्था कार्यालय, झापा/ओखलढुङ्गा<br>• यातायात व्यवस्था सेवा कार्यालय, इलाम/विराटनगर/गाईघाट/धनकुटा | ७ |
| ९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्पर्क कार्यालय, धनकुटा<br>• प्रदेश लगानी प्राधिकरण | ३ |
| | | कूल सख्या | १९३ |

स्रोतः संघीय तथा कोशी प्रदेश सरकारले विभिन्न मितिहरुमा गरेको निर्णयहरुका आधारमा कार्यदलबाट निर्मित ।

कार्य प्रकृतिका दृष्टिले उल्लिखित ९ मन्त्रालयमध्ये केवल मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग केन्द्रिय संगठन संरचना छ भने थप ५ वटा प्रदेश सभा सचिवालय, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग, प्रदेश प्रज्ञा प्रतिष्ठान, मुख्यन्यायधिवक्ताको कार्यालय र प्रदेश लगानी प्राधिकरणको संगठन संरचनापनि केन्द्रीय प्रकृतिको छ । तथापी बाँकी ८ मन्त्रालयहरुले दुवै खाले केन्द्रीय साथै स्थलगत संगठन संरचनाहरु वहन गरेका छन् । यस सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत छ :

तालिका १०: कोशी प्रदेशमा मन्त्रालय र संगठनको प्रकृति

| सि.नं. | मन्त्रालयको नाम | संगठन संरचनाको प्रकृति |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | केन्द्रिय |
| २ | प्रदेश योजना आयोग | केन्द्रिय |
| ३ | प्रदेश सभा सचिवालय | केन्द्रिय |
| ४ | प्रदेश लोक सेवा आयोग | केन्द्रिय |
| ५ | प्रदेश प्रज्ञा प्रतिष्ठान | केन्द्रिय |
| ६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | केन्द्रिय |
| ७ | प्रदेश लगानी प्राधिकरण | केन्द्रिय |
| ८ | भौतिक पुर्वाधार विकास मन्त्रालय | केन्द्रिय/स्थलगत |
| ९ | खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय | केन्द्रिय/स्थलगत |
| १० | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | केन्द्रिय/स्थलगत |
| ११ | उद्योग कृषि तथा सहकारी मन्त्रालय | केन्द्रिय/स्थलगत |
| १२ | सामाजिक विकास मन्त्रालय | केन्द्रिय/स्थलगत |
| १३ | स्वास्थ्य मन्त्रालय | केन्द्रिय/स्थलगत |
| १४ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | केन्द्रिय/स्थलगत |
| १५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | केन्द्रिय/स्थलगत |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त सुचनाको आधारमा कार्यदलबाट निर्मित ।प्रदेश सरकारको आफ्नो राजस्व अत्यन्तै सानो भएको र संघबाट प्राप्त हुने वित्त हस्तान्तरणमा अत्यधिक निर्भर हुन पर्ने अवस्था रहेकोमा सन्दर्भमा मन्त्रालयहरुको संख्या धान्न सक्नेभन्दा अधिक भएको छ। विगतमा कायम १३ वटा मन्त्रालयको तुलनामा हाल कायम संख्या ९ प्रगतिशील देखिएपनि अझैपनि यो संख्या बढी भएको महसूस हुन्छ । उक्त मन्त्रालयहरुमा कार्यरत जनशक्ति, संचालित नीति तथा कार्यक्रम र मातहत संचालन गर्नु पर्ने संगठनहरुको भारलाई हेर्दा मन्त्रालयहरुलाई चाप (लोड) नपुगेको देखिन्छ।

*तालिम तथा अनुसन्धान निकायहरु*

कोशी प्रशासनमा कूल ८ वटा तालिम केन्द्रहरु संचालनमा छन् । तिनीहरु ऋलगअलग ८ वटा क्षेत्रमा स्थापित तथा संचालित छन् जसमा प्रदेश र स्थानीय तहको जनशक्ति विकास र अनुसन्धान, स्वास्थ्य, उद्यमशीलता र सीप विकास, शिक्षा, वन, सहकारी, कृषि र पशु क्षेत्र पर्छन । यसको पूर्ण विवरण तलको तालिका दिईएको छ । प्रदेश प्रशासनमा हाल भएका कूल ९ वटा सेवामा कूल ३९८४ वटा दरबन्दी र ती दरबन्दीहरुमा १९४१ ज्ना विभिन्न तह र श्रेणीका स्थायी कर्मचारी कार्यरत रहेको अवस्थामा ८ वटा विशिष्टीकृत तालिम प्रदायक निकायहरु कार्यरत रहेको देखिन्छ।

तालिका ११: कोशी प्रदेश सरकारका तालिम प्रदायक निकायहरुको सूची

| सि.नं. | तालिम प्रदायक निकायको नाम | क्षेत्र |
|---|---|---|
| १ | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, झापा | प्रदेश र स्थानीय तहको जनशक्ति विकास र अनुसन्धान |
| २ | स्वास्थ्य तालिम केन्द्र, धनकुटा | स्वास्थ्य |
| ३ | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, झापा, ओखलढुङ्गा | उद्यमशिलता र सिप विकास |
| ४ | शिक्षा तालिम केन्द्र, सुनसरी | शिक्षा |
| ५ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुनसरी | वन |
| ६ | प्रदेश सहकारी रजिष्टार तथा सहकारी प्रशिक्षण कार्यालय, सुनसरी | सहकारी |
| ७ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिक केन्द्र, सुनसरी | कृषि |
| ८ | पशु सेवा तालिम केन्द्र, दुहवी | पशु |

स्रोतः प्रदेश सरकारबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित ।

तालिम तथा अनुसन्धान प्रदायक निकायहरु अधिकभन्दा अधिक हुनु सुखद पक्ष हो । प्रदेश सरकारसँग विभिन्न क्षेत्रमा सेवा दिने ८ वटा निकाय रहेको यस अध्ययनले पाएको छ । सवाल केवल यो उठ्छ कि ती निकायहरुको संचालन के कसरी भईरहेछ ? त्यस्ता निकायहरु के कति उत्पादनमूलक हुन सकेका छन्? यस्ता विषयहरुमाथि विचार पुगेको भने देखिएन ।

*पुर्नसंरचना नभएका संरचनाहरु*

वि.स. २०७५ मा प्रशासन पुर्नसंरचना गरिँदा अर्थात प्रदेश प्रशासन अस्तित्वमा आउँदा कूल ३७ खाले कूल १५१ वटा कार्यालय संरचनाहरु संघबाट कोशी प्रदेशमा हस्तान्तरण भई आएका थिए । यसको पूर्ण नामावली सहितको विवरण तल तालिकामा उल्लेख छ । तिनीहरु खासमा साविकमा एकात्मक व्यवस्था छँदा सृजना गरिएका थिए । तीमध्ये कतिपय साविकको ५ विकास क्षेत्र, अन्चल र जिल्ला प्रशासनका ढाँचामा स्थापित र संचालित प्रशासनिक ईकाईहरु थिए ।

संघबाट समायोजन सम्बन्धी ऐन मिति २०७५/११/१०[२४] बाट प्रारम्भ भएर सोको कार्यान्वयन भएको र असंख्य कार्यालयहरु प्रदेश सरकारमा हस्तान्तरण भईआएको झण्डै ५ वर्ष समय गुज्रिसकेको छ । तथापी उक्त कार्यालय वा संरचनाहरुमा प्रदेश प्रशासनको आवश्यकता (Needs) र संभाव्यता ( Viability) का आधारमा कुनै पुर्नसंरचना नगरिएको र पुरानै ढाँचामा यथावत संचालनमा ल्याईएको

[२४] Viewed at कर्मचारी समायोजन ऐन, २०७५ https://mofaga.gov.np/detail/1698

अवस्था अझै विद्यमान छ । यो संरचनागत परम्परा जारी रहँदासम्म कतिपय ती कार्यालयहरु बोझिला (Burdensome), खर्चिला (Expensive) र अनुत्पादक (Non-Productive) महसूस भईरहेको छ ।

तालिका १२: संघबाट हस्तान्तरण भई कोशी प्रदेशमा आएका तर पुर्नसंरचना नभएका निकायहरुको नामावली विवरण

| सि.नं. | निकायहरुको नाम |
|---|---|
| १ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर |
| २ | स्वास्थ्य तालिम केन्द्र, धनकुटा |
| ३ | स्वास्थ्य निर्देशनालय, धनकुटा |
| ४ | स्वास्थ्य कार्यालयहरु (१४ वटा)<br>झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ/संखुवासभा/<br>भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर |
| ५ | जिल्ला अस्पतालहरु (१२ वटा)<br>उदयपुर/इनरुवा,सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ/संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु |
| ६ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु (१४ वटा)<br>झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ/संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर |
| ७ | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लाबारी, मोरङ्ग |
| ८ | घरेलु तथा साना उद्योग कार्यालयहरु (१४ वटा)<br>झापा र मोरङ र सुनसरी र इलाम र पाँचथर र ताप्लेजुङ र संखुवासभा र भोजपुर र धनकुटा र तेह्रथुम र खोटाङ र ओखलढुङ्गा र सोलुखुम्बु र उदयपुर |
| ९ | कृषि विकास निर्देशनालय, विराटनगर, मोरङ्ग |
| १० | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, विराटनगर, मोरङ्ग |
| ११ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरी |
| १२ | पशु सेवा तालिम केन्द्र, दुहवी, सुनसरी |
| १३ | कृषि ज्ञान केन्द्रहरु (१४ वटा)<br>झापा र मोरङ र सुनसरी र इलाम र पाँचथर र ताप्लेजुङ र संखुवासभा र भोजपुर र धनकुटा र तेह्रथुम र खोटाङ र ओखलढुङ्गा र सोलुखुम्बु र उदयपुर |
| १४ | भेटनरी अस्पताल तथा विज्ञ केन्द्रहरु (८ वटा)<br>झापा/मोरङ/सुनसरी/पाँचथर/संखुवासभा/धनकुटा/ओखलढुङ्गा/उदयपुर |
| १५ | बीउ विजन प्रयोगशाला, झुम्का, सुनसरी |
| १६ | बाली संरक्षण प्रयोगशाला, झुम्का, सुनसरी |
| १७ | माटो तथा मल परिक्षण प्रयोगशाला, झुम्का, सुनसरी |
| १८ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु (५ वटा)<br>डिभिजन नं. १, पाँचथर/ नं. २ ओखलढुङ्गा/ नं.३ सुनसरी / नं ४ झापा/ नं. ५ धनकुटा |
| १९ | जलश्रोत तथा सिंचाइ विकास डिभिजनहरु (१४ वटा)<br>झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ/संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर |

| सि.नं. | निकायहरुको नाम |
|---|---|
| २० | भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन, मोरङ्ग |
| २१ | कन्काई सिंचाइ व्यवस्थान कार्यालय, झापा |
| २२ | चन्दा मोहना सिंचाइ व्यवस्थापन कार्यालय, मोरङ्ग |
| २३ | प्रदेश वन निर्देशनालय, धरान |
| २४ | पर्यटन कार्यालय, काँकडभिट्टा, झापा |
| २५ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुनसरी |
| २६ | डिभिजन वन कार्यालयहरु (१५ वटा)<br>झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ/संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर गाईघाट/उदयपुर त्रिवेणी |
| २७ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु (२ वटा)<br>धनकुटा/ओखलढुङ्गा |
| २८ | पूर्वाधार विकास कार्यालयहरु (७ वटा)<br>पाँचथर/झापा/मोरङ/भोजपुर/संखुवासभा/उदयपुर/ओखलढुङ्गा |
| २९ | शहरी विकास तथा भवन कार्यालयहरु (४ वटा)<br>इलाम/धनकुटा/मोरङ/ओखलढुङ्गा |
| ३० | शिक्षा विकास निर्देशनालय, धनकुटा |
| ३१ | प्रदेश संग्रहालय, धनकुटा |
| ३२ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरु (२ वटा)<br>ओखलढुंगा/झापा |
| ३३ | शिक्षा तालिम केन्द्र, सुनसरी |
| ३४ | यातायात व्यवस्था कार्यालय सवारी, ईटहरी,सुनसरी |
| ३५ | यातायात व्यवस्था कार्यालय स.चा.अ.प., ईटहरी, सुनसरी |
| ३६ | यातायात व्यवस्था कार्यालय, झापा |
| ३७ | यातायात व्यवस्था सेवा कार्यालयहरु (३ वटा)<br>इलाम/विराटनगर/गाईघाट |

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति सिंहदरवार, काठमाडौँको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७५; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको २०७९ र ८० को स्वीकृत संगठन संरचना र दरबन्दी सम्बन्धी प्रतिवेदन तथा विषयगत मन्त्रालय एवम प्रदेश मातहतका निकाय र प्रदेश निजामति किताबखाना, कोशी प्रदेशबाट प्राप्त विवरणको आधारमा कार्यदलबाट गणना तथा निर्मित ।

माथिको तालिकातिर फर्कि हेर्दा हिँजो एकात्मक व्यवस्था छँदा सृजना तथा संचालन भएका कैयन निकायहरु हस्तान्तरण भएर हाल प्रदेशमा आईसकेपछि हालसम्म पुर्नसंरचना नभएको पाईयो । जस्तैः विकास क्षेत्र अवधारणामा विगतमा संचालन गरिएका स्वास्थ्य निर्देशनालय (धनकुटा) र १४ जिल्लामा रहेका जनस्वास्थ्य कार्यालयहरु अहिलेपनि त्यस्तै आकार प्रकारमा बिना कुनै पुर्नसंरचना प्रदेशमा

संचालित छन् । यसले गर्दा कृषि सम्बन्धी ३ वटा तालिम केन्द्रहरु एकै स्थान झुम्का (सुनसरी) मा संचालित छन् जुन वि.स. २०७५ सालमा संघबाट प्रदेशमा हस्तान्तरण भईआएका थिए । त्यस्ता निकायहरुलाई एउटै छातामा ल्याउँदा उक्त कार्यालयहरुमा हुने चालू खर्च घटाउन सकिने प्रबल संभावनाको हालसम्म खोजि नभएको देखिन्छ ।

*प्रदेश लगानी प्राधिकरण*

आ.व.२०७६/७७ बाट कोशी प्रदेश लगानी प्राधिकरण संचालनमा छ । करीब संघ सरकारसँग संचालनमा भए जस्तै लगानी बोर्डको अवधारणामा प्रदेशमा लगानी प्रवर्द्धन गर्ने उदेश्यले यो प्राधिकरण क्रियाशील छ । यो प्राधिकरणले लगानी प्रवर्द्धनमा सार्वजनिक नीजि साझेदारीको अवधारणा अपनाउँछ साथै सहकारीसँग समेत त्यस्तो साझेदारीलाई सहजीकरण गर्छ ।

प्राधिकरणले आयोजनाको संभाव्यता अध्ययन तथा विकास, लगानी अनुमती तथा स्विकृति, संघीय निकायले गर्ने लगानी स्विकृतिमा सहजीकरण, कार्यान्वयनमा सहजीकरण तथा समन्वय लगायतका कार्य गर्दै आएको पाईन्छ ।

एक स्वायत्त निकायका रुपमा लगानी प्राधिकरण *सार्वजनिक नीजि सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन २०७६* बमोजिम गठित छ । सोही ऐनको दफा ४ बमोजिम मुख्यमन्त्रीको अध्यक्षतामा गठित प्राधिकरणका पदाधिकारीमा अन्य सदस्यका रुपमा ४ जना मन्त्रीहरु, योजना आयोगका उपाध्यक्ष १, प्रदेश सरकारका प्रमुख सचिव १ र थप ३ जना मनोनित सदस्य  रहने व्यवस्था छ । लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक (ऋभ्इ) सदस्य सचिव रहेका छन् । यसरी सो प्राधिकरणमा कूल ११ जना पदाधिकारीहरु रहने व्यवस्था छ ।

प्राधिकरणको संगठन संरचना केन्द्रीय प्रकृतिको भएको र कार्यालय बिराटनगरमा केन्द्रित रहेको छ । यस निकायमा कुनै खास प्राविधिक अध्ययन तथा विश्लेषणका आधारमा सुझाव लिन विशेषज्ञ समिति गठन गर्न सक्ने व्यवस्था छ । यसको व्यवस्था सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा १७ मा छ ।

प्राधिकरणभित्र एक एकल बिन्दु सेवा इकाइ स्थापना गर्ने प्रावधान सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा ३९ ले गरेको छ । सोही दफामा उक्त सेवाले परियोजना इजाजतपत्र, सर्भेक्षण अनुमति, समझदारीपत्र, लगानी अनुमती वा सम्झौता लगायतका कार्य गर्ने र सहजीकरण एकै छाता मुनिबाट गर्ने भनिएको छ । यसका लागि त्यस्तो इकाइमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, विभाग, प्राधिकरण, सार्वजनिक संस्थान लगायतका निकायबाट प्रतिनिधित्व हुने गरी कर्मचारी उपलब्ध हुनेछन भन्ने व्यवस्था छ ।

लगानीकर्ताले अनुमतिपत्र प्राप्त गर्दा सम्झौताको शर्त बमोजिम रोयल्टी प्राधिकरणलाई बुझाउन पर्ने व्यवस्था उल्लिखित ऐनको दफा ४० ले गरेको छ । यस बमोजिम प्राधिकरणलाई बढीभन्दा बढी क्रियाशील बनाउन सक्दा एकातिर प्रदेशमा लगानी बढ्ने र अर्कोतिर प्रदेश सरकारले रोयल्टी वापत आय आर्जन सक्ने संभावना उपलब्ध छ । तर सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को प्रमाणीकरण २०७६ असोज ७ मा भएको र यसबीच करीब ४ वर्ष बित्दापनि यस्तो संभावनालाई अधिकतम सदुपयोग गर्नेतर्फ राजनैतिक र कर्मचारीतन्त्रबाट हुनपर्ने विशेष पहलको अभाव देखियो ।

लगानी प्रवर्द्धनतर्फ प्राधिकरणले हालसम्म Unsolicited (आव्हान नगरिएको) लगानी प्रस्तावमा मात्रै कार्य गरिरहेको छ भने Solicited (आव्हान गरिएको) लगानी प्रस्तावको उपयोग गर्न थालेको छैन । त्यसैगरी प्राधिकरणले हालसम्म Greenfield Project (हरियो आयोजना) मात्रै काम गरिहेको तर Brownfield Project (खैरो आयोजना) मा हालसम्म काम थालेको देखिन्न । स्मरणीय रहोस, यस्तो हरियो आयोजनाले हालसम्म अस्तित्वमा नआएका वा नबनेका र खैरो आयोजनाले अस्तित्वमा आएका वा बनिबनाउ तर राम्ररी चल्न नसकेका लगानी आयोजनालाई जनाउँछ ।

यस अध्ययनले *सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६* को दफा ३९ ले व्यवस्था गरेको एकल बिन्दु सेवा र सो सेवा दिलाउन इकाइको स्थापना भईनसकेको पायो । त्यस्तै सम्बन्धीत मन्त्रालय, विभाग, प्राधिकरण, सार्वजनिक संस्थान लगायतका निकायबाट प्रतिनिधित्व हुने गरी कर्मचारीको कुनै उपलव्धता नभएको पायो ।

माथिको अनुच्छेदका अतिरिक्त एकल बिन्दु सेवा केन्द्रका सम्बन्धमा दोहोरोपना भएको यो अध्ययनका क्रममा देखिन आएको छ । *सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६* को दफा ३९ मा झैं अर्को प्रदेश कानून *प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७* ले पनि यस्तै एकल बिन्दु सेवा केन्द्र रहने कानूनी व्यवस्था सो ऐनको दफा ३९ ले गरेको छ । यसरी एउटै प्रदेश प्रशासनमा २/२ वटा यस्तो संयन्त्र कति धान्न सकिने र उपयोगी हुन्छ? यो मननीय विषय हो । तितो सत्य यहाँ यो छ कि ती दुवै संयन्त्र अहिलेसम्म अस्तित्वमा आउन सकेका छैनन ।

त्यस्तै, स्वयं लगानी प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्भे (O&M Survey) पूर्ण नभएको र संगठन संरचना तथा दरबन्दी व्यवस्था अझै नटुङ्गिएको पायो । यस्तो अवस्थामा लगानी प्राधिकरणले आशातित परिणाम दिन नसक्ने अनुमान सहजै गर्न सकिन्छ ।

*स्थापना संभाव्य संगठनहरु*

प्रदेश प्रशासनभित्र १९३ वटा कार्यालयहरु खडा भईसक्दा अझै कैयन नभई नहुने संगठनहरु स्थापना वा संचालनमा आउन नसकेको अवस्था छ । यस सम्बन्धी फेहरिस्त तलको तालिकाले प्रस्तुत गर्छ । यसमा केवल केन्द्रीय निकायको लेखाजोखा गरिएको छ जसमा केवल संविधान र यसबीच प्रदेश सरकारबाट जारी भएका कानूनहरुको विवेचना गरि यो तालिका तर्जुमा गरिएको छ । उक्त २ खाले कानूनी श्रोतले माग गरेका विषयहरु मात्रै यस आकलनमा समाविष्ट छन् ।

तलको तालिका बमोजिम करीब १५ वटा नयाँ संगठन भविष्यमा प्रदेश सरकारले निर्माण तथा संचालन गर्नु पर्ने अवस्था देखिन्छ । हालाकी तत्काललाई यसतर्फ जानु राजस्व क्षमताले धान्न नसक्ने हुँदा राजस्व क्षमता विकास हुँदै जाँदा मात्रै यसतर्फ जान मनासिब हुन्छ ।

तालिका १३: कोशीमा हालसम्म अस्तित्वमा नआएका तर संभाव्य संगठनहरु

| क.स. | संगठनको नाम | कानूनी श्रोत |
|---|---|---|
| १ | प्रदेश निजामती किताबखाना | प्रदेश निजामती सेवा ऐनको दफा १३० बमोजिम |
| २ | कोशी प्रदेश प्रहरी प्रशासन | संविधानको अनूसूची ६ को क.स.१ त्था कोशी प्रदेश प्रहरी ऐन, २०७७ बमोजिम |
| ३ | कोशी प्रदेश रेडियो, एफएम, टेलिभिजन | संविधानको अनूसूची ६ को क.स.३ बमोजिम |
| ४ | कोशी प्रदेश तथ्यांक व्यूरो वा मन्त्रालय | संविधानको अनूसूची ६ को क.स.६ बमोजिम |
| ५ | कोशी विद्युत्त प्राधिकरण वा संस्थान | संविधानको अनूसूची ६ को क.स.७ बमोजिम |

| | | |
|---|---|---|
| ६ | कोशी खानेपानी प्राधिकरण वा संस्थान | संविधानको अनूसूची ६ को क.स.७ बमोजिम |
| ७ | कोशी परिवहन निगम | संविधानको अनूसूची ६ को क.स.७ बमोजिम |
| ८ | कोशी उच्च शिक्षा बोर्ड | संविधानको अनूसूची ६ को क.स.८ बमोजिम |
| ९ | बृहत बिराट विकास क्षेत्र समिति | बृहत बिराट विकास क्षेत्र सम्बन्धी ऐन, २०७६ बमोजिम |
| १० | कोशी केन्द्रिय पुस्तकालय | संविधानको अनूसूची ६ को क.स.८ बमोजिम |
| ११ | कोशी अनुसन्धान व्यूरो | संविधानको अनूसूची ६ को क.स.१३ बमोजिम |
| १२ | कोशी खानी निर्देशनालय वा विभाग | संविधानको अनूसूची ६ को क.स.१७ बमोजिम |
| १३ | कोशी प्रदेश प्रज्ञा प्रतिष्ठान | प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ बमोजिम |
| १४ | कोशी गुठी संस्थान | संविधानको अनूसूची ६ को क.स.२१ ब्मोजिम |
| १५ | कोशी सामाजिक विकास परिषद | सामाजिक विकास संस्था ऐन, २०७५ बमोजिम |

स्रोतः संविधान र प्रदेश कानूनहरुका आधारमा कार्यदलबाट निर्मित ।

## ४.३ कर्मचारीको दरबन्दी

*संगठन र दरबन्दी*

तलको तालिकाले कूल दरबन्दीका बारेमा एउटा सिङ्गो तस्विर दिन्छ । सबै खाले र तहका गरी कूल १९२ कार्यालयहरु भएकोमा ३९८४ वटा स्विकृत दरबन्दी हाल कायम छ । प्रारम्भमा २०७५ सालमा कर्मचारी समायोजन गर्दा संघले निजामती सेवा ऐन, २०४९ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश सरकारका लागि संगठन तथा दरबन्दी स्विकृत गरेको[२५] र पछि पटकपटक प्रदेश सरकारले फेरबदल गरेको दरबन्दीहरु समेत यसमा समावेश गरिएको छ । सो मध्ये समग्रमा सबैभन्दा अधिक पर्यटन वातावरण तथा वन मन्त्रालयमा छ जहाँ ११०४ वटा (२७.७१ प्रतिशत) दरबन्दी छ भने दोश्रोमा पर्ने स्वास्थ्य मन्त्रालयमा १००१ वटा (२५.१३ प्रतिशत) दरबन्दी छ । त्यस्तै तेश्रोमा उद्योग कृषि तथा सहकारी मन्त्रालयमा ६५१ वटा (१६.३४ प्रतिशत) स्थाई दरबन्दीहरु प्रचलनमा छन् । चौथोमा खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय ३३३ वटा (८.३६ प्रतिशत) र पाँचौमा भौतिक पूर्वाधार विकास मन्त्रालय २३५ (५.९० प्रतिशत) देखिन्छन् । कूलमा १ प्रतिशत भन्दा कम दरबन्दी हुने अर्थात अत्यन्तै साना आकारका निकायको कोटीमा प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोग र मुख्यन्यायाधिवक्ताको कार्यालय पर्छन् ।

उपरोक्त मध्ये सबैभन्दा ठूला देखिने निकाय पर्यटन वन तथा वातावरण, स्वास्थ्य मन्त्रालय र उद्योग कृषि तथा सहकारी मन्त्रालयहरुमा अधिक दरबन्दी फिल्ड अर्थात स्थानीय तहसम्म संगठन संरचना भएको पाईन्छ । तथापी संविधानको अनूसूची ६ मा प्रदेशको एकल अधिकार सूचीमा पर्ने विषयलाई अझैपनि कतिपय संरचना तथा दरबन्दी नभएको वा अपुग भएको अवस्था देखिन्छ ।

त्यस्तै माथि मात्रै संगठन भएको तर तल नभएकोले माथि झुण्डिएको देखिने वर्गमा सामाजिक विकास र आर्थिक मामिला तथा योजना मन्त्रालयहरु पर्छन् । अन्य निकायहरुका दरबन्दी या त तलसम्म पुगेका छन् नभए केन्द्रीय प्रकृतिका छन् ।

[25] Viewed at सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण । उपलब्ध छः https://ocmcm.koshi.gov.np/files/notice/20230503143839.pdf

एउटा अपवाद, प्रदेश प्रज्ञा प्रतिष्ठान खडा गर्न मिति २०७९/०५/२७ मा नै प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ प्रमाणीकरण भएतापनि यसको गठन, संगठन र दरबन्दी हालसम्म तय भएको छैन । उक्त ऐनको दफा ७ बमोजिम प्रतिष्ठानमा १ कुलपति, १ सहकुलपति, १ उपकुलपति र ३५ जना प्राज्ञ लगायत ३८ जना पदाधिकारीहरु रहने व्यवस्था छ । यसका अतिरिक्त प्रतिष्ठानलाई कर्मचारीको दरबन्दी यकिन गर्न बाँकी नै छ। खासमा प्रदेश तहमा यस्तो प्रतिष्ठान अहिले नै चाहिन्छ वा चाहिँदैन भन्ने बारेमा सार्वजनिक बहस भईरहेका छन् । यसमा अझै सार्थक बहसको खाँचो छ ।

तलिका १४: कोशी प्रदेश सेवामा कार्यरत कूल कर्मचारीको मन्त्रालयगत विवरण

| क्र.सं | मन्त्रालयको नाम | निकाय | कार्यालयको सङ्ख्या | मन्त्रालय वा मातहतको दरबन्दि | कूल स्वीकृत दरबन्दि सङ्ख्या | कूलमा अनुपात (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मन्त्रालय | १ | ६५ | ९६ | २.४० (८) |
| | | मातहत | ३ | ३१ | | |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्रालय | १ | ४८ | ९० | २.२६ (९) |
| | | मातहत | ६ | ४२ | | |
| ३ | भौतिक पूर्वाधार बिकास मन्त्रालय | मन्त्रालय | १ | ३० | २३५ | ५.९० (५) |
| | | मातहत | १२ | २०५ | | |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | मन्त्रालय | १ | ५८ | १७८ | ४.४७ (६) |
| | | मातहत | ८ | १२० | | |
| ५ | स्वास्थ्य मन्त्रालय | मन्त्रालय | १ | २४ | १००१ | २५.१३ (२) |
| | | मातहत | ५० | ९७७ | | |
| ६ | खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय | मन्त्रालय | १ | ३१ | ३३३ | ८.३६ (४) |
| | | मातहत | २४ | ३०२ | | |
| ७ | सामाजिक बिकास मन्त्रालय | मन्त्रालय | १ | ४८ | १५१ | ३.७९ (७) |
| | | मातहत | ७ | १०३ | | |
| ८ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | मन्त्रालय | १ | ७३ | ६५१ | १६.३४ (३) |
| | | मातहत | ४५ | ५७८ | | |
| ९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | मन्त्रालय | १ | ३९ | ११०४ | २७.७१ (१) |
| | | मातहत | २४ | १०६५ | | |
| १० | प्रदेश सभा सचिवालय | सचिवालय | १ | ८२ | ८२ | २.०६ (१०) |
| ११ | प्रदेश लोकसेवा आयोग | आयोग | १ | ३२ | ३२ | ०.८० (११) |

| क्र.सं | मन्त्रालयको नाम | निकाय | कार्यालयको सङ्ख्या | मन्त्रालय वा मातहतको दरबन्दि | कूल स्वीकृत दरबन्दि सख्या | कूलमा अनुपात (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १२ | प्रदेश प्रज्ञा प्रतिष्ठान | प्रतिष्ठान | १ | | | |
| १२ | प्रदेश योजना आयोग | आयोग | १ | २० | २० | ०.५० (१२) |
| १३ | मुख्यन्यायाधिवक्ताको कार्यालय | कार्यालय | १ | ११ | ११ | ०.२८ (१३) |
| जम्मा | | | १९२ | ३९८४ | ३९८४ | १००% |
| | | | | | | |

स्रोतः १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति सिंहदरवार, काठमाडौँको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७५

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको २०७९।८० को स्वीकृत संगठन संरचना र दरबन्दी सम्बन्धी प्रतिवेदन

तलको तालिकाले प्रदेश प्रशासनमा विभिन्न तहमा गरेर कूल २७८९ वटा दरबन्दी संख्या रहेको देखाउँछ । त्यस्तै दरबन्दीजन्य केही समस्याहरु विद्यमान रहेको पाईन्छ । पहिलो, कुनैपनि पदको पदनाम हालसम्म तोकेको देखिँदैन हालाकी श्रेणीविहिनदेखि उच्चतम ११औं तहसम्मका पदहरु भएका दरबन्दीहरु स्वीकृत भई हाल प्रयोगमा छन् । दोश्रो, कोशी प्रदेश किताबखानासँग भएको तथ्यांकमा कतिपय तहका दरबन्दीहरु तह बमोजिम स्पष्ट छैनन । जस्तैः दशौं र नवौं तहहरुलाई एकै पदमा गणना गरी राखिएको छ भने सातौं र आठौंका पदहरुको विवरण अलगअलग छैनन । त्यस्तै, चौथो, पाँचौ र छैठौं तहका पदहरु पनि एकै ठाउँ गणना गरिएकाले तिनीहरुको सांख्यिक अवस्था खुल्दैन । यसले गर्दा यस अध्ययनमा पदसोपानको अवस्थाको विवेचना गर्न सकिएन ।

तालिका १५: कोशी प्रदेशको तहगत दरबन्दीको विवरण

| सि.नं. | पद | तह | संख्या | पदसोपान अनुपात |
|---|---|---|---|---|
| १ | हालसम्म नतोकिएको | एघारौँ | १९ | १:८ |
| २ | हालसम्म नतोकिएको | नवौं/दशौं | १५२ | १:४ |
| ३ | हालसम्म नतोकिएको | सातौं/आठौं | ५८६ | ५:८ |
| ४ | हालसम्म नतोकिएको | चौथो /पाँचौं/छैठौं | ९४१ | ६:७ |
| ५ | हालसम्म नतोकिएको | श्रेणी विहीन | १०९१ | ६:७ |
| | कूल | | २७८९ | |

स्रोतः प्रदेश सरकारबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित ।

माथिको तालिकालाई चित्रमा हेर्दा संगठनको पिरामिड आकार तलको चित्रमा देख्न सकिन्छ ।

चित्र नम्बर १: प्रदेश निजामती प्रसाशनको पदसोपानको पिरामिड




स्रोत: प्रदेश सरकारबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित ।

प्रदेश प्रशासनमा दरबन्दीका सम्बन्धमा यस अध्ययनले पाएका कमि-कमजोरीहरु देहाय बमोजिम छन्:

१. दरबन्दी संरचना श्रेणीमाथि आधारित छ ।
२. पदनाम अहिलेसम्म कायम हुन सकेको छैन ।
३. प्रदेश किताबखानामा भएको दरबन्दी र कर्मचारी कार्यरत दरबन्दीबिच तालमेल छैन ।
४. प्रदेश निजामती सेवा ऐन, २०७९ आएपश्चात सो ऐनको दफा ८ बमोजिमको दरबन्दी संरचना कायम हुन सकेको छैन ।

खासमा यो समस्या आउनुमा मूल कारक पक्ष प्रदेश पक्ष नै हो । प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ५ ले विभिन्न सेवाहरुमा पदनाम तोकिए बमोजिम हुनेछ भनिदिएको र सोका लागि तत्काल सो ऐनको नियमावली ल्याईनु पर्ने हो । तर सो हालसम्म आएको छैन । यसले गर्दा संघको निजामती किताबखानाले प्रदेश किताबखानालाई समस्त डाटा सहयोग हस्तान्तरण गर्दापनि पदनामको अभावमा यी अन्यौलता कायमै रहे ।

*कर्मचारीको लागत*

प्रदेश प्रशासनलाई जति कर्मचारीको खाँचो छ, त्यति नै यसको महँगो लागत भारका बारेमा गंभिर बन्नु पर्ने हुन्छ । तलको तालिकाले कुन पद सृजना गर्दा उक्त पदमा नियुक्त हुने कर्मचारी सेवामा रहँदा र सेवामुक्त भएपश्चात दिर्घकालिक आर्थिक भार कति वहन गर्नु पर्छ भन्ने गणना गरिएको छ । यो गणनामा पारिश्रमिक साथै निवृत्तिभरणलाई समेटिएको छ । निवृत्तिभरणतर्फ सरकारले व्यवस्था गर्ने निवृत्तिभरण र योगदानमा आधारित निवृत्तिभरण दुवैको लागि अलगअलग गणना गरी अलगअलग तालिकामा प्रस्तुत गरिएको छ ।

सरकारले व्यवस्था गर्ने निवृत्तिभरण[२६] पाउने पद सृजना गर्दा १ जना कार्यालय सहयोगीका लागि आजको मूल्यमा रु.१,०८, ३४,२१३ आर्थिक भार प्रदेश सरकारले वहन गर्नु पर्छ भने सहायक पाँचौका

[26] Viewed at प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ६२, खण्ड ६) अतिरिक्ताङ्क ३८ प्रदेश राजपत्र भाग १ मिति २०७९/११/१५, पेज ७०

लागि रु.१,७०,३५,५९७ आर्थिक भार सृजना हुन आउँछ । त्यस्तै, अधिकृत ७औं पद सृजना गर्दा हरेकका लागि रु.२,१३,६३,४७० नयाँ आर्थिक भार थपिन्छ । केही समय पूर्व शुरु गरिएको योगदानमा आधारित[27] निवृत्तिभरणका सम्बन्धमा १ पद थप्दा प्रदेश सरकारमाथि कार्यालय सहयोगीका लागि रु. १,१२,३८,८८३ सहायक पाँचौका लागि रु. १,७६,७१,८९६ र अधिकृत ७औं पदका लागि रु. २,२१,६१,४२० आर्थिक भार बढ्छ ।

माथिको पृष्ठभूमिमा थप दरबन्दी सृजना गरी आर्थिक भार थप्नुको साटो दक्षता, क्षमता र प्रविधीको उपयोग गर्दै सेवा बिस्तार तथा सुधार गर्ने रणनीति प्राथमिकतामा रहनु बढी उपयोगी हुन्छ ।

तालिका १६: पद सिर्जना गर्दा थप हुन सक्ने आर्थिक दायित्वको आँकलन

| सि. नं. | पद | सुरु तलब स्केल | सेवा अवधि | हालको स्केलको आधारमा तलव | निवृत्तिभरणको रकम | निवृतिभरण को व्यय | अनुमानित व्यय |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | २९४५२ | ३० | १०६०२७२० | १७६७१ | २३१४९२ | १०८२४११३ |
| २ | सहायक पाँचौं | ४६३१० | ३० | १६६७१६०० | २७७८६ | ३६३९९६ | १७०३५५९७ |
| ३ | अधिकृत सातौं | ५८०७५ | ३० | २०९०७००० | ३४८४५ | ४५६४६९ | २१३६३४७० |
| योगदानमा आधारित निवृतिभरणको आधारमा | | | | | | | |
| सि. नं. | पद | सुरु तलब स्केल | योगदानमा आधारित निवृत्तिभरण | सेवा अवधि | हालको स्केलको आधारमा तलव | अनुमानित व्यय | |
| १ | कार्यालय सहयोगी | २९४५२ | १७६७ | ३० | ११२३८८८३ | ११२३८८८३ | |
| २ | सहायक पाँचौं | ४६३१० | २७७८ | ३० | १७६७१८९६ | १७६७१८९६ | |
| ३ | अधिकृत सातौं | ५८०७५ | ३४८४ | ३० | २२१६१४२० | २२१६१४२० | |

नोट:

(१) लोकसेवा आयोगको त्रिसठ्ठिऔं बार्षिक प्रतिवेदनको आधारमा आ.व. २०७८/०७९ मा आयोगबाट बढी सिफारिस भएका उम्मेदवारहरुको उमेर समुह (२६ देखि ३० वर्ष) को मध्यकलाई आधार मानिएको ।

(२) सेवा निवृत्तको अवधि निजामति सेवा ऐन,२०४९ को अनिवार्य अवकासको उमेर (५८ वर्ष) लाई आधार मानिएको ।

(३) योगदानमा आधारित निवृतिभरणका लागि प्रदेश सरकारबाट ६% थप

(४) गणना गर्दा नेपाल सरकारले आर्थिक बर्ष २०७९/८० मा तोकेको तलबमानलाई आधार मानिएको।

स्रोतः निजामती सेवा ऐनका आधारमा कार्यदलबाट गणना एवं तर्जुमा गरिएको ।

[27] Viewed at प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ६९, खण्ड ६) अतिरिक्ताङ्क ३८ प्रदेश राजपत्र भाग १ मिति २०७९/११/१५, पेज ७७

तल तालिकामा दिईएको स्थाइ दरबन्दीहरुको विवरणले आर्थिक दायित्वका दृष्टिबाट प्रदेश सरकारमाथि सबैभन्दा बढी चाप सबैभन्दा धेरै संख्या भएका पदहरु क्रमशः छैटौं तह (२६.०८ प्रतिशत), कार्यालय सहयोगी लगायत आधारभूत तह (२५.३५ प्रतिशत) र पाँचौ तह (१८.९४ प्रतिशत) बाट पर्ने गरेको देखिन्छ । त्यस्तै थप दुई तहका पदहरु आठौँ तह (११.०२ प्रतिशत) र सातौँ तह (१०.९६ प्रतिशत) ले आर्थिक भारको अधिकतम चाप दिएको देखिन्छ ।

तालिका १७: कोशी प्रदेश सेवामा कार्यरत कूल स्थाई कर्मचारी संख्या

| तह अनुसारका प्रदेशमा कार्यरत स्थाई कर्मचारीको सङ्ख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| | लिङ्ग | | | | जम्मा | प्रतिशत |
| तह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | | |
| ११औं वा सो सरह (प्रदेश सचिवको तह) | १ | ०.०६५ | १३ | ०.७३५ | १४ | ०.७९% |
| १०औं वा सो सरह | ० | ०.००५ | २६ | १.४६५ | २६ | १.४६% |
| ९औं वा सो सरह | २ | ०.११५ | ३५ | १.८७५ | ३७ | २.०८% |
| ८औं वा सो सरह | १२ | ०.६७५ | १८४ | १०.३४% | १९६ | ११.०२% |
| ७औं वा सो सरह (अधिकृत तहको प्रवेश विन्दु) | २५ | १.३१५ | १७० | ९.५६% | १९५ | १०.९६% |
| ६औं वा सो सरह (प्रारम्भिक अधिकृत तह) | ६७ | ३.७७५ | ३९७ | २२.३२% | ४६४ | २६.०८% |
| ५औं वा सो सरह | ८७ | ४.९८५ | २५० | १४.०५% | ३३७ | १८.९४% |
| ४औं वा सो सरह | १८ | १.०१५ | ४१ | २.३०% | ५९ | ३.३२% |
| आधारभूत तह (वन रक्षक, कास, हसचा इत्यादी) | ४७ | २.६४५ | ४०४ | २२.७१% | ४५१ | २५.३५% |
| **कूल जम्मा** | **२५९** | **१४.५६५** | **१५२०** | **८५.४४%** | **१७७९** | **१००.००%** |
| स्रोतः विषयगत मन्त्रालय एवम् प्रदेश मातहतका निकायबाट तथा प्रदेश निजामति किताबखाना, कोशी प्रदेशबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको । | | | | | | |
| नोटः प्रदेश सरकारका प्रमुख सचिवको सङ्ख्या गणना गरिएको छैन । | | | | | | |

*सेवा समूहहरु*

संगठन निर्माण गर्दा होस् वा दरबन्दी सृजना गर्दा जहिलेपनि सामान्य प्रशासन र विशेषज्ञ प्रशासनबीच सन्तुलन कायम गर्नु जरुरी हुन आउँछ । कैयन कार्यहरु हुन्छन् जहाँ सामान्य प्रशासनिक जनशक्ति चाहिन्छ भने अन्य कैयन कार्यहरु हुन्छन् जहाँ विशिष्ट ज्ञान, सीप र दक्षता बोकेका जनशक्ति चाहिन्छ ।

माथिको प्रयोजनका लागि एउटै मुलुकको सार्वजनिक प्रशासन वा निजामती प्रशासनमा संसारभरि नै विभिन्न सेवा, समूह र उपसमूहहरु सृजना तथा संचालन गर्ने गरिन्छ। कोशी प्रदेशमा हालसम्म गठन गरिएका सेवा समूहहरुको विवरण तलको तालिकामा प्रस्तुत छ।

यस बमोजिम दरबन्दीलाई हेर्दा सबैभन्दा ठूलो सेवा क्रमशः प्रशासन, वन, ईन्जिनियरिङ्ग र स्वास्थ्य देखिन्छन् । सयभन्दा सानो संख्यामा दरबन्दी भएका सेवाको वर्गमा क्रमशः शिक्षा र सूचना प्रविधी छन् । हालसम्म समूह उपसमूह गठन गरिएका छैनन । साथै, ती मध्ये कुनैपनि सेवा समूह संचालन गर्न मन्त्रालयहरु तोकिएका छैनन । तोकिएका अवस्थामा त्यस्ता मन्त्रालयहरु सहायक CPA हुन सक्ने थिए ।

तालिका १८ सेवा समूह संचालन र व्यवस्थापन

| सि.नं. | सेवा समुहको नाम | समुह/उपसमुह | सञ्चालन गर्ने मन्त्रालय | कर्मचारीको दरबन्दी संख्या |
|---|---|---|---|---|
| १ | प्रदेश प्रशासन सेवा | गठन नभएको | नतोकिएको | ५५८ |
| २ | प्रदेश वन सेवा | गठन नभएको | नतोकिएको | ४९५ |
| ३ | प्रदेश इन्जिनियरिङ्ग सेवा | गठन नभएको | नतोकिएको | २१५ |
| ४ | प्रदेश स्वास्थ्य सेवा | गठन नभएको | नतोकिएको | २८१ |
| ५ | प्रदेश शिक्षा सेवा | गठन नभएको | नतोकिएको | २५ |
| ६ | प्रदेश कृषि सेवा | गठन नभएको | नतोकिएको | १४८ |
| ७ | सूचना प्रविधि सेवा | गठन नभएको | नतोकिएको | ५ |

| सेवा | समूह | उप-समूह |
|---|---|---|
| प्रदेश इन्जिनियरिङ्ग सेवा | ० | ० |
| प्रदेश कृषि सेवा | ० | ० |
| प्रदेश प्रशासन सेवा | ० | ० |
| प्रदेश वन सेवा | ० | ० |
| प्रदेश शिक्षा सेवा | ० | ० |
| प्रदेश स्वास्थ्य सेवा | ० | ० |
| सूचना प्रविधि सेवा | ० | ० |

स्रोतः प्रदेश निजामती सेवा ऐन, २०७९ मा भएको विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको।
नोटः प्रदेश निजामती सेवा ऐनको दफा ४ मा भएको व्यवस्था अनुसार सेवा गठन गरिएको छ तर समूह र उप-समूह भने तोकिए बमोजिम हुने भनिएको छ । ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति सिंहदरवार, काठमाडौंको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७५ अनुसारकै प्रदेशमा स्थाई संरचना र दरबन्दी रहेका छन् तथा नेपाल स्वास्थ्य नियमावली २०५५ को अनूसुचि ४ र नेपाल निजामती सेवा नियमावली २०५० को अनूसुचि ३ बमोजिमकै सेवा र सो सेवा अन्तर्गत रहने समूह र उप-समूह रहेका छन् ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको २०७९/८० को स्वीकृत संगठन संरचना र दरबन्दी सम्बन्धी प्रतिवेदनले अस्थाई संरचना र दरबन्दी स्वीकृत गरेको छ जुन बुँदा नं १ ले समेटेको स्थाई संरचना र दरबन्दी बाहेका संरचना हुन् ।

*प्रदेश प्रहरी*

कोशी प्रदेश प्रहरीतर्फ तल प्रस्तुत तालिका बमोजिम विभिन्न स्तरमा कूल १०७१७ दरबन्दी रहेकोमा ९,८५७ जना कार्यरत छन् । सोमध्ये सबैभन्दा ठूलो संख्यामा एकै स्थानमा १,००० भन्दा अधिक झापा, मोरङ्ग र सुनसरी जि.प्र.का. हरेकमा देखिन्छ । सोही संख्यामा दरबन्दी साथै खटिएका प्रहरीको भौतिक उपस्थिती दुवै छ । सोमध्येपनि सबैभन्दा बढी मोरङ्ग जि.प्र.का.मा कायम छ ।

कोशीमा कूल २४ वटा प्रहरी इकाइहरु भएकोमा २० इकाइमा दरबन्दी र कार्यरत संख्यामा असमान देखिन्छ । कतै अधिक र कतै न्यून प्रहरीहरु कार्यरत छन् । अन्य ४ वटा प्रहरी इकाइको यस सम्बन्धी विवरण खुलेको नभएकोले अवस्था बताउन सकिन्न ।

तलिका १९ कोशी प्रदेश प्रहरी र अर्न्तगत दरबन्दी र कार्यरतको विवरण

| सि न | कार्यालय | बिबरण | जम्मा |
|---|---|---|---|
| १ | कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर | दरबन्दी | २४३ |
| | | कार्यरत | २१२ |
| २ | कोशी प्रदेश प्रहरी अस्पताल बेलबारी | दरबन्दी | ५१ |
| | | कार्यरत | २९ |
| ३ | कोशी प्रदेश प्रताके रानी | दरबन्दी | २०८ |
| | | कार्यरत | २२८ |
| | | प्रशिक्षार्थी | ३४४ |
| ४ | जिप्रका झापा | दरबन्दी | १२९९ |
| | | कार्यरत | १२४७ |
| ५ | जिप्रका ईलाम | दरबन्दी | ६४८ |
| | | कार्यरत | ५१५ |
| ६ | जिप्रका पाँचथर | दरबन्दी | ५१४ |
| | | कार्यरत | ४३२ |
| ७ | जिप्रका ताप्लेजुङ | दरबन्दी | ४६२ |
| | | कार्यरत | ३९६ |
| ८ | जिप्रका मोरङ्ग | दरबन्दी | १४५१ |
| | | कार्यरत | १४०९ |
| ९ | जिप्रका सुनसरी | दरबन्दी | १००१ |
| | | कार्यरत | १२२३ |
| १० | जिप्रका धनकुटा | दरबन्दी | ४४८ |
| | | कार्यरत | ३७७ |
| ११ | जिप्रका संखुवासभा | दरबन्दी | ६४० |
| | | कार्यरत | ४९१ |
| १२ | जिप्रका भोजपुर | दरबन्दी | ५८३ |
| | | कार्यरत | ४५७ |
| १३ | जिप्रका तेह्रथुम | दरबन्दी | ३६० |

| | | | |
|---|---|---|---|
| | | कार्यरत | ३०७ |
| १४ | जिप्रका उदयपुर | दरबन्दी | ६०१ |
| | | कार्यरत | ५२९ |
| १५ | जिप्रका खोटाङ | दरबन्दी | ५४२ |
| | | कार्यरत | ४२८ |
| १६ | जिप्रका ओढु | दरबन्दी | ४१२ |
| | | कार्यरत | ३१८ |
| १७ | जिप्रका सोलु | दरबन्दी | ५०४ |
| | | कार्यरत | ४०० |
| १८ | कोशी प्रदेश प्रहरी गण बिराटनगर | दरबन्दी | ६०० |
| | | कार्यरत | २४४ |
| १९ | कोशी प्रदेश बिपद व्यबस्थापन गुल्म चन्द्रगढी | दरबन्दी | १२५ |
| | | कार्यरत | ९१ |
| २० | कोशी प्रदेश प्रहरी बिद्यालय धरान | दरबन्दी | २५ |
| | | कार्यरत | ४६ |
| २१ | आसारा सुधार केन्द्र पानमारी | कार्यरत | २५ |
| २२ | प्रदेश सभा मर्यादापालक प्रहरी शाखा | कार्यरत | ३२ |
| २३ | एक्इ तथा निवास सुरक्षा गार्ड | कार्यरत | ६७ |
| २४ | कोशी प्रप्रका केनाईन शाखा धरान तथा मोरङ | | १० |
| जम्मा कार्यरत संख्या | | दरबन्दी | १०७१७ |
| | | कार्यरत | ९८५७ |

स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी ।

तालिका २०: कोशी प्रदेशमा प्रहरी संगठन संरचना



## मामिला अध्ययन (केस स्टडी) १ : कोशी प्रदेश प्रहरी

नेपालको संविधानको अनुसूची-६ मा प्रदेशको एकल अधिकारको रुपमा प्रदेश प्रहरीलाई राखिएको छ । त्यस्तै प्रदेशको शान्ति सुरक्षाको जिम्मा पनि प्रदेश सरकारलाई दिईएको छ । प्रदेश प्रहरीको परिचालनको अधिकारको कार्यान्वयन प्रदेश सरकारले गर्न सकिरहेको छैन । प्रदेश प्रहरी परिचालन गर्ने चरणमा पुगेपछि प्रदेश सरकारले प्रदेशको शान्ति सुरक्षा सम्बन्धि कार्यहरु गर्न सक्नेछ ।

कानूनी प्रबन्धहरु हेर्दा प्रदेश प्रहरी समायोजन ऐन, २०७६ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ संघीय संसदबाट स्वीकृत भई जारी भएको अवस्था रहेको छ । त्यस्तै प्रदेशमा प्रदेश प्रहरी ऐन, २०७७ कोशी प्रदेश सभाबाट स्वीकृत भई जारी भईसकेको छ । स्थानीय प्रशासन ऐन, २०२८, प्रहरी ऐन, २०१२ जस्ता धेरै समय पुराना कानूनहरु हालसम्म प्रचलित छन् जुन संघीयतामा आधारित वर्तमान संविधानको मर्मसँग मेल खाँदैनन् ।

कोशी प्रदेशमा भएको प्रहरीको संरचनातिर हेर्दा कोशी प्रदेश प्रहरी कार्यालय संचालनमा छ र सो अन्तर्गतका विभिन्न प्रहरीका ईकाईहरु रहेका छन् । उक्त कार्यालयको नाम कोशी प्रदेश प्रहरी कार्यालय छ तथापि ती सबै संघीय सरकार अर्न्तगत संचालित छन् । प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यहरु गर्न नसकिरहेको अवस्था देख्न सकिन्छ । संघीय प्रहरीका ईकाई र व्यूरोहरु पनि राखिएका छन् । प्रदेश प्रहरीले प्रचलित कानून बमोजिमका कार्यहरु सम्पादन गर्नेछ । प्रदेश प्रहरीले सम्पादन गर्ने मुख्य कार्यहरु चित्रमा यस्तो देखा पर्छः-

प्रदेश प्रहरीका मुख्य कार्यहरु




संविधानमा भएका व्यवस्थाहरु तथा प्रचलित कानूनहरुको समेत कार्यान्वयनका लागि संघीय प्रहरी ऐन पहिले तर्जुमा भई प्रहरी समायोजन ऐन बन्नुपर्ने थियो । तर त्यसो नभई पहिले समायोजन ऐन जारी भयो तर अहिलेसम्म प्रहरी समायोजनको कार्य हुन सकेको छैन । एकातिर कानुनी दुविधा र अन्यौलता देखिन्छ भने अर्कोतर्फ प्रहरी कर्मचारीहरुमा प्रदेशमा आउन अनिच्छा झल्किन्छ । प्रदेशले प्रहरी थाम्न सक्दैन भन्ने भाष्य व्याप्त छ । प्रदेश प्रहरीको लागि पूंजीगत तथा चालूतर्फ चाहिने सम्भावित खर्चहरु जुटाउनु पनि चुनौतिपूर्ण छ ।

प्रदेशमा प्रदेश सुरक्षा समन्वय समिति छ जुन वि.सं. २०७५ सालमा नेपाल सरकारको निर्णय बमोजिम गठन भएको हो तसर्थ यो एक समन्वयकारी भूमिकामा मात्र सिमित रहेको छ कार्यकारी भूमिकामा छैन । शान्ति सुरक्षाको सवालमा प्रहरी एवं सुरक्षा निकायले गृह मन्त्रालयको आदेश पर्खन्छन् । जबकी प्रहरीका लागि पुर्वाधार निर्माण र अन्य कार्यहरुमा प्रदेश सरकारले बजेट विनियोजन गर्दै आएको र सो खर्च भईरहेको छ । तर प्रदेशको शान्ति सुरक्षा व्यवस्थापनमा प्रदेश सरकारको भूमिका छैन ।

प्रदेश अनुसन्धान व्यूरोको सम्बन्धमा संविधानमा प्रदेशको एकल अधिकारभित्र उल्लेख भएको भएतापनि हालसम्म सो गठन हुन सकेको छैन । सम्भावित असुरक्षा एवं अपराधका सम्बन्धमा सूचना संकलन गर्न समस्या परिरहेको हुन्छ ।

संघीय प्रहरीले अनुसन्धान गर्ने विभिन्न तेह्र प्रकारका कसुर बाहेक अन्य कसुरहरु प्रदेश प्रहरीले अनुसन्धान गर्ने भन्ने कानूनी व्यवस्था रहेको छ । प्रदेश प्रहरी र नेपाल प्रहरीको समन्वयको सम्बन्धमा समेत कानून जारी भएको अवस्था रहेको छ । संघीय प्रहरी सम्बन्धि राष्ट्रिय कानून निर्माण गर्नुपर्ने अवस्था छ । उक्त कानूनमा प्रदेश प्रहरीमा समायोजन हुने प्रहरी कर्मचारीहरुको वृत्ति विकासका पक्षहरुलाई स्पष्ट बनाउन सकिएमा प्रहरी समायोजन सहज हुने थियो ।

प्रदेश सुरक्षा समितिका लागि कानूनी व्यवस्था मार्फत प्रदेश सरकारलाई कार्यकारी भूमिका दिलाउनु पर्दछ । एकातिर स्थानीय प्रशासन ऐन २०२८ प्रचलनमा रहेको छ अर्कोतिर प्रदेशले सुरक्षा नीति वा प्रादेशिक सुरक्षा सम्बन्धी नीति र कानुन तर्जुमा गरी सकेको छैन । प्रदेशले आफ्नो प्रदेशको सुरक्षा नीति जारी गरेको छैन । स्थानीय प्रशासन ऐन, २०२८ कै प्रकृतिको कानून तर्जुमा गरी प्रदेशको भूमिका स्पष्ट गर्नुपर्दछ ।

प्रदेशमा प्रहरीका लागि आवश्यक पर्ने संरचनाहरुका सम्बन्धमा प्रदेशले आवश्यक अध्ययन गर्नुपर्ने देखिन्छ । उक्त अध्ययनमा प्रदेश प्रहरीका संगठनहरु र तिनलाई भविष्यमा आवश्यक पर्ने श्रोतको आँकलन गर्नुपर्दछ । प्रहरी समायोजन पश्चात हस्तान्तरण भई आउने जनशक्ति र भवन, हातहतियार, प्रविधी, उपकरण, ल्याब, बन्दोबस्तीका सामग्री र अन्य सम्पतिको व्यवस्थापनका लागि एक प्रहरी व्यवस्थापन योजना बनाउनु पर्दछ । प्रदेश प्रहरी प्रमुख संघबाट पठाईने व्यवस्था राख्न सकिन्छ । उच्च प्रहरी अधिकृतहरुलाई दोहोरो उत्तरदायित्व र जवाफदेहिताको व्यवस्था मिलाउदा हुन्छ । कोशी प्रदेश प्रहरी ऐनमा आन्तरीक मामिला सम्बन्धी मन्त्रालयको प्रशासनिक नेतृत्व अर्थात सचिवको भूमिका गृह हेर्ने संघीय सचिवको तुलनामा हाल अत्यन्त न्यून छ । यसबाट भविश्यमा प्रहरी परिचालनमा अपठ्यारो पर्न सक्ने भएकोले उक्त ऐन संशोधन गरी सो ऐनमा परिमार्जन गरिनु पर्दछ ।

प्रहरीको कार्यले अपराध अनुसन्धान पश्चात अभियोजन अर्थात मुद्धा दायरको माग गर्छ । यस्ता कार्यहरुमा अन्य सम्बन्धीत निकायहरुसँग समन्वय गर्नुपर्ने हुन्छ । प्रदेश प्रहरी प्रादेशिक हुन्छ तर अदालत र सरकारी वकिल संघीय संरचनामा रहिरहने छन् । यस्ता निकायहरुसँगको समन्वय कसरी प्रभावकारी हुन्छ, यससम्बन्धी कानूनहरु स्षष्ट पार्न सकिएन भने भविश्यमा अन्यौलता सिर्जना हुन सक्छ । मुख्यन्यायधिवक्ताको काम कर्तव्य र अधिकारहरु पनि थप अध्ययन हुन पर्ने विषयहरु हुन् । प्रहरीले गर्ने समन्वयमा प्रशासनिक जटिलताहरु राख्नु हुँदैन । अन्तर-प्रदेश अपराध अनुसन्धान तथा रोकथाम एवं समन्वय सम्बन्धी कार्यविधीहरु सरल र प्रभावकारी बनाउनु पर्ने हुन्छ । त्यस्तै खोजि गर्नु पर्ने अपराधी विदेशमा भए अनुसन्धान तहकिकातका लागि के कसरी पक्राउ गर्ने भन्ने विधीहरु तय हुन पर्छ ।

अन्ततः प्रदेशको शान्ति सुरक्षाको दायित्व प्रदेश सरकारमा रहने स्पष्ट संवैधानिक व्यवस्था भईसकेपछि ढिलोचाँडो प्रदेश प्रहरी गठन र सञ्चालन हुनु छ र त्यसका लागि प्रदेशले आवश्यक पूर्वतयारी गर्न ढिलाई गर्नु हुन्न ।

**प्रदेश प्रहरीको लागि आवश्यक पूर्वशर्तहरु**

**कानुन**
- प्रादेशिक सुरक्षा नीति
- प्रदेश शान्ति सुरक्षा सम्बन्धी ऐन नियम

**संरचना**
- प्रदेश प्रहरीको संरचना सम्बन्धि अध्ययन (प्रदेशको शान्ति सुरक्षा एवं अपराधको सघनताको आधारमा)
- प्रहरी समायोजनपश्चातको प्रहरी व्यवस्थापन योजना

**श्रोत साधन**
- हातहतियार आदिको उपयोग सम्बन्धी समन्वय एवं पुर्वयोजना
- सम्भावित आर्थिक दायित्व व्यवस्थापन

(एक प्रदेश प्रहरी प्रमुख (डिआईजी) र आन्तरिक मामिला तथा कानून मन्त्रालय हेरेका पुर्व प्रदेश सचिवहरु सँगको वार्तामा आधारित)

*प्रदेश लगानी प्राधिकरण*

लगानी प्राधिकरणमा दरबन्दीभित्र हेर्दा तदर्थवाद (Ad-hoc Basis) मा अत्यन्तै सिमित कर्मचारीबाट चलेको देखिन्छ । दैनिक नेतृत्व प्रमुख कार्यकारी निर्देशकले गर्ने दरबन्दी छ । लगानी प्रस्तावका सम्बन्धमा विशेषज्ञता चाहिने कार्यमा नियमित कर्मचारीबाट कार्यसम्पादन गर्न गराउन सामान्यतया: सहज हुन्न । यसै कारण संघीय लगानी प्राधिकरणमा कर्मचारीको टिम बनाउँदा Mixed Approach अपनाईएको छ । त्यो भनेको विशेषज्ञ प्रकृतिका काममा बजारबाट जनशक्ति नियमित ढंगले राख्ने गरिन्छ भने निजामती सेवाका कर्मचारीपनि सँगसँगै कार्य गर्छन् । बजारबाट नियमित रुपमा संगठनभित्र राखेर काममा लगाईने विधिलाई Embedded Team भनिएको छ ।

प्रदेश लगानी प्राधिकरणमा Embedded Team को प्रयोग गरिएको देखिन्न । बरु कतिपय कार्य दातृ निकाय वा अर्न्तराष्ट्रिय गैससबाट गराईने गरिएको पाईन्छ जुन सूचना सुरक्षाको दृष्टिले कतिपय अवस्थामा अनुपयुक्त वा जोखिमयुक्त हुन सक्ने आभाष हुन्छ ।

## ४.४ कर्मचारी व्यवस्थापन

*केन्द्रिय कर्मचारी निकाय*

संसारभरि नै केन्द्रिय कर्मचारी निकाय (Central Personnel Agency-CPA) को व्यवस्था गरिएको हुन्छ । कोशी प्रदेश सरकारको मूल CPA का रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय देखिन्छ । संघमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समग्रमा मूल CPA को भूमिका खेल्छ भने करीब १० वटा अलगअलग सेवाहरु[२८] संचालन गर्नका लागि अलगअलग सहायक CPA क्रियाशील छन् ।

कोशीको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४ बमोजिम कोशी प्रदेश प्रशासनमा विभिन्न ७ वटा सेवाहरुको व्यवस्था गरेको छ । सोही दफाको उपदफा (२) अनुसार उक्त सेवाहरुको लागि समूह तथा उपसमूह नियमावलीमा तोकिए बमोजिम हुने समेत व्यवस्था छ । सँगसँगै प्रदेशको CPA का सम्बन्धमा सोही ऐनको दफा ३ ले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले उक्त भूमिका खेल्ने बताएको छ ।

---

[२८] Viewed at Andrea Matles Savada, ed. Nepal: A Country Study. Washington: GPO for the Library of Congress, 1991, https://countrystudies.us/nepal/58.htm

तलको तालिकाले माथिको व्यवस्थालाई कार्यान्वयनमा लैजाने गरी समूह उपसमूह गठन नभएको देखाउँछ । त्यस्तै कुन सेवा कुन मन्त्रालय वा निकायले संचालन गर्ने हो भन्ने स्पष्टता आउन बाँकी नै छ । प्रदेश निजामती सेवामा विभिन्न ७ वटा सेवाको व्यवस्था गरेकोमा तिनमा कूल १७२७ जना कर्मचारी भएतापनि अमुक सेवाका लागि सहायक CPA को हुने भन्ने अन्यौलता अझै जारी छ । यस परिस्थितीमा प्रदेश प्रशासनका महत्वपूर्ण ७ अङ्गहरु अर्थात सेवाहरु प्रदेश सरकारको उद्देश्य अनुरुप परिचालित हुने संभावना स्वाभाविक रुपमा कमजोर रहन्छ ।

तालिका २१ सेवा समूह संचालन र व्यवस्थापन

| सि.नं. | सेवा समुहको नाम | समुह | सेवा सञ्चालन गर्ने मन्त्रालय | दरबन्दी संख्या |
|---|---|---|---|---|
| १ | प्रदेश प्रशासन सेवा | गठन नभएको | नतोकिएको | ५५८ |
| २ | प्रदेश वन सेवा | गठन नभएको | नतोकिएको | ४९५ |
| ३ | प्रदेश इन्जिनियरिङ्ग सेवा | गठन नभएको | नतोकिएको | २१५ |
| ४ | प्रदेश स्वास्थ्य सेवा | गठन नभएको | नतोकिएको | २८१ |
| ५ | प्रदेश वन सेवा | गठन नभएको | नतोकिएको | २५ |
| ६ | प्रदेश कृषि सेवा | गठन नभएको | नतोकिएको | १४८ |
| ७ | सूचना प्रविधि सेवा | गठन नभएको | नतोकिएको | ५ |

*वृत्ति विकास*

प्रदेशका कर्मचारीको वृत्ति विकासलाई प्रभाव पार्ने मूलतः २ तहका कानूनहरु हाल प्रचलनमा छन्:

### १. प्रदेश कानून

प्रदेशका निजामती कर्मचारीका लागि प्रदेश सरकारले विभिन्न व्यवस्थाहरु कानूनमा व्यवस्थित गरेर ल्याएको छ । प्रदेश निजामती सेवा ऐन, २०७९ को विभिन्न दफाहरुमा यसलाई व्यवस्थित गरिएको छ । यसका लागि तलको तालिकाले संक्षिप्त झलक दिन्छ:

तालिका २२: कोशी प्रदेश प्रशासनमा वृत्ति विकासका अवसर सम्बन्धी विवरण

| क.स. | दफा | व्यवस्था |
|---|---|---|
| १ | दफा २६, २७ र २८ | सरुवा र काज |
| २ | दफा २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ४१, ४२, ४३, ४४ र ४५ | तह वृद्धि र बढुवा |
| ३ | दफा ४६, ४७, ४८, ४९, ५०, ५१, ५२, ५३, ५४, ५५ र ५६ | तलब, भत्ता र अन्य सुविधा |
| ४ | दफा ५७, ५८, ५९, ६०, ६१, ६२, ६३, ६४, ६५, ६६, ६७, ६८ र ६९ | अवकाश, उपदान र निवृत्तिभरण |

| क.स. | दफा | व्यवस्था |
|---|---|---|
| ५ | दफा ७०, ७१, ७२ र ७३ | तालिम, अध्ययन र छात्रवृत्ति |
| ६ | दफा ९२, ९३, ९४ र ९५ | कर्मचारीको सेवाको सुरक्षा |
| ७ | दफा ११४ | प्रमुख प्रशासकिय अधिकृत सम्बन्धी व्यवस्था |
| ८ | दफा १२४ | अपाङ्गता भएको कर्मचारीका लागि विशेष व्यवस्था |
| ९ | दफा १२५ | कर्मचारी कल्याण कोषको स्थापना र सन्चालन |
| १० | दफा १२६ | पुरस्कार सम्बन्धी व्यवस्था |
| ११ | दफा १३१ | सेवा अवधि जोडिने |
| १२ | दफा १३२ | सन्तती छात्रवृति |
| १३ | दफा १३३ | अस्पताल तोक्न सक्ने |
| १४ | दफा १३४ | सामाजिक सुरक्षा कोषमा आवद्ध रहने |
| १५ | दफा १३६ | बढुवाको विशेष व्यवस्था |

*स्रोतः प्रदेश निजामती सेवा ऐन, २०७९ को आधारमा कार्यदलबाट निर्मित ।*

## २. संघीय कानून

संघीय समायोजन ऐन, २०७५ को दफा १४ बमोजिम समायोजनमा परेर प्रदेश र स्थानीय सेवाहरुमा आएका तात्कालिन संघीय कर्मचारी अहिले प्रदेश सेवाका निजामती कर्मचारीले आँफू कार्यरत पदभन्दा एक तह माथिको पदमा जेष्ठता र कार्यसम्पादन मूल्यांकन एवं कार्यक्षमताको मूल्यांकनमार्फत हुने बढुवामा संभाव्य उम्मेद्वार बन्न पाउने एउटा ढोका राखि दिएको छ ।

संघीय र प्रदेश कानूनहरुको उपरोक्त विवेचनाका आधारमा वृत्ति विकासका लागि निम्न विषयहरु विचारणीय देखिन्छनः

क. कर्मचारी समायोजन ऐन, २०७५ ले प्रदेशका कर्मचारीको बढुवाका लागि गरेका र व्यवहारमा प्रचलित व्यवस्थाहरु देहाय बमोजिम छन्:

   १. दफा १४ बमोजिम समायोजनमा परेर प्रदेश र स्थानीय सेवाहरुमा आएका तात्कालिन संघीय कर्मचारीहरुका बारेमा प्रदेशमा कार्यरत त्यस्ता निजामती कर्मचारीले कार्यरत पदभन्दा एक तह माथिको पदमा जेष्ठता र कार्यसम्पादन मूल्यांकन एवं कार्यक्षमताको मूल्यांकनमार्फत हुने बढुवामा संभाव्य उम्मेद्वार बन्न पाउने ।

ख. तथापी केही कानूनी व्यवस्था हुँदाहुँदैपनि प्रदेशका कर्मचारीहरुको वृत्ति विकासका सम्बन्धमा व्यवहारमा आउन नसकेको प्रमुख विषय यसप्रकार छः

   १. दफा ११ को उपदफा (३) ले सो ऐनमा अन्यत्र जेसुकै लेखिएको भए तापनि प्रदेश कानून बमोजिम प्रदेश सचिवको पदपूर्ति भएपछि स्वतः सो लागू हुने भनिएको ।

२. प्रदेशका कर्मचारी प्रदेश सचिव बन्न नपाएको हालाकी प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ११३ ले बनाउने व्यवस्था गरेको । यसका लागि थप गरिएको व्यवस्थाहरु:

- प्रदेश निजामती सेवा ऐनको दफा ११३ ले प्रदेशमा ११औं तहका कर्मचारीको अभाव भए मात्रै प्रदेश सरकारले नेपाल सरकारसँग माग गर्ने र सोका आधारमा आपूर्ति गर्ने भनिएको ।
- सोही ऐनको दफा ३१ मा ११औं तहमा बढुवाका लागि न्यूनतम सेवावधी र शैक्षिक योग्यता तोकेको ।
- सोही ऐनको दफा ८ को (१) को (ञ) मा ११औं तहमा बढुवा गर्दा कार्यक्षमता र जेष्ठता तथा कार्यसम्पादनतर्फ क्रमशः ८० प्रतिशत र २० प्रतिशत रिक्त पद छुट्टाउने ।
- सोही ऐनको दफा ४२ ले ११औं तहको बढुवाका लागि प्रदेश लोक सेवा आयोगको अध्यक्षतामा ५ सदस्यीय बढुवा समिति रहने ।

ग. त्यसैगरी, प्रदेश प्रशासनका कर्मचारीको वृत्ति विकासका लागि कानूनी व्यवस्था हालसम्म नभएका प्रमुख विषयहरु देहाय बमोजिम छन्:

१. प्रदेश प्रमुखमा संघबाट प्रदेश प्रशासनमा खटिएर आउने विशिष्ट श्रेणीको कर्मचारीको अनिवार्य अवकाशको ५ वर्षे समयावधीमा प्रमुख सचिवमा बिताएको अवधी गणना नगरिएको ।
२. समायोजनमा परेर विगतमा प्रदेश सेवामा आएका कर्मचारीहरु बाहेक अन्यले संघीय निजामती सेवामा एक तहमाथिको पदमा संभाव्य उम्मेद्वार हुने अवसर नपाएको,
३. प्रदेशका सचिव (११औं तह) ले संघको सचिव (विशिष्ट श्रेणी) पदमा बढुवाका लागि संभाव्य उम्मेदवार बन्न नपाएको,

*कर्मचारीको आपूर्ती*

कोशी प्रशासनमा कर्मचारीको ठूलो संख्या लामो समयदेखि रिक्त छ । माथि प्रस्तुत तालिका ..... अनुसार कोशी प्रशासनमा विभिन्न मन्त्रालय, निकाय र तिनीहरुका मातहतका कार्यालयहरु गरेर कूल १९२ वटा प्रशासनिक इकाईहरु रहेकोमा तिनीहरुमा कूल ३,९८४ स्थाइ कर्मचारी दरबन्दी हाल कायम छन् । तर सोमध्ये केवल १९४१ व्टा दरबन्दीमा कर्मचारीको उपलव्ध रहेका छन् जबकी बाँकी अन्य २,०४३ दरबन्दी रिक्त छन् । तुलनात्मक रुपमा हेर्दा पदपूर्ति भएका दरबन्दी ४८.७२ प्रतिशत छ भने ५१.२८ प्रतिशत दरबन्दी कर्मचारीविहिन छन् । यसको प्रमुख कारण प्रदेश लोक सेवा आयोगमा प्रदेश प्रशासनबाट कर्मचारीको माग हुन नगएकोले कर्मचारी आपूर्ति हुन नसकेको हो । यस बिडम्बनायुक्त अवस्थाले निश्चयपनि प्रदेश प्रशासनको कार्यक्षमता र दक्षतामा गम्भिर असर पारेको अनुमान सहजै गर्न सकिन्छ ।

कोशी प्रदेशमा प्रदेश लोक सेवा आयोग मिति २०७६/१०/९ गते गठन गरियो[२९] । गठन पश्चात मिति २०८०/०२/१० सम्म उक्त आयोगले ३ वर्ष ४ महिना कार्यावधि पूरा गरिसकेको छ । तथापी तलको तालिका हेर्दा आयोगले पछिल्लो ३ वर्षमा स्थानीय सेवाका लागि आ.व. २०७७/७८ मा १३३

[29] हेरिएको https://psc.p1.gov.np/about/background

वटा, २०७८/७९ मा ५७७ वटा र २०८०/८१ मा १२१३ वटा पदका लागि विज्ञापन गरेको देखिन्छ । कूल मिलाएर १९२३ वटा पदका लागि विज्ञापन गरेको पाईन्छ । तर प्रदेश सेवाका लागि शून्य पदको विज्ञापन र सिफारिस गरेको भेटिन्छ । यसबाट प्रदेश सेवामा नयाँ कर्मचारीको आपूर्ति वा नियुक्ति शून्य रहेको र कर्मचारीको चरम अभाव प्रदेश प्रशासनले व्यहोर्नु परेको देखा पर्छ । परिणामतः सेवा र विकास प्रवाहमा सोझै असर पर्दा प्रदेश सरकारको क्षमता र दक्षतामा आम नागरिकबिच अनेक प्रश्नहरु उठाउने वातावरण निर्माण भएको पाईन्छ ।

तालिका २३ कोशी प्रदेश प्रशासनमा भएको पदपूर्ति विवरण

| प्रदेश लोकसेवा आयोगद्वारा विज्ञापित तथा सिफारिस पद सङ्ख्या | | | | |
|---|---|---|---|---|
| आ.व | विज्ञापित पद सङ्ख्या | | सिफारिस पद सङ्ख्या | |
| | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह |
| २०७५/०७६ | ० | ० | ० | ० |
| २०७६/०७७ | ० | ० | ० | ० |
| २०७७/०७८ | ० | १३३ | ० | ० |
| २०७८/०७९ | ० | ५७७ | ० | १८० |
| २०७९/०८० | ० | १२१३ | ० | ३२२ |
| जम्मा | ० | १९२३ | ० | ६०२ |
| स्रोतः प्रदेश लोकसेवा आयोगबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको । | | | | |
| नोटः २०७९/१२/२२ सम्मको विवरण समावेश गरिएको छ । | | | | |

तलको तालिकामा कर्मचारीको जिल्लागत उपस्थिती सबैभन्दा ठूलो राजधानी मोरङ्गमा देखिन्छ जहाँ करीब २८.८४ प्रतिशत कर्मचारी केन्द्रित छन भने दोश्रो ठूलो संख्या सुनसरीमा छ जहाँ १५.१४ प्रतिशत देखिन्छ । तत्पश्चात तेश्रोमा झापा (९.७८ प्रतिशत), चौथोमा उदयपुर (७.८८ प्रतिशत) देखापर्छन् । सबैभन्दा थोरै कर्मचारी ताप्लेजुङ्ग (१.९६ प्रतिशत), तेह्रथुम (२.०६ प्रतिशत) र सोलुखुम्बु (२.४२ प्रतिशत) मा छन् ।

माथिको विश्लेषणमा कोशीमा कार्यरत कर्मचारीको जिल्लागत वितरण वैज्ञानिक र आवश्यकतामाथि आधारित देखिन्न ।

तालिका २४: कोशी प्रदेश सेवामा कार्यरत कूल कर्मचारीको जिल्लागत संख्या

| क्र.सं | जिल्ला | स्थाई | अस्थाई/करार | जम्मा | प्रतिशत र श्रेणी |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | ३५ | ३ | ३८ | १.९६% (१४) |
| २ | पाँचथर | ८१ | ५ | ८६ | ४.४३% (७) |
| ३ | इलाम | ९७ | ८ | १०५ | ५.४१% (६) |
| ४ | झापा | १७६ | १४ | १९० | ९.७८% (३) |

| क्र.सं | जिल्ला | स्थाई | अस्थाई/करार | जम्मा | प्रतिशत र श्रेणी |
|---|---|---|---|---|---|
| ५ | मोरङ | ४८२ | ७८ | ५६० | २८.८४% (१) |
| ६ | सुनसरी | २८० | १४ | २९४ | १५.१४% (२) |
| ७ | धनकुटा | १३६ | ११ | १४७ | ७.५७% (५) |
| ८ | तेह्रथुम | ३८ | २ | ४० | २.०६% (१३) |
| ९ | भोजपुर | ६७ | ३ | ७० | ३.६०% (९) |
| १० | संखुवासभा | ६३ | ३ | ६६ | ३.४०% (१०) |
| ११ | सोलुखुम्बु | ४५ | २ | ४७ | २.४२% (१२) |
| १२ | ओखलढुङ्गा | ७४ | १० | ८४ | ४.३३% (८) |
| १३ | खोटाङ | ५९ | ३ | ६२ | ३.१९% (११) |
| १४ | उदयपुर | १४६ | ७ | १५३ | ७.८८% (४) |
| कूल जम्मा | | १७७९ | १६३ | १९४२ | १००% |

स्रोतः विषयगत मन्त्रालय एवम् प्रदेश मातहतका निकायबाट तथा प्रदेश निजामति किताबखाना, कोशी प्रदेशबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको ।

*प्रशासनिक नेतृत्वमा स्थायित्व*

प्रदेशको प्रमुख सचिव पद प्रदेश प्रशासनको सर्वोच्च पद हो जसले संघीय प्रशासनमा मुख्यसचिवले झैं समस्त प्रदेश प्रशासनलाई नेतृत्व गर्ने अभिभारा बोकेको हुन्छ। कार्यकारी सक्रियताको हिसाबले यो पद संभवत प्रदेशमा मुख्यमन्त्री पश्चात सबैभन्दा महत्वपूर्ण हुने गर्छ। यस पदमा स्थायित्व दिन एक दिनपनि यसमा रिक्तता हुन हुन्न। तरपनि यत्ति महत्वपूर्ण पद निकै लामो समय रिक्त रहेको यस अध्ययनले भेट्टाएको छ। तल प्रस्तुत तालिकाको तथ्याँक विश्लेषण गर्दा पहिलो पल्ट प्रमुख सचिवको नियुक्ति भएको मिति २०७४/१०/२१ द्येखि २०७९/१२/२० सम्मको अवधिलाई यस अध्ययनले आधार मानेर रिक्त अवधिको गणना गरेको थियो। यसबाट ६ पटक ३ महिनाभन्दा कम अवधिका लागि सो पद रिक्त भएको देखियो। त्यसैगरी ३ पटक ६ महिनादेखि १ वर्षको अवधिका लागि रिक्त रह्यो। कूल मिलाएर ९ महिना ७ दिन उक्त पद रिक्त रहेको देखियो जबकी सो समयमा प्रमुख सचिवको कूल कार्यावधि ५ वर्ष १ महिना २९ दिन थियो। अनुपातिक हिसाबले केलाउँदा प्रदेश प्रशासन अस्तित्वमा आएदेखि १४.७ प्रतिशत अवधि प्रमुख सचिव अर्थात नेतृत्वविहिन रहेको देखिन्छ। यसबाट प्रदेश प्रशासनको दैनन्दिन व्यवस्थापनदेखि नीतिगत प्रबन्ध, तिनको कार्यान्वयनमा सुस्तता छाएको सहजै अनुमान गर्न सकिन्छ।

तालिका २५: कोशी प्रदेश सरकारको प्रमुख सचिव पदमा रिक्तताको विवरण

| कोशी प्रदेश सरकारका हालसम्मका प्रमुख सचिवहरुको कार्यावधी | | |
|---|---|---|
| क्र.सं | अवधी | सङ्ख्या |
| १ | ३ महिना भन्दा कम | ६ |

| | | |
|---|---|---|
| २ | ३ देखि ६ महिना | ० |
| ३ | ६ महिना देखि १ वर्ष | ३ |
| ४ | १ देखि २ वर्ष | ० |
| ५ | २ बर्ष भन्दा वढी | ० |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आधिकारिक वेवसाईट https://ocmcm.koshi.gov.np बाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको।

नोटः पहिलो प्रमुख सचिवको प्रारम्भ मिति २०७४/१०/२१ देखि २०७९/१२/२० सम्मको अवधीमा गणना गर्दा कूल ९ महिना ७ दिन प्रमुख सचिवको पद रिक्त रहेको । यस सम्बन्धी विस्तृत विवरण अनुसूची २१ मा उपलब्ध छ ।

तपसिलको तालिकाले प्रदेश प्रशासनको नेतृत्वमा स्थायित्वलाई उजागर गर्छ। यस अध्ययनले समेटेको अवधिभर कूल ८ जनाले उक्त नेतृत्व लिएकोमा ३ जनाले ३ महिनाभन्दा छोटो अवधि सो पदको नेतृत्व गरे। त्यसैगरी १ जनाले ६ महिनाभन्दा कम नेतृत्व गरे भने २ जनाले करीब ९ महिना नेतृत्व गरे। अर्को १ जनाले १० महिनाभन्दा थोरै बढी अवधि नेतृत्व गरे। केवल १ जनाले १ वर्ष र केही थप दिन सो जिम्मेवारीमा सेवा गरे। औसतमा उक्त ८ प्रमुख सचिवहरुले केवल ६ महिना २० दिन नेतृत्व गरेको तलको तालिकाले देखाउँछ। यसबाट कोशी प्रदेश प्रशासनको नेतृत्वले अस्थिरताको सकस निकै उच्च व्यहोरेको देखिन्छ। अन्ततः प्रदेश प्रशासनमा अनेकन सवालहरु (Issues) ले निकास पाउन ढिलाई हुनु स्वभाविक मान्न सकिन्छ।

तालिका २६: कोशी प्रदेशको प्रमुख सचिवमा स्थायित्व सम्बन्धी विवरण

| हालसम्मका प्रमुख सचिव र कार्य अवधी | | | | |
|---|---|---|---|---|
| क्र.सं. | प्रमुख सचिवको नाम | देखि | सम्म | अवधी |
| १ | श्री यादव प्रसाद कोइराला | १०/२१/२०७४ | १२/३०/२०७४ | २ महिना १० दिन |
| २ | श्री सुरेश प्रधान | १/४/२०७५ | ३/२०/२०७५ | २ महिना १८ दिन |
| ३ | श्री केदार न्यौपाने | ४/२८/२०७५ | १/१२/२०७६ | ८ महिना १६ दिन |
| ४ | श्री सुरेश अधिकारी | १/१३/२०७६ | १०/२२/२०७६ | ९ महिना १५ दिन |
| ५ | श्री दिनेश भट्टराई | १०/२९/२०७६ | ११/४/२०७७ | १ बर्ष ५ दिन |
| ६ | श्री सुमनराज अर्याल | ११/१२/२०७७ | ४/२९/२०७८ | ५ महिना २० दिन |
| ७ | डा. रामप्रसाद घिमिरे | ०४/३२/२०७८ | ३/१४/२०७९ | १० महिना १९ दिन |
| ८ | श्री विनोद प्रकाश सिंह | ३/१६/२०७९ | ५/२९/२०७९ | २ महिना १६ दिन |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आधिकारिक वेवसाईट https://ocmcm.koshi.gov.np बाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको।

नोटः हाल कार्यरत प्रमुख सचिवको विवरण यसमा समावेश गरिएको छैन ।

तल अर्को तालिकाले प्रदेश सचिव पदमा भएको रिक्तताको अवस्था झल्काउँछ। यसअनुसार पहिलो पल्ट मुख्यमन्त्रीको बहाली भएको मिति २०७४/११/०३ देखि प्रदेश सरकारको अवधि गणना प्रारम्भ

गर्दा यस अध्ययनले २०७९/०२/०१ सम्म प्रदेश प्रशासनले कूल १९१५ दिन व्यतित गरेको देखिन्छ । यसबीच ५२ जना सचिवहरु प्रदेश प्रशासनले पायो । सोमध्ये ३ महिनाभन्दा कम अवधिमा यस प्रदेशबाट सरुवा भएका सचिव ६ जना ठघ ।गदे ६ महिनादेखि ६ महिनासम्म कार्यावधि भएका सचिवहरु ६ भएछन् । त्यस्तै सबैभन्दा बढी १६ जना सचिवहरुले केवल ६ महिनादेखि १ वर्षको अवधिमा यस प्रदेशबाट सरुवा भए । सबैभन्दा आश्चर्यजनक तथ्य यो देखिन्छ कि केवल ४ जना सचिवहरुले मात्रै २ वर्ष अवधि पूरा गरेको देख्न पाईन्छ भने १ देखि २ वर्ष अवधिमा यस प्रदेशबाट अन्यत्र सरुवा भएका २० जना सचिवहरु रहेछन् । सचिव जस्तो नेतृत्वदायी पदमा छिटोछिटो सरुवा हुनु प्रशासनको उत्तम परिचालनका लागि स्वस्थ्यवर्धक मान्न सकिन्न । यसैपनि निजामती सेवाका तल्ला पदहरुमा कुनैपनि कर्मचारीका लागि कुनै एक कार्यालयमा सामान्यतयाः २ वर्षको अवधि अपेक्षा गर्ने गरिन्छ ।

तालिका २७: कोशी प्रदेशमा सचिव कर्मचारीको स्थाईत्व

| कोशी प्रदेश सरकारमा प्रदेश सचिवको कार्यावधी | | | |
|---|---|---|---|
| क.सं | अवधी | सङ्ख्या | प्रदेशको हालसम्म कूल १९१५ दिन कार्यावधि भएकोमा सो अवधिमा ५२ जना प्रदेश सचिवले सेवा गरेको । सचिवहरुको कूल अवधि यस प्रदेशमा १३,९२८ दिन भएकोमा ३८५ दिन रिक्त रहेको । रिक्त अवधी कूल अवधिको २.७६% हुन आउने । |
| १ | ३ महिना भन्दा कम | ६ | |
| २ | ३ देखि ६ महिना | ६ | |
| ३ | ६ महिना देखि १ वर्ष | १६ | |
| ४ | १ देखि २ वर्ष | २० | |
| ५ | २ बर्ष भन्दा वढी | ४ | |
| | | ५२ | |
| स्रोतः प्रदेशका विषयगत मन्त्रालयबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको । | | | |
| नोटः मिति २०७४/११/०३ गते पहिलो मुख्यमन्त्री बहाली भएको मितिलाई सुरु अवधी मानेर मिति २०७९/०२/०१ गते सम्मको अवधी गन्ती गरिएको । | | | |

माथिको स्थायित्वको अवस्था सप्रमाण पुष्टि भईरहँदा मातहतका कार्यालयहरुमा अस्थिरताको यो दौर तलैसम्म पुगेको छैन भन्न सकिने अवस्था देखिन्छ । हालाकी यसका लागि समय, साधनश्रोत र तथ्यांकको अभावमा यस अध्ययनको विश्लेषणमा समेट्न सकिएन ।

*कर्मचारीको वितरण*

कोशी प्रशासनमा भएका स्थाईतर्फका कूल १७७९ जना कर्मचारीमध्ये तहगत संरचनाका दृष्टिबाट हेर्दा ४ तहका संरचनामा बाँडिएका तथा खटिएका छन्: क) केन्द्रिय प्रादेशिक निकाय, ख) जिल्लाभन्दा माथिको तह, ग) जिल्लाको तह र घ) जिल्लाभन्दा तलको तह । तलको तालिकाले प्रदेशको सबैभन्दा बढी कर्मचारी संख्या जिल्लास्थित प्रादेशिक कार्यालयहरुमा ४१.१ प्रतिशत रहेको देखाउँछ भने दोश्रो ठूलो संख्या जिल्लाभन्दा तलको तहमा २९.७ प्रतिशत देखाउँछ । तत्पश्चात तेश्रो र चौथोमा क्रमशः प्रदेशको केन्द्रिय निकायमा १९.३ प्रतिशत र जिल्लाभन्दा माथिस्थित निकायहरुमा ९.९ प्रतिशत कर्मचारी कार्यरत रहेको अवस्था देखाउँछ । यसरी तुलना गर्दा प्रदेशका केन्द्रिय निकायहरु (मन्त्रालय तथा केही अन्य निकायहरु) मा १९.३ प्रतिशत र मातहतका विभिन्न ३ खाले कार्यालयहरुमा बाँकी अन्य ८१.७ प्रतिशत कर्मचारी कार्यरत भएको पाईन्छ ।

जिल्लाभन्दा तलको श्रेणीमा भएका प्रदेशका २९.७ प्रतिशत कर्मचारी वन सेवातर्फ छन् जुन वन सबडिभिजन र मातहत खटिएका छन् । तर जिल्लास्थित र जिल्लाभन्दा माथिको श्रेणीका कतिपय संरचना जस्तैः जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला आर्युवेद स्वास्थ्य केन्द्र, जिल्ला अस्पताल, कृषि ज्ञान केन्द्र, जलश्रोत तथा सिंचाइ विकास डिभिजन, पूर्वाधार विकास कार्यालय जस्ता जिल्लास्थित कार्यालय र स्वास्थ्य निर्देशनालय (धनकुटा), कृषि विकास निर्देशनालय (बिराटनगर), प्रदेश वन निर्देशनालय ( धरान) जस्ता जिल्लाभन्दा माथिका संरचना छन् । ती दुवै खाले संरचनामा खटिएका कूल कर्मचारीको प्रतिशत ५१ प्रतिशत हुन आउँछ । तिनीहरुमा भएका कर्मचारीहरुको व्यवस्थापन चुनौतीपूर्ण रहेको अनुमान गर्न सकिन्छ ।

तालिका २८ः कोशी प्रदेश प्रशासनमा कार्यस्थल अनुसार कार्यरत कर्मचारीको संख्या

| कार्यस्थल | | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| प्रदेशको केन्द्रिय निकायमा (मन्त्रालय, आयोग, निर्देशनालय इत्यादी) | | ६४ | २७९ | ३४३ | १९.३% |
| मातहतका निकायमा | जिल्लाभन्दा माथि | ११ | १६५ | १७६ | ९.९% |
| | जिल्लास्थित | १४८ | ५८४ | ७३२ | ४१.१% |
| | जिल्लाभन्दा तल | २८ | ५०० | ५२८ | २९.७% |
| कूल जम्मा | | २५१ | १५२८ | १७७९ | १००.०% |

स्रोतः विषयगत मन्त्रालय एवम् प्रदेश मातहतका निकायबाट तथा प्रदेश निजामति किताबखाना, कोशी प्रदेशबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको ।

*समायोजन र मनोविज्ञान*

प्रदेशमा हाल कार्यरत कर्मचारीहरु मूलतः समायोजन, संघबाट काज र स्थानीयबाट काजबाट उपलब्ध छन् । हाल उपलब्ध कूल १७७९ जना कर्मचारीमध्ये सबैभन्दा धेरै कूल १६९८ जना अर्थात ९५.५ प्रतिशत समायोजन भई आएको समूह छ । त्यस्तै दोश्रो तर निकै सानो संख्या ७३ जना अर्थात ४.१ प्रतिशत संघबाट काजमा खटिएका कर्मचारीको समूह छ । तेश्रो र सबैभन्दा सानो संख्या भने स्थानीय सेवाबाट काजमा आएको समूह छ जसबाट कूल ८ जना अर्थात ०.५ प्रतिशत कर्मचारी प्रदेश प्रशासनमा उपलब्ध छ । यसरी कामचलाउ रुपमा पछिल्ला दुई श्रोत अर्थात संघ र स्थानीयबाट कर्मचारीको आपूर्ति भएको छ भने समायोजनबाट ठूलो संख्यामा कर्मचारी उपलब्ध छ । तर भोली के हुने हो भन्ने अस्थायी वा अनिश्यचको मनोविज्ञान प्रायशः कर्मचारीमा भेटिन्छ ।

*समावेशी चरित्र*

कोशी प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० ले पदपूर्ति गर्दा प्रदेश निजामती सेवालाई समावेशी बनाउने गरी केही विशेष व्यवस्थाहरु गरेको छ। मूलतः खुल्लाबाट पदपूर्ति गरिँदा ४५ प्रतिशत छुटयाउन पर्ने र सोलाई १०० प्रतिशत मानि ३३ प्रतिशत महिलाका लागि छुटाउन पर्ने अनिवार्यता गरेको छ । त्यस्तै बाँकी ६७ प्रतिशत पद संघीय नीति र प्रादेशिक जनसंख्याका आधारमा तोकिए बमोजिम विभिन्नका लागि निर्धारण गर्ने व्यवस्था गरेको छ। तल यस अध्ययनका

लागि उपलव्ध समय, साधन श्रोत र जनशक्तिको कमीले गर्दा अन्य पक्षको अवस्था विश्लेषण गर्न संभव नभएपनि महिलाको समावेशिताको अवस्था यस अध्ययनमा समेटिएको छ ।

लैङ्गिक दृष्टिबाट हेर्दा कर्मचारीको माथि उल्लिखित समूहमा केवल १४.३ प्रतिशत अर्थात २५३ जना मात्रै महिला छन् भने बाँकी अन्य ८५.७ प्रतिशत अर्थात १५२६ जना पुरुष कर्मचारी उपलव्ध छन् । करीब २० वर्षदेखि समावेशी प्रशासन बनाउने नीति बोकेको संघीय प्रशासनमा यो चित्र निकै फरक देखिन्छ। एक अध्ययनले पुष्टि गर्छ कि संघीय प्रशासनमा महिलाको सहभागिता ११ प्रतिशत[३०] मात्र छ । तुलनात्मक दृष्टिले हेर्दा संघीय प्रशासनमा भन्दा कोशी प्रदेशमा लैङ्गिक कोणबाट बढी समावेशी चरित्रको प्रशासन निर्माण भएको छ हालांकी यो काफी भने छैन । प्रदेश प्रशासनमा कम्तिमा अरु ३५.७ प्रतिशत असमावेशी अंशलाई समावेशी बनाउनु पर्ने चुनौती अझै बाँकी नै छ ।

तालिका २९: सेवा अनुसार प्रदेशमा कार्यरत स्थाई कर्मचारीको आपूर्ति विवरण

| सेवा अनुसारका प्रदेशमा कार्यरत स्थाई कर्मचारीको सङ्ख्या | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | सेवा | प्रदेशमा समायोजित | | | | संघबाट काजमा खटिएका | | | | स्थानीबाट काजमा खटिएका | | | | जम्मा | प्रतिशत |
| | | लिङ्ग | | | | लिङ्ग | | | | | | | | | |
| | | महिला | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत | पुरुष | प्रतिशत | | |
| १ | प्रशासन (सामान्य प्रशासन, राजश्व र लेखा समूह) | ५६ | ३.१% | ४५५ | २५.६% | ७ | ०.४% | ४० | २.२% | ० | ०.०% | ० | ०.०% | ५५८ | ३१.४% |
| २ | वन | २४ | १.३% | ४७० | २६.४% | ० | ०.०% | १ | ०.१% | ० | ०.०% | ० | ०.०% | ४९५ | २७.८% |
| ३ | इन्जिनियरिङ | ९ | ०.५% | २०४ | ११.५% | ० | ०.०% | २ | ०.१% | ० | ०.०% | ० | ०.०% | २१५ | १२.१% |
| ४ | स्वास्थ्य | ९७ | ५.५% | १६७ | ९.४% | ६ | ०.३% | ३ | ०.२% | ३ | ०.२% | ५ | ०.३% | २८१ | १५.८% |
| ५ | शिक्षा | २ | ०.१% | २० | १.१% | १ | ०.१% | २ | ०.१% | ० | ०.०% | ० | ०.०% | २५ | १.४% |
| ६ | कृषि | ३० | १.७% | ११६ | ६.५% | १ | ०.१% | १ | ०.१% | ० | ०.०% | ० | ०.०% | १४८ | ८.३% |
| ७ | आर्थिक योजना तथा तथ्याङ्क | ३ | ०.२% | २ | ०.१% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ५ | ०.३% |

[30] Viewed at "Where are the Women? Gender Equality in Public Administration in Asia-Pacific" https://www.undp.org/sites/g/files/zskgke326/files/2022-03/UNDP-UPitt-2022-Gender-Equality-in-Public-Administration-Asia-Pacific-EN1.pdf

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विविध | १३ | ०.७% | ३० | १.७% | ० | ०.०% | १ | ०.१% | ० | ०.०% | ० | ०.०% | ४४ | २.५% |
| ९ | कानून | ० | ०.०% | ० | ०.०% | १ | ०.१% | ७ | ०.४% | ० | ०.०% | ० | ०.०% | ८ | ०.४% |
| **कूल जम्मा** | | २३४ | १३.२% | १४६४ | ८२.३% | १६ | ०.९% | ५७ | ३.२% | ३ | ०.२% | ५ | ०.३% | १७७९ | १००.०% |

स्रोतः विषयगत मन्त्रालय एवम् प्रदेश मातहतका निकायबाट तथा प्रदेश निजामति किताबखाना, कोशी प्रदेशबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको ।

नोटः वन सेवाका फाजिलमा परेका ७३ फरेस्टरहरु प्रदेशमा समायोजित शिर्षकमा नै गणना गरिएको ।

स्रोतः कोशी प्रदेश निजामती किताबखानाबाट प्राप्त तथ्यांकका आधारमा कार्यदलबाट गणना तथा निर्मित ।

## तालिका ३०: प्रदेशमा कार्यरत कूल स्थाई कर्मचारीको विवरण

| प्रदेशमा कार्यरत स्थाई कर्मचारीको सङ्ख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| कर्मचारी | लिङ्ग | | | | जम्मा | प्रतिशत |
| | महिला | प्रतिशत | पुरुष | प्रतिशत | | |
| प्रदेशमा समायोजित | २३४ | १३.२% | १४६४ | ८२.३% | १६९८ | ९५.४% |
| संघबाट काजमा खटिएका | १६ | ०.९% | ५७ | ३.२% | ७३ | ४.१% |
| स्थानीय तहबाट काजमा खटिएका | ३ | ०.२% | ५ | ०.३% | ८ | ०.४% |
| **कूल जम्मा** | **२५३** | **१४.२%** | **१५२६** | **८५.८%** | **१७७९** | **१००.०%** |

स्रोतः विषयगत मन्त्रालय एवम् प्रदेश मातहतका निकायबाट तथा प्रदेश निजामति किताबखाना, कोशी प्रदेशबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको ।

*रिक्त दरबन्दी*

प्रदेश प्रशासनमा रिक्त पदको संख्या निकै ठूलो छ। यो आँफैमा निकै ठूलो चुनौतीका रुपमा उभिएको छ। तर योभन्दा पनि ठूलो अर्को चुनौती केन्द्रियभन्दा मातहतका कार्यालयमा रहेको देखियो। तल प्रस्तुत तालिकाले यस अवस्थाको चित्रण गर्दा मातहतका कार्यालयहरुमा करीब ३७ प्रतिशत पद रिक्त रहेको देखाउँछ भने केन्द्रिय तहमा करीब ४५ प्रतिशत पद रिक्त बताउँछ। पद रिक्तताको यो असमानता (Variance) ले आम नागरिकसँग सरोकार राख्ने मातहतका र सेवा प्रदायक कार्यालयहरु र केन्द्रिय निकायहरु दुवै नै प्रभावित भएको अनुभव गर्न सकिन्छ।

त्यस्तै तल दिईएका तालिका अनुसार ८ वटा मन्त्रालय र निकायहरुमा कर्मचारीहरुको दरबन्दी ४० प्रतिशतभन्दा अधिक रिक्त छ। यत्ति धेरै रिक्तता भोगिरहेका मन्त्रालय र निकायको सूचीमा स्वयं मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग कृषि तथा सहकारी मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालय र प्रदेश सभा सचिवालय परेका छन्।

समग्रमा, सबै मन्त्रालय र निकायहरुमा केन्द्रियदेखि मातहतका सबै कार्यालयमा गरी कूल ५८.१ प्रतिशत पदपूर्ति भएको र बाँकी ४१.९ प्रतिशत पद रिक्त रहेको देखाउँछ। यसबाट प्रदेश प्रशासन सांख्यिक दृष्टिबाट केवल ५८ प्रतिशत बल (Strength) का भरका चलेको अवस्था छ। यस सन्दर्भमा कतिपय सेवा प्रदायक निकायको वर्तमान अवस्थालाई नियाल्दा जस्तैः यातायात व्यवस्था

कार्यालयहरुमा हाल भएका दरबन्दी निकै नै कम भएकाले त्यहाँ प्रदत सेवामा बिचौलिया हावि भएको ठानिन्छ । यस्ता उदाहरण अन्यत्रपनि देखिन्छन् ।

प्रदेश लोक सेवा आयोग छँदाछँदै कर्मचारी रिक्तताको अवस्था आउनु निश्चय पनि दुर्भाग्यपूर्ण हो । यस अवस्थासँग निम्न परिदृश्य अनुभव गर्न सकिन्छः

१) मानव संशासनको अभावमा चल्नु पर्दा प्रदेश प्रशासनको प्रभावकारिता नदेखिएको
२) दरबन्दी आवश्यकभन्दा अधिक स्विकृत गरिएको ।
३) लोक सेवा आयोग पूर्ण परिचालित हुन नसकेको ।

तालिका ३१: प्रदेश मन्त्रालय, निकाय र मातहतमा कर्मचारी दरबन्दी र पदपूर्ति

| क्रं. सं | मन्त्रालयको नाम | निकाय | सङ्ख्या | स्वीकृत दरबन्दि सङ्ख्या | प्रदेश सेवा मार्फत स्थाई पदपूर्ती भएको सङ्ख्या | करार मार्फत मात्रै पदपूर्ती हुने सङ्ख्या | जम्मा | पदपूर्ती प्रतिशत | रिक्त रहेको सङ्ख्या | रिक्त प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मन्त्रालय | १ | ६५ | १५ | २० | ३५ | ५३.८० % | ३० | ४६.२० % |
| | | मातहत | २ | २५ | ५ | ५ | १० | ४०.०० % | १५ | ६०.०० % |
| | | जम्मा | ३ | ९० | २० | २५ | ४५ | ५०.०० % | ४५ | ५०.०० % |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्रालय | १ | ४८ | १८ | ९ | २७ | ५६.३० % | २१ | ४३.८० % |
| | | मातहत | ६ | ४२ | २४ | ११ | ३५ | ८३.३० % | ७ | १६.७०% |
| | | जम्मा | ७ | ९० | ४२ | २० | ६२ | ६८.९० % | २८ | ३१.१०% |
| ३ | भौतिक पूर्वाधार बिकास मन्त्रालय | मन्त्रालय | १ | ३० | १२ | ५ | १७ | ५६.७० % | १३ | ४३.३० % |
| | | मातहत | १२ | २०५ | ८२ | २८ | ११० | ५३.७० % | ९५ | ४६.३० % |
| | | जम्मा | १३ | २३५ | ९४ | ३३ | १२७ | ५४.०० % | १०८ | ४६.०० % |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | मन्त्रालय | १ | ५८ | ११ | १२ | २३ | ३९.७० % | ३५ | ६०.३० % |
| | | मातहत | ८ | १२० | ७२ | २७ | ९९ | ८२.५० % | २१ | १७.५० % |
| | | जम्मा | ९ | १७८ | ८३ | ३९ | १२२ | ६८.५० % | ५६ | ३१.५०% |
| ५ | स्वास्थ्य मन्त्रालय | मन्त्रालय | १ | २४ | ११ | ६ | १७ | ७०.८० % | ७ | २९.२० % |
| | | मातहत | ५० | ९७७ | ३३० | १४६ | ४७६ | ४८.७० % | ५०१ | ५१.३०% |
| | | जम्मा | ५१ | १००१ | ३४१ | १५२ | ४९३ | ४९.३० % | ५०८ | ५०.७० % |
| ६ | खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय | मन्त्रालय | १ | ३१ | १० | ५ | १५ | ४८.४० % | १६ | ५१.६० % |
| | | मातहत | २४ | ३०२ | २०४ | ७९ | २८३ | ९३.७० % | १९ | ६.३०% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | २५ | ३३३ | २१४ | ८४ | २९८ | ८९.५० % | ३५ | १०.५० % |
| ७ | सामाजिक बिकास मन्त्रालय | मन्त्रालय | १ | ४८ | १९ | ९ | २८ | ५८.३० % | २० | ४१.७० % |
| | | मातहत | ७ | १०३ | २९ | २५ | ५४ | ५२.४० % | ४९ | ४७.६० % |
| | | जम्मा | ८ | १५१ | ४८ | ३४ | ८२ | ५४.३० % | ६९ | ४५.७० % |
| ८ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | मन्त्रालय | १ | ७३ | २४ | १० | ३४ | ४६.६० % | ३९ | ५३.४० % |
| | | मातहत | ४५ | ५७८ | २७५ | ५२ | ३२७ | ५६.६० % | २५१ | ४३.४० % |
| | | जम्मा | ४६ | ६५१ | २९९ | ६२ | ३६१ | ५५.५० % | २९० | ४४.५० % |
| ९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | मन्त्रालय | १ | ३९ | १७ | ८ | २५ | ६४.१० % | १४ | ३५.९० % |
| | | मातहत | २४ | १०६५ | ५५६ | ६२ | ६१८ | ५८.०० % | ४४७ | ४२.०० % |
| | | जम्मा | २५ | ११०४ | ५७३ | ७० | ६४३ | ५८.२० % | ४६१ | ४१.८० % |
| १० | प्रदेश सभा सचिवालय | सचिवालय | १ | ८२ | २२ | १६ | ३८ | ४६.३० % | ४४ | ५३.७० % |
| ११ | प्रदेश लोक सेवा आयोग | आयोग | १ | ३२ | १३ | ९ | २२ | ६८.८० % | १० | ३१.३0% |
| १२ | प्रदेश योजना आयोग | आयोग | १ | २० | २ | ७ | ९ | ४५% | ११ | ५५% |
| १३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | कार्यालय | १ | ११ | ५ | ३ | ८ | ७२.७% | ३ | २७.३% |
| १४ | प्रदेश लगानी प्राधिकरण | प्राधिकरण | १ | ६ | २ | २ | ४ | ६६.७% | २ | ३३.३% |
| कूल जम्मा | | | १९२ | ३९८४ | १७५८ | ५५६ | २३१४ | ५८.१% | १६७० | ४१.९% |

करार मार्फत मात्रै पदपूर्ती हुने प्रकृतीका का।स। र हा।स।चा।को हिस्सा कूल पदपूर्ती सङ्ख्यामा २४% हिस्सा रहेको छ ।

स्रोतः १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति सिंहदरवार, काठमाडौंको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७५
२.मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको २०७९/८० को स्वीकृत संगठन संरचना र दरबन्दी सम्बन्धी प्रतिवेदन
३.विषयगत मन्त्रालय एवम् प्रदेश मातहतका निकायबाट तथा प्रदेश निजामति किताबखाना, कोशी प्रदेशबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा २०७९/०२/११ सम्मको तथ्याङ्कको आधारमा तयार पारिएको ।

नोटः १.कोशी प्रदेश सरकारले स्वीकृत गरेको अस्थाई दरबन्दी सङ्ख्या पनि यसमा गणना गरिएको छ।
२.तर संगठन तथा व्यवस्थापन सर्वेक्षण नभएका कार्यालय/निकायहरु यसमा समावेश गरिएको छैन ।
३. पदपूर्ती भएको सङ्ख्यामा प्रदेश सेवामा समायोजन भएर आएका कर्मचारीको विवरण तथा करारबाट मात्रै पदपूर्ती हुने कास र हसचाको विवरण समावेश गरिएको छ। प्रदेशमा कार्यरत तर संघबाट कामकाजमा आएका स्थाई, का।स। तथा हा।स।चा। बाहेकका करार र अस्थाई प्रकृतीका कर्मचारीको विवरण यसमा गणना गरिएको छैन ।

*दण्ड र पुरस्कार*

कर्मचारी व्यवस्थापनका लागि दण्ड र पुरस्कार अचुक अस्त्र हुन जस्को कुशल उपयोगमा कुनैपनि कर्मचारी प्रशासनको सफलता टिक्ने गर्छ । आखिर कर्मचारी आश र त्रासको उत्तम संयोजनबाट सहि ढंगले परिचालित हुन्छन् ।

यस प्रसङ्गमा पुरस्कारतर्फ हेर्दा जनसेवाश्री पदक पाउने कोशी प्रदेशका कर्मचारी संख्या पछिल्लो आ.व. २०७९ मा विगत आ.व. २०७७ को ७ जनाबाट घटेर ५ मा सिमित हुन पुगेको देखिन्छ। त्यस्तै कोशी प्रदेशको तुलनामा आ.व.२०७९ मा सुदूरपश्चिम र कर्णाली प्रदेशमा ६/६ जनासम्मले उक्त पदक पाएको देखिन्छ। यस मानेमा कोशीले आफ्ना कर्मचारीबाट पुरस्कृत गर्नेगरी कार्यसम्पादन गराउनु पर्ने साथै पुरस्कृत गर्नुपर्नेलाई पदक दिलाउन सक्नु पर्ने चुनौती कर्मचारी व्यवस्थापनमा देखा पर्छ।

तालिका ३२ प्रदेशका कर्मचारीले पाएको पदकको संख्यात्मक विवरण (जनसेवाश्री)

| बर्ष | कोशी प्रदेश | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| २०७६ | २ | ३ | २ | ३ | ४ | ३ | १ |
| २०७७ | ७ | ४ | ६ | ४ | ३ | २ | ५ |
| २०७८ | ५ | १ | ८ | १ | ९ | ७ | ६ |
| २०७९ | ५ | ० | २ | २ | २ | ६ | ६ |

श्रोतः नेपाल राजपत्रमा प्रकासित विवरणहरुको आधारमा कार्यदलबाट निर्मित ।

पुरस्कारतर्फ अर्को दृष्टान्त छ हरेक भदौ २२ 'निजामती दिवस' का रुपमा मनाईन्छ। उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई नेपाल सरकारबाट दिईने उत्कृष्ट निजामती पुरस्कारको घोषणा सो सोही दिन गर्ने गरिन्छ। कोशी प्रशासन अस्तित्वमा आएको वर्ष २०७६ देखि यो पुरस्कार पाएका कर्मचारीको विवरण तलको तालिकामा प्रस्तुत छ। यस बमोजिम ३ खाले पुरस्कार पाउनेहरुको नामावलीको संख्या उल्लेख गरिएको छः पहिलो, सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार, दोश्रो, उत्कृष्ट निजामती सेवा पुरस्कार, र तेश्रो, निजामती सेवा पुरस्कार। कोशीका लागि दुर्भाग्य मान्नु पर्छ कि उक्त ३ मध्ये कुनैपनि पुरस्कार कोशी प्रदेश प्रशासनमा कार्यरत कर्मचारीहरुले हालसम्म नपाएको देखिन्छ। यसबाट कोशीमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीका लागि उत्प्रेरणाका पक्षमा अर्थात पुरस्कार दिलाउने अझै पहल नपुगेको प्रष्ट छ।

तालिका ३३ प्रदेशका कर्मचारीहरुले प्राप्त गरेको निजामती सेवा पुरस्कारको विवरण

| पुरस्कारको किसिम | वर्ष | पुरस्कार प्राप्त गर्नेको संख्या |
|---|---|---|
| सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार | २०७९ | |
| उत्कृष्ट निजामती सेवा पुरस्कार | | ० |
| निजामती सेवा पुरस्कार | | ० |
| सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार | २०७८ | ० |
| उत्कृष्ट निजामती सेवा पुरस्कार | | ० |
| निजामती सेवा पुरस्कार | | ० |
| सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार | २०७७ | ० |
| उत्कृष्ट निजामती सेवा पुरस्कार | | ० |
| निजामती सेवा पुरस्कार | | ० |
| सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार | २०७६ | ० |

| | | |
|---|---|---|
| उत्कृष्ट निजामती सेवा पुरस्कार | | ० |
| निजामती सेवा पुरस्कार | | ० |

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रकासित गरेको सूचनाका आधारमा कार्यदलबाट निर्मित

माथिको तालिकाका उल्लेखित पुरस्कारहरु खासमा संघ सरकारले दिने गरेको परम्परा छ । सोका लागि प्रदेश सरकारले केवल सिफारिस एवं पहल गर्न सक्छन् । तर प्रदेश आँफैले पनि यस्तै प्रकृतिको पदक वा पुरस्कारको व्यवस्था गर्न सक्थयो जुन अहिलेसम्म अभ्यास नभएको पाईयो । यस्तो पुरस्कारको व्यवस्था कोशीमा गर्नेतर्फ सर्वथा पहलकदमीको अभाव रहेको देखियो ।

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा १० को (झ) ले उत्कृष्ट काम गर्ने मन्त्रालयका सचिवलाई पुरस्कार प्रदान गर्ने भन्ने व्यवस्था प्रदेशका प्रमुख सचिवको जिम्मेवारीमा उल्लेख छ । त्यस्तै, अर्को व्यवस्था सोही ऐनको दफा ११ को उपदफा (ट) मा उत्कृष्ट कार्य गर्ने मातहतका कर्मचारीहरुलाई उत्कृष्टताका आधारमा पुरस्कृत गर्ने उल्लेखित छ ।

पुरस्कार दिने सम्बन्धी माथि उदृत दुवै प्रावधानहरुको उपयोग कति भयो ? कार्यदलले तथ्यांक पाउन सकेन ।

यसैगरी कर्मचारीलाई गर्नु पर्ने विभागीय सजायतर्फ प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा परिच्छेद ११ दफा ९६ मा सामान्य सजाय र विशेष सजायको व्यवस्था छ भने दफा ९७ मा नसिहत दिने सम्बन्धी व्यवस्थाहरु गरिएको छ । त्यस्तै दफा ९८ मा तलब वृद्धि रोक्का वा तह वा बढुवा रोक्का सम्बन्धी व्यवस्था छ भने दफा ९९ मा सेवाबाट हटाउने वा बर्खास्त गर्ने कानूनी व्यवस्थाहरु गरिएको छ ।

अब तलको तालिका नियालौं । तालिकामा नियाल्दा विभागीय सजायको अभ्यास गत ४ आ.व. मा पूर्णतः शून्य देखिन्छ । आ.व. २०७५/७६ देखि २०७८/७९ अवधीमा भ्रष्टाचारजन्य कसूर साथै विभागीय कार्वाहीका लागि अ.दु.अ.आयोगबाट लेखि आएका कैयन दृष्टान्तहरु प्रदेश प्रशासनमा छन् । तथापी विभागीय कार्वाही हुन सकेका छैनन । यस अवधिमा लोक सेवा आयोगमा प्रदेश प्रशासनबाट विभागीय संजायका लागि परामर्श माग भएको संख्या शून्य छ भने लोक सेवा आयोगबाट सोही प्रयोजनका लागि प्राप्त भएको परामर्शको संख्या स्वाभाविक रुपमा शून्य हुने नै भयो । विभागीय संजायमा किनारा लागेको केसको संख्यापनि यस अवधिमा शून्य नै रहेको देखिन्छ । यसबाट विभागीय संजाय प्रयोगमा आएको भेटिएन । प्रशासनमा विश्वभरी प्रयोग हुने गाजर र लाठी (Carrot and Stick) मध्ये लाठी (Stick) को पूर्णतः अभाव हुनु बिडम्बना हो ।

तालिका ३४ कोशी प्रदेश निजामती सेवामा विभागीय सजायको विवरण

| आर्थिक बर्ष | विभागीय सजायको लागी प्रदेश लोक सेवा आयोगमा परामर्शका लागि पठाईएको संख्या | प्रदेश लोक सेवा आयोगबाट विभागीय सजायको लागि प्राप्त परामर्शको संख्या | विभागीय सजायको कारवाहीको अन्तिम किनारा लागेको संख्या |
|---|---|---|---|
| २०७५/०७६ | ० | ० | ० |
| २०७६/०७७ | ० | ० | ० |
| २०७७/०७८ | ० | ० | ० |
| २०७८/०७९ | ० | ० | ० |

स्रोतः प्रदेश लोक सेवा आयोगको वार्षिक प्रतिवेदनहरुका आधारमा कार्यदलबाट निर्मित ।

*कर्मचारी पदस्थापन*

कर्मचारी सरुवा वा नियुक्ति भई आएपश्चात प्रदेश प्रशासनले गर्ने पहिलो कार्य तिन्को पदस्थापन ( एयकतष्लन) हुने गर्छ। तर यो कार्य जति सहि ढंगले गरिन्छ, त्यति कर्मचारीको अत्युत्तम उपयोग गर्न सकिने र उत्प्रेरित कर्मचारीबाट अधिकतम सेवा लिन सकिन्छ।

प्रदेश प्रशासनमा यस सम्बन्धी तथ्यांक खोज्दा उपलब्ध हुन नसकेको तापनि केही तथ्यसम्मुख कार्यदल पुगेको छ। जस्तैः महिला विकासका कर्मचारीहरु समायोजन भई कोशी प्रदेशमा आउँदा उनीहरुमध्ये कतिपयको पहिलो पदस्थापन यातायात कार्यालयमा भएको थियो। त्यस्तै ईन्जिनियरिङ्ग सेवातर्फको कतिपय कर्मचारीको पदस्थापन हाइवेमा भएको थियो । यस्ता तथ्यहरुबाट अमिल्दा सेवाका कर्मचारीलाई अमिल्दो सेवामा खटाउने तथ्य भेटिन्छ । त्यस्तै अमिल्दा सेवामा खटाइँदा प्रारम्भमा दिईनु पर्ने उपयुक्त तालिम बिनै खटाईन्छ। यसबाट ती कर्मचारीको कति उत्पादनमूलक ढंगले सदुपयोग भयो भन्ने विषय अध्ययनको विषय हुनसक्छ।

*तालिम र अनुसन्धान प्रदायक*

तल प्रस्तुत तालिका अनुसार कोशी प्रदेश सरकारसँग भएका कूल ९ वटा तालिम तथा अनुसन्धान केन्द्रहरु उपलब्ध छन्। हालाकी फरक फरक विषय क्षेत्रमा कार्य गर्ने ती तालिम प्रदायक निकायहरु भएपनि तिनीहरुले दिएका तालिमग्राहीहरुको संख्या र तालिम संख्यामा धेरै भिन्नता पाईन्छ । तालिमग्राहीको संख्यातर्फ एक आ.व.भरि ६२ जनालाई मात्रै तालिम दिएका तालिम केन्द्रपनि छन् भने ५,६२३ जनालाई दिएका तालिम केन्द्रपनि छन् । त्यसैगरी लागततर्फ हेर्दा प्रति तालिमग्राही रु.१७,९८४ देखि रु. ३,७५,८०६ सम्म लागत लागेका तालिम केन्द्र देखिन्छन् । यस कार्यदलले नियालेर हेर्दा दिईएका ती कुनैपनि तालिम विशिष्ट वा विशेषज्ञ तहका छैनन तरपनि तालिम संख्या, तालिमग्राहीको संख्या र लागतमा निकै ठूलो असमानता (Variance) पाईन्छ जसको भरपर्दो औचित्यता (Justification) भेटिन्न। यसबाट विगतका तालिम प्रदायक निकायहरु पुर्नसंरचना नगरी कर्मचारी राख्ने प्रयोजनले मात्रै यथावत राखिएको आभास दिन्छ।

झापा कलवलगुढीस्थित प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान प्रदेश कानूनबाट सृजित एक स्वायत्त निकाय हुँदाहुँदै र यसको कार्यक्षेत्र अनुसन्धान एवं तालिम दुवै हुँदाहुँदैपनि यसले उल्लेखनिय अनुसन्धान गरेको कार्यदलले प्रमाण (Evidence) भेट्न सकेन। त्यसैगरी, तल तालिकामा उल्लिखित अन्य कुनैपनि तालिम केन्द्रहरुले सरकारी, अर्धसरकारी, निजी तथा कर्पोरेट राजस्व आर्जन हुनेगरी तालिम तथा अनुसन्धान गर्ने प्रयास गरेको देखिएन।

तालिका ३५: कोशी प्रदेश सरकारका तालिम प्रदायक निकायहरु र तालिमको विवरण

| सि. नं. | तालिम प्रदायक निकायको नाम | क्षेत्र | आ.व. २०७८/७९ मा दिएको | तालिमग्राहीको संख्या | बजेट खर्च रु | प्रति तालिम ग्राही लागत रु |
|---|---|---|---|---|---|---|

| | | | तालिम संख्या | | | |
|---|---|---|---|---|---|---|
| | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुढी, झापा | प्रदेश र स्थानीय तहको जनशक्ति विकास र अनुसन्धान | २१६ | ५६२३ | १४,४१,९५,००० | २५,६४३ |
| | स्वास्थ्य तालिम केन्द्र, धनकुटा | स्वास्थ्य | २९ | ८१५ | २,४४,००,००० | २९,९३८ |
| | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, झापा, | उद्यमशिलता र सिप विकास | १४ | ६१४ | १,३५,९६,४३५ | २२,१४४ |
| | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, ओखलढुङ्गा | उद्यमशिलता र सिप विकास | १९ | ६२७ | १,१२,७६,०००० | १७,९८४ |
| | शिक्षा तालिम केन्द्र, सुनसरी | शिक्षा | ६७ | १९५५ | ६,४८,००,००० | ३३,१४५ |
| | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुनसरी | वन | ३ | ६२ | २,३३,००,००० | ३,७५,८०६ |
| | प्रदेश सहकारी रजिष्टार तथा सहकारी प्रशिक्षण कार्यालय, सुनसरी | सहकारी | ५१ | १३९२ | २,८६,५२,००० | २०,५८३ |
| | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुनसरी | कृषि | २६ | ५६७ | २,६८,००,००० | ४७,२६६ |
| | पशु सेवा तालिम केन्द्र, दुहवी | पशु विकास | ४० | ८६६ | २,६०,९४,१०५ | ३०,१३१ |

स्रोतः सम्बन्धित निकायहरुबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित ।

प्रदेश प्रशासन तालिम तथा अनुसन्धानात्मक निकायहरु ९ वटा भएकोले यस मानेमा बलियो देखिन्छ । तथापी तल दिईएको तालिकाले ती निकायहरुबाट हुने गरेको तालिम र अनुसन्धानका बारेमा कमजोर तस्विर प्रस्तुत गर्छ । उक्त ९ वटा निकायहरुमा आ.व. २०७८/७९ मा कूल वार्षिक विनियोजित बजेट करीब रु.३६,३१,१३,५४० हुँदाहुँदै पनि एउटै अनुसन्धान सम्पन्न भएको देखिन्न । त्यस्तै कुनैपनि निकायले सो वर्ष तालिम तथा अनुसन्धान कार्यबाट आम्दानी गरेको देखिन्न । यसबाट ती निकायहरु कर्मचारी खर्च धान्नका लागि समेत प्रदेश कोषमाथि पूर्ण रुपमा आश्रित भएको र उत्पादनशील बन्न नसकेको देखाउँछ । साथै, प्रदेश सरकारका अतिरिक्त अनुसन्धान र तालिम स्थानीय वा संघीय निकाय वा कर्पोरेट सेक्टरलाई उपलब्ध गराउन नसक्दा राजस्व आर्जनका अभावमा भएका योग्य विज्ञ प्रशिक्षकहरुलाई अड्याउन (Retention) र नयाँलाई आकर्षण गर्न विद्यमान स्थिती चुनौतिपूर्ण भएको सहजै अनुमान गर्न सकिन्छ ।

तालिका ३६ तालिम प्रदायक निकायमा गरिएका अनुसन्धानको विवरण

| सि.नं. | तालिम प्रदायकको नाम | कार्यक्षेत्र | आ.व.२०७८/०७९ मा बजेट खर्च रु. | गरेको अनुसन्धान कार्यको संख्या | अनुसन्धान वा प्रशिक्षण बाट आय रु. |
|---|---|---|---|---|---|
| १. | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुढी, झापा | प्रदेश र स्थानीय तहको जनशक्ति विकास र अनुसन्धान | १४,४१,९५,००० | ० | ० |
| २. | स्वास्थ्य तालिम केन्द्र, धनकुटा | स्वास्थ्य | २,४४,००,००० | ० | ० |
| ३. | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, झापा, | उद्यमशिलता र सिप विकास | १,३५,९६,४३५ | ० | ० |
| ४. | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, ओखलढुङ्गा | उद्यमशिलता र सिप विकास | १,१२,७६,००० | ० | ० |
| ५. | शिक्षा तालिम केन्द्र, सुनसरी | शिक्षा | ६,४८,००,००० | ० | ० |
| ६. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुनसरी | वन | २,३३,००,००० | ० | ० |
| ७. | प्रदेश सहकारी रजिष्टार तथा सहकारी प्रशिक्षण कार्यालय, सुनसरी | सहकारी | २,८६,५२,००० | ० | ० |
| ८. | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुनसरी | कृषि | २,६८,००,००० | ० | ० |
| ९. | पशु सेवा तालिम केन्द्र, दुहवी | पशु विकास | २,६०,९४,१०५ | ० | ० |
| | कूल | | ३६,३१,१३,५४० | ० | ० |

स्रोतः सम्बन्धित निकायहरुबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित ।

सो मध्ये प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान छुट्टै ऐनबाट सृजित छ जुन ऐन मिति २०७९/०४/३० मा प्रमाणीकरण भएको हो । ऐनको दफा ७ बमोजिम उक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकारमा अन्य कुराका अतिरिक्त देहायका विषयहरु पर्छनः

१. अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी मापदण्ड निर्धारण गर्ने,
२. प्रशिक्षणको पाठ्यक्रम र प्रशिक्षण सामग्री स्विकृत गर्ने,
३. प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्तिको ज्ञान,
४. सीप र क्षमता अभिवृद्धि सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने,
५. सेवा र विकास प्रवाहमा सघाउन प्रदेश र स्थानीय तहको व्यवस्थापकिय क्षमता बढाउने,

६. अनुसन्धान र प्रशिक्षणलाई प्रभावकारी बनाउन सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने गराउने

उल्लिखित ऐनको दफा १९ ले अनुसन्धान सम्बन्धी कार्यलाई उच्च गति दिन प्रतिष्ठानको अङ्गको रुपमा रहने गरी एक अनुसन्धान केन्द्र (Research Center) रहने व्यवस्था गरिदिएको छ। सोको मुख्य काम कर्तव्य र अधिकार सोही दफाको उपदफा (२) बमोजिम निम्न अनुसार हुने भनिएको छः

१. प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास सम्बन्धी अनुसन्धान गर्ने,
२. प्रदेश तथा स्थानीय तहका जनशक्ति विकास सम्बन्धी योजना तयार गरी उक्त सरकारहरुलाई उपलब्ध गराउने,
३. सार्वजनिक नीति, शासकिय प्रबन्ध, व्यवस्थापन, प्रदेशको सामाजिक, आर्थिक लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने,
४. विकास लगायतका विषयमा खोजमूलक तथा अनुसन्धानमूलक कार्य गर्ने,
५. आधुनिक तथा नवीनतम प्रशिक्षण विधी तथा सामग्रीको विकास र कार्यान्वयनका लागि सिफारिस गर्ने ।
६. तोकिए बमोजिम अन्य कार्य गर्ने ।

संक्षिप्तमा भन्नु पर्दा प्रदेश र स्थानीय तहका लागि अनुसन्धान र प्रशिक्षण दुवै गर्ने गराउने भूमिका सो प्रतिष्ठानले पाएको छ ।

तर यथार्थ यस पूर्व गरिएको अपेक्षा र व्यवस्थाहरु भन्दा भिन्न रहेको देखिन्छ। जस्तैः हालसम्म दफा १९ ले भनिए जस्तो अनुसन्धान केन्द्र (Research Center) अस्तित्वमा आएको वा ल्याउनका लागि ऐनको व्यवस्था भन्दा बढी अरु कुनै पूर्वतयारी गरिएको देखिन्न। यसबारेमा यस अध्ययन कार्यदलले एक मामिला अध्ययन (Case Study) सम्पन्न गरेको छ जुन तल प्रस्तुत छ। अतः थप जानकारीका लागि सो हेर्नुहोला ।

उपरोक्त ऐनको दफा १० ले प्रतिष्ठानको स्वीकृत संगठन संरचना तथा दरबन्दी हुनेछ भनिएतापनि हालसम्म यसको आफ्नो संगठन संरचना र दरबन्दी नभएको देखिन्छ। उपदफा (२) ले ३ प्रकारका कर्मचारी रहने व्यवस्था गरेको छः

१. प्रशासकीय,
२. अनुसन्धान, प्रशिक्षण तथा प्राध्यापन
३. प्राविधिक ।

उक्त वर्गिकरणका कर्मचारीको उपलव्धता हालसम्म जुट्न सकेको छैन । यसको अभावमा प्रदेश प्रशासनका कर्मचारीहरु र Provincial and Local Governance Support Program (PLGSP) परियोजनाका जनशक्तिबाट काम चलाई राखेको अवस्था विद्यमान छ। यसले गर्दा प्रतिष्ठान सम्बन्धी ऐनको दफा ४ बमोजिम प्रतिष्ठान एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ भन्ने अवधारणा लागू हुन नसकेको सहजै अनुमान गर्न सकिन्छ ।

## मामिला अध्ययन (केस स्टडी) २: प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुडी, झापा

वि.स. २०७५ साल र तत्पश्चात प्रशासन पुर्नसंरचना र हस्तान्तरण हुँदा LDTA बाट अनुसन्धानकर्ता र प्रशिक्षक कोही हस्तान्तरण भइ नआएको देखियो । केवल प्रशासनिक कर्मचारीहरु आउनु भयो । यसले गर्दा स्वशासित र स्वायत्त संस्था भएपनि हालसम्म प्रदेशकै कर्मचारीका भरमा प्रतिष्ठान अडिएको छ । हालसम्म हामीले यो संस्था ठूलो संक्रमण (Transition) मा देख्यौं । तर चिन्ता यो छ कि अब यो कैलेसम्म तन्किने हो र कता लाने हो ?

प्रदेश र स्थानीय तहका लागि अनुसन्धान र प्रशिक्षण प्रतिष्ठान भनेर के गर्नु, अहिलेसम्म विज्ञहरु अहिलेसम्म जुटाउन सकिएको छैन । O&M अध्ययन भईसक्यो तर स्विकृत भएको छैन । सामान्य केही काम गर्नु परे आउटसोर्सिंगबाट गर्ने गरिएको छ । अरुको क्षमता विकास गर्ने भनिएपनि यसकै प्रशिक्षण र प्रशिक्षकको मापदण्ड तयार भएको छैन ।

सार्वजनिक नीतिहरुमा अनुसन्धान गर्ने कार्यक्षेत्र दिएकोले प्रस्सत काम गर्न सक्नु पर्ने हो । अहिलेसम्म जे गरिँदैछ प्रतिष्ठानले कुनै शुल्क लिने गरेको छैन । अर्थात आय आर्जन गर्ने गरिएको छैन । तथापी तालिम दिने गरिएको छ, स्थानीय र प्रदेश दुवैका कर्मचारीहरुका लागि । संगठन पूर्ण रुपमा संघको सशर्त अनुदान र प्रदेशको बजेटमा चलिरहेको छ । PLGSP (Provincial Local and Governance Support Program) का रुपमा प्रतिष्ठानले संघको सशर्त अनुदान पाउँछ ।

तरपनि यसको हैसियत उठ्ने संभावना छ । दफा ६ बमोजिम प्रतिष्ठानको सर्वोच्च निकाय परिषदको नेतृत्व स्वयं मुख्यमन्त्रीले भएकोले यो संभावना छ । तर यो संस्था चलायमान केही हुन्छ, टुँगो छैन । पूर्णकालिक कार्यकारी निर्देशकको उपस्थिती छैन ।

कुरा के गर्नु ? संघमा NASC (स्टाफ कलेज) बाट तालिम नलिईकन कुनै संघीय कर्मचारीको बढुवा नहुने भनेझैं प्रदेश निजामती सेवा ऐन, २०७९ को बढुवा सम्बन्धी परिच्छेदमा त्यस्तै अनिवार्यता राखिनु पर्ने सो भएको छैन । जबकी प्रदेश सरकारको कार्यक्षेत्र १४ जिल्ला र भएका १३७ वटा पालिकाहरुनै यसको कार्यक्षेत्रहरु हुन् । त्यहाँ भएका सबै प्रदेश तथा स्थानीय सेवाका कर्मचारीहरु यसको लक्षित वर्ग हुन् । वि.स. २०७६ सालदेखि यता २०७९ साल सम्मको अवधिमा गर्न सकिने कति अवसर यसले गुमायो ? यसको कुनै हिसाब छैन ।

खासमा केन्द्र (प्रदेश र संघ) बाट एउटा बलियो क्षमतावान टिम ल्याएर एउटा अवधीभर यो संस्थालाई उचाले मात्रै अगाडी केही होला । त्यो टिमले भरमग्दूर प्रशिक्षण र अनुसन्धानमा यसको क्षमता विकास र ज्ञान हस्तान्तरण गरे मात्रै यसले खुट्टा टेक्ला । प्रतिष्ठान आँफै मोफसल र केन्द्र (संघीयको काठमाण्डौ र प्रदेशको बिराटनगर) बाट टाढा भएकोले राम्रा विज्ञहरुलाई आउन ल्याउन आग्रह गर्दा यहाँ आउने अनिच्छा गर्ने गर्छन् । आवासीय तालिमग्राहीका लागि बस्ने पूर्वाधार कति कमजोर छ भन्न लाजमर्दो अवस्था छ । होटेलमा राख्नु पर्ने बाध्यता छ ।

डेडिकेटेड (पूर्णकालिक) इडी (कार्यकारी निर्देशक) नभई केही शुरुवात हुन्न । त्योपनि जागीर मात्रै खाने हैन, भिजन र केही गर्छु भन्ने प्रतिवद्धता भएको चाहिन्छ । साथै, ४ वर्षको समय दिने खाल्को चाहिन्छ । कुरा बताएर साध्य छैन, प्रतिष्ठानको ऐन २०७९ मा आए यता मात्रै ४ जना इडि यसले पाइसक्यो । यस्तो अस्थिर नेतृत्वबाट के आश गर्नु ?

यस्ले केही गर्दै नगरेकोपनि हैन । पालिकाहरुलाई अति चाहिने e-GP (Procurement) जस्तो उपयोगी तालिम यसले दिँदै आएको छ । कर्मचारीका अलावा स्थानीय जनप्रतिनिधीहरुलाई समेत तालिम दिएको छ । यत्रो जग्गा सम्पती भएर के गर्नु ? बिर्तामोडमा भएको जग्गा अतिक्रमणको चपेटामा छ । मोही दावी गरेर सरकारी जग्गा लगि दिए । खै कसरी जोगाउने हो ?

प्रदेश सरकारसँग थुप्रै तालिम प्रदायकहरु छन् भन्ने सुनिन्छ । तर कुन कुन छन् ? कहाँ कहाँ छन् ? के के काम गर्छन् ? जानकारी यसलाई छैन । कसैसँग समन्वय छैन । विगतमा एउटा कार्यक्रम थियो, अन्य यस्तै संस्थाहरुसँग सहकार्य गर्ने भन्ने । जानकारीको अभावमा सहकार्य गर्न संस्था भेटिएनन र बजेट ल्याप्स भयो ।

सबै तालिम अनुसन्धान सेवा प्रदायक संस्थाहरुको छाता संगठन यो प्रतिष्ठानलाई बनाउन सकिएला । किनकी यसको ऐनले अन्य तालिम प्रदायकहरुको नियमन गर्ने भनिएको छ यसको कार्यक्षेत्रमा (त्इच) मा । तर सबैभन्दा पहिले यसको इडीमा सुधार हुन पऱ्यो । त्यो नभएसम्म केही हुनेवाला छैन ।

सबै सार्वजनिक नीति (Public Policy) को अध्ययन यस प्रतिष्ठानबाट गर्न गराउन सकिएला । किनकी यसको प्रदेश प्रशासन र पालिकाहरुसँग तालिम गर्दाको नातो छ । चिनाउँदै हिँड्न पर्दैन । तर हामीले अनुसन्धानपनि गर्छौं भन्ने बजारीकरण अहिलेसम्म फिटिक्कै भएको छैन । त्यसैले अरु नीजि संस्थाहरु मालामाल भईरहेका छन् । प्रतिष्ठानले आय गर्ने वा त्यस्कालागि यसलाई व्यवसायिक बनाउने कुनै योजना योसँग छैन ।

प्रतिष्ठानको Institutional Capacity Building का लागि कुनै दातृ निकायबाट सहयोग परिचालन भएको छैन । अत्यन्तै कम खर्च गर्दै र दिएको बजेटपनि उपयोग नगर्दै PLGSP जसोतसो चलिरहेको छ । प्रतिष्ठानको ग्राहक यत्रा पालिकाहरु छन् जो अनेकौं क्षेत्रहरुमा कार्य गरिरहेका छन् । त्यसको आवश्यकतालाई धान्न कलवलगुढीको छातामुनि सबै पालिकाहरुको Diverse Sectoral Training and Research Needs लाई सेवा गर्न सक्ने क्षमताको विकास गरिनु पर्ने र मसँग Products छन् भन्ने बजारीकरण पालिकासम्म हुन पर्ने । तर खै कहिले र कल्ले गर्ने ?

इडि Institutional and Economic Development को चासो भएको चाहिने । Academia बाट आउनु पऱ्यो वा ex-bureaucrats बाट आउनु पऱ्यो तर Academic Height भएको । जागीरे मानसिकताको हैन । यसका अलावा Senior level मा Lateral Entry (पार्श्व) प्रवेश मार्फत एकैपटक उच्च तहसम्म नयाँ रगतका रुपमा जनशक्ति भित्राउने सोच अहिलेसम्म कसैले ल्याएनन । इडिको मामिलामा गण्डकी प्रदेशको ED बाट सिक्नु पर्ने देखियो । उसको सोच र गतिबाट । अब केही नहुने भए यहाँ भईरहेका कर्मचारीपनि अन्तै सरुवाका लागि खुट्टा उचालेर बसेका छन् । यो अवस्थामा कोही यहाँ रहन तयार छैनन ।

**(मिती २०८०/०३/०१ म कार्यदलको प्रतिष्ठान, कलवलगुढी स्थलगत भ्रमण दौरान सहभागीहरुबाट व्यक्त विचारका आधारित)**

*प्रदेश लगानी प्राधिकरण*

तल दिईएका तालिकाहरुले प्रदेशमा २०७७ सालबाट स्थापित तथा संचालित प्रदेश लगानी प्राधिकरणको अवस्थाको केही झलक उपलब्ध गराउँछ । हालसम्म करीब २.५ वर्षको कार्यावधिमा १ वटा लगानी प्रस्ताव स्विकृत भएको छ । उक्त परियोजनामा प्रस्तावित लगानी रकम करीब रु.२० करोड रहेको छ । त्यसैगरी प्राधिकरणको कार्यसम्पादन सम्बन्धी तल दोश्रो तालिका दिईएको छ जसमा स्विकृतीको चरणमा ४ वटा परियोजनाहरु रहेको देखिन्छ । सोमध्ये २ वटा परियोजनाको विस्तृत परियोजना प्रस्ताव तयार भएको र बाँकी २ वटाको

विस्तृत संभाव्यता अध्ययन भईरहेको अवस्था छ । यसैगरी तल प्रस्तुत लगानी प्राधिकरण सम्बन्धी तेश्रो तालिकाले प्राधिकरणमाथि भएको खर्च र प्राधिकरणले उठाएको आयको विवरण राखिएको छ । यस बमोजिम अहिलेसम्म व्यतित ३ आ.व.हरुमा आर्जित आय भएको खर्चभन्दा अधिक देखिन्छ । हालसम्म कूल करीब रु. ६ करोड ८१ लख आर्जन गरेको र रु.३ करोड ९३ लाख व्यय गरेको तलको तालिकाको निचोड छ । आनुपातिक दृष्टिले हेर्दा आ.व.२०७६/७७ मा रु.१ खर्च गर्दा प्राधिकरणले रु.१.१५ आय आर्जन गरेछ भने आ.व.२०७७/७८ मा सोही अनुपातमा हेर्दा रु.२.४५ पैसा आर्जन गरेछ । पछिल्लो आ.व. २०७८/७९ मा प्राधिकरणले रु. १ खर्च गर्दा रु.१.५८ आर्जन गरेको पाईन्छ । तुलना गर्दा आ.व.२०७७/७८ सबैभन्दा बढी आर्जन गरेको वर्ष रह्यो । बिट मार्दै गर्दा प्राधिकरणले

अझै गति बढाउन सक्ता कोशी प्रदेशमा अझ धेरै लगानी भित्राउन सक्ने साथै राजस्व आय गर्न सक्ने संभावना टडकारो देखिन्छ ।

तालिका ३७ प्रदेश लगानी प्राधिकरण कोशी प्रदेशको विनियोजन र खर्चको अवस्था

| आर्थिक बर्ष | आम्दानी रु. | खर्च रु. | अनुपातिक अन्तर |
|---|---|---|---|
| २०७६/०७७ | १,००,००,००० | ८६,७५,५१७ | १:१.१५ |
| २०७७/०७८ | २,७०,८९,५२८ | १,१०,३३,४५९ | १:२.४५ |
| २०७८/०७९ | ३,१०,६८,१६८ | १,९६,४४,४८० | १:१.५८ |
| जम्मा | ६,८१,५७,६९६ | ३,९३,५३,४५६ | १:१.७३ |

स्रोतः प्रदेश लगानी प्राधिकरणबाट प्राप्त विवरणको आधारमा कार्यदलबाट निर्मित ।

तालिका ३८ कोशी प्रदेश लगानी प्राधिकरणबाट लगानी स्वीकृत परियोजनाहरुको विवरण

| सि.नं. | आयोजनाको नाम | स्वीकृत लगानी रकम रु. | आयोजना अवधी |
|---|---|---|---|
| १. | भेडेटार स्काईवाक परियोजना | २० करोड | २ बर्ष |

स्रोतः प्रदेश लगानी प्राधिकरणबाट प्राप्त विवरणको आधारमा कार्यदलबाट निर्मित ।

## ४.५ कार्यपद्धती

कुनैपनि आधुनिक संगठनमा संगठनलाई गतिशील र परिणाममुखी बनाउने एक आधारशिला कार्यविवरण हो । कोशी प्रशासनमा पद्धती बसे, नबसेको हेर्नका लागि यस अध्ययनले विभिन्न पक्षलाई खोतल्दा केही गंभिर खाडल देखिन आयो ।

*कार्यविवरण*

तालिका ३९: कार्यविवरण भएका कोशी प्रदेशका मन्त्रालयको नामावली

| सि.नं. | मन्त्रालयको नाम | तयार भएको | स्वीकृत भएको |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | छ | छ |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | छ | छ |
| ३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | छैन | छैन |
| ४ | उद्योग, कृषि सहकारी मन्त्रालय | छैन | छैन |
| ५ | सामाजिक विकास मन्त्रालय | छैन | छैन |
| ६ | भौतिक पुर्वाधार विकास मन्त्रालय | छैन | छैन |
| ७ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | छैन | छैन |
| ८ | स्वास्थ्य मन्त्रालय | छैन | छैन |
| ९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | छैन | छैन |

| | | | |
|---|---|---|---|
| | कूल | ७७.७७% | ७७.७७% |

स्रोतः सम्बन्धित निकायबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित ।

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ६ ले कार्यविवरणलाई प्रदेश सरकारको संगठनको अभिन्न अंग मान्दछ । सो दफाको उपदफा (१) ले संगठनको कार्यविवरणको आधारमा प्रत्येक कार्यालयको प्रमुखले हरेक पदको काम कर्तव्य अधिकार, उत्तरदायित्व र कामको मूल्यांकन गर्ने सूचक समेत बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । उक्त दफाको उपदफा (२) ले कुनैपनि कर्मचारीलाई पदस्थापन गर्दा अर्थात कुनै काममा खटाउँदा स्वीकृत कार्यविवरण उपलव्ध गराउनु पर्ने भनिएको छ ताकि सो कर्मचारीले के के कार्य सम्पादन गर्ने सोही दफाको उपदफा (३) ले त्यस्तो कार्यविवरणको आधारमा कर्मचारीसँग कार्यसम्पादन सम्झौता गर्ने भनिएको छ ।

तल प्रस्तुत तालिकामा हाल विद्यमान ९ वटा मन्त्रालयहरुको कार्यविवरणको अवस्थाको लेखाजोखा गरेको छ । यस बमोजिम हालसम्म स्विकृत भएको कार्यविवरण केवल २ वटा मन्त्रालयमा छ भने अन्य ७ वटा मन्त्रालयहरुमा कार्यविवरणविहिन छन् । साख्यिंक रुपमा हेर्दा ७७.७७ प्रतिशत मन्त्रालयहरुको न त कार्यविवरण बनेको छ न त स्वीकृत भएको छ । केवल २२.२३ प्रतिशत मन्त्रालयहरुको मात्रै कार्यविवरण बनेको र स्वीकृत अवस्थामा छ ।

हालांकी कोशी प्रदेश सरकारको कार्य (विभाजन) नियमावलीमा मन्त्रालयहरुको कार्यक्षेत्र उल्लेख छ तरपनि हालसम्म अधिकांश मन्त्रालयभित्रका अङ्गहरुले कार्यविवरण नपाएर अन्यौलतामा काम गरिरहनु परेको छ । मातहतका कार्यालयहरुको अवस्था त पूर्णतः शून्य छ । चाहे सेवा चाहे विकास प्रवाह गर्ने कार्यालय ती किन नहुन ! संगठन हुनु र दरबन्दी हुनु तर कार्यविवरण नहुनु बिडम्बनापूर्ण अवस्था तलको तालिकाले देखाउँछ ।

माथिको अनुच्छेदमा उल्लेख भएझैं प्रदेश निजामती सेवा कानूनले प्रशासनलाई परिणाममुखी बनाउन अत्यन्तै महत्व दिएको हतियारको करीबकरीब उपयोग नभएको यस अध्ययनले पाएको छ ।

*संस्थागत स्मरण*

माथिको परिच्छेदमा सप्रमाण देखिन्छ कि कोशी प्रशासनमा हालसम्म ९ जना प्रमुख सचिव रहेकोमा उनीहरुको हालसम्मको औसत प्रदेश बसाइ मुश्किलले ६ महिना २० रहेको छ । तत्पश्चात सरुवा भएको देखापर्छ । त्यस्तै यस प्रदेशमा कूल ५२ जना सचिवहरु विगतमा कार्यरत रहेकोमा ६ देखि १२ महिनाभित्र अन्यत्र सरुवा भएका सचिव संख्या १६ र १ देखि २ वर्षभित्र सरुवा भएका सचिव संख्या २० जना देखिन्छ । यस अवस्थामा प्रशासनमा बारम्बार नेतृत्व परिवर्तन हुने गरेको र यसबाट संस्थागत स्मरण निकै कमजोर रहने गरेको महसूस गर्न सकिन्छ । कमजोर स्मरणका आधारमा गरिने निर्णय सहि हुने संभावना न्यून हुने गर्छ ।

यस अध्ययनले सरुवा हुँदा अग्रजबाट लिखित अभिलेख जस्तैः डायरी, टिपोट, रिपोर्ट हस्तान्तरण लिने-दिने परम्परा भए नभएको बारेमा बुझ्दा कोशी प्रशासनमा विगतमा कार्यअनुभव हाँसिल गरेका अधिकांश उत्तरदाताले त्यस्तो अभिलेखिकरण (Documentation) साथै तिनको हस्तान्तरण (Transfer) नहुने गरेको उल्लेख गरेका छन् । कतिसम्म भने अग्रज र भावि (Predecessor and Successor) प्रशासकबिच भेटघाटपनि धेरैजसो अवस्थामा नहुने गरेको जवाफ मिल्यो । यसबाट कमजोर संस्थागत स्मरणको थप प्रमाण मिल्छ ।

*अधिकार प्रत्यायोजन*

कार्यपद्धती बसाल्न निर्णय कति छिटोछरितो ढंगले हुन्छ ? यसका लागि पर्याप्त अधिकार सबै तहका कार्यालय तथा कर्मचारीलाई दिईएको छ छैन ? यी अहम सवालहरु हुन ।

माथिको प्रसङ्गमा कोशी प्रदेशको प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ ले ७ खाले प्रशासकिय अधिकारीहरुको काम, कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था गरिदिएको छः

प्रमुख सचिव - नियम ३ बमोजिम

१. प्रदेश सचिव- नियम ४ बमोजिम
२. महाशाखा प्रमुख- नियम ५ बमोजिम
३. विभागीय प्रमुख- नियम ६ बमोजिम
४. निर्देशनालय प्रमुख- नियम ७ बमोजिम
५. डिभिजन प्रमुख- नियम ८ बमोजिम
६. कार्यालय प्रमुख- नियम ९ बमोजिम

त्यसैगरी, प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७८ को नियम ५ ले अधिकार प्रत्यायोजन गर्न सक्ने केही प्रमुख व्यवस्थाहरु गरेको छः

१. मन्त्रीले केही अधिकार राज्यमन्त्री तथा सहायकमन्त्रीलाई- नियम ५ को उपदफा (१) बमोजिम
२. मन्त्रीले केही अधिकार मातहतको सचिवलाई- नियम ५ को उपदफा (२) बमोजिम
३. सचिवले केही अधिकार मातहतका अधिकृतलाई- नियम ५ को उपदफा (३) बमोजिम

तर माथि उल्लेख भएका प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७८ का व्यवस्थाका विषयमा यहाँ केही सवालहरु उठ्नु जायज छः

१. अधिकार प्रत्योजनको उपयोग र सदुपयोग भएको छ वा छैन ?
२. सचिव भन्दा मुनिका अन्य प्रशासकिय अधिकारीहरुले अधिकार प्रत्योजन गर्न सक्ने व्यवस्थामा किन प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७८ मौन छ ? खासगरी देहायका अधिकारीहरुले अधिकार प्रत्योजन गर्न सक्ने व्यवस्था देखिन्नः

   क. महाशाखा प्रमुख- नियम ५ बमोजिम

   ख. विभागीय प्रमुख- नियम ६ बमोजिम

   ग. निर्देशनालय प्रमुख- नियम ७ बमोजिम

   घ. डिभिजन प्रमुख- नियम ८ बमोजिम

   ङ. कार्यालय प्रमुख- नियम ९ बमोजिम

माथिको अतिरिक्त प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १२९ को व्यवस्थाहरु यहाँ सान्दर्भिक छ । सो दफाको उपदफा (१) ले उक्त ऐनबाट प्राप्त कुनै अधिकार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै कर्मचारी वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था छ । त्यस्तै उपदफा (२) ले यस ऐन बमोजिम तोकिएको कुनै अधिकारीले प्राप्त अधिकार मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने प्रावधान गरेको छ ।

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १२९ ले गरेका अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्थाहरुको उपयोग र सदुपयोग दुवै भएको छ वा छैन ? यो अध्ययन हुन पर्ने अहम सान्दर्भिक सवाल हो ।

*कार्यसम्पादन करार*

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम १४ ले प्रमुख सचिवले मुख्यमन्त्रीसँग, प्रदेश सचिवले विभागीय मन्त्रीसँग र कार्यालय प्रमुखले सम्बन्धित मन्त्रालयका सचिवसँग कार्यसम्पादन करार गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । यसका अतिरिक्त सोही दफाको उपदफाहरुले करार गर्नेले तोकिएको जिम्मेवारी पुरा नगरेमा सचेत गराउनेदेखि सरकारी बाँकी सरह क्षतिपूर्ति भराउनेसम्मको व्यवस्थाहरु छन् ।

त्यसैगरी, प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ६ को उपदफा (३) ले कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी काममा लगाउने भन्ने व्यवस्था गरेको छ ।

तल प्रस्तुत तालिकाले प्रदेश प्रशासनलाई प्रकृयामुखी (Process Oriented) र भोलीलाई पन्छाउने ( Procrastination) हैन परिणाममुखी (Result Oriented) साथै जवाफदेही (Accountable) र स्वचालित (Automated) तुल्याउने सन्दर्भमा कार्यसम्पादन करारको उपयोग गरिए नगरिएको प्रमाण उपलब्ध गराउँछ । यस क्रममा ९ वटा मन्त्रालयहरुको अवस्थालाई यस अध्ययनले समेटेको छ । यसबमोजिम केवल १ मन्त्रालय आर्थिक मामिला तथा योजना मन्त्रालयमा यसको प्रयोग गरिएको पाईन्छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लगायत अन्य ७ मन्त्रालयहरुमा यसको प्रयोग भएको पाईँदैन । केन्द्रिय तहमा उपयोग नभएपछि मातहतको निकाय कार्यालयमा हुने अवस्था रहन्न ।

यस अवस्थामा गरिने अनुगमन तथा मूल्यांकन हचुवाका आधारमा हुने गरेको र परिणाम दिए पनि हुने नदिए पनि हुने अवस्था विद्यमान रहेको देखिन्छ । कार्यसम्पादन मूल्यांकन नहुँदा दण्ड र पुरस्कार फित्तलो वा वस्तुपरक नहुनु अनौठो हुँदैन ।

तालिका:४० मन्त्री र सचिवबिच कार्यसम्पादन करारको अवस्था

| सि.नं. | मन्त्रालयको नाम | आ.व. २०७७/०७८ मा कार्यसम्पादन करार भएको |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | छैन |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | छ |
| ३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | छैन |
| ४ | उद्योग,कृषि सहकारी मन्त्रालय | छैन |
| ५ | सामाजिक विकास मन्त्रालय | छैन |
| ६ | भौतिक पुर्वाधार विकास मन्त्रालय | छैन |
| ७ | खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय | छैन |
| ८ | स्वास्थ्य मन्त्रालय | छैन |
| ९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | छैन |

स्रोतः सम्बन्धित निकायले दिएको जानकारीका आधारमा कार्यदलबाट निर्मित ।

*पारदर्शिता*

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३४ ले प्रत्येक मन्त्रालय, सरकारी निकाय एवं कार्यालयले काम कारवाहीको विषयमा सरोकारवाला वा सार्वजनिक रुपमा जानकारी दिन कुनै अधिकृतलाई प्रवक्ता तोक्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ । साथै, त्यस्तो प्रवक्ताको ५ वटा काम, कर्तव्य र अधिकार सोही ऐनको नियमावली २०७७ को नियम २७ मा व्यवस्थित गरिएको छ ।

अब कार्यान्वयनतर्फ जाउँ । यस अध्ययनले अफिसियल वेभसाइटको प्रयोगका आधारमा प्रदेश प्रशासनभित्र पारदर्शिताको अभ्यासलाई केलाउने प्रयास गरेको छ । उक्त सूचकका आधारमा हाल विद्यमान ९ मन्त्रालयहरुको अवस्थालाई तलको तालिकाले जस्ताको तस्तै तालिकाबद्ध गरेको छ । यसका लागि अफिसियल वेभसाईट खुल्ने गरे नगरेको, वार्षिक प्रतिवेदन सार्वजनिक गरे नगरेको र प्रवक्ता तथा सूचना अधिकारीको नाम र सम्पर्क गर्ने मोबाइल नम्बर वेभसाइटमा उपलब्ध गरिएको नगरिएको विषयहरुलाई अध्ययनले समेटेको छ । समय, साधन श्रोत, जनशक्तिको अभावमा अन्य सूचकहरुको प्रयोग यहाँ संभव भएन ।

तलको तालिकाबमोजिम ९ अफिसियल वेभसाइट मध्ये १ बाहेक अन्य खुलेको पाईयो । नखुलेको अफिसियल वेभसाइट भौतिक पूर्वाधार विकास मन्त्रालयको रह्यो । गत आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन सार्वजनिक गरेका मन्त्रालयहरुमा केवल ३ वटा मात्र देखिन्छन् भने बाँकी ६ वटा मन्त्रालयहरुले सो गरेको पाईएन । प्रगति प्रतिवेदन सार्वजनिक गर्ने मन्त्रालयहरुको सूचीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्वास्थ्य मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय रहेका छन् । पारदर्शिता हेर्न प्रयुक्त अर्को सूचक प्रवक्ता र सूचना अधिकारीको नाम र मोबाइल वेभसाइटमा उपलब्ध भएको नभएको सन्दर्भमा भएको र नभएको मिश्रित अवस्था छ । ५ वटा मन्त्रालयहरुको दुवै अधिकृतहरुको विवरण सार्वजनिक छ भने सो सूचीमा स्वास्थ्य मन्त्रायल, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग कृषि तथा सहकारी मन्त्रालय र आन्तरीक मामिला तथा कानून मन्त्रालय छन् । बाँकी अन्यको कि उपलब्ध छैन कि आंशिक मात्र उपलब्ध छ।

माथिको विश्लेषणका आधारमा प्रदेश प्रशासनमा पारदर्शिताको अभ्यास शुरुवात भएको तर निकै अपर्याप्त पाईन्छ। प्राप्त नतिजालाई सांख्यिकीकरण गर्दा वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने मन्त्रालयहरु केवल ३३ प्रतिशत छन् । यहाँ स्मरणीय यो छ कि प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ४१ र नियमावलीको नियम १० (५) अनुसार हरेक मन्त्रालय र सरकारी निकायले प्रत्येक आ.व. सम्पन्न भएपश्चात १ महिनाभित्र तालुक कार्यालयमा पेश गर्नु पर्नेछ भनिएको छ । यस सन्दर्भमा यस अध्ययनले २ वटा तथ्य भेट्टायो:

१. आ.व. २०७८/७९ मा ९ मध्ये ५ वटा मन्त्रालयले यस्तो प्रतिवेदन सार्वजनिक गरेनन ।
२. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ४१ (१) बमोजिम आ.व. सम्पन्न भएपछि १ महिनाभित्र अर्थात श्रावण मसान्तभित्र वार्षिक प्रतिवेदन सबै मन्त्रालय र कार्यालयहरुले तालुक तहलाई पेश गर्नु पर्ने भन्ने भनिएतापनि ९ मध्ये ५ मन्त्रालयले यस अध्ययनले विश्लेषण गर्दाको मिति जेष्ठ २०८० सम्म करीब १० महिना समय गुजारेको देखिन्छ । तरपनि वार्षिक प्रतिवेदन सार्वजनिक भएको छैन ।

त्यस्तै, प्रवक्ता र सूचना अधिकारीको नाम र मोबाइल वेभसाइटमा उपलब्ध गराउने मन्त्रालयहरु केवल ५५.५५ प्रतिशत मात्र छन् ।

तलिका ४१ : मन्त्रालयहरुको विवरण वेभसाइटमा उपलब्धता

| सि.न. | मन्त्रालय | खुल्ने वा नखुल्ने | २०७८/७९ को वार्षिक प्रतिवेदन | प्रवक्ता र सूचना अधिकारीको नाम र मोबाइल उपलब्ध |
|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | खुलेको | भएको | प्रवक्ताको नभएको र सूचना अधिकारीको भएको |
| २ | स्वास्थ्य मन्त्रालय | खुलेको | भएको | दुवैको भएको |
| ३ | खानेपानी सिचाइँ तथा उर्जा मन्त्रालय | खुलेको | नभएको | नाम दुवैको भएको तर मोबाइल नभएको |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | खुलेको | भएको | दुवैको भएको |
| ५ | सामाजिक विकास मन्त्रालय | खुलेको | नभएको | दुवैको भएको |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | नखुलेको | - | - |
| ७ | पर्यटन वन तथा वातावरण मन्त्रालय | खुलेको | नभएको | प्रवक्ताको कुनै जानकारी नभएको र सूचना अधिकारीको भएको |
| ८ | उद्योग कृषि तथा सहकारी मन्त्रालय | खुलेको | नभएको | दुवैको भएको |
| ९ | आन्तरीक मामिला तथा कानून मन्त्रालय | खुलेको | नभएको | दुवैको भएको |

नोटः मिति २०८०/०२/२५, बिहिबार, अपरान्ह ६:३०-७:३० बजे कार्यदलबाट गरिएको वेभसर्चमा आधारित ।

*गुनासो व्यवस्थापन*

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३० ले प्रत्येक मन्त्रालय वा कार्यालयले गरेको काम कारवाहीको गुणस्तर, प्रभावकारिता, ढिलासुस्ती र अनियमितताबारे गुनासो सुन्न विद्युत्तिय माध्यमबाट व्यवस्था मिलाउनु पर्ने अनिवार्य व्यवस्था गरेको छ। त्यस्तै गुनासो पेटिका सबैले देख्नेगरी राख्नु पर्ने भनिएको छ। सो उपर सोही दफाको उपदफा (३) बमोजिम त्यस्तो प्राप्त मनासिब गुनासो गर्ने व्यक्तिलाई गुनासो उपर गरिएको कारवाहीको जानकारी दिनु पर्ने अनिवार्य प्रावधान छ।

गुनासो सुन्ने प्रयोजनका लागि एक जिम्मेवार अधिकारी (नोडल अधिकृत) तोक्नु पर्ने व्यवस्था प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम २३ (१) ले गरेको छ। गुनासो सुन्न निःशुल्क टेलिफोन (टोलफ्रि नम्बर) वा अनलाइन सेवा राख्नु पर्ने व्यवस्था उपनियम (२) ले गरिदिएको छ। गुनासो सुन्ने अधिकारीले २४ घण्टाभित्र कार्यालय प्रमुखसमक्ष आफ्नो सुझावसहित पेश गर्नु पर्ने र भएको कारवाहीको जानकारी गुनासोकर्तालाई अनिवार्य दिनु पर्ने भन्ने छ।

माथिका व्यवस्थाहरुको कार्यान्वयनको अवस्था जान्न तलको तालिकातिर जाउँ । यसले प्रदेश प्रशासनभित्र गुनासो व्यवस्थापनको लागि गरिएको आधारभूत प्रबन्धलाई दर्शाउँछ । यस अध्ययनमा ९ वटा मन्त्रालयको वेभसाइटलाई अध्ययनको दायरामा राखिएको छ र सोका आधारमा गुनासो सुन्ने अधिकारीको नामावली र मोबाइल विवरण वेभसाइटमार्फत सबैको जानकारीका लागि सार्वजनिक गरिए नगरिएको यस अध्ययनमा हेरिएको छ । माथि वर्णन गरिएका कानूनी प्रबन्धहरुको परिपालनाको थप विस्तृत अध्ययन समय, साधनश्रोत र जनशक्तिको अभावमा यस अध्ययनका लागि संभव भएन ।

अध्ययनले कूल ९ मन्त्रालयमध्ये ५ वटाको गुनासो सुन्ने अधिकारीको नामावली विवरण वेभसाइटमा राखेको पायो भने ४ वटा मन्त्रालयको वेभसाइटमा त्यस्तो विवरण नराखेको भेट्टायो । खानेपानी सिचाइँ तथा उर्जा मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालय र आन्तरीक मामिला तथा कानून मन्त्रालय त्यस्तो विवरण सार्वजनिक नगर्ने कोटीमा छन् । सोमध्ये १ मन्त्रालय भौतिक पूर्वाधार विकास मन्त्रालयको वेभसाइट खुल्न सकेन ।

त्यसैगरी, प्रस्तुत अध्ययनले गुनासो सुन्ने अधिकारीको मोबाइल वेभसाइटमा भए नभएको भन्ने विषय केलाउँदा ५ वटा मन्त्रालयको सो विवरण उपलव्ध रहेको देख्यो । तर खानेपानी सिचाइँ तथा उर्जा मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालय र आन्तरीक मामिला तथा कानून मन्त्रालयको सो सम्बन्धि विवरण सार्वजनिक भएको पाएन । भौतिक पूर्वाधार विकास मन्त्रालयको वेभसाइट नै खुलेन ।

यसरी गुनासो सुन्ने अभ्यासको प्रारम्भिक खुडकिलो अर्थात सो सम्बन्धी अधिकारीको विवरण सेवाग्राहीलाई वेभसाइटमार्फत दिलाउने मामिलामा प्राप्त नतिजालाई सांख्यिकीकरण गर्दा ५५.५५ प्रतिशत मन्त्रालयहरु मात्र पुरा सफल देखिन्छन् ।

तालिका ४२: मन्त्रालयहरुको वेभसाइटमा गुनासो सुन्ने अधिकारीको जानकारी

| सि.न. | मन्त्रालय | गुनासो सुन्ने अधिकारीको नाम वेभसाइटमा भएको | गुनासो सुन्ने अधिकारीको मोबाइल वेभसाइटमा भएको |
|---|---|---|---|
| १ | मुखयमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | भएको | भएको |
| २ | स्वास्थ्य मन्त्रालय | भएको | भएको |
| ३ | खानेपानी सिचाइँ तथा उर्जा मन्त्रालय | नभएको | नभएको |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | भएको | भएको |
| ५ | सामाजिक विकास मन्त्रालय | भएको | भएको |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | वेभसाइट नखुलेको | वेभसाइट नखुलेको |
| ७ | पर्यटन वन तथा वातावरण मन्त्रालय | नभएको | नभएको |
| ८ | उद्योग कृषि तथा सहकारी मन्त्रालय | भएको | भएको |
| ९ | आन्तरीक मामिला तथा कानून मन्त्रालय | नभएको | नभएको |

नोटः मिति २०८०/०२/२५, बिहिबार, अपरान्ह ६:३०-७:३० बजे कार्यदलबाट गरिएको वेभसर्चमा आधारित ।

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम २३ को उपनियम (२) ले गुनासो सुन्न निःशुल्क टेलिफोन (टोलफ्रि नम्बर) राख्नु पर्ने व्यवस्था गरिदिएको छ। सोको कार्यान्वयन अवस्थाको जानकारी यस अध्ययनले ९ वटा मन्त्रालयहरुको अफिसियल वेभसाइटमा सर्च गर्दा भेटिएको तस्विर तलको तालिकामा राखिएको छ । यस तालिका अनुसार कुनैपनि मन्त्रालयले उक्त नियमावलीमा भनिएभैँ टोलफ्रि अर्थात निःशुल्क फोनको व्यवस्था व्यवहारमा गरिएको देखिएन । यसबाट नियमावलीले अपेक्षा गरे बमोजिम गुनासो गर्ने पक्षलाई सहजता वा राहत उपलब्ध नभएको महसूस हुन्छ ।

तालिका ४३: कोशीका मन्त्रालयहरुको वेभसाइटमा गुनासो राख्नेले प्रयोग गर्न सक्ने टोलफ्रि फोन

| सि.न. | मन्त्रालय | वेभसाइटमा टोलफ्रि फोन भए नभएको |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | नभएको |
| २ | स्वास्थ्य मन्त्रालय | नभएको |
| ३ | खानेपानी सिचाइँ तथा उर्जा मन्त्रालय | नभएको |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | नभएको |
| ५ | सामाजिक विकास मन्त्रालय | नभएको |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | वेभसाइट नै नखुलेको |
| ७ | पर्यटन वन तथा वातावरण मन्त्रालय | नभएको |
| ८ | उद्योग कृषि तथा सहकारी मन्त्रालय | नभएको |
| ९ | आन्तरीक मामिला तथा कानून मन्त्रालय | नभएको |

नोटः मिति २०८०/०२/२८, आईतबार, अपरान्ह ४:३०-५:३० बजे कार्यदलबाट गरिएको वेभसर्चमा आधारित ।

प्रदेश मन्त्रालयहरुमा गुनासो सुनुवाईको लागि टोलफ्री नम्बर भएको नभएको सम्बन्धमा माथिको तालिकाबाट प्रष्ट हुन्छ कि सबै मन्त्रालयहरुमा गुनासो सुन्ने टोलफ्री नम्बर उपलब्ध छैन।

*व्यवस्थापन परीक्षण*

व्यवस्थापन परीषण (अडिट) ले व्यवस्थापनमा गरिनु पर्ने सुधारका बाटोहरु निरन्तर पहिल्याउने गर्छ । जसरी वित्तिय परिक्षणले आर्थिक सुशासनलाई मद्दत गर्छ त्यस्तै प्रशासनिक परिक्षणले प्रशासनभित्र गरिने निर्णय र पद्धती विकासमा सहयोग गर्छ ।

कोशी प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १२८ ले व्यवस्थापन परीक्षणलाई कार्यरुप दिन विभिन्न व्यवस्था गरेको छ । उपनियम (१) ले प्रदेशका कार्यरत कर्मचारीले प्रचलित कानून पालना गरे नगरेको सम्बन्धमा यस्तो परीषण गर्ने व्यवस्था राखेको छ । त्यसैगरी, उपनियम (२) ले यस्तो परीषणका आधारमा निर्देशन दिन तथा अनियमितता देखिएमा सम्बन्धीत कर्मचारीलाई विभागीय कारवाहीका लागि सम्बन्धित अधिकारीलाई लेखि पठाउने व्यवस्था गरेको छ । सबैभन्दा महत्वपूर्ण व्यवस्थाका रुपमा सोही दफाको उपदफा (३) ले हरेक मन्त्रालयले प्रत्येक आ.व. समाप्त भएको १२० दिनभित्र यस्तो परीषणको वार्षिक प्रतिवेदन प्रदेश सरकारसमक्ष पेश गर्नु पर्ने अनिवार्य गरेको छ ।

यत्रो व्यवस्थाहरु हुँदाहुँदैपनि कोशी प्रदेश प्रशासनमा यसको प्रयोग हालसम्म थालिएको तलको तालिकाबाट देखिन्न । पछिल्लो ४ वर्षको अभ्यासको विश्लेषण गर्दा यसको प्रारम्भ भएको तथ्य भेटिन्न ।

तालिका ४४ कोशी प्रदेशको व्यवस्थापन परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | परीक्षण भएको निकायको सङ्ख्या |
|---|---|---|
| १ | २०७५/७६ | - |
| २ | २०७६/७७ | - |
| ३ | २०७७/७८ | - |
| ४ | २०७८/७९ | - |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको ।

*अनुगमन तथा मूल्यांकन*

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३७ (१) ले सरकारी सेवा र सुविधा दिने प्रशासनतन्त्रलाई सेवा प्रदायकका रुपमा रुपान्तरण गर्न साथै अधिकारीहरुले काम कारवाही गुणस्तरीय तथा प्रभावकारी ढंगबाट गरे नगरेको अनुगमन तथा मूल्यांकन गर्न प्रमुख सचिवको संयोजकत्वमा प्रदेशस्तरीय अनुगमन तथा मूल्यांकन समिती गठन गरेको छ ।

त्यस्तै, सोही ऐनको दफा ३७ (२) अनुसार जिल्ला, क्षेत्र र स्थानीय स्तरमा अनुगमन तथा मूल्यांकन समिती गठन गर्न सकिने भनिएको छ । यसै क्रममा सोही ऐनको नियमावली २०७७ को नियम २९ ले प्रमुख सचिवको नेतृत्वमा ५ सदस्यीय प्रदेशस्तरीय अनुगमन तथ मूल्यांकन समिति र नियम ३० ले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ५ सदस्यीय जिल्लास्तरीय अनुगमन तथा मूल्यांकन समिति गठन गरिदिएको छ ।

त्यस्तै, सोही नियमावलीको नियम ३१ ले प्रदेश सरकारको प्रत्येक मन्त्रालयमा सचिवको संयोजकत्वमा ६ सदस्यीय थप एक मूल्यांकन तथा अनुगमन एकाई गठन गरेको छ । मन्त्रालय मातहतको सेवा र सरकारी कामको बारेमा प्रमुख सचिवको संयोजकत्वको प्रदेशस्तरीय अनुगमन तथा मूल्यांकन समितीलाई प्रतिवेदन पेश गर्न र सो समितीले माग गरेका थप जानकारी दिलाउने जिम्मेवारी मन्त्रालयस्तरीय उक्त समितिको रहेको देखिन्छ ।

व्यवहारमा हेर्दा, उक्त ३ तहका समितीहरुको बैठक नियमित नबस्ने गरेको पाईन्छ । बस्दापनि औपचारिकताका लागि र निर्दिष्ट जिम्मेवारीभन्दा अन्य विषयमा हुने गरेको भेटिन्छ । थप २ मन्त्रालयस्तरीय र जिल्लास्तरीय समितीको कार्यप्रगती यस अध्ययनले समय, साधनश्रोत र जनशक्तिको अभावमा अध्ययन गर्न सकेन ।

तलको तालिकाले प्रदेश सरकारमा भएका मूल १३ वटा मन्त्रालय तथा निकायहरुको अनुगमन तथा मूल्यांकनमा हुने गरेको खर्चलाई हेर्ने प्रयास गरेको छ । आ.व. २०७८/७९ मा गरिएको खर्चका आधारमा यहाँ विश्लेषण गरिएको छ । यसबमोजिम ४ वटा मन्त्रालय तथा निकायले गरेको कूल खर्च भन्दा भ्रमण र अनुगमनमा गरेको खर्च अधिक छ भने भ्रमण तथा अनुगमनमा कूल विनियोजित बजेटको ७० प्रतिशत भन्दा बढी उपयोग वा खर्च गर्ने मन्त्रालय निकायको संख्या ६ वटा छ । तथापी के कस्ता र कति वटा समस्या हल भए गरिए भन्ने यथार्थपरक प्रतिवेदन पाउन सकिएन । यसबाट अनुगमन यथार्थपरक र परिणाममूलक बनाउन धेरै सुधार आवश्यक छ भन्ने महसूस हुन आउँछ ।

## तालिका ४५ : कोशीमा भ्रमण अनुगमनमा भएको खर्च विवरण

| आर्थिक बर्ष २०७८/७९ को खर्च शिर्षक नं (२२६११, २२६१२ र २२६१३) अन्तर्गतको विनियोजन र खर्च विवरण (रकम रू हजारमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मन्त्रालय/आयोग/कार्यालय | यथार्थ बिनियोजन | | यथार्थ खर्च | | विनियोजनको आधारमा खर्च प्रतिशत | |
| | | कूल | भ्रमण र अनुगमन मूल्याङ्कन खर्च | कूल | भ्रमण र अनुगमन मूल्याङ्कन खर्च | कूल | भ्रमण र अनुगमन मूल्याङ्कन खर्च |
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९३०४०२ | ९१५५ | ४३५११३ | ८३१८ | ४६.७७% | ९०.९% |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १४१२०७ | ६०१८ | ९५१८१ | ४९८१ | ६७.४१% | ८२.८% |
| ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २९०७९३९ | ३१७१२ | २२६४९४८ | २३७९८ | ७७.८९% | ७५.०% |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४०६९०७ | ३७८८ | ३११०८२ | २२१७ | ७६.४५% | ५८.५% |
| ५ | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २२१२९१३ | ४०५४० | १८०४२६३ | ३३६२२ | ८१.५३% | ८२.९% |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १६२९४३८४ | ३८९६५ | १४९२९८४२ | ३१४३५ | ९१.६३% | ८०.७% |
| ७ | सामाजिक बिकास मन्त्रालय | ५३३९९३२ | ४२३५८ | ४१२७१४० | २१८८८ | ७७.२९% | ५१.७% |
| १० | प्रदेश सभा सचिवालय | २२१९८४ | १४७०० | १९९७८२ | १०७२९ | ९०.००% | ७३.०% |
| ११ | प्रदेश लोक सेवा आयोग | ८४२४१ | २०६० | ६३२८५ | ८८९ | ७५.१२% | ४३.२% |
| १२ | प्रदेश योजना आयोग | ३९१२४ | १७१० | २१३७९ | ११५६ | ५४.६४% | ६७.६% |
| १३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७५९३ | ८९० | ११०५२ | ५०८ | ६२.८२% | ५७.१% |
| कूल जम्मा | | २८५९६६२६ | १९१८९६ | २४२६३०६७ | १३९५४१ | ८४.८५% | ७२.७% |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेशबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको ।

नोटः १.खर्च शिर्षक नं २२६११ अन्तर्गत अनुगमन मूल्याङ्कन खर्च, २२६१२ अन्तर्गत भ्रमण खर्च र २२६१३ अन्तर्गत विशिष्ट व्यक्ति तथा प्रतिनिधी मण्डलको भ्रमण खर्चलाई एकिकृत गरेर भ्रमण तथा अनुगमन मूल्याङ्कन खर्च भन्ने शिर्षकमा गणना गरिएको छ ।

२.आर्थिक मामिला तथा योजना मन्त्रालयको कूल विनियोजन र खर्चबाट खर्च शिर्षक नं २८२१९ (अन्य फिर्ता) को रकम रू १९,३१,६०० (हजारमा) घटाइएको छ ।

*सार्वजनिक वित्तीय व्यवस्थापन*

कोशी प्रदेशको सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धमा सुरेश प्रधानले २०७९ चैत्रमा गरेको एक अध्ययनले वित्तीय व्यवस्थापनका विभिन्न पाटाहरु उजागर गर्छ जसले पद्धती बसाल्ने कमि कमजोरी रहेको तथ्यहरु औंल्याएको छ । सो अध्ययनले औंल्याएको कमिकमजोरी मूलतः ७ वटा क्षेत्रमा छन्:

१. बजेटको भरपर्दोपना - सन्तोषजनक नदेखिएको ।
२. सार्वजनिक वित्तको पारदर्शिता - सन्तोषजनक देखिएको ।
३. सम्पती र दायित्वको व्यवस्थापन - सन्तोषजनक नदेखिएको ।
४. नीतिमा आधारित वित्तीय रणनीति र बजेट - मिश्रित र मध्यम स्तरको अवस्था देखिएको ।
५. बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण - स्तर मिश्रित देखिएको ।
६. लेखांकन र प्रतिवेदन - ठिकै मात्रै देखिएको ।
७. बाह्य छानविन र लेखापरिक्षण - उक्त दुवै सूचकतर्फ सुधार गर्नुपर्ने देखिएको ।

माथिको उदृत अध्ययनको सारबमोजिम आय र व्ययको सम्पूर्ण व्यवस्थापनमा पद्धती बस्न बाँकी रहेका तथ्यहरु देखा पर्छन् ।

*SoP को उपयोग*

माथि एक तालिका अनुसार प्रदेश प्रशासनमा कूल १९३ वटा केन्द्रीय तथा मातहतका निकायहरु रहेको भएकोमा ती मध्येमा कतिपय जनसरोकार राख्ने कार्यालयहरु पनि पर्छन् । तीनले सम्पादन गर्ने कार्यमा छिटो छरितो, मितव्ययी र झन्झटरहित बनाउन साथै तोकिएको लागत र गुणस्तर कायम गराउन एक Standard Operating Procedure (SOP) अत्यावश्यक पर्नु स्वाभाविक हो । हरेक वैज्ञानिक व्यवस्थापन (Scientific Management) लागू भएको संगठनमा यस्तो कार्यपद्धतीको उपयोग गरिन्छ । अनुगमन गरिँदापनि SOP को पूर्ण प्रयोग गरियो वा गरिएन भन्ने आधार वैज्ञानिक हुने गर्छ ।

यस्तो SOP को उपयोग शुरुवातमा यातायात कार्यालय वा भूमि व्यवस्थापन सम्बन्धी कार्यालय वा प्रदेश/जिल्ला अस्पताल हुन सक्छन् । यस अध्ययनले यसको प्रयोग भएको कार्यालयहरुको विवरण भेट्टाउन सकेन । यस बमोजिम कोशी प्रशासनका कुनै निकाय वा कार्यालयले SoP को उपयोग गरेको देखिन्न तथापी स्वास्थ्य संस्थाहरुमा प्रोटोकलहरु छन् ।

*बेरुजु*

बेरुजु सामान्यतयाः प्रशासनभित्र वित्तीय अनुशासनको प्रतिबिम्ब हो । यो अनुशासनको परिपालनाले एउटा सबल प्रशासनको प्रमाण वा झलक दिन्छ । बुझ्न सबैलाई सहजता हुनेगरी २ वटा सूचकांक प्रयोग गर्दै यो अध्ययनले तल विश्लेषण गरेको छ । पहिलो, सम्परिक्षण गरिएको आर्थिक कारोबारको कूल अंकमध्ये के कति प्रतिशत बेरुजु नयाँ वा थप सृजना हुन आयो भन्ने । दोश्रो, भईरहेका कूल बेरुजुमध्ये के कति प्रतिशत फर्छयौट गरियो भन्ने ।

हरेक आ.व. महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखापरिक्षण गर्दा कूल अंकमा बेरुजु सृजनाको अनुपात अन्य प्रदेशको तुलनामा कोशीमा निकै उच्च देखिन्छ । नयाँ बेरुजु सृजना अधिक हुने सूचीमा करीब करीब मधेश प्रदेश पश्चात कोशी प्रदेशको नाम भेटिन्छ । साथै पछिल्लो ५ वर्षको यस सम्बन्धी प्रवृत्ति हेर्दा कतिपय अन्य प्रदेशमा यो सूचकमा अवस्था सुधारोन्मुख देखा पर्छ तर कोशीमा

त्योपनि देखिन्न । यो अवस्था सुधारोन्मुख नभएको प्रदेशको सूचीमा कोशी, कर्णाली र सुदूरपश्चिमको नाम भेटिन्छ ।

तालिका ४६ प्रदेश सरकारको ५ बर्षको बेरुजुको तुलनात्मक स्थिती

| | कोशी प्रदेश | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| आर्थिक बर्ष | लेखापरिक्षण अंकमा बेरुजु प्रतिशत | लेखापरिक्षण अंकमा बेरुजु प्रतिशत | लेखापरिक्षण अंकमा बेरुजु प्रतिशत | लेखापरिक्षण अंकमा बेरुजु प्रतिशत | लेखापरिक्षण अंकमा बेरुजु प्रतिशत | लेखापरिक्षण अंकमा बेरुजु प्रतिशत | लेखापरिक्षण अंकमा बेरुजु प्रतिशत |
| २०७४/०७५ | ३.३८ | ८.२८ | ०.३५ | ०.०३ | ०.२५ | ०.०७ | २.२८ |
| २०७५/०७६ | २.२२ | ४.९४ | १.२९ | २.१८ | ३.१३ | १.५१ | २.१६ |
| २०७६/०७७ | २.६४ | ४.४३ | १.२८ | १.४९ | २.३९ | २.९३ | १.६१ |
| २०७७/०७८ | ३.२५ | ४.५५ | १.२४ | १.०७ | १.१८ | ४.६१ | १.३६ |
| २०७८/०७९ | ३.११ | २.२५ | ०.९१ | १.०२ | २.६२ | ३.७८ | २.३१ |

नोटः पेश्कि बाहेकको बेरुजुलाई मात्र समावेश गरिएको ।

स्रोतः महालेखाको पाँचौ बार्षिक प्रतिवेदन, २०७९ का अधारमा कार्यदलबाट तर्जुमा ।

तलको अर्को तालिकाले बेरुजुको फर्छ्यौट सम्बन्धी क्षमता र अवस्थालाई देखाउँछ । के कति सम्परीषण गरियो र के कति बेरुजु फर्छ्यौट गरियो भन्ने तस्विर तल देख्न पाईन्छ । यसमा हेर्दा, फर्छ्यौटको दर अन्य प्रदेशहरुको तुलनामा सामान्यतः राम्रै देखिन्छ । यद्दपी यो प्रगती अझै पर्याप्त मान्न सकिन्न ।

तालिका ४७ प्रदेश सरकारको बेरुजु फछ्यौंटको तुलनात्मक स्थिती

| | कोशी प्रदेश | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| आर्थिक बर्ष | कुल बेरुजुमा समपरिक्षण र फछ्यौंट प्रतिशत | कुल बेरुजुमा समपरिक्षण र फछ्यौंट प्रतिशत | कुल बेरुजुमा समपरिक्षण र फछ्यौंट प्रतिशत | कुल बेरुजुमा समपरिक्षण र फछ्यौंट प्रतिशत | कुल बेरुजुमा समपरिक्षण र फछ्यौंट प्रतिशत | कुल बेरुजुमा समपरिक्षण र फछ्यौंट प्रतिशत | कुल बेरुजुमा समपरिक्षण र फछ्यौंट प्रतिशत |
| २०७५/०७६ | ०.६६ | ०.०० | ०.०० | ८६.८५ | ०.०० | ०.०० | ५.२८ |
| २०७६/०७७ | २६.३५ | ५.३६ | ३२.८६ | ४३.११ | ६०.५५ | ७.८१ | २६.२६ |
| २०७७/०७८ | १३.५० | ३.६९ | ११.४७ | १७.२३ | १९.४२ | ८.७३ | ३६.८३ |
| २०७८/०७९ | १२.७८ | १.४८ | १.०१ | ७.७६ | ८.५९ | ५.१३ | ४.९८ |

स्रोतः महालेखाको पाँचौ बार्षिक प्रतिवेदनहरुका अधारमा कार्यदलबाट निर्मित ।

आन्तरीक लेखा परिक्षण प्रयोगमा छ तर यो औपचारितामा सिमित छ । सबै मन्त्रालय वा निकायले गरेपनि यसबाट अन्तिम लेखापरिक्षणमा खासै कुनै असर परेको देखिन्न ।

*सार्वजनिक सुनुवाइ*

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २९ ले सर्वसाधारणलाई सेवा दिने जिल्ला वा स्थानीय कार्यालय प्रमुखले कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाइ गराउनु पर्ने भन्ने व्यवस्था छ । त्यस्तो सुनुवाइमा सोही ऐनको सोही दफाको उपदफा (२) बमोजिम सम्बन्धीत विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधी तथा स्थानीय निकायका पदाधिकारी समेतलाई आमन्त्रण गर्नु पर्ने भनिएको छ । यस्तो सुनुवाइलाई व्यवस्थित बनाउने उद्देश्यले प्रदेश सुशासन ( व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को अनुसूची ४ मा एक कार्यविधि अबलम्बन गर्न सहज उपलब्ध छ ।

प्रदेश प्रशासनबाट विभिन्न मन्त्रालय वा निकाय अर्न्तगत संचालित आयोजना कार्यक्रमहरुमा सार्वजनिक सुनुवाइ अपनाउने गरेको प्रमाण भेटिएन । ९ वटा मन्त्रालयहरुको वेभसाइटमा गत आ.व. २०७८/७९ को उपलब्ध प्रतिवेदनहरु हेर्दा कुनै मन्त्रालयले पनि सार्वजनिक सुनुवाइ आयोजना गरेको विवरण यो कार्यदलले पाउन सकेन ।

यसबाट सार्वजनिक सुनुवाइ गरिँदा सरोकारवाला सबै पक्षहरुको उपस्थितीमा आयोजना कार्यक्रमको सार्वजनिक मूल्यांकन हुने जुन संभावना साथै लाभ हासिल गर्न सकिन्छ सोको सर्वथा अभाव पाइन्छ ।

खासगरी, सार्वजनिक सुनुवाइ नगरिँदा सेवाग्राहीहरुलाई सेवा सुविधाबारे जानकारी दिने, कुनै समस्या, जनगुनासो तथा उजूरी भए सो प्रस्तुत गर्ने, सन्चालन गर्न लागिएका योजना, परियोजना र बजेटका बारेमा सबै सरोकारवालालाई जानकारी गराउने अवसर गुमेको छ । त्यसैगरी, संचालित कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभावबारे मूल्यांकन गर्ने, अघिल्लो पटक गरिएको सार्वजनिक सुनुवाइमा औंल्याईएका विषयमा सुधार उपलब्धीको चर्चा गर्ने साथै अन्य समसामयिक विषयमा पृष्ठपोषण प्राप्त गर्ने संभावना प्रदेश प्रशासनका सम्बन्धित निकायले गुमाईरहेका छन् ।

*कार्यक्रम/आयोजना स्थलमा सूचना बोर्ड*

कुनैपनि आयोजना वा कार्यक्रम सन्चालन गर्नुपर्दा सर्वसाधारणदेखि सरोकारवालासम्मलाई उक्त आयोजना वा कार्यक्रमका बारेमा जानकारी दिन सामान्य सूचना विवरण राख्ने अन्यत्रको पनि अभ्यास हो । यसबाट सबैलाई सूचित गर्न मद्दत पुग्छ । साथै त्यस्तो आयोजना वा कार्यक्रम सन्चालनकर्तालाई पनि पारदर्शितादेखि सोको सफल कार्यान्वयन गर्न गराउन सबैको सहयोग मिल्छ ।

तर कोशी प्रदेश सरकारले लगानी र संचालन गरेका विकास वा सेवाजन्य आयोजना वा सेवाजन्य कार्यक्रममा प्रदेश सरकार देखिन्न । चाहे आफ्नै मन्त्रालय वा निकायबाट संचालित त्यस्ता आयोजना वा कार्यक्रम हुन् चाहे सशर्त अनुदान पालिकालाई दिएर संचालन गरेका विषय हुन् चाहे गैससमार्फत संचालित कार्यक्रम होस् प्रदेश सरकारको नाम विरलै सार्वजनिक रुपमा देखिन्छ । हुँदाहुँदा यस प्रदेश सरकारको बहुवर्षे, ठूलो र विगतमा प्रदेशको नीति कार्यक्रमको वक्तव्यमा प्रदेश गौरव आयोजना समेत भनिएको घिनाघाट-बिराटचोक सडक आयोजनास्थलमा कहींकतै कति लगानीमा निर्माण गरेको, आयोजना अवधी के कति हो भन्ने विवरण भएको साइनबोर्ड देखिन्न भेटिन्न ।

यसबाट बजेट दिएर पनि प्रदेश नदेखिने बिडम्बनापूर्ण स्थिती कायम छ र प्रदेश सरकारले के कति गऱ्यो भन्ने सार्वजनिक जानकारीको अभाव महसूस हुन्छ ।

*नागरिक वडापत्र*

कोशी प्रदेशले जारी गरेको प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २४ (१) बमोजिम सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क हुने प्रत्येक प्रदेश कार्यालयले नागरिक बडापत्र (फलेक्स, डिस्प्ले, बोर्ड आदि) अनिवार्य राख्नु पर्ने व्यवस्था गरेको छ । सोही दफा (२) मा देहायको कुराहरु बडापत्रमा उल्लेख हुन पर्ने भनिएको छः

१. कार्यालयले दिने सेवा र प्रकृति
२. सेवाग्राहीले पूरा गर्नु पर्ने कार्यविधी
३. सेवा लिँदा लाग्ने समयावधी
४. सेवा प्रदान गर्ने पदाधिकारीको नाम, दर्जा र कार्यकक्षको विवरण
५. लाग्ने दस्तुर तथा अन्य रकम

सोही ऐनको दफा २४ को उपदफा (४) ले बडापत्र बमोजिम सेवा नदिएमा विभागीय कार्वाही हुने र उपदफा (५) ले सेवाग्राहीको कुनै हानि नोक्सानी भएमा क्षतिपूर्ति समेत हुने व्यवस्था गरेको छ ।

सोही ऐनको नियमावली २०७७ को नियम १७ ले नागरिक बडापत्रका लागि थप व्यवस्थाहरु गरेको छ । सोमध्ये नियम १७ को उपनियम (४) ले क्षतिपूर्तिको निर्धारण गर्न जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा एक समिति रहने समेत व्यवस्था गरेको छ ।

अध्ययन कार्यदलले विश्लेषणका लागि हेर्दा प्रदेश प्रशासन अर्न्तगत सेवा दिने कार्यालयहरुमा नागरिक बडापत्रको उपयोग स्तर सन्तोषजनक देखिन्न । भीडभाड हुने कार्यालयहरु जस्तैः यातायात, स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा पनि बडापत्र व्यवस्थित भएको पाईएन ।

बडापत्र राखिएकोमा पनि माथि उल्लेख गरिएका पर्याप्त सूचनाहरु राखेको पाईएन ।

क्षतिपूर्तिको व्यवस्थाको कुनै अभ्यास भएको देखिएन । सोका लागि क्षतिपूर्ति निर्धारण समितिको बैठक कतै बसेको र कुनै निर्णय गरेको प्रमाण यस अध्ययनले फेला पार्न सकेन ।

*घुम्ती सेवा*

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २५ ले सर्वसाधारणलाई कुनै सेवा सेवाग्राही रहे बसेको स्थानीय तहमा उपलब्ध गराउन समय समयमा घुम्ती सेवा सन्चालन गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी, सोही ऐनको नियमावली २०७७ को नियम १८ ले निम्न ३ खाले सेवाग्राहीलाई लक्षित गरी प्रदेश सरकारको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको संयोजनमा घुम्ती सेवा दिन पर्ने प्रावधान गरेको छः

१. कार्यालयबाट तुलनात्मक रुपमा टाढा रहेका समुदाय वा सेवाग्राहीलाई,
२. कुनै कारणले सार्वजनिक सेवा प्राप्त गर्न कठिनाई भोगिरहेका सेवाग्राहीलाई,
३. तुलनात्मक रुपमा पिछडिएका क्षेत्रको वर्गको सेवाग्राहीलाई ।

साथै, सोही नियमावलीको नियम १८ (४) ले घुम्ती सेवा सन्चालन दिएपछि ७ दिनभित्र तालुक निकायमा सेवा सन्चालनको प्रतिवेदन पठाउनु पर्ने अनिवार्य व्यवस्थापनि छ ।

यस अध्ययनका क्रममा माथि भनिएभैँ घुम्ती सेवा दिएको १ हप्ताभित्र तालुक निकायमा प्रतिवेदन पठाउने व्यवस्था छ । तिनको समेत आधारमा सम्बन्धित मन्त्रालयले वार्षिक प्रगति प्रतिवेदन तयार गर्छ । यस कार्यदलले सबै मन्त्रालयहरुको वेभसाइटमा गत आ.व. को प्रतिवेदन अध्ययन गरी तलको

तालिका तर्जुमा गरेको छ जसले प्रदेश सरकारमातहत गत आ.व. मा संचालित घुम्ती सेवाबारे देहायको तस्विर पेश गर्छ:

तालिका ४८: कोशी प्रदेशमा आ.व. २०७८/७९ मा संचालित घुम्ती सेवाको विवरण

| सि.न. | मन्त्रालय | घुम्ती सेवा गरेको | पटक |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | नदेखिएको | |
| २ | स्वास्थ्य मन्त्रालय | नदेखिएको | |
| ३ | खानेपानी सिचाइँ तथा उर्जा मन्त्रालय | नदेखिएको | |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | नदेखिएको | |
| ५ | सामाजिक विकास मन्त्रालय | नदेखिएको | |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | वेभसाइट नखुलेको | |
| ७ | पर्यटन वन तथा वातावरण मन्त्रालय | नदेखिएको | |
| ८ | उद्योग कृषि तथा सहकारी मन्त्रालय | नदेखिएको | |
| ९ | आन्तरीक मामिला तथा कानून मन्त्रालय | नदेखिएको | |

नोटः मिति २०८०/०२/२६, शुक्रबार, अपरान्ह ३:००-४:०० बजे कार्यदलबाट गरिएको वेभसर्चमा आधारित ।

यस कार्यदलले घुम्ती सेवा संचालनमा आएको प्रगती प्रतिवेदनमा देख्न पाएन । यसबाट घुम्ती सेवा सम्बन्धि कानूनी व्यवस्थाको अभ्यास नै प्रारम्भ नभएको देखिन्छ वा भएको भए तालुकवाला निकायमा गरिने यस सम्बन्धि रिर्पोटिङ्गमा समस्या भएको अनुमान गर्न सकिन्छ ।

*शासकिय सुधार एकाई*

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २८ मा हरेक मन्त्रालयमा शासकिय सुधार एकाईको स्थापना हुनेछ भन्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको नियमावली २०७७ को नियम २१ ले हरेक मन्त्रालयमा हुने यस्तो एकाईको प्रमुख काम कर्तव्य अधिकार देहाय बमोजिम हुने व्यवस्था गरेको छ:

१. प्रदेश मन्त्रालयबाट हुने कानून, नीति र कार्यविधी निर्माण एवं सुधारमा सहयोग गर्ने,
२. मन्त्रालय सम्बन्धी कार्य प्रक्रिया र कार्यविधी सुधारका लागि निरन्तर लागिरहने,
३. सार्वजनिक प्रशासन र व्यवस्थापनका नवीनतम मान्यताहरुको् प्रयोगबाट प्रदेशका कार्यालयहरुको गुणस्तर सुधार गर्ने,
४. शासकिय सुधारको तालीम, गोष्ठि र अन्तरक्रिया गर्ने,
५. शासकिय सुधारलाई अभिन्न अङ्गका रुपमा विकास गर्ने,
६. सार्वजनिक सेवा र शासकिय सुधारको अनुगमन गरी प्रदेश सरकारलाई मितव्ययी, दक्ष र जनमुखी बनाउने ।

यसको कार्यान्वयनका सम्बन्धमा यस कार्यदलले प्रदेशका सबै ९ मन्त्रालयहरुको अफिसियल वेभसाइटमा उपलब्ध आ.व. २०७८/७९ को वार्षिक प्रगती प्रतिवेदन र संगठन ढाँचाहरुको अध्ययन गऱ्यो । सोका आधारमा देहायको तालिका तर्जुमा गरिएको छ:

तालिका ४९: शासकिय सुधार एकाईको स्थापना सम्बन्धी विवरण

| सि.न. | मन्त्रालय | संगठन ढाँचामा | विवरण |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | देखिएको | शासकिय सुधार तथा समन्वय महाशाखा र शासकिय सुधार तथा संचार शाखा रहेको |
| २ | स्वास्थ्य मन्त्रालय | नदेखिएको | |
| ३ | खानेपानी सिचाइँ तथा उर्जा मन्त्रालय | नदेखिएको | |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | नदेखिएको | |
| ५ | सामाजिक विकास मन्त्रालय | नदेखिएको | |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | वेभसाइट नखुलेको | |
| ७ | पर्यटन वन तथा वातावरण मन्त्रालय | नदेखिएको | |
| ८ | उद्योग कृषि तथा सहकारी मन्त्रालय | नदेखिएको | |
| ९ | आन्तरीक मामिला तथा कानून मन्त्रालय | नदेखिएको | |

नोटः मिति २०८०/०२/२६, शुक्रबार, अपरान्ह ४:३०-५:१५ बजे कार्यदलबाट गरिएको वेभसर्चमा आधारित ।

माथिको तालिकामा हेर्दा प्रदेशका ९ मन्त्रालयहरु मध्ये केवल मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मात्र शासकिय सुधार सम्बन्धी संस्थागत व्यवस्था गरिएको छ। अन्य ८ मन्त्रालयहरुमा त्यस्तो व्यवस्था भए गरेको देखिएन । समय, साधनश्रोत र सूचनाको अभावमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले नियमावली २०७७ को नियम २१ ब्मोजिम के कति कार्यसम्पादन गरेको छ, सो हेर्न र विवेचना गर्न यस अध्ययनमा संभव भएन ।

*तालिम प्रदायकहरुको आत्मनिर्भरता*

यस अध्ययनले आ.व.२०७८/७९ मा हाल भईरहेका ८ वटा तालिम तथा अनुसन्धान प्रदायक निकायहरुको राजस्व क्षमताको विश्लेषण गर्ने प्रयास तलको तालिकाबाट गरेको छ। उक्त आ.व. मा कुनैपनि निकायले तालिम र अनुसन्धान गतिविधीबाट आय गरेको देखिएन ।

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले प्रदेश र स्थानीय तहका लागि तालिम तथा अनुसन्धान सेवा बिक्रि गर्न सक्ने र आय गर्न सक्ने ध्येय सो प्रतिष्ठानको स्थापना गर्न २०७९ जेष्ठमा जारी गरिएको ऐनले गरेको छ। उक्त ऐनको दफा २० (ग) ले सो संभावनाको बाटो खोलिदिएको छ जहाँ प्रतिष्ठानको कोष सम्बन्धी व्यवसाय गर्दै प्रतिष्ठानले परामर्श सेवा, प्रशिक्षण एवम अनुसन्धान सेवा गरे वापत आर्जित आय हुने प्रावधान छ। तर सोको उपयोग भएको तलको तालिकामा देखिएन ।

तालिका ५० कोशी प्रदेश सरकारका तालिम र अनुसन्धान प्रदायक निकायहरुले गरेको आम्दानी

| सि.नं. | तालिम प्रदायक निकायको नाम | आव २०७८/७९ मा आय (रकम रु) |
|---|---|---|
| १ | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, झापा | ० |
| २ | स्वास्थ्य तालिम केन्द्र, धनकुटा | ० |
| ३ | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, झापा, ओखलढुङ्गा | ० |

| सि.नं. | तालिम प्रदायक निकायको नाम | आव २०७८/७९ मा आय (रकम रु) |
|---|---|---|
| ४ | शिक्षा तालिम केन्द्र, सुनसरी | ० |
| ५ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुनसरी | ० |
| ६ | प्रदेश सहकारी रजिष्टार तथा सहकारी प्रशिक्षण कार्यालय, सुनसरी | ० |
| ७ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिक केन्द्र, सुनसरी | ० |
| ८ | पशु सेवा तालिम केन्द्र, दुहवी | ० |

स्रोतः प्रदेश सरकारबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित ।

## ४.६ नविनता र प्रविधीको उपयोग

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३६ ले सूचना प्रविधीलाई व्यवहारमा ल्याउने भनिएको छ । सोही ऐनको नियमावली, २०७७ को नियम २८ ले प्रत्येक मन्त्रालय, विभाग, निर्देशनालय, डिभिजन कार्यालय, प्रदेश सरकारी निकाय एवं कार्यालयले सूचना प्रविधीलाई व्यवहारमा उतार्दा देहाय बमोजिमका मुख्य मुख्य विषयलाई ख्याल गर्नु पर्ने प्रावधान गरेको छः

१. आफ्नो सूचना र तथ्यांक यथासम्भव कम्प्यूटरमा राख्ने
२. आफ्नो कार्यालयको वेभपेजमा नागरिक बडापत्र, सन्चालन कार्यविधी, कार्यालयको सेवासम्बन्धी फाराम, प्रकाशनहरु र सूचनाहरु राख्ने,
३. नीति निर्माण, सेवा वितरण र सुरक्षा प्रबन्ध छिटो छरितो तुल्याउने,
४. प्रवाह गरिएको सेवाबारे सूचना प्रविधिको माध्यमबाट पृष्ठपोषण लिई सुधार र गुनासो व्यवस्थापन गर्ने,
५. शासकिय सुधार एकाईले सूचना प्रविधीको उपयोगका क्षेत्रको खोजी गर्ने ।

माथिका अतिरिक्त सूचना प्रविधीको उपयोगद्धारा सेवामा प्रभावकारिता र मितव्ययिता ल्याउने मन्त्रालय, विभाग, निर्देशनालय, डिभिजन कार्यालय, प्रदेशस्तरीय निकाय वा कार्यालय वा कर्मचारीलाई नेपाल सरकार तथा प्रदेश सरकारले पुरस्कृत गर्न सक्ने समेत व्यवस्था सोही नियमावलीको नियम २८ (२) ले गरेको छ ।

उक्त व्यवस्थाहरुको कार्यान्वयनको विश्लेषण गर्न खोज्दा यस कार्यदलले विभिन्न कार्यालयहरुको वर्तमान अवस्था सम्बन्धी तथ्यांक पाउन सकेन । अतः यो अध्ययन प्रदेश कार्यालयबाट सेवा दिईने र सबैभन्दा बढी भीडभाड जनसम्पर्क हुने कार्यालय यातायात व्यवस्था कार्यालयमा सिमित भएर विश्लेषण गरियो । यसका लागि एउटा केसस्टडी सम्पन्न गरिएको छ जुन यहाँ तल प्रस्तुत छः

**मामिला अध्ययन (केस स्टडी) ३: कोशी प्रदेशका यातायात व्यवस्था कार्यालयहरु**

भौतिक पूर्वाधार बिकास मन्त्रालयको मातहत रहने गरी ३ वटा यातायात व्यवस्था कार्यालयहरु (सवारी चालक अनुमतिपत्र-ईटहरी, सवारी-ईटहरी र झापा) साथै तीनवटा यातायात व्यवस्था सेवा कार्यालय (ईलाम, मोरङ र उदयपुर) प्रदेश नं. १ मा वि.स. २०७५ सालमा हस्तान्तरण भई भएको थियो । त्यसपश्चात यातायात

व्यवस्था कार्यालय, ओखलढुंगा र यातायात व्यवस्था सेवा कार्यालय, धनकुटा प्रदेश सरकारले थप स्थापना र संचालन गरेको छ। यसरी कोशी प्रदेशमा जम्मा ८ वटा यातायात कार्यालयले सेवा प्रवाह गर्दै आएका छन्। यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, ईटहरी वाट सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा र यातायात व्यवस्था कार्यालय, सवारी, ईटहरीवाट सवारी सम्बन्धी सेवा प्रवाह र बाँकी माथि भनिएका सबै कार्यालयहरुवाट सवारी चालक अनुमतिपत्र र सवारी दुवै प्रकारको सेवा प्रवाह भईरहेको छ।

कानूनी प्रबन्धतर्फ सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र नियमावली, २०५४ हाल प्रचलनमा छन्। यसका अतिरिक्त विभिन्न कार्यविधि संघीय सरकारबाट निर्माण भई लागु भईरहेको छ।

सूचना प्रविधीको प्रयोगमार्फत सेवा दिने प्रयोजनका लागि यातायात व्यवस्था विभाग, मीनभवन काठमाण्डौको नियन्त्रणमा रहने गरी Electronic Driving License and Vehicle Registration System– EDLVRS चालु रहेको र उक्त EDLVRS मा सवारी चालक अनुमतिपत्र सम्बन्धी प्रणाली प्रयोगमा रहेको छ। लाइसेन्स स्मार्ट कार्ड यातायात व्यवस्था विभागले छाप्ने गरेको तर सेवाग्राहीले स्मार्ट कार्ड पाउन कम्तिमा ६ महिना लाग्ने गरेको अवस्था छँदैछ। यातायात कार्यालयमा दैनिक बायोमेट्रिक दर्ता गर्न, सवारी दर्ता किताव नवीकरण गर्न, बैंकमा राजश्व दाखिला गर्न र मेडिकल जाँच गर्न लामो भिड दैनिक जम्मा हुने गरेको छ। यी कार्यहरुमा सहजता ल्याउन नसक्ता विचौलिया हावी भएको र सेवाग्राही मर्कामा पर्नु परेको छ। यो अवस्थामा प्रदेश सरकारबाट सबैभन्दा जनसम्पर्क हुने कार्यालयका रुपमा रुपमा रहेको यातायात व्यवस्था कार्यालयहरु प्रदेश सरकारको छवि निर्माणको लागि चुनौती र अवसर दुवै हुन्।

किन यस्तो असहजता भयो ? यो विषयलाई खोतल्दा यातायात व्यवस्था सेवा कार्यालयहरुको O&M नगरिकन सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा संचालन गर्न मन्त्रालयवाट अधिकार प्रत्यायोजन भएको रहेछ। त्यस्तै, यातायात कार्यालयमा खटिने कर्मचारीहरुलाई खटाईएको वा जिम्मेवारी दिईएको बखत कार्यबिबरण उपलब्ध गराईंदो रहेनछ। अचम्म त प्रारम्भमा ती कार्यालयको इ७ गर्दाको बखत तयार गरिएको कार्यविवरण अहिले ती कार्यालयसँगै नभएको भनिन्छ।

सूचना प्रविधीको प्रयोगतर्फ हेर्दा सवारी दर्ता सम्बन्धी प्रणालीको (e-VRS) प्रयोग गर्न बिभागले निर्देशन गरेपनि प्रयोगमा आउँदो रहेनछ। जर्बजस्त ढंगले उक्त प्रणाली अवलम्बन नगर्ने प्रवृत्ति जारी रहेछ। अर्थात Resist to Change ज्यादै उच्च छ। सँगसँगै समन्वय र सहयोग एकदमै कमजोर छ। जस्तैः यातायात व्यवस्था कार्यालयले कुनै समस्यालाई लिएर यातायात व्यवस्था विभागसँग सम्पर्क गर्दा प्रतिक्रिया प्राप्त हुँदैन। त्यहाँको IT ईन्जिनियरले फोन उठाईदिन्न। अर्को समस्या छ तालिमको। तालिम नपाएका कर्मचारीले त्यस्तो प्रणालीमा काम गर्न सक्तैन। यो कसरी बुझाउने ?

सुधार्ने संभावना नभएको हैन तर धेरै मिहिनेत चाहिन्छ। पहिला त Online Payment को व्यवस्था गर्नु पर्‍यो। ईन्टरनेटको माध्यमवाट सवारी दर्ता गर्ने व्यवस्था हुन पर्‍यो। त्यसको लागि विभागको e-VRS प्रणालीलाई कडाईका साथ अपनाउनु पर्‍यो। त्यसलाई अपनाए नअपनाएको मन्त्रालयले अनुगमन गर्नु पर्‍यो। प्रदेश प्रशासनमा अनुगमनका ४-५ तहको संयन्त्र छ, ठूला मान्छेहरु अनुगमनका लागि भन्दै हिंड्छन् तर त्यस्तो अनुगमन यत्ता e-VRS का लागि हुन्न।

हुँदाहुँदा, ट्रायल सेन्टरको बाढी छ तर तिनको छनौट सम्बन्धी कार्यबिधि छैन। सो लागू हुन पर्‍यो। कोशी प्रदेशको यातायात कार्यालयमा उत्पन्न भएका समस्याहरुको तत्काल समाधान गर्न प्रदेश सरकारले IT ईन्जिनियर नियुक्ति गरी बिभागमा सम्पर्क व्यक्तिको रुपमा खटाउनु पर्‍यो। स्मार्ट कार्ड प्रदेशमा नै छापिने व्यवस्था मिलाउनु पर्‍यो। सेवा दिंदा के कसरी दिने भन्ने बुझाउन SOP बनाएर लागू गर्न पर्‍यो। कार्यालयमा सेवामा खटिएका कर्मचारीहरुको Quality Control गर्न र दैनिक कार्यसम्पादनको मूल्याँकन गर्न EDL–VRS मा कार्यालय प्रमुखको पहुँच दिन उक्त प्रणालीमा सुधार गरिनु पर्‍यो।

जनशक्ति व्यवस्थापनतिर समस्याको थुप्रो छ। कार्यालयलाई आवश्यक पर्ने जनशक्ति समयमा नै उपलब्ध गराउनु पर्‍यो। सरुवा प्रणालीलाई पुर्व अनुमानयोग्य नबनाई भएन। तालिम प्रदान गरेका वा लिएका कर्मचारी मात्र यातायात कार्यालयमा खटिनु पर्‍यो।

अर्को बेथिती अभिलेख व्यवस्थापनमा छ। सवारी साधनहरुको बिबरणको विद्युतीय अभिलेख छैन। त्यो राखिनु पर्‍यो। मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा कार्यालयको प्रगतिको समिक्षा गर्ने र सोको अभिलेख राख्ने प्रणाली बस्नु पर्‍यो।

राजश्व व्यवस्थापन बिजोगमा छ। कमसेकम सेवाग्राहीहरुले प्रदेश सरकारलाई बुझाउनु पर्ने राजश्व अनलाईनको माध्यमबाट दाखिला गर्न मिल्नु पर्‍यो। त्यस्तै, Revenue Management Information System (RMIS) र Vehicle Registration System (VRS) बीच Linkage हुन पर्‍यो।

संगठन तथा व्यवस्थापनमा पनि समस्या छ। सबै यातायात कार्यालयहरुको संगठन संरचनाको पुनरावलोकन गर्ने भएको छ। भईरहेका यातायात व्यवस्था सेवा कार्यालयहरुलाई यातायात व्यवस्था कार्यालयमा स्तरोन्नती गर्नु पर्ने भईसकेको छ। अबको संगठन फरक हुन पर्छ। एउटा सेवाग्राहीले एउटै डेस्कवाट सेवा प्राप्त गर्न पाउनु पर्छ। यसका लागि एउटा सेवाग्राहीको लागि एउटा छैटौं तहको अधिकृत Assigned हुनुपर्छ। कोही सेवाग्राही भोली सेवा लिन कार्यालय भिजिट गर्दैछ भने उसको सेवा प्रदायक अधिकृत को हो भनेर सेवाग्राहीले अग्रिम जानकारी पाउनुपर्छ। यातायात व्यवस्था कार्यालयहरुलाई सवारी साधन दर्ता गर्ने र सवारी चालक अनुमतिपत्र जारी गर्ने गरी २ छुट्टाछुट्टै कार्यालयमा विभाजन गरी सेवा प्रवाह गर्नु पर्ने भईसकेको छ। यसका अतिरिक्त देहायको व्यवस्थाले यातायात कार्यालयहरुलाई सेवामैत्री बनाउने छः

- सूचना र प्रविधिः कार्यालयका सवै कर्मचारीहरुलाई यातायातसंग सम्बन्धित प्रविधिको तालिम दिने,
- सेवा प्रवाहः नागरिक सहायता कक्षको व्यवस्था गर्ने, स्पष्ट नागरिक वडापत्र तयार गर्ने,
- उत्प्रेरणाको व्यवस्थाः सेवा प्रवाहलाई सरल, सक्षम, नतिजामूखी, भ्रष्टाचारमुक्त, पारदर्शी, निस्पक्ष, जवाफदेही बनाई कर्मचारीलाई उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गर्ने,
- अनुगमन तथा निर्देशनः तालुक निकायवाट नियमित रुपमा अनुगमन तथा निर्देशन गर्नु पर्ने।

(कोशीका यातायात व्यवस्था कार्यालयहरुमा विगतमा सेवा गरेका अधिकृतहरुबाट प्राप्त जानकारीमा आधारित)

माथिको केस स्टडीका आधारमा यस प्रदेशका यातायात कार्यालयहरुमा सेवा आमूल सुधार गर्न सूचना प्रविधीको उपयोग गर्ने पहल शुरु भएको देखिन्छ। तर यस्तो पहलमा धेरै सहयोगी क्रियाकलापहरुको कमि खटकिन्छ। यस्तै कारणहरुले गर्दा हालसम्म प्रयोगमा ल्याईएका सूचना प्रविधीले अपेक्षित परिणाम दिन नसकेको निचोडमा यो अध्ययन पुग्यो।

## ४.७ मनोवृत्ति तथा आचरण

*कर्मचारीको आचरण*

प्रदेश निजामती सेवा ऐन, २०७९ को परिच्छेद ९ ले प्रदेशका समस्त निजामती कर्मचारीबाट आचरणका बारेमा विभिन्न अपेक्षाहरु गरेको छ। दफा ७४ देखि ८९ मा भएका करीब १६ वटा दफामार्फत १६ खाले आचरणगत अपेक्षाहरु उक्त ऐनले लिएको छ। यस सम्बन्धी विवरण तलको तालिकामा दिईएको छः

तालिका ५१: प्रदेश निजामती कर्मचारीका आचरणका सम्बन्धमा गरिएका व्यवस्थाहरु

| क.स. | प्रदेश निजामती सेवा ऐन २०७९ का दफा | आचरण |
|---|---|---|
| १ | ७४ | समयपालना र नियमितता |
| २ | ७५ | अनुशासन र आदेशपालन |
| ३ | ७६ | राजनीतिक वा अवान्छनीय प्रभाव पार्न नहुने |

| क.स. | प्रदेश निजामती सेवा ऐन २०७९ का दफा | आचरण |
|---|---|---|
| ४ | ७७ | राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुने |
| ५ | ७८ | सरकारको आलोचना गर्न नहुने |
| ६ | ७९ | सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध |
| ७ | ८० | दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध |
| ८ | ८१ | कम्पनी स्थापना वा सन्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुने |
| ९ | ८२ | अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने |
| १० | ८३ | निर्वाचनमा भाग लिन नहुने |
| ११ | ८४ | प्रदर्शन र हडताल गर्न प्रतिबन्ध |
| १२ | ८५ | प्रतिनिधित्व गर्न नहुने |
| १३ | ८६ | यौनजन्य दुर्व्यवहार गर्न नहुने |
| १४ | ८७ | यातना दिन नहुने |
| १५ | ८८ | सम्पति विवरण पेश गर्नु पर्ने |
| १६ | ८९ | स्थायी आवासीय अनुमति (पीआर) लिन नहुने |

स्रोतः प्रदेश निजामती सेवा ऐन, २०७९ का आधारमा कार्यदलबाट निर्मित ।

माथि उल्लिखित आचरण सम्बन्धी व्यवस्थाहरुको परिपालनाको भरपर्दो अनुगमन सुपरिवेक्षणको अभ्यास नभएको पाईन्छ । आचरण सम्बन्धी कानून छ तर सुपरिवेक्षण नहुँदा सोको उल्लघन भएको छैन भन्न सकिने ठाउँ भएन । त्यसैगरी सुपरिवेक्षणको अभावमा आचरणगत खराब पात्र र तिनको गतिविधीलाई नियन्त्रण गर्न नसकिएको विश्वास गर्न सकिन्छ ।

*सामाजिक संजाल र अनाधिकृत साइट*

तलको तालिकाले कार्यालयमा सामाजिक संजालको उपयोग गर्ने खुला वातावरणलाई नियन्त्रण गरिए नगरिएको अवस्था देखाउँछ । साथै, अनधिकृत वेभसाइट निषेध भए नभएको अवस्थालाई समेत देखाउँछ । यो दुवै अवस्था कर्मचारीको मनोवृत्ति र आचरणका प्रतिबिम्ब हुन् ।

तलको तालिकाले कार्यालय समयभित्र प्रदेशका कुनैपनि कार्यालयमा सामाजिक संजाल प्रयोग गर्न नरोकिएको अवस्था दर्शाउँछ। त्यस्तै अनाधिकृत वेभसाइटहरु नियन्त्रण नगरिएको देखाउँछ। यसबाट सामाजिक संजाल प्रयोगकर्ता कर्मचारी साथै अनाधिकृत वेभसाइट भिजिट गर्नेलाई रोकिएको मान्न नसकिने अवस्था देखिन्छ ।

तालिका ५२ : कार्यालयमा सामाजिक संजाल र निषेधित साइटको प्रयोग

| कार्यालय समयभित्र सामाजिक संजाल र अनाधिकृत वेभसाइट निषेध गरिएको सम्बन्धी विवरण | | |
|---|---|---|
| क.सं | निकाय | सङ्ख्या |
| १ | मन्त्रालय | ० |
| २ | आयोग | ० |

| | | |
|---|---|---|
| ३ | कार्यालयहरू | ० |
| ४ | अन्य निकायहरु | ० |
| स्रोतः संबन्धित निकायबाट प्राप्त विवरणको आधारमा कार्यदलद्वारा तयार पारिएको । | | |
| नोटः केन्द्रिय निकायहरुको विवरणलाई मात्र आधार लिइएको छ। | | |

*स्वार्थ बाझिने निर्णय*

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा १७ ले निर्णय गर्ने प्रदेश अधिकारीले स्वार्थ बाझिने भएमा निजले निर्णय गर्न नसक्ने व्यवस्था गरेको छ । यदि गरेमा तोकिएबमोजिम कारवाही हुनेछ भन्ने सम्मको प्रावधान छ। यदि कुनै निर्णयकर्ता अधिकारीसमक्ष यस्तो विषय आएमा आँफू सचिव भएमा प्रमुख सचिवसमक्ष र अन्य अधिकारी भएमा १ तहमाथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुख निर्णयकर्ता भएमा प्रदेश मन्त्रिपरिषद समक्ष पेश गर्नु पर्नेछ।

तर व्यवहारमा हेर्दा यस अध्ययनले विगतमा स्वार्थ बाझिएको विषय भएको जानकारी दिँदै कुनै निर्णयकर्ता अधिकारीले आँफूमाथिको तहबाट निकासा माग गरेको कुनै लिखित रेकर्ड भेट्न सकेन । यसबाट कि त यस्तो विषय आउँदै नआएको कि यस व्यवस्थालाई निर्णयकर्ता अधिकारीले वास्ता गरेको मान्न सकिन्छ।

यसका अतिरिक्त प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा १७ को उपदफा (१) बमोजिम स्वार्थ बाझिने विषयमा निर्णय गर्ने प्रदेश अधिकारीलाई तोकिएबमोजिम कारवाही हुनेछ भनिएतापनि सो कारवाही सम्बन्धी व्यवस्था सोही ऐनको नियमावली २०७७ ले तोकेको देखिएन । यसबाट अवश्यपनि त्यस्तो निर्णय भएको अवस्थामा कारवाही अघि बढ्ने कानूनी प्रावधान अपर्याप्त रहेको देखिन्छ।

*परिवर्तन प्रतिरोध (Resist to Change)*

संसारभरी नै निजामती सेवामा कार्यरत कर्मचारीहरुको मनोवृत्ति परिवर्तनमुखी भन्दा यथास्थितीवादी हुने गर्छ । परिवर्तनमा आँफूलाई जोखिम (Risk) देख्ने हुँदा सहजता (Comfort) खोज्ने वा रोज्ने प्रवृत्ति व्याप्त हुने गर्छ। यस दृष्टिकोणबाट यस अध्ययनले यो पाटोको खोजि गर्ने प्रयत्न तल गरेको छ। यसका लागि भएका ९ मन्त्रालयहरुले कार्यदलले अध्ययनका लागि माग गरेको सुझावलाई कुन र कति मन्त्रालयले सहजताका साथ लिए र सुझाव उपलब्ध गराए भन्ने सूचकको उपयोग गरेको छ । अन्य पाटो सिमित समय, जनशक्ति र साधनश्रोतका कारण समेट्न सकिएन । अन्य केन्द्रिय निकायसँग सुझाव माग गर्न सोही कारणले सकिएन ।

सुझावका लागि ४ पटक यस कार्यदलले अनुरोध गऱ्यो । पहिलो पल्ट सार्वजनिक सूचना मार्फत सबै सरोकारवालाहरुसँग सुझावका लागि आव्हान गरियो । दोश्रो पल्ट प्रदेश सरकारका सबै सचिवहरुसँग माग गरियो । यसका लागि प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा एक अन्तरक्रिया आयोजना गरियो जहाँ कार्यदलका संयोजकबाट एउटा प्रस्तुतीकरण गरियो । तदुपरान्त संयोजकले र प्रमुख सचिवले सबै सचिवहरुलाई कार्यदललाई आँफू कार्यरत मन्त्रालय वा निकाय सम्बद्ध विषयमा लिखित सुझाव कार्यदललाई पठाउन आग्रह र निर्णय समेत गरियो । तत्पश्चात २ पटक कार्यदलले पत्र लेखेर लिखितमा सबै मन्त्रालयहरुलाई सुझावका लागि अनुरोध गऱ्यो ।

तर आग्रह गरिएका निकायहरुको उदासिनता अत्यन्तै अनपेक्षित रह्यो । तलको तालिकामा उक्त निकायहरुको सहयोग तत्परतालाई सांख्यिकीकरण गर्दै यस सम्बन्धी एउटा तस्विर तयार भएको छ । यस बमोजिम समग्रमा भन्नु पर्दा मिति २०८०/०१/२६ मा गरिएको पहिलो ताकेतामा ताकेता गरिएका ११ वटा निकायमध्ये ८ वटाले अर्थात ७२.७२ प्रतिशत निकायले कुनै सुझाव दिएनन ।

त्यसैगरी दोश्रो पटक मिति २०८०/०२/०५ मा पहिलो पटक जवाफ नदिएका ९ वटा निकायसँग ताकेता गरिँदा ८ वटाले माग गरेको विवरण नै दिएनन । अनुपातिक हिसाबले करीब ८८.८८ प्रतिशत निकायबाट जवाफ आएन ।

प्रदेश सरकारले गठन गरेको उच्चस्तरीय कार्यदलले माग गर्दा यत्ति थोरै जवाफ मिल्यो भने अन्य अवसरमा के अवस्था होला, सोको अनुमान गर्न सकिन्छ । यसबाट प्रदेश प्रशासनभित्र परिवर्तनप्रति उत्साहको कमि (Motivation Deficiency) उच्च रहेको पुष्टि भएकै छ । सोका अतिरिक्त प्रदेश प्रशासनमा परिवर्तन प्रतिरोध (Resist to Change) को मात्रा निकै उच्च रहेको यसले दर्शाउँछ ।

तालिका ५३ उच्चस्तरीय प्रशासन सुधार कार्यदलबाट माग सुझाव प्राप्ति सम्बन्धी विवरण

| सि.नं. | मन्त्रालय/निकायको नाम | पहिलो ताकेता २०८०/०१/२६ पश्चात प्राप्त | दोश्रो ताकेता २०८०/०२/०५ पश्चात प्राप्त |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भएको | - |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | नभएको | भएको |
| ३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नभएको | नभएको |
| ४ | उद्योग,कृषि सहकारी मन्त्रालय | भएको | - |
| ५ | सामाजिक विकास मन्त्रालय | नभएको | नभएको |
| ६ | भौतिक पुर्वाधार विकास मन्त्रालय | नभएको | नभएको |
| ७ | खानेपानी,सिँचाई तथा उर्जा मन्त्रालय | नभएको | नभएको |
| ८ | स्वास्थ्य मन्त्रालय | भएको | नभएको |
| ९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | नभएको | नभएको |
| १० | प्रदेश योजना आयोग | नभएको | नभएको |
| ११ | प्रदेश लोक सेवा आयोग | नभएको | नभएको |
| सुझाव उपलव्ध नगराउनेको अनुपात (प्रतिशतमा) | | ७२.७२% | ८८.८८% |

नोटः- उच्चस्तरीय प्रशासन सुधार कार्यदलले मिति २०८०/१०/०६ गते राय सुझावका लागि सार्वजनिक सूचना गरी आह्वान गरेको । मिति २०८०/१०/१९ गते प्रमुख सचिव समेतको उपस्थितीमा बैठक बसी आवश्यक सूचना उपलब्ध गराउने निर्णय भएको । साथै मिति २०८०/०१/२६ मा राय सुझावको लागी पत्राचार गरेको र मिति २०८०/०२/०५ मा प्राप्त नभएका निकायसँग पुनः ताकेता गरेको ।

## ४.८ अन्तरसरकारी सम्बन्ध र समन्वय

### ४.८.१ संघ र प्रदेश प्रशासन

नेपालको संविधानको धारा २३४ ले संघ प्रदेशबीच र प्रदेश प्रदेश बीच उत्पन्न विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक अन्तर प्रदेश परिषदको व्यवस्था गरेको छ । उक्त परिषदमा नेपाल सरकारका गृह मन्त्री, अर्थमन्त्री र सम्बन्धीत प्रदेशका मुख्यमन्त्रीहरु सदस्य रहने प्रावधान छ। सोको बैठक आवश्यकतानुसार बस्ने संविधानमा भनिएको छ ।

तलको तालिकाले संघ र प्रदेश सरकारहरुलाई समन्वय गर्ने उद्देश्यले नेपालको संविधानमा व्यवस्था गरिएको प्रदेश समन्वय परिषदको हालसम्म बसेको बैठक सम्बन्धी विवरणको जानकारी दिन्छ। यस बमोजिम पछिल्लो ५ वर्षको अवधीमा वि.स. २०७५ मंसिर २३ गते १ पल्ट बैठक बसेको देखिन्छ। तदुपरान्तः उक्त परिषदको कुनै बैठक बसेको देखिन्न । यसबाट संघ प्रदेश साथै प्रदेश प्रदेश समन्वयतर्फ पहल भएको मान्न सकिने आधार देखिन्न। यसबाट स्वभाविक रुपमा संघ र प्रदेशबीचको अन्तरसम्बन्धमा नकारात्मक असर पार्नु अस्वाभाविक भएन ।

त्यसैगरी धारा २३५ ले संघ, प्रदेश र स्थानीय तह बीच समन्वयका लागि संघीय संसदले कानून बनाउने भनिएको छ। सो अनुसार संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७५ नेपाल सरकारले जारी गरिसकेको छ। साथै, थप अन्य ऐनहरु समेत यस सन्दर्भमा बनिसकेका छन् । जस्तैः नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सन्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ ।

तालिका ५४ प्रदेश समन्वय परिषद्को बैठकको विवरण

| बर्ष | बैठक संख्या | मिति |
|---|---|---|
| २०७५ | १ | २०७५ मंसिर २३ |
| २०७६ | ० | - |
| २०७७ | ० | - |
| २०७८ | ० | - |
| २०७९ | ० | - |
| *https://www.onlinekhabar.com/२०१८/१२/७२५४७८ | | |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर*

प्रदेश र स्थानीय तहबिच गर्नुपर्ने समन्वयका विषयहरुलाई प्रभावकारी बनाउन मुख्यमन्त्रीको नेतृत्वमा हुने प्रदेश समन्वय परिषद्को बैठक विगत पाँच बर्षमा पाँच पटक भएको देखिन्छ**.**

### ४.८.२ प्रदेश र स्थानीय तहको प्रशासन

नेपालको संविधानको धारा २३५ ले संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न र कुनै विवाद भएमा साको समाधानका लागि देहायको व्यवस्था भएको:

१. सम्बन्धीत गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग प्रदेश सभाले समन्वय गरी विवाद समाधान गर्ने ।
२. विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधी प्रदेश कानून बमोजिम हुने ।

यसबीच हालै धरान र ईटहरी उपमहानगरपालिका बीच सीमाना बारेमा विवाद सार्वजनिक भयो । तथापी, हालसम्म प्रदेश सभाबाट माथि संविधानको धारा २३५ मा भनिए जस्तो पहल भएको देखिन्न । त्यसैगरी, विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधी तय भएको पाईन्न ।

संविधानमा उल्लेख भएभन्दा थप अन्य पहल भएको पाईंदैन ।

## ४.९ प्रदेश आय परिचालन

तालिका ५५: कोशी प्रदेश सरकारको वार्षिक कूल आय विवरण

| आम्दानीको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शीर्षक | २०७५/७६ | | २०७६/७७ | २०७७/७८ | | | २०७८/७९ | | २०७९/८० को प्रारम्भिक | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| आन्तरिक राजश्व (घरजग्गा रजिष्ट्रेशन, सवारी साधन कर, प्रशासनिक शुल्क, स्थानीय तहबाट बाँडफाँट भई आउने समेत) | २१३४०६५ | ७.६६% | २४६६२२२ | ८.३९% | ३४९७१०४ | १०.८२% | ४४२१४०३ | १२.४८% | ४९८४५४० | १२.६२% |
| राजश्व बाँडफाँट (मू.अ.कर, आन्तरिक अन्तःशुल्क, रोयल्टी) | ६८६७६८२ | २४.६५% | ७६२६३५४ | २५.९६% | ८७७१४३० | २७.१५% | ९२६२९०४ | २६.१४% | ११८८२४०० | ३०.१०% |
| गत वर्षको मौज्दात | ३६८७७९ | १.३२% | १२९६१६३ | ४.४१% | २४२७५०५ | ७.५१% | ३२९१५९५ | ९.२९% | ३५१५५०० | ८.९०% |
| वित्तीय समानीकरण अनुदान | ६६१०३०० | २३.७२% | ८१६३३०० | २७.७९% | ७९९८४०० | २४.७६% | ८५६७८०० | २४.१७% | ९००८२०० | २२.८२% |
| सशर्त अनुदान | १०५४७३५६ | ३७.८५% | ८५२७८३८ | २९.०३% | ८२३४२२० | २५.४९% | ८१३९६४८ | २२.९७% | ८६९५९०० | २२.०३% |
| समपूरक अनुदान | ६८०००० | २.४४% | ७५३८०० | २.५७% | ८४२७०० | २.६१% | ११६४८०० | ३.२९% | ९२०००० | २.३३% |
| विशेष अनुदान | ६५७१०६ | २.३६% | ५४५००० | १.८६% | ५३५००० | १.६६% | ५९३३०० | १.६७% | ४७५००० | १.२०% |
| जम्मा | २७८६५२८८ | १००.००% | २९३७८६७७ | १००.००% | ३२३०६३५९ | १००.००% | ३५४४१४५० | १००.००% | ३९४८१५४० | १००.००% |

स्रोतः प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित ।

माथिको तालिकाबाट थाहा पाउन सकिन्छ प्रदेशको आयमा सबैभन्दा बढी हिस्सा राजस्व बाँडफाटबाट प्राप्त रकम रहेको छ दोश्रोमा वित्तीय समानिकरण अनुदान रहेको छ। प्रदेशको आयमा आन्तरिक राजस्वको अंश करिब दश भागको एक भाग रहेको छ।

### ४.९.१ आन्तरीक राजस्व

अब तल हेरौं कोशी प्रदेशको राजस्व क्षमताको अवस्थालाई । अर्थतन्त्रको आकारमा यहाँ देखिएको आन्तरीक राजस्व ठूलो मान्न सकिन्न ।

तालिका ५६: ७ प्रदेशको आन्तरिक आन्तरिक राजस्वको तुलना

| पछिल्लो आर्थिक वर्षको (२०७८/२०७९) सातै प्रदेशको आन्तरिक राजश्वको असुली (रकम रू हजारमा) | | |
|---|---|---|
| प्रदेश | आन्तरिक राजश्व | प्रतिशत |
| कोशी | ४४२१४०३ | १०.७७% |
| मधेश | ४७०८७६५ | ११.४७% |
| बागमती | २१६१७११६ | ५२.६८% |
| गण्डकी | ३०२२२०९ | ७.३६% |
| लुम्बिनी | ४२९४२८२ | १०.४६% |
| कर्णाली | १३४७५८५ | ३.२८% |
| सुदूरपश्चिम | १६२३८८१ | ३.९६% |
| जम्मा | ४१०३५२४१ | १००.००% |
| स्रोतः महालेखापरिक्षकको सातै प्रदेशको पाँचौं वार्षिक प्रतिवेदन २०७९ को आधारमा कार्यदलद्वारा तयार पारिएको। | | |
| नोटः संघिय बाँडफाँडबाट प्राप्त रोयल्टि र कर, बेरुजु असुल, निकासा/अनुदान फिर्ता रकम समावेश गरिएको छैन। | | |

माथिको प्रदेशहरुको आन्तरिक राजस्व परिचान हेर्दा सात वटा प्रदेशहरु मध्य बाग्मती प्रदेशको राजस्व परिचालन राम्रो देखिन्छ भने अन्य प्रदेशरुको आन्तरिक राजस्वले कुल आयको करिब केवल दश भागको एक भाग हिस्सा लिन्छ।

तालिका ५७: प्रदेशहरुको प्रक्षेपित र यथार्थ आन्तरिक राजस्वको तुलनात्मक विवरण

| प्रदेश | विवरण | आर्थिक वर्ष |
|---|---|---|
| | | २०७८/७९ |
| कोशी | राजश्व लक्ष्य | १५९१४२९२ |
| | असुली | १४५०८४७० |
| | प्रतिशत | ९१.१७% |
| मधेश | राजश्व लक्ष्य | १८८८८०३० |
| | असुली | १५२४९८४४ |
| | प्रतिशत | ८०.७४% |
| बागमती | राजश्व लक्ष्य | ३१६९४१२७ |

| प्रदेश | विवरण | आर्थिक वर्ष |
|---|---|---|
| | | २०७८/७९ |
| | असुली | ३३४६६८४८ |
| | प्रतिशत | १०५.५९% |
| गण्डकी | राजश्व लक्ष्य | १४१२७००० |
| | असुली | ११२९७९०० |
| | प्रतिशत | ७९.९७% |
| लुम्बिनी | राजश्व लक्ष्य | २१३३७८०० |
| | असुली | १५४९०९०० |
| | प्रतिशत | ७२.६०% |
| कर्णाली | राजश्व लक्ष्य | ८०४७७०० |
| | असुली | ८६३५४३६ |
| | प्रतिशत | १०७.३०% |
| सुदूरपश्चिम | राजश्व लक्ष्य | ९२२६८४५ |
| | असुली | ९४४९४०२ |
| | प्रतिशत | १०२.४१% |
| स्रोतः महालेखापरिक्षकको सातै प्रदेशको पाँचौं वार्षिक प्रतिवेदन २०७९ को आधारमा कार्यदलद्वारा तयार पारिएको। | | |
| नोटः राजश्व असुलिमा कर राजश्व, अन्य राजश्व र नगद मौज्दातको विवरण समेत समावेश गरिएको छ । संघिय अनुदानको रकम समावेश गरिएको छैन । | | |

गत आर्थिक बर्षमा प्रदेशहरुले आन्तरिक राजस्व संकलनमा राखेको लक्ष्य र प्रगती हेर्दा बाग्मती,कर्णाली र सुदुरपश्चिम प्रदेश बाहेक अन्य प्रदेशहरुले लक्ष्य अनुसार राजस्व संकलन गर्न सकेको देखिएन । राजस्वका लक्ष्यहरु हाँसिल नभएका कारणहरुका सम्बन्धमा समिक्षा हुन जरुरी हुन्छ ।

## तालिका ५८: प्रदेशका ५ राजस्व श्रोतको तुलनात्मक विवरण

| कूल आन्तरिक राजश्वमा राजश्वको शिर्षकगत हिस्सा (रकम रू हजारमा) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | ११३१५ | | १४१५७ | | ११४५६ | | १४२५६ | | १४२१९ | |
| | घर जग्गा रजिष्ट्रेसन दस्तुर | प्रतिशत | दहत्तर बहत्तर | प्रतिशत | सवारी साधन कर | प्रतिशत | लाईसेन्स, ब्लुबुक सम्बन्धी दस्तुर | प्रतिशत | अन्य सेवा शुल्क तथा विक्रि | प्रतिशत |
| कोशी | १६५०८७२ | ३७.३% | २८०४०० | ६.३% | ११९३१९० | २७.०% | ५८४३९९ | १३.२% | ३६७६७ | ०.८३% |
| मधेश | १४९९५९३ | ३१.८% | १४७२८ | ०.३% | - | ०.०% | ७१६५५७ | १५.२% | १८८४३ | ०.४०% |
| बागमती | ९८४०९७७ | ४५.५% | ६७३३२९ | ३.१% | ५८६६१९१ | २७.१% | १४७९९७३ | ६.८% | २४२५९४९ | ११.२२% |
| गण्डकी | १०३६६४८ | ३४.३% | १४३११८ | ४.७% | ८८९३०२ | २९.४% | ३७८५२१ | १२.५% | ० | ०.००% |
| लुम्बिनी | १४८०५८९ | ३४.५% | २४९५१७ | ५.८% | १५४१७४९ | ३५.९% | ६४६९३३ | १५.१% | ११३४ | ०.०३% |
| कर्णाली | १४४१८१ | १०.७% | ३०३०२ | २.२% | - | ०.०% | ५७७९८ | ४.३% | ० | ०.००% |
| सुदूरपश्चिम | ४०६३४६ | २५.०% | ३४६२ | ०.२% | ३४६०३४ | २१.३% | १८५२९४ | ११.४% | ० | ०.००% |
| स्रोत: महालेखापरिक्षकको सातै प्रदेशको पाँचौं वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७८/७९) को आधारमा कार्यदलद्वारा तयार पारिएको। | | | | | | | | | | |
| नोट: बढी आम्दानी भएको शिर्ष ५ राजश्वको हिस्सालाई तुलना गरिएको छ । | | | | | | | | | | |

माथिको तालिका हेर्दा प्रदेशको आन्तरिक राजस्वमा सबैभन्दा बढी घरजग्गा रजिष्टेशन तत्पश्चात सवारी साधन करको रहेको छ।

तालिका ५९: सातै प्रदेशको राजस्व बाँडफाँडको तुलनात्मक विवरण

| पछिल्लो आर्थिक वर्षको (२०७८/२०७९) सातै प्रदेशको संघिय बाँडफाँडवाट प्राप्त कर र आफ्नो कूल असुलीमा करको हिस्सा (रकम रू. हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| प्रदेश | कूल असुली | मू.अ.कर | प्रतिशत | अन्त शुल्क | प्रतिशत |
| कोशी | १४५०८४७० | ७३०४४३९ | ५०% | २४७०३८० | १७% |
| मधेश | १५२४९८४४ | ७६७८१४९ | ५०% | २४८६७१५ | १६% |
| बागमती | ३३४६६८४८ | ७३९७८३४ | २२% | २५४७८११ | ८% |
| गण्डकी | ११२९७९०० | ५९१२१२५ | ५२% | १८५१६८२ | १६% |
| लुम्बिनी | १५४९०९०० | ७३२३४४५ | ४७% | २३८२०९१ | १५% |
| कर्णाली | ८६३५४३६ | ६१९९७५७ | ७२% | १७७३२८० | २१% |
| सुदूरपश्चिम | ९४४९४०२ | ६१५१८५१ | ६५% | १९१९४६९ | २०% |
| | | | | | |
| स्रोतः महालेखापरिक्षकको सातै प्रदेशको पाँचौं वार्षिक प्रतिवेदन २०७९ को आधारमा कार्यदलद्वारा तयार पारिएको। | | | | | |
| नोटः संघवाट प्राप्त अनुदान समावेश गरिएको छैन । | | | | | |

माथिको तालिकामा भएको विवरण हेर्दा प्रदेशको आन्तरिक आम्दानीमा झण्डै आधा हिस्सा मूल्य अभिवृद्धी करको रहेको छ। अन्तशुल्कको प्रदेश राजस्वमा हिस्सा औषतमा करिब पन्ध्र प्रतिशतको हाराहारीमा रहेको छ। उल्लेखति राजस्वहरु संघीय सरकारका निकायहरुले संकलन गर्दछन्।

माथि गरिएको विश्लेषणका आधारमा देहायका समस्याहरु उजागर हुन्छन् :

१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार एकल विन्दुवाट संकलन हुने राजस्वका करदाताको राजस्व निर्धारण तथा असुलीका सम्वन्धमा यस कार्यमा संलग्न वाहेक अरुको पहुँच नभएको साथै अभिलेख आदान प्रदान पनि हुने नगरेको ।

२. प्रदेश-प्रदेश वीचमा सवारी साधान करको दर फरक फरक छ । कोशी प्रदेशमा यो दर अन्य प्रदेशको भन्दा अझ कम छ ।

३. प्रदेशवाट तोकिएको जाँचपास प्रमाणपत्रको दरखास्त दस्तुर, प्रतिलिपि दस्तुर, प्रदुषण जाँच दस्तुर, प्रशिक्षण केन्द्र, कारखाना/वर्कशपको सञ्चालन दस्तुर तुलनात्मक रुपमा अत्यन्त न्यून भएका कारण कम मात्र राजस्व संकलन हुने गरेको छ ।

४. प्रदेशमा सञ्चालित सार्वजनिक तथा निजी सवारी साधनहरु स्वचालित प्रणालीमा प्रविष्ट गरिएका छैनन् । यसले गर्दा अपेक्षाकृत रुपमा राजस्व संकलन हुन सकेको छैन ।

५. सरकारी सवारी साधनले निजी सवारी साधानले सरह प्रत्येक आ.व.मा सवारी साधनको नविकरण दस्तुर तिर्नु पर्नेमा यसरी नविकरण दस्तुर तिरेको पाइदैन ।

६. विज्ञापनकर के माथि कसरी लगाउने भन्ने अन्यौलता अझै कायमै रहेको ।

७. नदी जन्य पदार्थ (गिटी, वालुवा, ढुङ्गा आदि) को उत्खनन् र विक्रीमा पारदर्शिता नभएकाले राजस्व संकलन कम हुने सम्भावना रहेको ।

८. कोशी प्रदेश अन्तर्गत रहेका पर्यटकीय क्षेत्रबाट राजस्व आर्जन गर्न सकिने गरी कृया कलाप प्रभावकारी रुपमा कार्यानवयन भएको अवस्था नरहेको ।

### ४.९.२ वित्तिय हस्तान्तरण

वित्तिय हस्तान्तरणभित्र संघले प्रदेशलाई मूलतः दुई खाले रकम उपलब्ध गराउँछः

१. राजस्व बाँडफाँट

२. अनुदान ।

त्यसैगरी, राजस्व बाँडफाँडतर्फ कर र गैर राजस्व बाँडिन्छ । यसका अलावा संघीय अनुदान प्रदेशलाई संघले उपलब्ध गराउँछ ।

संघले प्रदेशलाई गर्ने वित्तिय हस्तान्तरणतर्फ राजस्व बाँडफाँडको रकम संघको विभाज्य कोषबाट प्रदेशको विभाज्य कोषमा जमा गर्ने गरिन्छ । यस अन्तर्गत अन्तरसरकारी वित्त हस्तान्तरण ऐन २०७४ बमोजिम संघबाट संकलित कूल कर र गैर-कर राजस्वको १५ प्रतिशत प्रदेशलाई प्राप्त हुने व्यवस्था छ ।

त्यसैगरी अन्तरसरकारी वित्त हस्तान्तरण ऐन २०७४ अनुसार संघ, प्रदेश र स्थानीय तहले संकलन गरेको कूल रोयल्टीमध्ये २५ प्रतिशत प्रदेशलाई प्राप्त हुन आउने व्यवस्था गरिएको छ ।

*क. राजस्व बाँडफाँट*

संघले वर्षेनी गर्ने वित्तिय हस्तान्तरणतर्फ राजस्व बाँडफाँड (कर र गैर राजस्व) साथै संघीय अनुदानका रकम कोशी लगायतका प्रदेशहरुले प्राप्त गर्दै आएका छन् । सो मध्ये कर राजस्वतर्फ कोशीले अन्तशुल्क र मूल्यअभिवृद्धि करबाट आ.व. २०७८/७९ मा प्राप्त गरेको रकमको प्रदेशगत तुलनात्मक विवरण तलको तालिकामा दिईएको छ ।

*ख. संघीय अनुदान*

संविधानको धारा ६० बमोजिम राजस्व श्रोतको बाँडफाँडतर्फ संघबाट कोशी लगायतका प्रदेशहरुलाई प्राप्त भएको अनुदानहरुको तुलनात्मक विवरण तलको तालिकामा प्रस्तुत छ। आ.व. २०७८/७९ मा प्राप्त वा वितरण भएको समानिकरण, सशर्त, समपूरक र विशेष तर्फका ४ अनुदानहरु यस तालिकामा समेटिएको छ ।

संवैधानिक प्रावधान बमोजिम संघबाट प्राप्त हुने अनुदानतर्फ आ.व.२०७८/७९ मा कूल १६.५० प्रतिशत प्राप्त गरेको कोशी प्रदेश धेरै अनुदान पाउने प्रदेशको सूचीमा सबैभन्दा उच्च स्थानमा छ । कूल ४ वटा अनुदानमध्ये समानिकरण, सशर्त र समपूरम अनुदान प्राप्तकर्तामा दोश्रो स्थानमा रहेको कोशी विशेष अनुदानको सूचीमा पहिलो स्थानमा देखिन्छ । यसले कोशीले पाईआएको संघीय अनुदानको हिस्सा उच्च रहेको हुँदा कोशीको आय बढोत्तरी गर्न अनुदानभन्दा अन्य विकल्पको खोजि बढी सार्थक हुने तथ्य उजागर गर्छ । निसन्देह त्यो भनेको आन्तरिक राजस्व, वैदेशिक ऋण तथा अनुदान, आन्तरीक ऋणभित्र कम जोखिमयुक्त उपायको संभावना खोज्नु पर्ने तथ्य दर्शाउँछ ।

## तालिका ६०: सातै प्रदेशलाई संघबाट प्राप्त अनुदानको तुलनात्मक विवरण

पछिल्लो आर्थिक वर्ष (२०७८/२०७९) को सातै प्रदेशलाई संघबाट प्राप्त अनुदानको तुलना
(रकम रू हजारमा)

| प्रदेश | वास्तविक प्राप्त अनुदान | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समानिकरण | प्रतिशत | सशर्त | प्रतिशत | समपूरक | प्रतिशत | विशेष | प्रतिशत | जम्मा | प्रदेशगत प्रतिशत |
| कोशी | ८५६७८०० | १४.७८% | ८१३९६४८ | १७.९०% | ११६४८०० | २०.३५% | ५९३३०० | १४.३०% | १८४६५५४९ | १६.३०% |
| मधेश | ७३९३४०० | १२.७६% | ६७७३१६८ | १४.९०% | ३४६९०० | ६.०६% | ५८७९०० | १४.१७% | १५१०१३६८ | १३.३३% |
| बागमती | ७८५९००० | १३.५६% | ६६८३३३९ | १४.७०% | ५७४८०० | १०.०४% | ५५८४०० | १३.४६% | १५६७५५३९ | १३.८४% |
| गण्डकी | ७४२२८०० | १२.८१% | ५०२९०८० | ११.०६% | ८७३६०० | १५.२६% | ५४९००० | १३.२३% | १३८७४४८० | १२.२५% |
| लुम्बिनी | ८०२५७०० | १३.८५% | ८३००८८९ | १८.२५% | ७२१६०० | १२.६१% | ६३४९०० | १५.३०% | १७६८३०८९ | १५.६१% |
| कर्णाली | १०१४२१०० | १७.५०% | ५२९२६६९ | ११.६४% | ८१३५०० | १४.२१% | ६१३००० | १४.७७% | १६८६१२६९ | १४.८८% |
| सुदूरपश्चिम | ८५४४००० | १४.७४% | ५२५३४४६ | ११.५५% | १२२९४०० | २१.४८% | ६१३५०० | १४.७८% | १५६४०३४६ | १३.८०% |
| कूल जम्मा | ५७९५४८०० | १००.००% | ४५४७२२३९ | १००.००% | ५७२४६०० | १००.००% | ४१५०००० | १००.००% | ११३३०१६४२ | १००.००% |

स्रोतः महालेखापरिक्षकको सातै प्रदेशको पाँचौं वार्षिक प्रतिवेदन २०७९ को आधारमा कार्यदलद्वारा तयार पारिएको।

नोटः १.संघीय अनुदानमा संबिधानले तोकेका ४ प्रकारका अनुदान समावेश गरिएको छ ।
२.प्रदेश श्रोतमा आन्तरिक राजश्व, बाँडफाँडको हिस्सा, नगद मौज्दात, बेरुजु लगायतका सम्पूर्ण आम्दानी समेटिएको छ।

समग्रमा हेर्दा उल्लिखित मुख्य ४ वटा संभाव्य श्रोतहरु मध्ये कोशी प्रदेशले गर्ने गरेको कूल यथार्थ खर्च धान्न २ वटा श्रोत प्रयोगमा छः १) संघीय अनुदान र २) प्रदेशको श्रोत। उक्त दुई श्रोतभित्र पनि विभिन्न प्रवृत्तिहरु द्येखा परेका छन् । कोशी प्रदेशका हकमा कूल यथार्थ खर्चको झण्डै ५४ प्रतिशत संघीय अनुदानमा निर्भर छ भने प्रदेशको श्रोतमा केवल ४६ प्रतिशत निर्भर देखिन्छ। त्यस्तै, संघीय अनुदानमा आधारित हुने प्रदेशको सूचीमा गण्डकीपछि कोशी दोश्रोमा देखा पर्छ। आफनो श्रोतमाथि निर्भर रहने प्रदेशको सूचीमा कोशी छैठौं स्थानमा छ जुन सातौँमा रहेको गण्डकीभन्दा सीमान्त अन्तर भएको १ स्थानमाथिको स्थान हो। यसले अरु प्रदेशभन्दा बढी खर्च गर्ने एकातिर देखाउँछ भने अर्कोतिर संघीय अनुदानमा बढी नै आश्रित रहेको बताउँछ। यसको अर्थ हो, या त कोशीले खर्च घटाउन पर्ने वा कमसेकम अनुत्पादक खर्च कटाउन पर्ने हुन्छ भने आन्तरिक श्रोतमाथिको निर्भरता बढाउन आन्तरिक राजस्व वृद्धि गराउन सक्नु पर्ने हुन्छ।

तलिका ६१: प्रदेशहरुको यथार्थ खर्च धान्ने श्रोतको तुलनात्मक विवरण

| पछिल्लो आर्थिक वर्ष (२०७८/२०७९) को सातै प्रदेशको खर्च व्यहोर्ने श्रोतको विवरण (रकम रू हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| प्रदेश | यथार्थ खर्च | संघीय अनुदान | प्रतिशत | प्रदेश श्रोत | प्रतिशत |
| कोशी | २९९६६४३६ | १६२४४९३० | ५४.२१% | १३७२१५०६ | ४५.७९% |
| मधेश | २२२६०४८० | ९३३१९३० | ४१.९२% | १२९२८५५० | ५८.०८% |
| बागमती | ३७९९४९६३ | ११०७४५३० | २९.१५% | २६९२०४३३ | ७०.८५% |
| गण्डकी | २२०४३९३४ | १२२१७९६७ | ५५.४३% | ९८२५९६७ | ४४.५७% |
| लुम्बिनी | ३००५४६८३ | १३०४९७०४ | ४३.४२% | १७००४९७९ | ५६.५८% |
| कर्णाली | २४२८१८६९ | १०११२७८१ | ४१.६५% | १४१६९०८८ | ५८.३५% |
| सुदूरपश्चिम | २०८७७३५९ | ९७८६३२२ | ४६.८८% | ११०९१०३७ | ५३.१२% |
| कूल जम्मा/आसत | २१८९६३२०२ | ११३३०१६४२ | ५१.७४% | १०५६६१५६० | ४८.२६% |
| स्रोतः महालेखापरिक्षकको सातै प्रदेशको पाँचौं वार्षिक प्रतिवेदन २०७९ को आधारमा कार्यदलद्वारा तयार पारिएको। | | | | | |
| नोटः<br>१) संघीय अनुदानमा संबिधानले तोकेका ४ प्रकारका अनुदान समावेश गरिएको छ ।<br>२)प्रदेश श्रोतमा आन्तरिक राजश्व, बाँडफाँडको हिस्सा, नगत मौज्दात, बेरुजु लगायतका सम्पूर्ण आम्दानी समेटिएको छ। | | | | | |

माथिको तालिका हेर्दा प्रदेशको समग्र खर्च व्यहोर्ने श्रोतमा बाग्मती र मधेश प्रदेश बाहेक अन्य प्रदेशको आपनो आय भन्दा संघीय अनुदानको हिस्सा ज्यादा देखिन्छ।

## ४.१० बजेट विनियोजन र खर्च

### ४.१०.१ घाटा बजेट

अन्तर सरकारी वित्त परिचालन ऐनले तोकेको छ सहमती लिएर घाटा बजेट बनाउन सक्ने । तर आफ्नो आय र राजस्वले धान्नु पर्यो ।

कोशी प्रदेशमा आ.व.२०७७/७८ देखि मात्र घाटा बजेटको प्रयोग थालियो । यस क्रममा सो आ.व. मा घाटा बजेटको आकार करीब १२.२२ प्रतिशत बराबर रह्यो । दोश्रो वर्ष २०७८/७९ मा उक्त अनुपात कूल बजेटको ६.९६ प्रतिशतमा झर्‍यो भने २०७९/८० मा पुःन उक्लिएर यो अनुपात ९.४९ प्रतिशत पुगेको देखिन्छ ।

घाटा बजेट आ.व.२०७७/७८ मा तर्जुमा गर्दा पहिलो पल्ट नेपाल सरकारसँग ऋण लिएर गर्ने बजेट वक्तव्यमा भनिएको थियो । तथापी सोको प्रयोग गरिएन । त्यस्तै दोश्रो वर्ष २०७८/७९ मा अघिल्लो वर्षको बाँकी नगद मौज्दात साथै वैदेशिक अनुदानबाट गर्ने प्रस्ताव बजेट वक्तव्यमा राखियो । तेश्रो वर्ष २०७९/८० मा पनि अघिल्लो वर्षको बाँकी नगद मौज्दात साथै वैदेशिक अनुदानबाटै घाटा बजेटको परिपूर्ति गर्ने गरी बजेट वक्तव्यमा राखियो । यसरी पछिल्ला २ आ.व. मा वैदेशिक अनुदानको प्रयोग गरियो ।

घाटा बजेट आँफैमा खराब प्रयोग हैन तर सदुपयोगको लागि कडा वित्त अनुशासन (Fiscal Discipline) घाटा बजेटको सफल प्रयोगका लागि पूर्वशर्त हो । यस कोणबाट हेर्दा, कोशी प्रशासनले घाटा बजेटका लागि संघबाट लिएको ऋणको भुक्तानी र वैदेशिक अनुदानको सहि उपयोग के कसरी गर्‍यो? ऋण र अनुदान लिँदा आवश्यक पर्ने वित्त अनुशासन र नर्म्सको पालना गरियो गरिएन ? यस्ता सवालहरु आगामी दिनमा थप खोतल्न यहाँनेर सान्दर्भिक छन् ।

तलिका ६२: कोशी प्रदेशमा घाटा बजेटको उपयोग

| गत ३ आ.व.। मा कोशी प्रदेशको घाटा बजेट (रकम रु। हजारमा) | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | कूल विनियोजन | न्यून | न्यून प्रतिशत | पूर्ती गर्ने श्रोत |
| २०७७/७८ | ४०,८९,९९४७ | ५०००००० | १२.२२% | नेपाल सरकारसँग ऋण |
| २०७८/७९ | ३२४६९२०० | २२६१३०० | ६.९६% | नगद मौज्दात र वैदेशिक अनुदान |
| २०७९/८० | ३९७३८३०० | ३७७२३०० | ९.४९% | नगद मौज्दात र वैदेशिक अनुदान |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेशको वेवसाइटमा राखिएको आर्थिक बर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० को बजेट वक्तव्यहरुको आधारमा कार्यदलद्वारा तयार पारिएको ।

तलिकामा देखाइए अनुसार कोशी प्रदेशले ल्याएको घाटा बजेट पुर्ति गर्न नेपाल सरकार सँग ऋण लिने र बैदेशीक अनुदान बाट पुर्ति गर्ने भनी अनुमान गरेको देखिन्छ ।

### ४.१०.२ आवधिक योजना र वार्षिक बजेट विनियोजन

यस सम्बन्धी तथ्याङ्क कार्यदलले पाउन नसकेकोले यसमा विश्लेषण गर्न सकिएन ।

### ४.१०.३ वार्षिक नीति कार्यक्रम र वार्षिक वजेट विनियोजन

यस सम्बन्धी तथ्याङ्क कार्यदलले पाउन नसकेकोले यसमा विश्लेषण गर्न सकिएन ।

### ४.१०.४ चालू र पुँजीगत विनियोजन र खर्च

खर्च गर्ने क्षमता शासकिय क्षमता खासगरी बजेट कार्यान्वयनको महत्वपूर्ण अङ्ग हो । यस दृष्टिकोणबाट नियाल्दा पछिल्लो ५ वर्षको कार्यसम्पादनका आधारमा तलको तालिका बनाईएको छ । यसबमोजिम गत ५ वर्षमा खर्च गर्न सक्ने क्षमता सबैभन्दा बढी कोशीले देखाएको छ । सो अवधिमा औसतमा झण्डै ६९ प्रतिशत खर्च कोशीले गरेको छ जबकी अन्य प्रदेशहरु ४८ प्रतिशतदेखि ६३ प्रतिशतको बिचमा सिमित भेटिन्छन् । पछिल्लो आ.व. २०७८/७९ मा कोशीको खर्चको अनुपात करीब ८६ प्रतिशतभन्दा अधिक देखिन्छ । यी र यस्ता तथ्यहरुले साधन श्रोत थप जुट्दा कोशीले कार्यान्वयन गर्न सक्छ साथै कोशीलाई थप साधन श्रोतको खोजि गर्नु पर्ने आवश्यकता देखाउँछ ।

तालिका ६३: सातै प्रदेशको कूल खर्च प्रगतीको विवरण

| पछिल्लो ५ वर्षमा ७ प्रदेशको खर्च (प्रतिशतमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| २०७४/७५ | ६४.०% | ५६.६% | ७३.५% | २९.०% | १८.७% | २३.०% | – |
| २०७५/७६ | ५५.१% | ५०.६% | ५९.८% | ५८.०% | ६०.६% | ३५.४% | ५६.५% |
| २०७६/७७ | ७०.७% | ४०.५% | ५९.३% | ६३.५% | ६९.८% | ४९.१% | ६२.५% |
| २०७७/७८ | ६८.३% | ६७.१% | ६९.४% | ७३.५% | ८२.०% | ६७.४% | ६६.३% |
| २०७८/७९ | ८६.२% | ६४.२% | ६५.८% | ७०.३% | ७०.०% | ६६.४% | ६६.३% |
| औसत खर्च प्रतिशत | ६८.९% | ५५.८% | ६५.६% | ५८.९% | ६०.२% | ४८.३% | ६२.९% |
| स्रोतः महालेखापरिक्षकको ६०औं वार्षिक प्रतिवेदन, २०७९ का आधारमा कार्यदलद्वारा तयार पारिएको । | | | | | | | |

तलको तालिकाले प्रदेश प्रशासनको कूल विनियोजन र खर्च दक्षतालाई उजागर गर्छ । यसका लागि चालु र पूंजीगततर्फ पछिल्लो ५ वर्षमा भएको दक्षतालाई तलको तालिकाले प्रष्टाएको छ । विनियोजन दक्षतातर्फ हेर्दा आ.व.२०७४/७५ बाहेक अन्य वर्षहरुमा पूंजीगततर्फ बजेट विनियोजन ६० प्रतिशत भन्दा अधिक नै हुने गरेको देखिन्छ । यसका अलावा चालूतर्फको विनियोजन आ.व.२०७४/७५ बाहेक अन्य वर्षहरुमा ४० प्रतिशतभन्दा कम नै हुने गरेको छ । विनियोजनको यो प्रवृत्ति सुखद देखिन्छ । तर यो भन्दै गर्दा उक्त पूंजीगतभित्र कस्तो विषयहरुमा बजेट विनियोजन गरिएको थियो भन्ने सान्दर्भिक सवाल उठ्न सक्छ । यदि ती पूंजी निर्माण (Capital Formation) का लागि नै गरिएको भए यो पक्ष निकै उदाहरणीय देखिन्छ ।

खर्च दक्षतातर्फ अघिल्ला वर्षमा पूंजीगत खर्च करीब ४० प्रतिशत देखि ६९ प्रतिशतको बीच घटबढ चलिरहेकोमा आ.व.२०७८/७९ मा एकाएक बढेर यो ९० प्रतिशत पुगेको देखिन्छ । यसका पछाडी खर्च क्षमताको विकास भन्दापनि विगतका आ.व.हरुमा थालिएका बहुवर्षे आयोजनाहरुको अत्यधिक भुक्तानी उक्त वर्षमा गरिएको तथ्य बढी जिम्मेवार छ ।

अर्को आश्चर्यजनक पक्ष वित्तिय व्यवस्थातर्फ सबै आ.व.हरुमा शून्य विनियोजन र खर्च देखिन्छ जबकी पहिलो आ.व. २०७४/७५ मा संघबाट प्रदेश सरकारले ऋण लिएको अघिल्ला एक तालिकाले देखाएकोमा सोको भुक्तानी (Debt-Servicing) के कसरी गरियो? त्यो जवाफ तलको तालिकाबाट खुल्दैन । यस अवस्थाले प्रदेशको ऋण भुक्तानी क्षमतामा प्रश्न उठाउन सक्छ ।

अर्को पाटो भनेको खर्च व्यवस्थापनमा प्रदेश प्रशासनको सबैभन्दा ठूलो दक्षता स्थानीय अनुदानमा देखिन्छ जसमा विनियोजित रकममध्ये पछिल्ला ५ वर्षमा सबैभन्दा न्यूनतम ९३.९६ प्रतिशत (२०७७/७८ मा) र

सबैभन्दा अधिकतम ९८.५९ (२०७४/७५ मा) प्रतिशत खर्च गरिएको छ। यसले प्रदेश प्रशासन आयोजना कार्यक्रम संचालन गर्ने भन्दा अनुदान उपलब्ध गराउने क्षमता बढी ग्रहण गरेको देखाउँछ।

तालिका ६४: कोशी प्रदेश सरकारको वार्षिक बजेट विनियोजन र खर्च प्रगति

| प्रदेश सरकारको विनियोजन र खर्च (रकम रू हजारमा) | | | | |
|---|---|---|---|---|
| | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
| २०७४/७५ | चालु | ३४२९९४ (४२%) | २२६४८५ | ६६.०३% |
| | पूंजिगत | ४७७५०६ (५८%) | १९१८५१ | ४०.१८% |
| | वित्तीय व्यवस्था | ० | ० | ०.००% |
| | स्थानीय अनुदान | २००००० | १९७१७२ | ९८.५९% |
| | **जम्मा** | **१०२०५००** | **६१५५०८** | **६०.३१%** |
| २०७५/७६ | चालु | १२९३३६०९ (३७%) | ६१११६८ | ४७.२५% |
| | पूंजिगत | २१८१९८८३ (६३%) | ११४३८६७६ | ५२.४२% |
| | वित्तीय व्यवस्था | ० | ० | ०.००% |
| | स्थानीय अनुदान | ३७३९०४७ | ३६५३०८६ | ९७.७०% |
| | **जम्मा** | **३८४९२५३९** | **२१२०२९३०** | **५५.०८%** |
| २०७६/७७ | चालु | ११८६५८८२ (३२%) | ६१४१९७३ | ५१.७६% |
| | पूंजिगत | २५७४८०६६ (६८%) | १७८६६५९६ | ६९.३९% |
| | वित्तीय व्यवस्था | ८०००० | ० | ०.००% |
| | स्थानीय अनुदान | ६०२३३७४ | ५८२४६७५ | ९६.७०% |
| | **जम्मा** | **४३७१७३२२** | **२९८३३२४४** | **६८.२४%** |
| २०७७/७८ | चालु | १४५५१५८९ (३६%) | ९२१४४१४ | ६३.३२% |
| | पूंजिगत | २५७६१७३१ (६४%) | १५८६६०४९ | ६१.५९% |
| | वित्तीय व्यवस्था | ४०००० | ० | ०.००% |
| | स्थानीय अनुदान | ३०५५२३० | २८७०७९८ | ९३.९६% |
| | **जम्मा** | **४३४०८५५०** | **२७९५१२६१** | **६४.३९%** |
| २०७८/७९ | चालु | ११७६७१६० (३९%) | ९३०४८९३ | ७९% |
| | पूंजिगत | १८७६०८७५ (६१%) | १६८४८४५० | ९०% |
| | वित्तीय व्यवस्था | ३०००० | ० | ०% |
| | स्थानीय अनुदान | ४२०२८१८ | ४१३३४५८ | ९८% |
| | **जम्मा** | **३४७६०८५३** | **३०२८६८०१** | **८७%** |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित।

तलको तालिकाले प्रदेशले आयोजनातर्फ कुन बजेटरी आकारका आयोजनामा विनियोजन गरेको छ भन्ने प्राथमिकता देखाउँछ । प्रारम्भदेखि करीब करीब सबै आ.व.हरुमा सबैभन्दा धेरै संख्याका आयोजनाहरु रु.१० लाखदेखि रु.५० लाख भित्रका छन् भने दोश्रो धेरै संख्याका आयोजनाहरु रु. १ लाखदेखि रु.१० लाख आकारका छन् । तेश्रो ठूलो संख्याका आयोजनाहरु रु.१ लाखभन्दा कम आकारका देखिन्छन् । जबकी गएका ५ वर्षमा कुनै आ.व.मा पनि रु.१० करोडभन्दा माथिका आकारका आयोजनाहरुको संख्याले १ प्रतिशत कटाउन सकेन । अरु त अरु रु.१ करोडदेखि १० करोडसम्म र रु.१० करोडभन्दा माथिका आयोजनाहरुको संख्या पछिल्ला ५ आ.व.मा निरन्तर ओरालो लाग्दै गएको तलको तालिकाले बताउँछ ।

माथिको तथ्य विश्लेषणबाट प्रदेश सरकारको विनियोजन साना खुद्रे आयोजनामा अधिकतम भएको र ठूला वा रुपान्तरणकारी (Transformative) आयोजनामा प्राथमिकता न्यूनतम देखिन्छ । यसले आयोजनागत विनियोजन दक्षता (Allocation Efficiency) अत्यन्त कमजोर रहेको र स्वतः परिणामपनि कमजोर आउने प्रवृत्ति हावि छ भन्दा फरक पर्दैन ।

तालिका ६५: कोशी प्रदेश सरकारबाट वार्षिक विनियोजन गरिएका कार्यक्रम आयोजनाको विवरण

| प्रदेश सरकारमा बजेट सीमा अनुसारको कार्यक्रम तथा आयोजनाको सङ्ख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट रकम रू. | कार्यक्रम तथा आयोजनाको संख्या | | | | | | | | | |
| | २०७५/०७६ | | २०७६/०७७ | | २०७७/०७८ | | २०७८/०७९ | | २०७९/०८० | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ लाखभन्दा कम | २५ | १.०४% | १४६८ | १७.४४% | ७७९ | ९.७८% | ७६२ | १०.९८% | १०२४ | ९.४२% |
| १ लाखदेखि १० लाख सम्म | ५९९ | २४.९२% | २९३८ | ३४.९१% | ३१६८ | ३९.७९% | २५३५ | ३६.५२% | ४२५९ | ३९.१८% |
| १० लाखदेखि ५० लाख सम्म | १२१२ | ५०.४२% | २६९९ | ३२.०७% | २८६३ | ३५.९६% | २८७७ | ४१.४४% | ४३८३ | ४०.३२% |
| ५० लाखदेखि १ करोड सम्म | २३१ | ९.६१% | ७०८ | ८.४१% | ४७९ | ६.०२% | ३५३ | ५.०८% | ६५४ | ६.०२% |
| १ करोडदेखि १० करोडसम्म | ३१६ | १३.१४% | ५७५ | ६.८३% | ६६१ | ८.३०% | ३९४ | ५.६८% | ५३८ | ४.९५% |
| १० करोडदेखि माथि | २१ | ०.८७% | २८ | ०.३३% | १२ | ०.१५% | २१ | ०.३०% | १३ | ०.१२% |
| जम्मा | २४०४ | १००.००% | ८४१६ | १००.००% | ७९६२ | १००.००% | ६९४२ | १००.००% | १०८७१ | १००.००% |

श्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय (कोशी) बाट उपलब्ध तथ्यांकको आधारमा कार्यदलबाट निर्मित ।

हेर्नु पर्ने अर्को एउटा पाटो छ, थप बजेटको सुनिश्चिचता । विनियोजन गरिँदा जुन योजना थालिन्छ त्यसमा थप दायित्व सृजना हुने गरी जब बहुवर्षे आयोजना शुरु गरिन्छ यस्तो श्रोत सुनिश्चितता दिने कार्य हुने गर्छ । यो प्रवृत्ति सबैभन्दा उच्च आ.व. २०७७/७८ र २०७६/७७ मा देखियो । उक्त वर्षहरुमा झण्डै क्रमशः ४७.६३ प्रतिशत र ४०.६८ प्रतिशतले श्रोत सुनिश्चिचताको अंक बढेको देखियो । अवश्यपनि सबैभन्दा कम पहिलो वर्ष अर्थात २०७५/७६ मा देखिन्छ भने पछिल्लो आ.व. २०७८/७९ मा २५.४४ प्रतिशतमा झरेको थियो ।

यसबाट वित्त अनुशासनको परिपालनाको अवस्था श्रोत सुनिश्तितता गर्ने प्रवृत्तिले कमजोर भएको मूलतः २ आ.व. २०७७/७८ र २०७६/७७ मा पाईन्छ र त्यो पछिल्लो आ.व. मा घटेपनि अझै पर्याप्त मान्न सकिन्न ।

तालिका ६६ विनियोजन र थप स्रोत सुनिश्चितताको तुलनात्मक विवरण

| सि.नं. | आर्थिक बर्ष | कुल विनियोजन | श्रोत सुनिश्चित रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७५/०७६ | ३५,९३,६०,००,००० | १,०२,९४,५७,००० | २.८६% |
| २ | २०७६/०७७ | ४२,२०,०४,१२,००० | १७,१६,६१,२०,१३२ | ४०.६८% |
| ३ | २०७७/०७८ | ४०,८९,९९,४७,००० | १९,४८,१२,६७,००० | ४७.६३% |
| ४ | २०७८/०७९ | ३२,४६,९२,००,००० | ८,२६,११,१४,००० | २५.४४% |

स्रोतः प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त विवरणका आधारमा कार्यदलबाट निर्मित ।

## ४.१०.५ बजेट रकमान्तर (पूंजीगत र चालु)

तलको तालिकामा प्रदेश प्रशासनमा अहिलेसम्म गरिएको रकमान्तरको विवरण प्रस्तुत गरिएको छ । पहिलो आ.व. २०७५/७६ मा रकमान्तर गरेको देखिएन भने तत्पश्चात आ.व. २०७६/७७ देखि हरेक वर्ष रकमान्तरको अभ्यास जारी रहेको र क्रमिक रुपमा यस्को आकार बढ्दो छ। आ.व. २०७६/७७ मा कूल विनियोजित बजेटको ३.५९ प्रतिशत थियो भने आ.व. २०७७/७८ मा ६.१३ प्रतिशत र आ.व. २०७८/७९ मा रकमान्तर बढोत्तरी भएर कूल विनियोजित बजेटको ७.०६ प्रतिशत पुगेको अवस्था छ ।

यस्तो प्रवृत्ति बढ्दो क्रममा देख्दा या त वित्त अनुशासनको मामिलामा प्रदेशको आर्थिक प्रशासन खरो उत्रिन नसकेको वा विनियोजन आवश्यकतामाथि आधारित नभएको र यथार्थपरक नभएको महसूस हुन्छ।

तालिका ६७: कोशी प्रदेशमा बजेट रकमान्तर सम्बन्धी अभ्यास

| रकमान्तरको विवरण (रकम रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| सि.नं. | आर्थिक बर्ष | सुरु विनियोजन रकम | कायम भएको अन्तिम रकम | रकमान्तर प्रतिशत |
| १ | ०७५/०७६ | - | - | - |
| २ | ०७६/०७७ | ४,२२,००,४१० | ४,३७,१७,३२२ | ३.५९ |
| ३ | ०७७/०७८ | ४,०८,९९,९४७ | ४,३४,०८,५५० | ६.१३ |
| ४ | ०७८/०७९ | ३,२४,६९,२०० | ३,४७,६०,८५३ | ७.०६ |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय (कोशी) बाट उपलब्ध तथ्यांकको आधारमा कार्यदलबाट निर्मित ।*

बजेट निर्माण गरिँदा सामान्यतयाः अबण्डा प्रकृतिको शिर्षकमा बजेट राखिनु राम्रो अभ्यास मानिँदैन । यस्तो शिर्षकमा रकम राखिए पछि गएर रकमान्तर गरिने र वित्त अनुशासन सम्बन्धी सिद्धान्तको परिपालना नहुने अवस्था आउँछ । कोशी प्रदेशमा अबण्डा प्रकृतिको बजेट विनियोजन खोतल्दा अर्थ विविध शिर्षकमा बजेट राख्ने गरिएको भेटिन्छ । प्रदेश सरकार अस्तित्वमा आएपश्चात पहिलो आ.व.मा यो विनियोजन भएको देखिन्न । तर तत्पश्चात आ.व.२०७६/७७ देखि लगातार यस्तो शिर्षकमा बजेट राखिँदै आएको पाईन्छ । उक्त आ.व.मा कूल बजेट विनियोजनको करीब १४.२४ बराबर बजेट राखियो । त्यस्तैगरी आ.व. २०७७/७८ मा सोको अनुपात केही घटेपनि कूल बजेट विनियोजनको १०.७६ प्रतिशत बराबर विनियोजन उक्त शिर्षकमा गरियो । आ.व. २०७८/७९ मा यो अनुपात पुनः बढेर करीब ११.४६

प्रतिशत बजेट विनियोजन उक्त शिर्षकमा गरेको भेटिन्छ । खासमा उक्त शिर्षकमा राखिएको रकम रकमान्तरको मूल श्रोतका रुपमा रहेको पाईन्छ ।

माथिको तथ्यांक विश्लेषणबाट निकै ठूलो रकम अर्थ विविधमा छुट्टाउने अभ्यास बजेट इतिहाँसको दोश्रो वर्षदेखि प्रारम्भ भएबाट र लगातार जारी भएबाट वित्त अनुशासनमा विचलनको जोखिम उच्च रहेको छ । यो विषय प्रदेश प्रशासन सुधारको लागि एक मूल सवाल हुनपर्छ ।

तालिका ६८: कोशी प्रदेशमा अर्थ विविधको प्रयोग सम्बन्धी विवरण

| कुल विनियोजनमा अर्थ विविधको हिस्सा (रकम रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| सि.नं. | आर्थिक बर्ष | कुल बजेट विनियोजन | अर्थ विविधमा विनियोजन | कुल विनियोजनमा अर्थ विविधको अनुपात |
| १ | ०७५/०७६ | तथ्यांक उपलब्ध नभएको | तथ्यांक उपलब्ध नभएको | तथ्यांक उपलब्ध नभएको |
| २ | ०७६/०७७ | ४,२२,००,४१० | ६०,११,००० | १४.२४% |
| ३ | ०७७/०७८ | ४,०८,९९,९४७ | ४३,९९,००० | १०.७६% |
| ४ | ०७८/०७९ | ३,२४,६९,२०० | ३७,२०,०५७ | ११.४६% |

स्रोतः अर्थ विविध भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालयको अनुदान संकेत नं. ३०२ लाई जनाउँदछ।

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त विवरणको आधारमा कार्यदलबाट निर्मित ।

## ४.१०.६ स्थानीय तहलाई अनुदान

नेपालको संविधान बमोजिम कोशी प्रदेश प्रशासनले स्थानीय तहहरुलाई ४ प्रकारका अनुदानहरु प्रदान गर्दै आएको छ । आ.व. २०७७/७८ मा सबैभन्दा उच्चतम रकम उपलब्ध गराएको देखिन्छ भने आ.व.२०७८/७९ मा थोरै घटेपनि सबैभन्दा दोश्रो उच्चतम वर्षका रुपमा देखा पर्छ । उक्त आ.व. मा अहिलेसम्मको सबैभन्दा बढी सशर्त अनुदान स्थानीय तहहरुलाई दिईएको पाईन्छ ।

तालिका ६९: कोशी प्रदेशबाट स्थानीय तहलाई प्रदत अनुदानको विवरण

| पछिल्लो ४ आर्थिक वर्षमा स्थानीय तहलाई दिएको अनुदानको विवरण (रकम रू हजारमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| शीर्षक | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| समानिकरण अनुदान | ५००००० | १३.६९% | ९९९९९७ | १७.१७% | १०००००० | ३४.८३% | १०००००० | २५.६०% |
| समपूरक अनुदान | ० | ०.००% | १४११५८७ | २४.२३% | १३०८४११ | ४५.५८% | १२६०८४४ | ३२.२८% |
| सशर्त अनुदान | ३१५३०८७ | ८६.३१% | २९७१३८१ | ५१.०१% | ५६२३८७ | १९.५९% | १६४४९७४ | ४२.१२% |
| विशेष अनुदान | ० | ०.००% | ४४१७०९ | ७.५८% | ० | ०.००% | ० | ०.००% |
| जम्मा | ३६५३०८७ | १००.००% | ५८२४६७४ | १००.००% | २८७०७९८ | १००.००% | ३९०५८१८ | १००.००% |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेशबाट प्राप्त विवरणका आधारमा कार्यदलद्वारा तयार पारिएको ।

नोटः प्रतिशत निर्धारण गर्दा जम्मा अनुदानमा शिर्षगत अनुदानको हिस्साको आधारमा गरिएको छ ।

### ४.१०.७ संघसंस्थालाई प्रादेशिक अनुदान

यस सम्बन्धी तालिका तर्जुमा गर्नका लागि तथ्यांक उपलव्ध हुन नसकेकोले यहाँ सो प्रस्तुत गर्न सकिएन ।

उत्पादनमाथि आधारित (आउटपुट बेस्ड) नभएर केवल वितरणका लागि संघसंस्थाहरुलाई अनुदान प्रदेश सरकारबाट विनियोजन हुन र वितरण हुँदै आएको छ । चाहे कृषिको नाममा वा सामाजिक संघसंस्थाका नाममा दिईएका हुन् दिईएका अनुदानबाट के उत्पादन बढ्यो र कति उत्पादकत्व बढ्यो ? सोको अनुगमन भएको देखिन्न । साथै, दिईने अनुदान आवश्यक व्यक्ति वा संस्थाले मात्रै पाउने ग्यारेण्टीका लागि यस सम्बन्धी मापदण्ड कार्यविधी वैज्ञानिक हुन पर्ने देखिन्छ ।

## ४.११ प्रदेशको सेवा र विकास प्रवाहमा स्थानीय तह

प्रदेशले दिने सेवा र विकास गतिविधी पालिकामार्फत दिन सक्ने संभावना निकै छ । यसो हुन सक्दा स्थानीय तहसँग प्रदेशको अन्तर सम्बन्धमा सकारात्मक प्रभाव समेत पर्छ ।

यस अध्ययनमा समयको अभावले यो विषयमा अध्ययन समेटन संभव भएन । खासमा यसबारे आवश्यक देहायका तथ्यांकहरु यस कार्यदलले प्राप्त गर्न नसक्ता यो संभव भएन :

१. पछिल्ला ५ वर्ष अवधिमा हरेक वर्ष स्थानीय तहबाट कार्यान्वयन गरिएका सेवाजन्य र विकास कार्यक्रमको क्षेत्रगत संख्या र क्षेत्रगत बजेटको विवरण ।
२. पछिल्ला ५ वर्षमा स्थानीय तहबाट कार्यान्वयन गरिएका सेवाजन्य र विकास कार्यक्रमको क्षेत्रगत बजेट र कार्यान्वयन गर्ने पालिकाको नामावली विवरण ।
३. सातै प्रदेशहरुले सेवा प्रवाह र विकास कार्य स्थानीय तहबाट संचालन गरेको पछिल्लो १ आ.व. को प्रदेशगत तुलनात्मक तथ्यांक विवरण ।

विषयको महत्वका कारणले यसबारे भविष्यमा लिईनु पर्ने रणनीति तय गर्न यस विषयको खोजिका लागि एक छुट्टै अध्ययन गरिनु उपयोगी हुने देखिन्छ ।

# परिच्छेद ५
# निष्कर्ष तथा खोज

## ५.१ कार्यक्षेत्र, सँगठन संरचना र कर्मचारी दरबन्दी

*कार्यक्षेत्र*

१. संविधानमा उल्लेख भएका संघ, प्रदेश र स्थानीय तहहरुको कार्य तथा अधिकारलाई थप बिस्तृतिकरण गर्न नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०७३ माघ १८ मा स्विकृत भएको *कार्य विस्तृतीकरण प्रतिवेदन २०७३* लाई अद्यावधिक गर्न ढिलाई भएको । अद्यावधिक नहुँदा खासगरी साझा अधिकार क्षेत्रभित्रका विषयहरुलाई कार्यान्वयन गर्न अन्यौलता कायम रहेको देखियो ।

२. कार्यक्षेत्रलाई प्रष्टाउन संघले बनाउनु पर्ने कतिपय कानूनहरु बनिनसकेकोले अन्यौलता कायम रहेको यस अध्ययनले देख्यो ।

३. कोशी प्रदेश सरकारले संघीयता कार्यान्वयनका सन्दर्भमा के के कानूनहरु निर्माण वा परिमार्जन गर्नु पर्ने हो, यस सम्बन्धमा एकिकृत अध्ययन (Consolidated Study) भएको देखिएन । संघले यस्तो अध्ययन विगतमा २०७३ सालमा नै गरेको थियो जसको हालसम्म संघबाट कति सम्पन्न भयो कति बाँकी रह्यो भन्ने समिक्षा भएको पनि पाईएन । यी कारणहरुले गर्दा कार्यक्षेत्रलाई उपभोग र उपयोग गर्न ढिलाई र अन्यौलता कायमै रहेको भेटियो ।

४. एकल र साझा अधिकार सूचीका विषयमा प्रदेश सरकारले बनाउन पर्ने कानूनहरु पनि अझै बन्न बाँकी रहेको साथै भईरहेका कानूनहरु अद्यावधिक तथा परिमार्जन गर्न बाँकी रहेको देखियो । यस अध्ययनले २२ वटा विषयमा प्रदेश कानूनहरु प्रबन्ध हुन पर्नेमा १९ वटा भएको र अझै ३ वटा विषयको प्रबन्ध हुन थाँती रहेको पाएको छ । यस सम्बन्धी पूर्ण विवरण माथि यस सम्बन्धी विश्लेषण परिच्छेदमा उल्लेख छ ।

५. प्रदेश सरकारको एकल अधिकारको सूचीमा र कार्यविस्तृतीकरणमा पर्दापर्दै पनि कोशी प्रदेश सरकारले विभिन्न नीतिगत प्रबन्ध गर्न बाँकी नै रहेका विषयहरुको संख्या अझैपनि २०० वटा रहेको यस अध्ययनको विश्लेषणमा देखिएको छ ।

६. संविधानमा स्थानीय तहको एकल अधिकारमा परेको साथै नेपाल सरकारबाट स्विकृत कार्यविस्तृतिकरण प्रतिवेदनमा स्थानीय तहको विषयका रुपमा उल्लेख भएको ११ वटा विषय प्रदेश सरकारले जारी गरेको कार्यविभाजन नियमावलीमा समाविष्ट भएको यस अध्ययनले पायो ।

७. संविधानमा स्थानीय तहको एकल अधिकारमा रहेको साथै नेपाल सरकारको कार्यविस्तृतिकरण प्रतिवेदनमा स्थानीय तहको अधिकार भनिएको भएतापनि कोशी प्रदेश सरकारले प्रयोग गर्न कानून निर्माण गरेका विषय संख्या १८ रहेको यस अध्ययनले भेट्टाएको छ ।

८. संविधानमा स्थानीय तहको एकल अधिकार सूचीमा परेर नेपाल सरकारको कार्यविस्तृतिकरण प्रतिवेदनमा समेत स्थानीय विषय भनिएको तथापी कोशी प्रदेश सरकारले प्रदेशस्तरमा संस्था सृजना वा प्रबन्ध गरेका विषय संख्या १८ वटा भएको यस अध्ययनले पाएको छ ।

९. स्थानीय तहको एकल अधिकार सूचीमा परेर नेपाल सरकारको कार्यविस्तृतिकरण प्रतिवेदनमा स्थानीय तहको कार्यक्षेत्रका रुपमा समाविष्ट भएका करीब ४६ वटा विषय क्षेत्रमा प्रदेश सरकारले बजेट विनियोजन गरेको यस अध्ययनका क्रममा भेटिएको छ ।

१०. प्रदेश सरकारको एकल अधिकारको सूचीमा र कार्यविस्तृतीकरणमा पर्दापर्दै पनि कोशी प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७९ मा उल्लेख नभएका विषयहरुको संख्या अझैपनि २८ वटा रहेको यस अध्ययनले पाएको छ ।

११. प्रदेश सरकारले हालसम्म बनाएका ऐन ६० वटा भएको र सोमध्ये २४ वटा मात्रै नियमावलीहरु बनाएको हुँदा ३५ वटा नियमावलीहरु बन्न बाँकी रहेको यस अध्ययनले पायो । यसरी ३५ वटा ऐनहरु प्रमाणिकरण भएपनि आंशिक मात्रै लागू हुन सक्ने अवस्थामा छन् । यसबाट प्रदेश सरकारले आफ्नो कार्यक्षेत्रको आफ्नै कारणले पूर्ण उपयोग गर्न नसकेको र स्वभाविक रुपमा प्रदेश सरकार त्यस्ता कानूनको क्षेत्रमा हालसम्म प्रभावी हुन बाँकी देखियो ।

*संगठन संरचना*

१२. विगतमा कायम १३ वटा मन्त्रालयको तुलनामा हाल कायम संख्या ९ प्रगतिशील देखिएपनि अझैपनि यो संख्या बढी भएको महसूस हुन्छ । उक्त मन्त्रालयहरुमा कार्यरत जनशक्ति, संचालित नीति तथा कार्यक्रम र मातहत संचालन गर्नु पर्ने संगठनहरुको एकअर्काबिच तुलना गर्दा कतिपय मन्त्रालयहरुलाई कामको चाप (लोड) नपुगेको देखा पर्‍यो ।

१३. संविधानमा प्रदेश सरकारको एकल अधिकारको सूचीमा र कार्यविस्तृतीकरण प्रतिवेदनमा परेको साथै कोशी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ मा पर्दापर्दै पनि तिनको अभ्यास गर्नका लागि प्रदेश संरचनाभित्र संस्थागत व्यवस्था गर्न छुटेका विषयहरुको संख्या ११६ वटा रहेका यस अध्ययनले भेट्टाएको छ । हालसम्म गरिएका संगठन सृजना र पुर्नसंरचनामा ती विषयहरु कुन निकायले गर्ने भन्ने स्पष्टता ल्याउन छुटेको पाईयो ।

१४. प्रदेश सरकारसँग प्रशिक्षण तथा अनुसन्धान क्षेत्रमा सेवा दिने ८ वटा निकाय रहेको देखिन्छ । तर ती निकायहरुको संचालन के कसरी भईरहेछ ? त्यस्ता निकायहरु के कति उत्पादनमूलक हुन सकेका छन्? यस्तो पाटोमाथि ध्यान पुग्न नसकेको यस अध्ययनले पाएको छ ।

१५. हिँजोको एकात्मक व्यवस्थाबाट संघीय ढाँचामा मुलुक जाँदा वि.स. २०७५ पछि ३७ प्रकारका करीब १५१ वटा संघीय कार्यालय संरचनाहरु प्रदेश सरकारमा हस्तान्तरण भईआएको ५ वर्षभन्दा बढी भईसक्दापनि उक्त कार्यालय वा संरचनाहरुमा प्रदेश प्रशासनको आवश्यकता ( Needs) र संभाव्यता (Viability) का आधारमा कुनै पुर्नसंरचना नगरिएको यस अध्ययनले देख्यो । यस अवस्थामा भईरहेका संरचना वा कार्यालयहरु बोझिला (Burdensome), खर्चिला ( Expensive) र अनुत्पादक (Non-Productive) भएको अध्ययनको ठहर छ ।

१६. विगतमा विकास क्षेत्र अवधारणामा संचालित स्वास्थ्य निर्देशनालय (धनकुटा) र १४ जिल्लामा रहेका जनस्वास्थ्य कार्यालयहरु अहिलेपनि त्यस्तै र त्यत्रै आकार प्रकारमा प्रदेशमा रहेका छन् । त्यसैगरी, विगतमा झैँ अहिले प्रदेश अर्न्तगत कृषि सम्बन्धी ३ वटा तालिम केन्द्रहरु एकै स्थान झुम्का (सुनसरी) मा संचालित छन् । त्यस्ता निकायहरुलाई एउटै छातामुनि ल्याउँदा उक्त कार्यालयहरुमा हुने चालू खर्च घटाउन बरु पूंजीगत खर्च बढाउन सकिने प्रबल संभावनाको हालसम्म खोजि नगरिएको यस अध्ययनले देख्यो ।

१७. प्रदेश प्रज्ञा प्रतिष्ठान खडा गर्न मिति २०७९/०५/२७ मा नै प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ प्रमाणीकरण भएतापनि यसको गठन, संगठन र दरबन्दी हालसम्म तय भएको छैन । उक्त ऐनको दफा ७ बमोजिम प्रतिष्ठानमा १ कुलपति, १ सहकुलपति, १ उपकुलपति र ३५ जना प्राज्ञ लगायत ३८ जना पदाधिकारीहरु रहने व्यवस्था छ । यसका अतिरिक्त प्रतिष्ठानलाई कर्मचारीको ठूलो संख्या यकिन गर्न बाँकी नै छ ।

१८. प्रदेश सरकारले दरबन्दी सृजना गर्नुपर्दा हरेक थप दरबन्दीले कति आर्थिक दायित्व सृजना गर्छ? सो यकिन नगरेको यस अध्ययनले देख्यो । सरकारले व्यवस्था गर्ने निवृत्तिभरण पाउने १ पद सृजना गर्दा आजको मूल्यमा कार्यालय सहयोगीका लागि रु.१,०८,३४,२१३, सहायक पाँचौका लागि रु.१,७०,३५,५९७ र अधिकृत ७औं पदका लागि रु.२,१३,६३,४७० नयाँ आर्थिक भार थपिने यस अध्ययनको ठम्याई छ । योगदानमूलक निवृत्तिभरण प्रणालीमा १ पद थप्दा प्रदेश सरकारमाथि कार्यालय सहयोगीका लागि रु.१,१४,७०,३७६, सहायक पाँचौका लागि रु.१,७०,३५,५९७ र अधिकृत ७औं पदका लागि रु.२,१३,६३,४७० आर्थिक भार बढ्ने यस अध्ययनको निचोड छ ।

१९. आर्थिक दायित्व थपिने दृष्टिकोणबाट प्रदेश सरकारमाथि सबैभन्दा बढी चाप सबैभन्दा धेरै संख्या भएका ५ वटा पदहरु क्रमशः छैटौं तह (२६.०८ प्रतिशत), कार्यालय सहयोगी लगायत आधारभूत तह (२५.३५ प्रतिशत), पाँचौ तह (१८.९४ प्रतिशत), आठौँ तह (११.०२ प्रतिशत) र सातौँ तह (१०.९६ प्रतिशत) भएको यो अध्ययनले निष्कर्ष निकालेको छ ।

२०. संगठनको क्षमता बढाउनेतर्फ थप महँगो दरबन्दी र दिर्घकालिन आर्थिक दायित्व सृजना गर्नुको साटो दक्षता, क्षमता र प्रविधीको उपयोग गर्दै सेवा बिस्तार तथा सुधार गर्ने रणनीतिमा ध्यान नपुगेको यस अध्ययनको निचोड रहेको छ ।

२१. नेपालको संविधानमा प्रदेशको एकल अधिकार सूची अर्थात अनूसूची ६ मा परेका र स्थानीयस्तरसम्म सेवा वा विकास प्रवाह गर्नु पर्ने विषय सम्बन्धी निकायहरुमा संगठन तथा दरबन्दी बिस्तार गर्न अझै नपुगेको देखियो । यस वर्गमा वन, जलउपयोग तथा वातावरण, स्वास्थ्य सेवा र कृषि तथा सहकारी, प्रदेश लोकमार्ग, रेडियो, एफएम तथा टिभी, प्रदेश तथ्यांक लगायतका मन्त्रालय र ती अर्न्तगतका निकायहरु पर्न आउँछन् ।

२२. नयाँ दरबन्दी सृजना गर्दा प्रविधीमैत्री अधिकृतमुखी प्रशासन बनाउने अवधारणालाई आत्मसात गर्न अझै नसकिएको यस अध्ययनले देख्यो । यस अनुरुप ६ठौं र ७औं तहहरुमा बढी ध्यान दिन नसकिएको अध्ययनले पाएको छ ।

२३. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ५ बमोजिम अधिकृतस्तरमा ६ठौं देखि ११औं तहको दरबन्दी तय गरिएको कूल संख्या पिरामिड आकारको नभएको यस अध्ययनले पहिल्याएको छ ।

२४. कतिपय दोहोरोपना देखियो । जस्तैः आर्थिक मामिला तथा योजना मन्त्रालय भएसकेपछि प्रदेश योजना आयोग किन ? त्यस्तै, उद्योग प्रशासन भईसकेपछि प्रदेश लगानी प्राधिकरण किन ? यस्तो दोहोरो संगठनहरुबाट तिनीहरुको उपयोगले औचित्यता सिद्ध नगरुन्जेलसम्म प्रश्न उठ्ने ठाउँ दिएको पाईयो ।

२५. प्रदेश प्रशासनमा दरबन्दीसँग गाँसिएको संरचनागत समस्याहरु देहाय बमोजिम छन्:

१. दरबन्दी संरचना अझैपनि श्रेणीमाथि आधारित रहेको ।
२. पदनाम अहिलेसम्म कायम हुन नसकेको ।
३. प्रदेश किताबखानामा भएको दरबन्दी र कर्मचारी कार्यरत दरबन्दीबिच तालमेल नभएको ।
४. प्रदेश निजामती सेवा ऐन, २०७९ आएपश्चात सो ऐनको दफा ८ बमोजिमको दरबन्दी संरचना कायम हुन अझै नसकेको ।

२६. एउटै प्रयोजनका लागि अर्थात लगानीलाई सहजीकरण गर्न एउटै प्रदेश प्रशासनमा २ वटा एकल बिन्दु सेवा केन्द्रको कानूनी व्यवस्थालाई यो अध्ययनले अनावश्यक दोहोरोपनाको रुपमा देखेको छ । *सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६* को दफा

३९ मा र *प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७* मा यस्तो एकल बिन्दु सेवा केन्द्र रहने कानूनी व्यवस्था हुनु उपयुक्त देखिएन । ती दुवै संयन्त्र अहिलेसम्म अस्तित्वमा आएका छैनन ।

२७. प्रदेश लगानी प्राधिकरणमा जनशक्तिको व्यवस्था हेर्दा तदर्थवाद (Ad-hoc Basis) मा चलेको पाईन्छ । लगानी सम्बन्धी विशेषज्ञता चाहिने कार्यमा नियमित कर्मचारीबाट कार्यसम्पादन गर्न गराउन सामान्यतयाः सहज नहुने हुँदा संघीय लगानी बोर्डमा जस्तो कर्मचारीको Mixed Team Approach अपनाईएको देखिएन । निजामती सेवाका कर्मचारीका अतिरिक्त बजारबाट नियमित रुपमा संगठनभित्र विशेषज्ञहरु राखेर काममा लगाईने विधि अर्थात Embedded Team को अभाव देखियो ।

२८. प्रदेश लगानी प्राधिकरणको संरचनामा दक्ष कर्मचारी नभएकाले कतिपय कार्य दातृ निकाय वा अन्तर्राष्ट्रिय गैससबाट गराईने गरिएको पाईयो जुन सूचना सुरक्षाको दृष्टिले अनुपयुक्त र जोखिमयुक्त हुने ठहर यो अध्ययनले गऱ्यो ।

२९. प्रदेश लगानी प्राधिकरणका हकमा *सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६* को दफा ३९ ले गरेको व्यवस्था अनुसार एकल बिन्दु सेवा र सो सेवा दिलाउन उक्त कानून आएको करीब ४ वर्ष समय व्यतित हुँदा समेत उक्त इकाइको स्थापना नभएको पायो । त्यस्तै सोही दफाको मर्मअनुरुप लगानीलाई सहजीकरण गर्ने उद्देश्यले सम्बन्धीत मन्त्रालय, विभाग, प्राधिकरण, सार्वजनिक संस्थान लगायतका निकायबाट प्रतिनिधित्व हुने गरी कर्मचारीको कुनै उपलब्धता लगानी प्राधिकरणमा नभएको पायो ।

३०. त्यस्तै, स्वयं प्रदेश लगानी प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) पूर्ण नभएको र संगठन संरचना तथा दरबन्दी व्यवस्था अझै नटुङ्गिएको पायो । यस्तो अवस्थामा लगानी प्राधिकरणले आशातित परिणाम दिन नसक्ने अनुमान सहजै गर्न सकिन्छ । प्रदेशका कर्मचारीहरुको व्यवस्था गर्न साथै प्रदेशको सचिव पद ११औं तहमा बढुवा नियुक्ति गर्नु पूर्व प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ७ मा व्यवस्थित दरबन्दी सृजना सम्बन्धी पूर्वतयारी कार्यहरु हालसम्म नटुङ्गिएको पाईयो ।

*प्रदेश प्रहरी व्यवस्थापन*

३१. संघीय प्रहरी सेवा ऐन आउनु पर्नेमा अत्यन्तै ढिलाई भएको पाईयो । उक्त कारणले प्रदेश प्रहरी सेवा ऐन र संघीय प्रहरी समायोजन ऐन आईसक्ता पनि प्रदेश प्रहरीतर्फ ठोस उपलब्धी हुन नसकेको देखियो ।

३२. अहिलेसम्म प्रदेश प्रहरीको O&M हुन नसकेको पाईयो । यसको कारणले के कति संख्यामा कुन कुन पदस्तरका प्रहरी कहाँ कहाँ प्रदेश प्रहरीमा रहने हुन र तिनीहरुको कार्य विवरण के के हुने भन्ने प्रारुप बन्न बाँकी रहेको भेटियो ।

३३. प्रदेश प्रहरी सेवा ऐन २०७७ को दफा ४ मा व्यवस्था भईसक्दापनि अहिलेसम्म O&M नभएको कारणले प्रदेशमा चाहिने प्रहरीको Gap Analysis हुन नसकेको साथै यसबाट प्रदेशमा भविष्यमा आँफैले नियुक्त नगरुन्जेलसम्मका लागि संघबाट के कति संख्यामा कुन कुन पदस्तरका प्रहरी माग गर्ने भन्ने अन्यौलता कायमै रहेको देखियो ।

३४. प्रदेशको सुरक्षा नीति अहिलेसम्म बन्न नसकेको पाईयो ।

३५. प्रदेश प्रहरीमा कार्यरत प्रहरीका लागि वृत्ति विकास र तालिम (आन्तरीक र वैदेशिक) बारे ठोस अवधारणा अझै प्रष्ट हुन बाँकी देखियो ।

३६. एउटा पद तहभन्दा माथिका प्रहरी अधिकृत संघबाट प्रदेशमा खटिँदा प्रदेशको पुलमा एकमुष्ट पठाउने र प्रदेशले तिन्लाई पदस्थापन, सरुवा, खटनपटन, बढुवा, पुरस्कृत दण्ड गर्न पाउने विषयहरु अझै स्पष्ट हुन बाँकी रहेको देखियो ।

## ५.२ कर्मचारी प्रशासन, सेवा तथा विकाससम्बन्धी कानूनी तथा नीतिगत प्रबन्ध

३७. प्रदेश निजामती सेवा ऐन तुरुन्त लागू हुनेछ भनि मिति २०७९/११/१५ को प्रदेश राजपत्रमा प्रकाशित भएतापनि हालसम्म सो ऐनको नियमावली आएको देखिएन । यसले गर्दा सो ऐन हालसम्म आँशिक मात्रै कार्यान्वयन भएको यस अध्ययनले पायो । साथै, यसबीच कार्यान्वयन भएको विषयमा अदालतमा कुनै प्रश्न उठेमा जटिलता आउने संभावना टडकारो छ । एउटा उदाहरण, प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ५ ले विभिन्न सेवाहरुमा पदनाम तोकिए बमोजिम हुनेछ भनिदिएको र सोका लागि तत्काल नियमावली आईनपुग्दा तह र पद व्यवस्थापनमा ठूलो जटिलता छाएको यो अध्ययनले पायो ।

३८. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३ ले प्रदेशको CPA का सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय उक्त भूमिकामा रहने भनेतापनि सोही ऐनको दफा ४ ले गठन गरेका कूल ७ वटा विभिन्न सेवाहरुको लागि सहायक CPA जस्ले दैनन्दीन कर्मचारी प्रशासन संचालन तथा सम्वर्द्धन गर्छन् तर त्यस्तो सहायक CPA कुन सेवाका लागि को हुने भन्ने व्यवस्था उक्त ऐनले नगरेको यस अध्ययनले देख्यो ।

३९. प्रदेशको कर्मचारी प्रदेश सचिव बन्न पाउने प्रावधान प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ११३ मा भएनुरुप यसका लागि प्रदेशका संभाव्य कर्मचारीलाई ११औं तहमा बढुवा नियुक्ति गर्न सोही ऐनको दफा ८, दफा ३१ र दफा ४२ मा गरिएको थप सहयोगी व्यवस्थाहरुलाई उपयोग नगरिएको पाईयो । यसका लागि यस ऐनको नियमावली पर्खिनै नपर्ने अवस्थामा पनि यसतर्फ अघि बढ्न ढिलाई भईरहेको देखियो ।

४०. प्रदेशका कर्मचारीको वृत्ति विकासका लागि केही कानूनी तथा व्यवहारिक बाधकहरु अझै कायमै रहेको देखियो:

   १. प्रदेश प्रमुखमा संघबाट प्रदेश प्रशासनमा खटिएर आउने विशिष्ट श्रेणीको कर्मचारीको अनिवार्य अवकाशको ५ वर्षे समयावधीमा प्रमुख सचिवमा बिताएको अवधी गणना नगर्ने कानूनी व्यवस्था नभएको ।
   २. समायोजनमा परेर विगतमा प्रदेश सेवामा आएका कर्मचारीहरु बाहेक अन्यले संघीय निजामती सेवामा एक तहमाथिको पदमा संभाव्य उम्मेद्वार हुने अवसर नपाएको,
   ३. हालको संघीय कानून अनुसार प्रदेशका सचिव (११औं तह) ले संघको सचिव (विशिष्ट श्रेणी) पदमा बढुवाका लागि संभाव्य उम्मेदवार बन्ने अवसर नदिएको ।
   ४. वि.स.२०७५ सालमा पहिलो पल्ट नेपाल सरकारले स्वीकृत गरेको प्रदेशको संगठन संरचना र दरबन्दी संघीय निजामती किताबखानामा दर्ता भएपनि सोपश्चात प्रदेश सरकारले हेरफेर वा थप गरेका संगठन संरचना र दरबन्दीहरु हालसम्म संघीय वा प्रदेश किताबखानामा दर्ता हुन नसकेको यस अध्ययनले पाएको छ। यसबाट त्यस्ता दरबन्दीमा हुने कर्मचारीहरुको वृत्ति विकासमा असर परिरहेको देखियो ।

४१. प्रदेशमा संघीय कर्मचारीलाई सचिव पदमा खटाउने बारेमा प्रदेश निजामती सेवा ऐन, २०५७ को दफा ११३ को (२) ले प्रदेशका कर्मचारी प्रदेश सचिवमा नियुक्त वा बढुवा नभएसम्म प्रदेशको अनुरोधमा नेपाल सरकारले संघीय रा.प. प्रथम श्रेणीका कर्मचारीलाई खटाउन सक्ने भनि गरेको प्रावधान त्रुटिपूर्ण रहेको देखियो । यसको सट्टा प्रदेश सरकारलाई आवश्यक संख्यामा

त्यस्ता कर्मचारीहरु प्रदेश प्रशासनको प्रमुख कर्मचारी व्यवस्थापन कार्यालय अर्थात मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पुल (स्टक) मा खटाउने र तिनीहरुलाई प्रदेश सरकारले मन्त्रालय वा निकाय तोक्ने भन्ने व्यवस्था हुन पर्नेमा र सोबमोजिम गर्न संघीय मन्त्रालयसँग पहल गरिनु पर्नेमा सो नभएको पाईयो ।

४२. संघीय प्रशासनमा भन्दा कोशी प्रदेश प्रशासन लैङ्गिक कोणबाट बढी समावेशी चरित्रको यस अध्ययनले भेट्टायो । तथापी हालांकी यो चरित्र काफी भने छैन । यो प्रदेश प्रशासनमा केवल १४.३ प्रतिशत महिलाको उपस्थिती हाल देखिएकाले कम्तिमा ५० प्रतिशत पुऱ्याउन अरु ३५.७ प्रतिशत समावेशी बनाउनु पर्ने चुनौती कायमै रहेको यो अध्ययन फेला पारेको छ ।

४३. कोशी प्रशासनमा कर्मचारी दरबन्दीको ठूलो संख्या रिक्त रहेको यो अध्ययनले पायो । कोशी प्रशासनमा विभिन्न मन्त्रालय, निकाय र तिनीहरुका मातहत कूल १९३ वटा प्रशासनिक इकाईहरुमा कूल ३,९८४ वटा स्थाइ कर्मचारी दरबन्दी कायम रहेकोमा झण्डै २,०४३ दरबन्दी रिक्त रहेको यस अध्ययनले भेट्टायो ।

४४. कूल दरबन्दीमध्ये ५१.२८ प्रतिशत रिक्त हुँदा पनि र प्रदेश लोक सेवा आयोग हुँदाहुँदैपनि सो आयोगबाट कर्मचारी आपूर्ति हुन नसकेको भेटियो । यस परिस्थीतिका पछाडी पटकपटक ताकेता गर्दापनि आयोगसमक्ष प्रदेश सरकारबाट माग नआएको भन्ने आयोगबाट बुझियो ।

४५. कर्मचारीको ठूला अभाव खेपेको प्रदेश प्रशासनको नीतिगत कार्यक्षमता, दक्षता साथै आम नागरिकसम्म विकास र सेवा प्रवाहमा गम्भिर असर परेको भेटियो ।

४६. प्रदेश प्रशासनको सर्वोच्च प्रशासनिक नेतृत्व प्रमुख सचिव पदमा उच्च अस्थिरता रहेको यस अध्ययनले फेला पाऱ्यो । हालसम्म ८ वटा प्रमुख सचिवहरुले औसत ६ महिना २० दिन मात्रै प्रदेश प्रशासनको नेतृत्व गरेको देखियो । यसबाट कोशी प्रदेश प्रशासनले प्रशासनिक नेतृत्वमा अस्थिरताको सकस निकै उच्च व्यहोरेको देखा पऱ्यो ।

४७. प्रमुख सचिव पछिको उच्चतम पद सचिवमा उच्च अस्थिरता देखियो । पहिलो पल्ट मुख्यमन्त्रीको बहाली भएको मिति २०७४/११/०३ देखि यस अध्ययनको मिति २०७९/०२/०१ सम्म प्रदेश प्रशासनले व्यतित गरेको कूल १९१५ दिनमा कूल ५२ जना सचिवहरु प्रदेश प्रशासनले पाएको देखियो । सोमध्ये ३ महिनाभन्दा कम अवधिमा यस प्रदेशबाट सरुवा भएका सचिव ६ जना, ६ महिनादेखि ६ महिनासम्म कार्यावधि भएका सचिवहरु ६ जना, ६ महिनादेखि १ वर्षको अवधिमा यस प्रदेशबाट सरुवा भएका १६ जना, १ देखि २ वर्ष अवधिमा यस प्रदेशबाट अन्यत्र सरुवा भएका २० जना र २ वर्ष कार्यावधि पूरा गरेका ४ जना सचिवहरु देखिए ।

४८. कर्मचारीको जिल्लागत उपस्थिती सबैभन्दा ठूलो राजधानी मोरङ्ग (२८.८४ प्रतिशत), दोश्रो सुनसरी (१५.१४ प्रतिशत), तेश्रो झापा -९.७८ प्रतिशत) र चौथो उदयपुर (७.८८ प्रतिशत) देखियो । यसैगरी सबैभन्दा थोरै कर्मचारी ताप्लेजुङ्ग (१.९६ प्रतिशत), तेह्रथुम (२.०६ प्रतिशत) र सोलुखुम्बु (२.४२ प्रतिशत) मा देखियो । तर यो वितरण औचित्यपूर्ण देखिएन ।

४९. पुरस्कारतर्फ हेर्दा जनसेवाश्री पदक पाउने कोशी प्रदेशका कर्मचारी संख्या पछिल्लो आ.व. २०७९ मा आ.व. २०७७ को ७ बाट घटेर ५ जनामा सिमित हुन पुगेको देखियो भने कोशी प्रदेशको तुलनामा आ.व.२०७९ मा सुदूरपश्चिम र कर्णाली प्रदेशमा ६/६ जनासम्मले उक्त पदक पाएको देखियो । यस प्रदेशले आफ्ना कर्मचारीबाट पुरस्कृत गर्नेगरी कार्यसम्पादन गराउन नसकेको र पुरस्कृत गर्नुपर्नेलाई पदक दिलाउन पर्याप्त नसकेको यस अध्ययनले पायो ।

५०. हरेक भदौ २२ 'निजामती दिवस' का दिन उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई नेपाल सरकारबाट दिईने उत्कृष्ट निजामती पुरस्कारको घोषणा बमोजिम ३ खाले पुरस्कारः पहिलो, सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार, दोश्रो, उत्कृष्ट निजामती सेवा पुरस्कार, र तेश्रो, निजामती

सेवा पुरस्कार भएकोमा उक्त कुनैपनि पुरस्कार यस प्रदेश प्रशासनका कर्मचारीहरुले हालसम्म पाएको यस अध्ययनले भेटेन । यसबाट कोशीमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीका लागि उत्प्रेरणाका पक्षमा अर्थात पुरस्कार दिलाउने अझै पहल नपुगेको देखियो ।

५१. यस अध्ययनले विभागीय सजायको अभ्यास गत ४ आ.व. मा पूर्णतः शून्य देख्यो । यस अवधिमा लोक सेवा आयोगमा प्रदेश प्रशासनबाट विभागीय संजायका लागि परामर्श माग भएको संख्या र सो आयोगबाट प्राप्त परामर्शको संख्या शून्य रहेको देखियो । विभागीय संजायमा किनारा लागेको केसको संख्यापनि यस अवधिमा शून्य नै रहेको देखियो । यसरी विभागीय संजाय प्रयोगमा आएको यस अध्ययनले पाएन ।

५२. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा १० को (झ) ले उत्कृष्ट काम गर्ने मन्त्रालयका सचिवलाई पुरस्कार प्रदान गर्ने र सोही ऐनको दफा ११ को उपदफा (ट) मा उत्कृष्ट कार्य गर्ने मातहतका कर्मचारीहरुलाई उत्कृष्टताका आधारमा पुरस्कृत गर्ने भन्ने व्यवस्थाहरुको उपयोग सम्बन्धी तथ्यांक कार्यदलले पाउन सकेन ।

५३. पदस्थापन (Posting) सम्बन्धी तथ्यांक प्रदेश प्रशासनमा खोज्दा कार्यदललाई उपलब्ध हुन सकेन तथापी विगतमा समायोजनमा कोशी प्रदेशमा आएका महिला विकासका कर्मचारीहरुको यातायात कार्यालयमा र ईन्जिनियरिङ्ग सेवातर्फको कतिपय कर्मचारीको हाइवेमा पदस्थापन भएको तथ्य भेटियो । अमिल्दो सेवाका कर्मचारीलाई अमिल्दो सेवामा खटाउने प्रचलन भएको पाईयो ।

*तालिम तथा अनुसन्धान प्रदायक*

५४. प्रदेश सरकारसँग कूल ९ वटा तालिम तथा अनुसन्धान केन्द्रहरु संचालनमा भएकोमा तिनीहरुले फरक फरक विषय क्षेत्रमा दिएका तालिम र तालिमग्राहीहरुको संख्यामा धेरै असमानता (Variance) देखियो । तिनीहरुलाई चुनौती (Challenges) दिने गरी वर्षेनी कुनै लक्ष्य दिने गरिएको देखिएन ।

५५. तालिमग्राहीको संख्यातर्फ एक आ.व.भरि ६२ जनालाई मात्रै तालिम दिएका तालिम केन्द्रपनि भेटियो भने ५,६२३ जनालाई दिएका तालिम केन्द्रपनि देखियो । त्यसैगरी लागततर्फ हेर्दा प्रति तालिमग्राही रु.१७,९८४ देखि रु. ३,७५,८०६ सम्म लागत लागेका तालिम केन्द्र देखियो । नियाल्दा ती कुनैपनि तालिम विशिष्ट वा विशेषज्ञ तहका नहुँदापनि तालिम संख्या, तालिमग्राहीको संख्या र लागतमा औचित्यता नभएको ठूलो असमानता (Variance) यस अध्ययनले भेट्टायो ।

५६. तमाम प्रमाणहरुलाई केलाउँदा विगतका तालिम प्रदायक निकायहरु पुर्नसंरचना नगरी साविकका कर्मचारी कायम राख्ने प्रयोजनले मात्रै यथावत राखिएको आभास यस कार्यदलले पाएको छ ।

५७. झापा कलवलगुढीस्थित प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान प्रदेश कानूनबाट सृजित एक स्वायत्त निकाय हुँदाहुँदैपनि र यसको कार्यक्षेत्र अनुसन्धान एवं तालिम दुवै हुँदाहुँदैपनि यसले कुनै अनुसन्धान गरेको कार्यदलले प्रमाण (Evidence) भेट्न सकेन । प्रतिष्ठानले प्रशिक्षणपनि अपेक्षित गर्न सकेको कार्यदलले देखेन । सो प्रतिष्ठान उपर गरिएका केसस्टडीको निष्कर्षहरु (Findings) तल 'जनशक्ति विकास र उपयोग' शिर्षक बुँदा ५.५.१ मा विस्तृतमा प्रस्तुत छ ।

५८. अन्य कुनैपनि तालिम केन्द्रहरुले सरकारी, अर्धसरकारी, निजी तथा कर्पोरेट राजस्व आर्जन हुनेगरी तालिम तथा अनुसन्धान गर्ने प्रयास गरेको समेत देखिएन ।

५९. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ को दफा २० मा प्रतिष्ठानको कोषको व्यवस्था अर्न्तगत (ग) मा परामर्श सेवा, प्रशिक्षण एवम् अनुसन्धान कार्य गरे वापत प्राप्त हुने रकम भन्ने उल्लेख गरिएकोमा यस अध्ययनले सो अधिकारलाई प्रतिष्ठानले उपयोग गर्न कुनै पूर्वतयारी गरेको भेटिएन । स्वयं प्रदेश सरकारका निकायहरुबाट साथै स्थानीय तहबाट समेत यस्तो आय गर्ने प्रयास गरेको देखिएन ।

६०. आत्मनिर्भर बनाउने दिशामा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ ले उक्त प्रतिष्ठानलाई निजी तथा कर्पोरेट क्षेत्रलाई प्रशिक्षण तथा अनुसन्धान सेवा बिक्रि गर्ने प्रावधान दिएको देखिएन । साथै, अन्य ८ वटा तालिम तथा अनुसन्धान केन्द्रहरुसँग यस्तो संभावना हुँदाहुँदैपनि तिनलाई यस्तो स्वायत्तता उपलव्ध भएको देखिएन ।

६१. प्रतिष्ठानको ऐनमा ३ खाले जनशक्ति प्रतिष्ठानमा रहने भनिएतापनि उक्त ३ खाले जनशक्तिः १) प्रशासकिय, २) अनुसन्धान, प्रशिक्षण तथा प्राध्यापन, ३) प्राविधिक, हालसम्म नरहेको पाईयो ।

६२. प्रतिष्ठानको ऐनले सबै खाले सार्वजनिक नीति सम्बन्धी अनुसन्धान (Public Policy Research) प्रदेश सरकारले प्रतिष्ठानमार्फत गराउने भनेको देखियो तर त्यसलाई कार्यरुपमा उतार्ने कुनै पहल न त प्रदेश सरकारका मन्त्रालय वा केन्द्रीय निकायबाट न त प्रतिष्ठानबाट नै गरिएको पाईयो ।

*प्रदेश लगानी प्राधिकरण*

६३. वि.स. २०७७ सालबाट स्थापित तथा संचालित प्रदेश लगानी प्राधिकरणले पछिल्लो ३ वर्षमा व्यवभन्दा आय अधिक गरेको भेटियो हालांकी करीब २.५ वर्षको अहिलेसम्मको कार्यावधिमा १ वटा लगानी प्रस्ताव मात्रै स्विकृत भएको देखियो ।

६४. प्राधिकरणले गति तिव्र बढाउँदा कोशी प्रदेशमा अझ धेरै लगानी भित्राउन सक्ने साथै मूलतः रोयल्टीबाट राजस्व आय गर्न सक्ने संभावना कार्यदलले स्पष्ट देखेको छ तर यस गतितर्फ स्वयं प्राधिकरण र प्राधिकरणलाई सहजीकरण गर्नु पर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लगायतका निकायहरु क्रियाशील भएको देखिएन ।

## ५.३ कार्य पद्धती

*कार्यविवरण*

६५. न त विगतको मन्त्रालयहरुको न त हाल विद्यमान ९ वटा मन्त्रालयहरुको कार्यविवरण पुरा भेटियो । केवल २ वटा मन्त्रालयसँग भएको र अन्य ७ वटा मन्त्रालयहरुमा कार्यविवरण नभएको पाईयो । सांख्यिक रुपमा ७७.७७ प्रतिशत मन्त्रालयहरुको न त कार्यविवरण बनेको छ न त स्वीकृत भएको देखियो ।

६६. कोशी प्रदेश सरकारको कार्य (विभाजन) नियमावली २०७९ मा मन्त्रालयहरुको कार्यक्षेत्र उल्लेख भएपनि कार्यविवरण नपाएर मन्त्रालयमा कार्यरत जनशक्ति साथै मातहतका सबै कार्यालयहरु अन्यौलमा रहेको देखियो । संगठन हुनु दरबन्दी हुनु तर कार्यविवरण नहुनुको बिडम्बना अद्यावधिक भएको प्रतिवेदनले पायो ।

*संस्थागत स्मरण*

६७. प्रदेश प्रशासनमा बारम्बार नेतृत्व परिवर्तन हुने गरेको तर परिवर्तन हुँदा अग्रजबाट लिखित अभिलेख जस्तैः डायरी, टिपोट, रिपोर्ट हस्तान्तरण लिने-दिने परम्परा भए नभएको बुझ्दा त्यस्तो

अभिलेखिकरण (Documentation) साथै तिनको हस्तान्तरण (Transfer) नहुने गरेको अध्ययनले पायो । धेरै अवसरमा अग्रज र भावि (Predecessor and Successor) प्रशासकबिच भेटघाटपनि नहुने गरेको हुँदा संस्थागत स्मरण अत्यन्तै कमजोर रहेको बुझियो ।

६८. कमजोर संस्थागत स्मरणका आधारमा गरिने निर्णय सहि नहुने संभावना उच्च हुने गरेको महसूस यस अध्ययनले गऱ्यो ।

*अधिकार प्रत्यायोजन*

६९. प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७८ मा सचिव भन्दा मुनिका अन्य प्रशासकिय अधिकारीहरुले अधिकार प्रत्योजन गर्न सक्ने व्यवस्थामा नभएको यस अध्ययनले देख्यो । खासगरी देहायका अधिकारीहरुले अधिकार प्रत्योजन गर्न सक्ने व्यवस्था देखिएन :
   १. महाशाखा प्रमुख- नियम ५ बमोजिम
   २. विभागीय प्रमुख- नियम ६ बमोजिम
   ३. निर्देशनालय प्रमुख- नियम ७ बमोजिम
   ४. डिभिजन प्रमुख- नियम ८ बमोजिम
   ५. कार्यालय प्रमुख- नियम ९ बमोजिम

७०. अधिकार प्रत्योजनका लागि हालसम्म गरिएका व्यवस्था र सोको सदुपयोग, दुरुपयोग र तिनको प्रभावकारीतामाथि अहिलेसम्म कुनै अध्ययन भएको पाईएन ।

७१. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम १४ ले एकातिर प्रमुख सचिवले मुख्यमन्त्रीसँग, प्रदेश सचिवले विभागीय मन्त्रीसँग र कार्यालय प्रमुखले सम्बन्धित मन्त्रालयका सचिवसँग कार्यसम्पादन करार गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको भेटियो । यसका अतिरिक्त सोही दफाको उपदफाहरुले करार गर्नेले तोकिएको जिम्मेवारी पुरा नगरेमा सचेत गराउनेदेखि सरकारी बाँकी सरह क्षतिपूर्ति भराउनेसम्मको व्यवस्थाहरु भएको देखियो । साथै, प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ६ को उपदफा (३) ले कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी काममा लगाउने भन्ने व्यवस्था गरेको पनि देखियो । तर यथार्थमा ९ वटा मन्त्रालयहरुको अवस्थालाई यस अध्ययनले केलाउँदा केवल १ मन्त्रालय आर्थिक मामिला तथा योजना मन्त्रालयमा यसको प्रयोग गरेको र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लगायत अन्य ७ मन्त्रालयहरुमा यसको प्रयोग नभएको पाईयो ।

७२. कार्यसम्पादन सम्झौता प्रयोगमा नआएको वर्तमान अवस्थामा हुने अनुगमन तथा मूल्यांकन हचुवाका आधारमा हुने र परिणाम दिए पनि हुने, नदिए पनि हुने अवस्था विद्यमान रहेको पाईयो ।

७३. कार्यसम्पादन करार सम्झौता नहुँदा कार्यसम्पादन मूल्यांकनसँग दण्ड र पुरस्कार नजोडिएको भेटियो ।

*पारदर्शिता*

७४. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ४१ र नियमावलीको नियम १० (५) अनुसार हरेक मन्त्रालय र सरकारी निकायले प्रत्येक आ.व. सम्पन्न भएपश्चात १ महिनाभित्र तालुक कार्यालयमा पेश गर्नु पर्नेछ भनिएको देखियो । तर यथार्थमा यस अध्ययनले २ वटा तथ्य भेट्टायो:
   १. आ.व. २०७८/७९ मा ९ मध्ये ५ वटा मन्त्रालयले यस्तो प्रतिवेदन सार्वजनिक नै गरेननन।
   २. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ४१ (१) बमोजिम आ.व. सम्पन्न भएपछि १ महिनाभित्र अर्थात श्रावण मसान्तभित्र वार्षिक प्रतिवेदन सबै मन्त्रालय

र कार्यालयहरुले तालुक तहलाई पेश गर्नु पर्ने भन्ने भनिएतापनि ९ मध्ये ५ मन्त्रालयले यो अध्ययनको मिति जेष्ठ २०८० सम्म करीब १० महिना समय गुजारेको देखियो । तरपनि वार्षिक प्रतिवेदन सार्वजनिक नगरेको पाईयो ।

७५. पारदर्शिताको प्रयोगतर्फ हाल भएका ९ वटा मन्त्रालयहरुको अफिसियल वेभसाइट मध्ये १ बाहेक अन्य खुलेको पाईयो । नखुलेको अफिसियल वेभसाइट भौतिक पूर्वाधार विकास मन्त्रालयको भएको देखियो ।

७६. आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन सार्वजनिक गरेका मन्त्रालयहरु केवल ३ वटा मात्र भएको र बाँकी ६ वटा मन्त्रालयहरुले सो गरेको पाईएन । प्रगति प्रतिवेदन सार्वजनिक गर्नेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्वास्थ्य मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय रहेको भेटियो ।

७७. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३४ ले प्रत्येक मन्त्रालय, सरकारी निकाय एवं कार्यालयले काम कारवाहीको विषयमा सरोकारवाला वा सार्वजनिक रुपमा जानकारी दिन कुनै अधिकृतलाई प्रवक्ता तोक्नु पर्ने अनिवार्य व्यवस्था गरेको देखियो ।

७८. प्रवक्ता र सूचना अधिकारीको नाम र मोबाइल वेभसाइटमा उपलब्ध गर्ने सन्दर्भमा ५ वटा मन्त्रालयहरुले दुवै अधिकृतहरुको विवरण सार्वजनिक गरेको पाईयो भने सो सूचीमा स्वास्थ्य मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग कृषि तथा सहकारी मन्त्रालय र आन्तरीक मामिला तथा कानून मन्त्रालय देखिए । बाँकी अन्यको कि उपलव्ध छैन कि आंशिक मात्र उपलव्ध भएको पाईयो ।

७९. समग्रमा हेर्दा, प्रवक्ता र सूचना अधिकारीको नाम र मोबाइल वेभसाइटमा उपलब्ध गराउने मन्त्रालयहरु यस अध्ययनको क्रममा केवल ५५.५५ प्रतिशत मात्र भएको देखियो ।

*गुनासो व्यवस्थापन*

८०. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३० ले प्रत्येक मन्त्रालय वा कार्यालयले गरेको काम कारवाहीउपर गुनासो सुन्न विद्युत्तिय व्यवस्था मिलाउनु पर्ने, यसका लागि प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम २३ ले गुनासो सुन्ने एक जिम्मेवार अधिकारी (नोडल अधिकृत) तोक्नु पर्ने साथै यस्तो गुनासो सुन्न निःशुल्क टेलिफोन (टोलफ्रि नम्बर) वा अनलाइन सेवा राख्नु पर्ने व्यवस्थाहरु गरेको पाईयो ।

८१. व्यवहारमा कूल ९ मन्त्रालयमध्ये ५ वटाको गुनासो सुन्ने अधिकारीको नामावली विवरण वेभसाइटमा राखेको पाईयो भने ४ वटाको वेभसाइटमा नराखेको भेटियो । तर १ मन्त्रालयको अफिसियल वेभसाइट नै खुलेन ।

८२. कूल ९ मन्त्रालयमध्ये ४ वटा मन्त्रालयको वेभसाइटमा गुनासो सुन्ने अधिकारीको मोबाइल नभएको पाईयो । जबकी १ मन्त्रालयको अफिसियल वेभसाइट नै खुलेन ।

८३. यसरी ५५.५५ प्रतिशत मन्त्रालयहरुले मात्रै गुनासो सुन्ने अधिकारीको विवरण सेवाग्राहीलाई वेभसाइटमार्फत दिलाएको भेटियो ।

८४. ९ वटा मन्त्रालयमध्ये कुनैपनि मन्त्रालयले उक्त नियमावलीमा भनिएभैँ टोलफ्रि अर्थात निःशुल्क फोनको व्यवस्था गरेको देखिएन ।

*व्यवस्थापन परिक्षण*

८५. कोशी प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १२८ ले व्यवस्थापन परीषण गर्नु पर्ने, अनियमितता देखिएमा सम्बन्धीत कर्मचारीलाई विभागीय कारवाही गर्ने र हरेक मन्त्रालयले

आ.व. समाप्त भएको १२० दिनभित्र यस्तो परीषणको वार्षिक प्रतिवेदन प्रदेश सरकारसमक्ष पेश गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको पाईयो ।

८६. तर व्यवहारमा आ.व. २०७५/७६ देखि २०७८/७९ सम्मको ४ वर्ष व्यतित हुँदापनि कुनै व्यवस्थापन परिक्षण गरेको देखिएन ।

*अनुगमन मूल्यांकन*

८७. अनुगमन मूल्यांकनका लागि ४ वटा संयन्त्र तथा व्यवस्थाहरु गठित भेटिए :

१. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३७ (१) अनुसार प्रमुख सचिवको संयोजकत्वमा प्रदेशस्तरीय अनुगमन तथा मूल्यांकन समिती ।

२. सोही ऐनको दफा ३७ (२) अनुसार जिल्ला, क्षेत्र र स्थानीय स्तरमा अनुगमन तथा मूल्यांकन समिती ।

३. सोही ऐनको नियमावली २०७७ को नियम ३० ले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ५ सदस्यीय जिल्लास्तरीय अनुगमन तथा मूल्यांकन समिति ।

४. सोही नियमावलीको नियम ३१ को प्रावधानले प्रदेशस्तरीय अनुगमन तथा मूल्यांकन समितिलाई सहयोग गर्ने गरी प्रदेश मन्त्रालयको सचिवको संयोजकत्वमा ६ सदस्यीय मूल्यांकन तथा अनुगमन एकाई ।

८८. व्यवहारमा हेर्दा, उक्त ४ समितीहरुको बैठक नियमित नबस्ने गरेको भेटियो । त्यस्तै बसेका अवस्थामा पनि औपचारिकताका लागि र निर्दिष्ट जिम्मेवारीभन्दा अन्य विषयमा हुने गरेको पाईयो ।

८९. आ.व. २०७८/७९ मा गरिएको खर्चलाई हेर्दा ४ वटा मन्त्रालय र निकायले गरेको कूल खर्च भन्दा भ्रमण र अनुगमनमा गरेको खर्च अधिक छ भने भ्रमण तथा अनुगमनमा कूल विनियोजित बजेटको ७० प्रतिशत भन्दा बढी उपयोग वा खर्च गर्ने मन्त्रालय निकायको संख्या ६ वटा देखियो । तर त्यस्ता भ्रमण तथा अनुगमनबाट के कस्ता र कति वटा समस्या हल भए भन्ने सम्बन्धमा यथार्थपरक प्रतिवेदन पाउन सकिएन ।

९०. अनुगमन यथार्थपरक र परिणाममूलक बनाउन धेरै सुधार आवश्यक महसूस भयो ।

*सार्वजनिक वित्तीय व्यवस्थापन*

९१. कोशी प्रदेशको सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धमा नेपाल सरकारका पूर्व सचिव श्री सुरेश प्रधानले २०७९ चैत्रमा गरेको एक अध्ययनले सार्वजनिक वित्तीय व्यवस्थापनका विभिन्न ७ वटा पाटाहरुमा देहायको निचोड निकालेको छः

१. बजेटको भरपर्दोपना - सन्तोषजनक नदेखिएको ।
२. सार्वजनिक वित्तको पारदर्शिता - सन्तोषजनक देखिएको ।
३. सम्पत्ति र दायित्वको व्यवस्थापन - सन्तोषजनक नदेखिएको ।
४. नीतिमा आधारित वित्तीय रणनीति र बजेट - मिश्रित र मध्यम स्तरको अवस्था देखिएको ।
५. बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण - स्तर मिश्रित देखिएको ।
६. लेखांकन र प्रतिवेदन - ठिकै मात्रै देखिएको ।
७. बाह्य छानविन र लेखापरिक्षण - उक्त दुवै सूचकतर्फ सुधार गर्नुपर्ने देखिएको ।

माथिको निचोड अनुसार केवल सार्वजनिक वित्तको पारदर्शिता सन्तोषजनक देखियो भने अन्य ६ वटा क्षेत्रमा अवस्था राम्रो देखिएन ।

*SOP को उपयोग*

९२. प्रदेश प्रशासनमा कूल १९३ वटा केन्द्रीय तथा मातहतका निकायहरु रहेकोमा कतिपय जनसरोकारका कार्यालयहरु पनि छन् । तीनले सम्पादन गर्ने कार्यमा छिटो छरितो, मितव्ययी र झन्झटरहित बनाउन साथै तोकिएको लागत र गुणस्तर कायम गराउन Ps Standard Operating Procedure (SOP) अत्यावश्यक मानिन्छ जुन वैज्ञानिक व्यवस्थापन (Scientific Management) लागू भएको संगठनमा अनिवार्य मानिन्छ ।

९३. यथार्थमा हेर्दा, यस्तो क्इए को उपयोग यातायात कार्यालय वा भूमि व्यवस्थापन सम्बन्धी कार्यालय वा प्रदेश/जिल्ला अस्पतालबाट शुरु हुन सक्थयो तर भएको देखिएन । तथापी स्वास्थ्य संस्थाहरुमा क्लिनिकल प्रोटोकलहरु छन् तर सेवा प्रवाह व्यवस्थापनमा क्इए भेटिएन ।

*बेरुजु*

९४. महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखापरिक्षण हुँदा सृजना हुने बेरुजुको प्रतिशत अन्य प्रदेशभन्दा कोशीमा निकै उच्च देखियो । बेरुजु सृजना अधिकतम गर्ने यस्तो सूचीमा सातै प्रदेशसँग तुलना गर्दा मधेश प्रदेश पश्चात कोशी प्रदेशको नाम भेटियो ।

९५. बेरुजु सृजनाको पछिल्लो ५ वर्षको प्रवृत्ति मधेश प्रदेश लगायत कतिपयमा सुधारोन्मुख देखा पर्दा कोशीमा सुधारोन्मुख देखिएन । सुधारोन्मुख नभएको प्रदेशको सूचीमा कोशीका अतिरिक्त कर्णाली र सुदूरपश्चिमको मात्र नाम भेटियो ।

९६. बेरुजुको सम्परिक्षण तथा फर्छ्यौट सम्बन्धी क्षमता र अवस्थामा अन्य प्रदेशहरुको तुलनामा कोशीको अवस्था सामान्यतः राम्रै देखिन्छ । यद्दपी बेरुजुको आकारलाई मध्यनजर गर्दा यो प्रगती अझै पर्याप्त मान्न सकिएन ।

*सार्वजनिक सुनुवाई*

९७. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २९ ले हरेक जिल्ला वा स्थानीय कार्यालय प्रमुखले कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाइ गराउनु पर्ने भन्ने व्यवस्था भएको देखियो । यस्तो सुनुवाइलाई व्यवस्थित बनाउन प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को अनुसूची ४ मा एक कार्यविधि उपलव्ध भएको पाईयो ।

९८. उपयोगलाई हेर्दा, प्रदेश प्रशासन अर्न्तगत संचालित आयोजना कार्यक्रमहरुमा सार्वजनिक सुनुवाइ अपनाउने गरेको प्रमाण भेटिएन । ९ वटा मन्त्रालयहरुको वेभसाइटमा गत आ.व. २०७८/७९ को उपलव्ध प्रतिवेदनहरु अध्ययन गर्दा कुनै मन्त्रालयले पनि सार्वजनिक सुनुवाइ आयोजना गरेको प्रमाण भेटिएन ।

९९. सार्वजनिक सुनुवाइ नहुँदा सेवाग्राहीहरुलाई सेवा सुविधाबारे जानकारी दिने, कुनै गुनासो भए सो सच्चाउने, सन्चालन गर्न लागिएका योजना कार्यक्रमको जानकारी सबै सरोकारवालालाई दिने अवसर गमिरहेको देखियो । साथै, संचालित कार्यक्रमको प्रभावबारे मूल्यांकन गर्ने, अघिल्लो पटकको सार्वजनिक सुनुवाइमा औंल्याईएका विषयको समिक्षा गर्ने साथै अन्य विषयमा पृष्ठपोषण प्राप्त गर्ने संभावना प्रदेश प्रशासनले गुमाईरहेको देखियो ।

*कार्यक्रम/आयोजना स्थलमा सूचना बोर्ड*

१००. कुनैपनि आयोजना वा कार्यक्रम गर्दा सबैलाई सो बारेमा जानकारी दिन सामान्य सूचना विवरण राख्ने सर्वत्रको अभ्यास कोशी प्रदेश प्रशासनले लगानी र संचालन गरेका विकास वा सेवाजन्य आयोजना वा सेवाजन्य कार्यक्रममा देखिएन । चाहे आफ्नै मन्त्रालय वा निकायबाट संचालित वा सशर्त अनुदान दिएर पालिकाबाट वा गैससबाट वा कुनै बोर्ड समितिबाट संचालित कार्यक्रम होस् प्रदेश सरकारको नाम अपवाद बाहेक भेटिएन ।

*नागरिक बडापत्र*

१०१. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २४ (१) बमोजिम सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क हुने प्रत्येक प्रदेश कार्यालयले नागरिक बडापत्र (फलेक्स, डिस्प्ले, बोर्ड आदि) अनिवार्य राख्नु पर्ने र दफा २४ को उपदफा (४) ले बडापत्र बमोजिम सेवा नदिएमा विभागीय कार्वाही हुने र उपदफा (५) ले सेवाग्राहीको कुनै हानि नोक्सानी भएमा क्षतिपूर्ति समेत दिने व्यवस्था गरेको भेटियो ।

१०२. उपयोगलाई केलाउँदा, सोही ऐनको नियमावली २०७७ को नियम १७ (४) ले क्षतिपूर्तिको निर्धारण गर्न जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा एक समिति रहने समेत व्यवस्था गरेपनि कुनैपनि जिल्लामा यस समितिको बैठक बसेको कुनै निर्णय गरेको भेटिएन ।

१०३. प्रदेश प्रशासन अर्न्तगत सेवामा भीडभाड हुने कार्यालयहरु जस्तैः यातायात, स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा नागरिक बडापत्र व्यवस्थित देखिएन ।

१०४. बडापत्र राखिएको कार्यालयमा पनि प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २४ (२) मा उल्लिखित सूचनाहरु पर्याप्त राखेको पाईएन ।

*घुम्ती सेवा*

१०५. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २५ ले सर्वसाधारणलाई कुनै सेवा सेवाग्राही रहे बसेको स्थानीय तहमा उपलब्ध गराउन समय समयमा घुम्ती सेवा सन्चालन गर्न सक्ने व्यवस्था गरेको, यस्तो सेवा प्रदेश सरकारको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतले संयोजन गर्ने भनिएको साथै सोही नियमावलीको नियम १८ (४) ले घुम्ती सेवा सन्चालन भएपछि ७ दिनभित्र तालुक निकायमा सेवा सन्चालनको प्रतिवेदन पठाउनु पर्ने अनिवार्य व्यवस्था गरेको पाईयो ।

१०६. अभ्यासलाई केलाउँदा, यस कार्यदलले घुम्ती सेवा संचालनमा आएको प्रगती प्रतिवेदनमा भेटेन । यसबाट घुम्ती सेवा या त प्रारम्भ नै नभएको वा भएको भए तालुकवाला निकायमा यसको रिर्पोटिङ्ग नहुने गरेको निचोड कार्यदलको रह्यो ।

*शासकीय सुधार एकाई*

१०७. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २८ मा हरेक मन्त्रालयमा शासकिय सुधार एकाईको स्थापना हुनेछ भन्ने व्यवस्था भएको पाईयो ।

१०८. कार्यान्वयनतर्फ हेर्दा, प्रदेशका ९ मन्त्रालयहरु मध्ये केवल मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मात्र शासकिय सुधार सम्बन्धी संस्थागत व्यवस्था गरिएको छ । अन्य ८ मन्त्रालयहरुमा त्यस्तो व्यवस्था भए गरेको देखिएन ।

*नवीनता र सूचना प्रविधीको उपयोग*

प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३६ ले सूचना प्रविधीलाई व्यवहारमा ल्याउने भनिएको साथै सोही ऐनको नियमावली, २०७७ को नियम २८ ले प्रत्येक मन्त्रालय, विभाग, निर्देशनालय, डिभिजन कार्यालय, प्रदेश सरकारी निकाय एवं कार्यालयले सूचना प्रविधीलाई व्यवहारमा उतार्दा अपनाउनु पर्ने प्रमुख विषयहरु तोकि दिएको देखियो ।

१०९. सूचना प्रविधीको उपयोगद्धारा सेवामा प्रभावकारिता र मितव्ययिता ल्याउने मन्त्रालय, विभाग, निर्देशनालय, डिभिजन कार्यालय, प्रदेशस्तरीय निकाय वा कार्यालय वा कर्मचारीलाई नेपाल सरकार तथा प्रदेश सरकारले पुरस्कृत गर्न सक्ने व्यवस्था प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम २८ (२) ले गरेको पाईयो ।

११०. व्यवहारमा हेर्न खोज्दा, प्रदेशमा संचालित यातायात कार्यालयमाथि गरिएको यस सम्बन्धी एक केस स्टडीका आधारमा सूचना प्रविधीको उपयोगसम्बन्धी निम्नलिखित ११ वटा प्रमुख निष्कर्षहरु यस अध्ययनले निकालेको छ (यस सम्बन्धी पूर्ण विवरण माथि उल्लिखित परिच्छेद ४ केसस्टडी २ मा हेर्नु होला) :

१. यातायात व्यवस्था विभाग, मिनभवन (काठमाण्डौ) को नियन्त्रणमा रहने गरी Electronic Driving License and Vehicle Registration System (EDLVRS) जसमा सवारी अनुमतीपत्र आवद्ध भएको । यो प्रयोग गर्न सो विभागको निर्देशन भएको तर विभिन्न कारणले प्रयोगमा नआएको ।

२. Smart License Card यातायात व्यवस्था विभागले छाप्ने गरेको जुन पाउन सेवाग्राहीलाई कम्तिमा ६ महिना लाग्ने गरेको ।

३. प्रणालीमा समस्या परेको बेला यातायात व्यवस्था विभागमा सम्पर्क गरेको बेला सम्पर्कै नहुने तथा समाधान नआउने गरेको ।

४. तालिमको अभावमा भएको प्रणालीको उपयोग गर्न समस्या भएको ।

५. कर्मचारी खटाइँदा कर्मचारीले गर्नुपर्ने कामको कार्यविवरण दिने नगरिएको ।

६. काम गर्दा उपयोग गर्नु पर्ने कुनै SOP नभएको ।

७. सेवाग्राहीलाई सेवा दिन खटिएको कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्न र सुपरिवेक्षण गर्न कार्यालय प्रमुखलाई EDLVRS मा भएको कर्मचारीले कामको रेकर्ड हेर्ने पहुँच (Access) उपलव्ध नभएको ।

८. EDLVRS मा काम गर्न सक्ने क्षमता दक्षता यातायात कार्यालयहरुमा खटिने थोरै कर्मचारीमा मात्रै हुने ।

९. सवारी साधनहरुको विद्युत्तिय अभिलेख राख्न नगरिएको ।

१०. सेवाग्राहीले अनलाइनबाट प्रदेश सरकारलाई राजस्व बुझाउन र सवारी साधन नविकरण गराउनका लागि चाहिने Revenue Management Information System (RMIS) र EDLVRS बीच Interface वा Linkage नभएको ।

११. सेवाग्राहीले एउटा कामका लागि सेवा लिन आउँदा अलगअलग ठाउँ धाउन पर्ने, लाइन लाग्नु पर्ने झन्झट व्यहोर्नु परेको । अर्थात एउटा बिन्दुबाट सेवा नपाउने गरेको ।

१११. सूचना प्रविधीको उपयोग गरिएको यातायात व्यवस्था कार्यालयहरुमा माथि भनिएको अवस्था रहेपछि सेवा प्रवाह गर्ने र बढी जनसम्पर्क हुने अरु कार्यालयहरुको अवस्थाबारे सहजै अनुमान गर्न सकिन्छ ।

११२. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम २८ (२) ले गरे जस्तो सूचना प्रविधीको उपयोगद्धारा सेवामा प्रभावकारिता र मितव्ययिता ल्याए वापत प्रदेश सरकारमा कार्यरत कुनै कर्मचारीलाई पुरस्कृत गरेको रेकर्ड देखिएन ।

## ५.४ मनोवृत्ति र आचरण

*कर्मचारीको आचरण*

११३. प्रदेश निजामती सेवा ऐन, २०७९ को परिच्छेद ९ ले प्रदेशका समस्त निजामती कर्मचारीबाट आचरणका बारेमा विभिन्न अपेक्षाहरु गरेको देखियो । दफा ७४ देखि ८९ मा भएका करीब १६ वटा दफामार्फत १६ खाले आचरणगत अपेक्षाहरु उक्त ऐनले लिएको भेटियो ।

११४. यथार्थ अभ्यासतिर हेर्दा, उपरोक्त आचरण सम्बन्धी व्यवस्थाहरुको भरपर्दो अनुगमन सुपरिवेक्षणको अभ्यास रेकर्डबाट देखिएन । सुपरिवेक्षणको अभावमा खराब आचरण भएका पात्र र तिनको गतिविधी नियन्त्रणमा भएको यस अध्ययनले मान्न सकेन ।

*सामाजिक संजाल र अनाधिकृत साइट*

११५. कार्यालय समयभित्र प्रदेशका कुनैपनि कार्यालयमा सामाजिक संजाल प्रयोग गर्न नरोकिएको अवस्था देखियो । यसले गर्दा कर्मचारीले कार्यालय समयभित्र सामाजिक संजाल प्रयोग गरेनन भन्न सकिएन ।

११६. प्रदेश प्रशासनका संगठनहरुको अनाधिकृत वेभसाइटहरु नियन्त्रण गरिएको देखिएन । यसबाट अनाधिकृत वेभसाइट भिजिट गर्नेलाई रोकिएको मान्न सकिएन ।

*स्वार्थ बाझिने निर्णय*

११७. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा १७ ले निर्णय गर्ने प्रदेश अधिकारीले स्वार्थ बाझिने भएमा निजले निर्णय गर्न नसक्ने तर गरेमा तोकिएबमोजिम कारवाही हुने प्रावधान व्यवस्था गरेको देखियो । । यदि कुनै निर्णयकर्ता अधिकारीसमक्ष यस्तो विषय आएमा आँफू १ तहमाथिको अधिकारी समक्ष पेश गर्नु भनिएको पाईयो ।

११८. तर व्यवहारमा हेर्दा विगतमा स्वार्थ बाझिएको विषय भएको जानकारी दिँदै कुनै निर्णयकर्ता अधिकारीले आँफूमाथिको तहबाट निकासा माग गरेको कुनै लिखित रेकर्ड यस अध्ययनले भेट्न सकेन ।

११९. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा १७ को उपदफा (१) बमोजिम स्वार्थ बाझिने विषयमा निर्णय गर्ने प्रदेश अधिकारीलाई तोकिएबमोजिम कारवाही हुनेछ भनिएपनि सो कारवाही सम्बन्धी व्यवस्था सोही ऐनको नियमावली २०७७ ले तोकेको देखिएन ।

*परिवर्तन प्रतिरोध (Resist to Change)*

१२०. कार्यदलले पटकपटक सबै सरोकारवालसँग राय सुझाव माग गर्दा मन्त्रालयहरुबाट मिति २०८०/०१/२६ मा गरिएको पहिलो ताकेतामा ताकेता गरिएका ११ वटा निकायमध्ये ८ वटाले अर्थात ७२.७२ प्रतिशतले सुझाव दिएको देखिएन ।

१२१. त्यसैगरी दोश्रो पटक मिति २०८०/०२/०५ मा पहिलो पटक जवाफ नदिएका ९ वटा निकायसँग ताकेता गरिँदा ८ वटा अर्थात ८८.८८ प्रतिशत निकायबाट जवाफ आएन ।

१२२. माथिको तथ्यबाट प्रदेश प्रशासनभित्र परिवर्तनप्रति उत्साहको कमि (Motivation Deficiency) र परिवर्तन प्रतिरोध (Resist to Change) दुवैको मात्रा उच्च रहेको देखियो ।

## ५.५ जनशक्ति विकास र उपयोग

*प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान*

१२३. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका सम्बन्धमा यस अध्ययनले निम्न निष्कर्ष निकालेको छ :

१. वि.स. २०७६ सालदेखि २०७९ साल सम्म करीब ४ वर्षभर यो संस्था मृतप्राय: रहेको ।

२. २०७९ मा जारी ऐनले प्रतिष्ठानलाई स्वशासित र स्वायत्त संस्था भनेपनि हालसम्म प्रदेशकै कर्मचारीका भरमा काम गर्नु पर्दा स्वशासित र स्वायत्त हुन नसकेको ।

३. प्रदेश र स्थानीय तहका लागि अनुसन्धान र प्रशिक्षणका लागि विज्ञहरु अहिलेसम्म जुटाउन नसकिएको ।

४. संगठन विकासतर्फ O&M अध्ययन भएको तर स्विकृत नभएको ।

५. अरुको क्षमता विकास गर्ने भनिएपनि प्रतिष्ठानकै प्रशिक्षण र प्रशिक्षकको मापदण्ड तयार नभएको ।

६. हालसम्म प्रतिष्ठान प्रशिक्षणमा सिमित रहेको तर राजस्व आर्जन गर्ने नगरिएको ।

७. प्रदेश सरकार तथा १३७ वठा स्थानीय तहका लागि अनुसन्धान सेवाको शुरुवात नै नभएको ।

८. सिमित विषयक तालिमहरुमा प्रतिष्ठान खुम्चिएको । त्योपनि केवल कनिष्ठ तहका लागि मात्रै हुने गरेको ।

९. प्रतिष्ठान पूर्णतः संघबाट सशर्त अनुदान वापत प्राप्त हुने PLGSP (Provincial Local and Governance Support Program) र प्रदेशबाट पाईने सिमित बजेटमा चलिरहेको ।

१०. उपलव्ध बजेटको साह्रै सानो अंश मात्रै खर्च हुने गरेको । खासगरी संघबाट प्राप्त हुने रकमको पूंजीगत खर्च अत्यन्तै न्यून रहेको ।

११. प्रतिष्ठान सम्बन्धी ऐनको दफा ६ बमोजिम प्रतिष्ठानको नेतृत्व स्वयं मुख्यमन्त्रीबाट हुने भएपनि सो सर्वोच्च नेतृत्वको उपयोग अपुरो भएको ।

१२. पूर्णकालिक कार्यकारी निर्देशक नभएको । राजधानी बिराटनगरबाट सचिवले हेर्ने अन्तरीम व्यवस्था अनावश्यक तन्किएको ।

१३. संघीय निजामती सेवा ऐनमा NASC (स्टाफ कलेज) बाट तालिम नलिईकन कुनै संघीय कर्मचारीको बढुवा नहुने भनेझैं प्रदेश निजामती सेवा ऐन, २०७९ को बढुवा प्रावधानमा त्यस्तै अनिवार्यता नभएको ।

१४. प्रदेश सरकारको कार्यक्षेत्र १४ जिल्ला र भईरहेका १३७ वटा पालिकाहरुसँग प्रशिक्षण र अनुसन्धानको लागि स्थापित नातो हुँदाहुँदै पनि सोको व्यवसायिक उपयोग हुन नसकेको ।

१५. प्रतिष्ठान आँफै मोफसलमा भएकोले केन्द्र (संघीय र प्रदेश राजधानी) बाट टाढा भएकोले राम्रा विज्ञहरुलाई निम्त्याउन खोज्दा अनिच्छा गर्ने गरेको ।

१६. आवासीय तालिमग्राहीका लागि बस्ने पूर्वाधार अत्यन्तै कमजोर रहेको । यसले गर्दा होटेलमा राख्नु पर्ने बाध्यता रहेको ।

१७. पूर्णकालिक कार्यकारी निर्देशकको अभाव रहँदा कुशल र नियमित नेतृत्व नपाएको । परिवर्तनउन्मुख सोच र प्रतिवद्धताको अभाव नेतृत्वमा रहने गरेको ।

१८. प्रतिष्ठानको बिर्तामोडमा रहेको मूल्यवान जग्गा सम्पती अतिक्रमणको चपेटामा परेको । विभिन्न बहानामा जग्गा दावि गर्ने प्रवृत्ति अनियन्त्रित रहेको ।

१९. प्रतिष्ठान र प्रदेश सरकारकै अन्य ८ वटा तालिम प्रदायक निकायहरु बीच समन्वय तथा सहकार्य हुने नगरेको ।

२०. प्रतिष्ठानले प्रशिक्षण तथा अनुसन्धानबाट आय गर्न योसँग कुनै व्यवसायिक योजना (Business Plan) नै नरहेको ।

२१. अहिले विविध क्षेत्रहरुमा कार्य गर्ने पालिकाहरुलाई आवश्यक पर्ने Diverse Sectoral Training and Research Needs को कुनै आकलन नगरिएको र सोका लागि आवश्यक पर्ने प्रतिष्ठानको क्षमताको विकास नगरिएको ।

२२. प्रतिष्ठानसँग Training and Research Competency and Product के के छन् भन्ने बारे पालिकाहरु र अन्य संभाव्य सेवाग्राहीहरुसम्म कुनै बजारीकरण (Marketing) नभएको ।

## ५.६ प्रशासनिक अन्तर सम्बन्ध (प्रदेश र संघ तथा प्रदेश र स्थानीय तह)

१२४. नेपालको संविधानको धारा २३४ ले संघ प्रदेशबीच र प्रदेश प्रदेश बीच उत्पन्न विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक अन्तर प्रदेश परिषदको उपयोग गर्ने गरी गरेको व्यवस्था उपयोगविहिन रहेको । हालसम्म ५ वर्षको समयमा वि.स. २०७५ मंसिर २३ गते १ पल्ट बैठक बसेको देखियो ।

१२५. बैठक नबसिकन गुज्रेको ५ वर्ष अवधीमा संघ प्रदेश साथै प्रदेश प्रदेश समन्वयतर्फ विशेष परिणाम आउने गरी पहल भएको मान्न सकिने आधार देखिएन ।

१२६. प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम स्थानीय तहमार्फत पालिकाको सिफारिसमा संचालन गर्नु पर्नेमा सो नभई हालको प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सन्चालन) नियमावली, २०७८ मा प्रदेश सरकारबाटै संचालन गर्ने प्रावधान जारी रहेको पाईयो ।

१२७. स्थानीय तहबाट योजना चयनका ७ चरण पूरा नगरेका योजनाहरु प्रदेश सरकारबाट छनौट नगरिनु पर्नेमा यसमा अझैपनि अन्यथा हुने गरेको पाईयो । यसले गर्दा आँफूले सिफारिस गरि पठाएका योजनाका सट्टामा प्रदेशबाट गोजीका योजना पठाईने गरेको आक्रोशपूर्ण अभिव्यक्ति स्थानीय तहका नेतृत्वबाट पाईयो ।

१२८. स्थानीय तहमा प्रमुख प्रशासकिय अधिकृत प्रदेश सेवाबाट नियुक्त गर्ने र तिनको खटनपटन सरुवा प्रदेश सरकारले गर्ने गरी उक्त पदलाई प्रदेश निजामती सेवाको अङ्गका रुपमा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ११४ मा भएको व्यवस्थाको प्रयोग हालसम्म नभएको देखियो । यसबाट प्रदेश र स्थानीय प्रशासनबीच प्रमुख प्रशासकिय अधिकृतले खेल्न सक्ने समन्वयकारी भूमिका अहिलेसम्म कार्यान्वयनमा आउन नसकेको भेटियो ।

१२९. नेपालको संविधानको धारा २३५ ले संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न र कुनै विवाद भएमा साको समाधानका लागि गरेको देहायको व्यवस्था हालसम्म प्रयोगमा आएको कोशी प्रदेशमा देखिएन :

१. सम्बन्धीत गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग प्रदेश सभाले समन्वय गरी विवाद समाधान गर्ने ।
२. विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधी प्रदेश कानून बमोजिम हुने ।

उदाहरणका लागि यसबीच धरान र ईटहरी उपमहानगरपालिका बीच सीमाना विवादमा प्रदेश सभाबाट संविधानको धारा २३५ मा भनिए जस्तो पहल भएको देखिएन ।

१३०. संविधानको धारा २३५ बमोजिम विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधी कोशी प्रदेश सभाबाट तय भएको पाईएन ।

१३१. मुख्यमन्त्रीको अध्यक्षतामा गठित प्रदेश समन्वय परिषदको बैठक नियमित हुने नगरेको देखियो । मुश्किलले गत ५ वर्षमा ५ पटक मात्रै यस्तो बैठक बसेको देखियो ।

१३२. प्रदेशको प्रमुख सचिवको संयोजकत्वमा प्रदेशका १३७ वटा पालिकाहरुका प्रमुख प्रशासकिय अधिकृतहरु रहने गरी विगतमा कुनै संयन्त्र नबनाईएको पाईयो । तथापी हालै वि.स. २०८० को प्रारम्भमा मुख्यमन्त्रीको अध्यक्षतामा बसेको प्रदेश समन्वय परिषदको बैठकले त्यस्तो प्रकृतिको एक प्रशासनिक समन्वय समिति गठन गरेको पाईयो । तर उक्त समितिको बैठक हालसम्म नबसेको देखिन्छ ।

१३३. राजस्व परिचालनलाई सुदृढ, पारदर्शि र गतिशील तुल्याउन प्रदेशको नेतृत्व सबै पालिकामा राजस्व हेर्ने उपमेयर वा उपाध्यक्ष समावेश भएको कुनै प्रादेशिक राजस्व/वित्त समन्वय समिति हालसम्म अस्तित्वमा नआएको देखियो । यदि अस्तित्वमा त्यस्तो समिति भएको भए कतिपय नयाँ राजस्वको श्रोतको खोजी, दररेट निर्धारण, संकलन, चुहावट नियन्त्रण जस्ता विषयमा संयुक्त पहल हुन सक्थ्यो ।

## ५.९ प्रदेशको आय व्यवस्थापन

१३४. लगानीकर्ताले अनुमतिपत्र प्राप्त गर्दा निश्चित रोयल्टी प्राधिकरणलाई बुझाउन पर्ने गरी सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा ४० मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न लगानी प्राधिकरणलाई बढीभन्दा बढी क्रियाशील बनाउन सकेको देखिएन । प्रदेशमा लगानी बढोत्तरी हुने साथै अर्कोतिर प्रदेश सरकारले रोयल्टीबाट राजस्व प्राप्त गर्ने यस्तो संभावनालाई अधिकतम सदुपयोग गर्नेतर्फ उक्त ऐन आएको करीब ४ वर्ष बित्दापनि राजनैतिक र कर्मचारीतन्त्रबाट ठोस पहल हुन नसकेको यस अध्ययनले पायो ।

१३५. लगानी प्रवर्द्धनतर्फ प्राधिकरणले हालसम्म Unsolicited (आव्हान नगरिएको) लगानी प्रस्तावमा मात्रै कार्य गरिरहेको तर Solicited (आव्हान गरिएको) लगानी प्रस्तावको उपयोग गर्न नथालेको साथै हालसम्म Greenfield Project (हरियो आयोजना) मा मात्रै लगानी सहजीकरण गर्ने काम गरिहेको तर Brownfield Project (खैरो आयोजना) मा काम नथालेका पृष्ठभूमिमा प्रदेश सरकारका लागि थप रोयल्टी आर्जन हुने त्यस्ता उपायहरुको उपयोग नभएको यस अध्ययनले देख्यो ।

१३६. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार एकल विन्दुवाट संकलन हुने राजस्वका करदाताको राजस्व निर्धारण तथा असुलीका सम्वन्धमा यस कार्यमा संलग्न वाहेक अरुको पहुँच नभएको साथै अभिलेख आदान प्रदान पनि हुने नगरेको देखियो । प्रदेश-प्रदेश वीचमा सवारी साधान करको दर फरक फरक छ । कोशी प्रदेशमा यो दर अन्य प्रदेशको भन्दा अझ कम भएको पाईयो ।

१३७. प्रदेशवाट तोकिएको जाँचपास प्रमाणपत्रको दरखास्त दस्तुर, प्रतिलिपि दस्तुर, प्रदुषण जाँच दस्तुर, प्रशिक्षण केन्द्र, कारखाना/वर्कशपको सञ्चालन दस्तुर तुलनात्मक रुपमा अत्यन्त न्यून भएका कारण कम मात्र राजस्व संकलन हुने गरेको छ ।

१३८. प्रदेशमा सञ्चालित सार्वजनिक तथा निजी सवारी साधनहरु स्वचालित प्रणालीमा प्रविष्ट गरिएका छैनन् । यसले गर्दा अपेक्षाकृत रुपमा राजस्व संकलन हुन नसकेको भेटियो ।

१३९. सरकारी सवारी साधनले निजी सवारी साधानले सरह प्रत्येक आ.व.मा सवारी साधनको नविकरण दस्तुर तिर्नु पर्नेमा यसरी नविकरण दस्तुर तिरेको पाईएन ।

१४०. स्थानीय तहबाट उठाईने गरेको र प्रदेश सरकारसँग शेयर गर्ने गरिएको विज्ञापनकर के माथि कसरी लगाउने कति दररेटमा उठाउने भन्ने अन्यौलता अझै कायमै रहेको देखियो ।

१४१. नदी जन्य पदार्थ (गिटी, वालुवा, ढुङ्गा आदि) को उत्खनन् र विक्रीमा पारदर्शिता नभएकाले राजस्व संकलन कम हुने सम्भावना रहेको देखियो ।

१४२. कोशी प्रदेश अन्तर्गत रहेका पर्यटकीय क्षेत्रबाट राजस्व आर्जन गर्न सकिने गरी कृयाकलाप प्रभावकारी रुपमा कार्यान्वयन भएको अवस्था नरहेको पाईयो ।

# परिच्छेद ६
# सिफारिस

## ६.१ संगठन संरचना र कर्मचारी दरबन्दीमा सुधार

*कार्यक्षेत्र*

१. संविधानमा उल्लेख भएका संघ, प्रदेश र स्थानीय तहहरुको कार्य तथा अधिकारलाई थप बिस्तृतिकरण गर्न नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०७३ माघ १८ मा स्विकृत भएको *कार्य विस्तृतीकरण प्रतिवेदन २०७३* लाई छिटोभन्दा छिटो अद्यावधिक गर्नु पर्ने । यसका लागि यस प्रदेशले अन्य प्रदेश सरकारसँग मिलेर संघसँग विशेष पहल गर्नु पर्ने ।

२. कार्यक्षेत्रलाई प्रष्टाउन संघले बनाउन बाँकी रहेको कतिपय कानूनहरु ल्याउन यस प्रदेशले अन्य प्रदेश सरकारसँग मिलेर संघसँग विशेष पहल गर्नु पर्ने ।

३. कोशी प्रदेश सरकारले संघीयता कार्यान्वयनका सन्दर्भमा अब थप निर्माण वा परिमार्जन गर्नु पर्ने कानूनहरु के के बाँकी छन्, यस सम्बन्धमा लेखाजोखासहित एक एकिकृत अध्ययन ( Consolidated Study) गर्ने र बाँकी कानूनहरु जारी गर्न तिव्र गति बढाउने ।

४. संघले संघीयता कार्यान्वयनका सन्दर्भमा अब थप निर्माण वा परिमार्जन गर्नु पर्ने कानूनहरु के के सम्पन्न गर्न बाँकी छ सोको एउटा द्रुत लेखाजोखा (Rapid Analysis) गरी सबै प्रदेशहरुले संयुक्त रुपमा संघसँग पहल गर्ने । यसरी कार्यक्षेत्रलाई उपभोग र उपयोग गर्न हाल भईरहेका ढिलाई र अन्यौलता अन्त्य गर्ने गराउने ।

५. एकल र साझा अधिकार सूचीका विषयमा प्रदेश सरकारले बनाउन रहेका र यस अध्ययनले औंल्याएका ३ वटा विषयका कानूनहरु छिटोभन्दा छिटो प्रबन्ध जारी गर्ने । यस सम्बन्धी नामाली विवरण सम्बन्धित अनूसचीमा उल्लेख छ ।

६. प्रदेश सरकारको एकल अधिकारको सूचीमा र कार्यविस्तृतीकरणमा पर्दापर्दै पनि कोशी प्रदेश सरकारले विभिन्न नीतिगत प्रबन्ध गर्न बाँकी नै रहेका २०० वटा विषयहरुका नीतिहरु यथाशिघ्र सम्पन्न गर्ने । यस सम्बन्धी विवरण सम्बन्धित अनूसूचीमा छ ।

७. संविधानमा स्थानीय तहको एकल अधिकारमा परेको साथै नेपाल सरकारबाट स्विकृत कार्यविस्तृतिकरण प्रतिवेदनमा स्थानीय तहको विषयका रुपमा उल्लेख भएको ११ वटा विषय प्रदेश सरकारले जारी गरेको कार्यविभाजन नियमावलीमा समाविष्ट भएकोमा त्यस्तो विषयमा खर्चभार प्रदेश सरकारले नबोक्ने गरी तिनीहरुमा प्रवेश नगर्ने नीति लिने । यस सम्बन्धी विवरण सम्बन्धित अनूसूचीमा छ ।

८. संविधानमा स्थानीय तहको एकल अधिकारमा रहेको साथै नेपाल सरकारको कार्यविस्तृतिकरण प्रतिवेदनमा स्थानीय तहको अधिकार भनिएको भएतापनि कोशी प्रदेश सरकारले प्रयोग गर्न कानून निर्माण गरेका विषय संख्या १८ रहेकोमा त्यस्तो विषयमा खर्चभार प्रदेश सरकारले नबोक्ने गरी तिनीहरुमा प्रवेश नगर्ने नीति लिने । यस सम्बन्धी विवरण सम्बन्धित अनूसूचीमा छ ।

९. संविधानमा स्थानीय तहको एकल अधिकार सूचीमा परेर नेपाल सरकारको कार्यविस्तृतिकरण प्रतिवेदनमा समेत स्थानीय विषय भनिएको तथापी कोशी प्रदेश सरकारले प्रदेशस्तरमा संस्था

सृजना वा प्रबन्ध गरेका विषय संख्या १८ वटा भएकामा त्यस्तो विषयमा खर्चभार प्रदेश सरकारले नबोक्ने गरी तिनीहरुमा प्रवेश नगर्ने नीति लिने । यस सम्बन्धी विवरण सम्बन्धित अनूसूचीमा छ ।

१०. स्थानीय तहको एकल अधिकार सूचीमा परेर नेपाल सरकारको कार्यविस्तृतिकरण प्रतिवेदनमा स्थानीय तहको कार्यक्षेत्रका रुपमा समाविष्ट भएका करीब ४६ वटा विषय क्षेत्रमा प्रदेश सरकारले बजेट विनियोजन गरेकोमा त्यस्तो विषयमा खर्चभार प्रदेश सरकारले नबोक्ने गरी तिनीहरुमा प्रवेश नगर्ने नीति लिने । यस सम्बन्धी विवरण सम्बन्धित अनूसूचीमा छ ।

११. प्रदेश सरकारको एकल अधिकारको सूचीमा र कार्यविस्तृतीकरणमा पर्दापर्दै पनि कोशी प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७९ मा उल्लेख नभएका विषयहरुको संख्या अझैपनि २८ वटा रहेकोमा त्यस्तो विषयलाई आफ्नो कार्यविभाजन नियमावलीमा समावेश गरेर त्यसलाई सक्रिय कार्यान्वयनमा लैजाने । यस सम्बन्धी विवरण सम्बन्धित अनूसूचीमा छ ।

१२. प्रदेश सरकारले हालसम्म बनाएका ऐन ५९ वटा भएको र सोमध्ये २४ वटा मात्रै नियमावलीहरु बनाएको हुँदा ३५ वटा नियमावलीहरु बन्न बाँकी रहेको यस अध्ययनले पायो । यसले गर्दा ३५ वटा ऐनहरु आंशिक मात्रै लागू भईरहेको अवस्था अन्त्य गर्न र प्रदेश सरकारले आफ्नो कार्यक्षेत्रको पूर्ण उपयोग गर्न उक्त नियमावलीहरु तत्कालै जारी गर्ने ।

*संगठन संरचना*

१३. हाल कायम मन्त्रालयको संख्या ९ विगतको तुलनामा प्रगतिशील देखिएपनि अझैपनि यो संख्या बढी भएको र मन्त्रालयहरुको एकअर्काबिच तुलना गर्दा कतिपय मन्त्रालयहरुलाई कामको चाप (लोड) नपुगेको अवस्थाको अन्त्य गर्न यो संख्यालाई सकभर ५ अन्यथा ७ भन्दा बढी कायम नगर्ने गरी मन्त्रालयको संख्यालाई पुनरावलोकन गर्ने ।

१४. संविधानमा प्रदेश सरकारको एकल अधिकारको सूचीमा र कार्यविस्तृतीकरण प्रतिवेदनमा परेको साथै कोशी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ मा पर्दापर्दै पनि तिनको अभ्यास गर्नका लागि प्रदेश संरचनाभित्र संस्थागत व्यवस्था गर्न छुटेका ११६ वटा विषयहरुलाई संगठन सृजना र पुर्नसंरचनामा समावेश गर्ने र ती विषयहरु कुन निकायले गर्ने तय गर्ने ।

१५. प्रदेश सरकारसँग प्रशिक्षण तथा अनुसन्धान क्षेत्रमा सेवा दिने ९ वटा निकाय रहेको तिनीहरु मध्ये कतिपय मर्जर गर्न सकिनेलाई एकअर्कामा मर्जर गर्ने (गाभ्ने) र एउटा छाता संगठनमुनि संचालन गर्ने मोडालिटी बनाएर ती निकायहरुलाई नयाँ गति दिनु पर्ने । एउटा संगठनलाई छाता संगठन तय गर्दा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुडीलाई नेतृत्वदायि संस्था (Lead Organization) बनाउने उद्देश्यसहित एक कार्यदल गठन गरेर तुरुन्त कार्य अगाडी बढाउनु पर्ने ।

१६. हिँजोको एकात्मक व्यवस्थाबाट संघीय ढाँचामा मुलुक जाँदा वि.स. २०७५ पछि ३७ प्रकारका करीब १५१ वटा संघीय कार्यालय संरचनाहरु प्रदेश सरकारमा हस्तान्तरण भईआएको यसबीच ५ वर्षभन्दा बढी समय गुज्रिसकेको सन्दर्भमा उक्त कार्यालय वा संरचनाहरुलाई प्रदेश प्रशासनको आवश्यकता (Needs) र संभाव्यता (Viability) का आधारमा पुर्नसंरचना गर्न एक उच्चस्तरीय कार्यदल बनाएर सोको सिफारिसका आधारमा भईरहेका संरचना वा कार्यालयहरुको कार्यक्षेत्र, संख्या, संरचना, दरबन्दी र कार्यविवरणहरु तय गर्ने । साथै, बोझिला (Burdensome), खर्चिला (Expensive) र अनुत्पादक (Non-Productive) संगठन संरचना गाभ्ने वा हटाउने ।

१७. विगतमा विकास क्षेत्र हुँदा शुरु भएका र हाल प्रदेशसँग भएका स्वास्थ्य निर्देशनालय (धनकुटा) लाई हटाउने र १४ जिल्लामा रहेका जनस्वास्थ्य कार्यालयहरु कमसेकम ३ जिल्लाका लागि १ डिभिजन कार्यालयको अवधारणा लगाएर घटाउने कार्य गर्ने । त्यस्तै विगतमा झैं अहिलेपनि कृषि सम्बन्धी ३ वटा तालिम केन्द्रहरु एकै स्थान झुम्का (सुनसरी) मा संचालित भएकोमा तिनलाई एउटै छातामुनि ल्याउने । यसरी उक्त कार्यालयहरुको खर्चभार घटाउने र पूंजीगत विनियोजना बढाउने उपाय लगाउने ।

१८. प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ अनुसार प्रदेश प्रज्ञा प्रतिष्ठानमा १ कुलपति, १ सहकुलपति, १ उपकुलपति र ३५ जना प्राज्ञ लगायत ३८ जना पदाधिकारीहरु रहने व्यवस्था छ । यसका अतिरिक्त प्रतिष्ठानलाई कर्मचारीको ठूलो संख्या यकिन गर्न बाँकी नै छ । प्रदेशको राजस्व मजबूत भएपश्चात मात्रै यस्ता निकायलाई संचालनमा ल्याउने अर्थात अहिले कार्यान्वयन नगर्ने ।

१९. १ पद सृजना गर्दा प्रदेश सरकारमाथि दिर्घकालिन आर्थिक दायित्व थपिने सबैभन्दा महंगो ५ वटा पदहरु क्रमशः छैटौं तह (२६.०८ प्रतिशत), कार्यालय सहयोगी लगायत आधारभूत तह ( २५.३५ प्रतिशत), पाँचौ तह (१८.९४ प्रतिशत), आठौँ तह (११.०२ प्रतिशत) र सातौँ तह ( १०.९६ प्रतिशत) सृजना गर्दा आश्यकता र गम्भिर विश्लेषणका आधारमा मात्रै थप्ने ।

२०. संगठनको लागत घटाउन कर्मचारीको कार्यक्षमता बढाउने तर महँगो दरबन्दी र दिर्घकालिन आर्थिक दायित्व सृजना नगर्ने । यसका लागि कर्मचारी र संगठनको दक्षता, क्षमता र प्रविधीको उपयोगमार्फत सेवा बिस्तार तथा सुधार गर्ने रणनीति बनाएर अघि बढ्ने ।

२१. नेपालको संविधान र प्रदेश कानूनहरु बमोजिम प्रदेश सरकार अर्न्तगत स्थापना र संचालनमा ल्याउन बाँकी माथि तालिका ११ मा उल्लिखित नामावली बमोजिमका निकायहरु प्रदेशको राजस्व बलियो भएपछि मात्रै प्राथमिकताका आधारमा स्थापना र संचालन गर्ने । अहिलेलाई त्यसतर्फ अघि नबढ्ने ।

२२. नयाँ दरबन्दी सृजना गर्दा प्रविधीमैत्री अधिकृतमुखी प्रशासन बनाउने अवधारणालाई आत्मसात गर्ने । यसका लागि ६ठौं र ७औं तहहरुलाई प्राथमिकता दिनु पर्ने ।

२३. प्रदेश निजामती सेवाको अधिकृतस्तरमा ६ठौं देखि ११औं तहको दरबन्दी तय गर्दा पदसोपानको अनुपातले पिरामिड आकार ग्रहण गर्ने गरी गर्ने ।

२४. प्रदेश प्रशासनमा दरबन्दीसँग गाँसिएको देहायका संरचनागत समस्याहरु सम्बोधन गर्नेः

   १. प्रदेश निजामती सेवा ऐन, २०७९ आएपश्चात सो ऐनको दफा ८ बमोजिमको दरबन्दी श्रेणीमाथि आधारित बनाउने ।

   २. प्रदेश निजामती सेवा ऐन, २०७९ ले तह तोकिएपनि पदनाम तय नभएको नियमावली छिटो ल्याई सो तय गर्ने ।

   ३. प्रदेश किताबखानामा भएको दरबन्दी र कर्मचारी कार्यरत दरबन्दीबिच तालमेल मिलाउने ।

२५. एउटै प्रयोजनका लागि अर्थात लगानीलाई सहजीकरण गर्न एउटै प्रदेश प्रशासनमा २ वटा एकल बिन्दु सेवा केन्द्रको कानूनी व्यवस्थालाई यो अध्ययनले अनावश्यक दोहोरोपनाको हटाउने । यसका लागि *सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६* को दफा ३९ मा र *प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७* मा यस्तो दोहोरो प्रावधान

नराख्ने । कार्यान्वयनमा ल्याउँदा प्रशासनिक लागत कम गर्न उक्तमध्ये कुनै १ मात्रै लागू गर्ने ।

२६. प्रदेश लगानी प्राधिकरणमा जनशक्तिको व्यवस्थामा चलिरहेको तदर्थवाद (Ad-hoc Basis) अबिलम्ब हटाउने । लगानी सम्बन्धी विशेषज्ञता चाहिने कार्यमा विशेषज्ञ र अन्यमा निजामती कर्मचारी प्रयोग गर्ने गरी संघीय लगानी बोर्डमा जस्तो जनशक्तिको Mixed Team Approach अपनाउने ।

२७. प्रदेश लगानी प्राधिकरणमा Mixed Team Approach अपनाउन निजामती सेवाका कर्मचारीका अतिरिक्त बजारबाट नियमित रुपमा संगठनभित्र विशेषज्ञहरु राखेर काममा लगाउनसंघको लगानी बोर्डमा DFID बाट व्यवस्था गरिएझैं कुनै दातृ निकायबाट Embedded Team को व्यवस्था गरेर नियमित रुपमा विशेषज्ञ प्राधिकरणभित्रै राख्ने ।

२८. प्रदेश लगानी प्राधिकरणको संरचनामा दक्ष कर्मचारी नभएको भन्दै कतिपय कार्य दातृ निकाय वा अर्न्तराष्ट्रिय गैससबाट गराईने गरेकोमा सूचना सुरक्षाको दृष्टिले यस्तो अभ्यास यथाशिघ्र रोक्ने ।

२९. प्रदेश लगानी प्राधिकरणका हकमा *सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६* को दफा ३९ ले गरेको व्यवस्था अनुसारसम्बन्धीत मन्त्रालय, विभाग, प्राधिकरण, सार्वजनिक संस्थान लगायतका निकायबाट प्रतिनिधित्व हुने गरी एकल बिन्दु सेवा ईकाइ यथाशिघ्र शुरु गर्ने ।

३०. प्रदेश लगानी प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) सम्पन्न गरी यसको संगठन संरचना तथा दरबन्दी व्यवस्था तुरुन्त टुंगाउने ।

३१. प्रदेशका कर्मचारीहरुको व्यवस्था गर्न साथै प्रदेशको सचिव पद ११औं तहमा बढुवा नियुक्ति गर्नका लागि प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ७ मा व्यवस्थित दरबन्दी सृजना सम्बन्धी पूर्वतयारी कार्यहरु यथाशिघ्र सम्पन्न गर्ने ।

३२. प्रदेश सरकारले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी कार्यविधी, २०७९ बमोजिम सबै मन्त्रालय, निकाय र मातहतका कार्यालयहरुको संगठन संरचना, दरबन्दी र कार्यविवरण तय गर्न हरेक मन्त्रालय र केन्द्रीय निकायले २ महिनाभित्र O&M सम्पन्न गर्ने । आउँदो ३ महिनाभित्रसबै मन्त्रालय, निकाय र मातहतका कार्यालयहरुको नयाँ संगठन संरचना, दरबन्दी र कार्यविवरण लागू गरि सक्ने ।

## ६.२ कर्मचारी, सेवा तथा विकास सम्बन्धी कानूनी तथा नीतिगत प्रबन्ध

३३. मिति २०७९/११/१५ देखि लागू भएको प्रदेश निजामती सेवा ऐन, २०७९ नियमावली बिना आंशिक मात्रै कार्यान्वयन भईरहेको हुँदा सो नियमावली आगामी २ महिनाभित्र जारी गरि सक्ने ।

३४. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३ ले प्रदेशको मुख्य CPA मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई तोके जस्तै सोही ऐनको दफा ४ ले गठन गरेका कूल ७ वटा विभिन्न सेवाहरुको लागि ऐन वा नियमावलीबाट सहायक CPA तोकि दिने । हाल गरिएका यस्ता व्यवस्था केवल सरुवाका लागि छ तर सहायक CPA ले तोकिदिएका सबैखाले कार्य गर्न सक्छन् ।

३५. प्रदेशको कर्मचारी प्रदेश सचिव बन्न पाउने प्रावधान प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ११३ मा भएनुरुप यसका लागि प्रदेशका संभाव्य कर्मचारीलाई ११औं तहमा बढुवा नियुक्ति गर्न सोही ऐनको दफा ८, दफा ३१ र दफा ४२ मा गरिएको थप सहयोगी व्यवस्थाहरुलाई यथाशिघ्र उपयोग गर्न शुरु गर्ने र चाँडोभन्दा चाँडो प्रदेश सचिव प्रदेश सेवाबाटै बनाउन थाल्ने । नपुग भएकोमा मात्रै संघसँग माग गर्ने ।

३६. प्रदेशका कर्मचारीको वृत्ति विकासका लागि हाल विद्यमान कानूनी तथा व्यवहारिक बाधकहरु यथाशिघ्र फुकाउनेः

५. प्रदेश प्रमुखमा संघबाट प्रदेश प्रशासनमा खटिएर आउने विशिष्ट श्रेणीको कर्मचारीको अनिवार्य अवकाशको ५ वर्षे समयावधीमा प्रमुख सचिवमा बिताएको अवधी गणना नगर्ने कानूनी व्यवस्था मिलाउन संघसँग सबै प्रदेश सरकारले संयुक्त पहल गर्ने ।

६. समायोजनमा परेर विगतमा प्रदेश सेवामा आएका कर्मचारीहरु बाहेक अन्यले संघीय निजामती सेवामा एक तहमाथिको पदमा संभाव्य उम्मेद्वार हुने अवसर नपाएको हुँदा यो अवसर दिलाउन संघसँग सबै प्रदेश सरकारले संयुक्त पहल गर्ने,

७. हालको संघीय कानून अनुसार प्रदेशका सचिव (११औं तह) ले संघको सचिव (विशिष्ट श्रेणी) पदमा बढुवाका लागि संभाव्य उम्मेदवार बन्ने अवसर नदिएको हुँदा संघसँग सबै प्रदेश सरकारले संयुक्त पहल गर्ने ।

८. वि.स.२०७५ सालमा पहिलो पल्ट नेपाल सरकारले स्वीकृत गरेको प्रदेशको संगठन संरचना र दरबन्दी संघीय निजामती किताबखानामा दर्ता भएपनि सोपश्चात प्रदेश सरकारले हेरफेर वा थप गरेका संगठन संरचना र दरबन्दीहरु हालसम्म संघीय वा प्रदेश किताबखानामा दर्ता गर्ने कार्य सम्पन्न गर्ने र तिनीहरुको वृत्ति विकासको बाटो खोल्ने ।

९. माथिको बुँदा १, २ र ३ का लागि हाल संघीय निजामती सेवा विधेयक स्वीकृतीको चरणमा रहेको हुँदा सोमा समावेश गराउन ढिलाई नगरी ठोस पहल गरिहाल्ने ।

३७. प्रदेशमा संघीय कर्मचारीलाई सचिव पदमा खटाउने बारेमा प्रदेश निजामती सेवा ऐन, २०५७ को दफा ११३ को (२) ले प्रदेशका कर्मचारी प्रदेश सचिवमा नियुक्त वा बढुवा नभएसम्म प्रदेशको अनुरोधमा नेपाल सरकारले संघीय रा.प. प्रथम श्रेणीका कर्मचारीलाई खटाउन सक्ने भनि गरेको प्रावधान त्रुटिपूर्ण रहेको हुँदा यसको सट्टा प्रदेश सरकारलाई आवश्यक संख्यामा त्यस्ता कर्मचारीहरु प्रदेश प्रशासनको प्रमुख कर्मचारी व्यवस्थापन कार्यालय अर्थात मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पुल (स्टक) मा खटाउने र तिनीहरुलाई प्रदेश सरकारले मन्त्रालय वा निकाय तोक्ने गरी व्यवस्था गर्न सबै प्रदेश सरकारले संयुक्त पहल नेपाल सरकारसँग गर्ने ।

३८. संघीय प्रशासनमा भन्दा कोशी प्रदेश प्रशासन लैङ्गिक कोणबाट बढी समावेशी यसलाई कम्तिमा ५० प्रतिशत पुऱ्याउन अरु ३५.७ प्रतिशत समावेशी बनाउने गरी प्रतिस्पर्धी महिला आवेदकहरुलाई क्षमता विकास र उत्प्रेरणा सम्बन्धी कार्यक्रम दिने ।

३९. कोशी प्रशासनमा कर्मचारी दरबन्दीमध्ये करीब २,०४३ दरबन्दी रिक्त भएकोले नियमित पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगसमक्ष माग साथै आवश्यक पर्ने समन्वय तथा सहजीकरण कार्य यथाशिघ्र गर्ने ।

४०. प्रदेश लोक सेवा आयोगले एउटा वार्षिक क्यालेण्डर बनाएर आफ्नो कार्यहरु रुटिनबद्ध ढंगले व्यवस्थित गर्ने ।

४१. प्रदेश प्रशासनको सर्वोच्च प्रशासनिक नेतृत्व प्रमुख सचिव पदमा औसत कार्यावधी ६ महिना २० दिन मात्रै भएको र नेतृत्वमा अति नै अस्थिरता भएकोले प्रमुख सचिवको कार्यावधी अहिलेलाई १.५ वर्ष लामो बनाउन सबै प्रदेश सरकारहरुले संयुक्त रुपमा संघसँग विशेष पहल गर्ने ।

४२. प्रमुख सचिव पछिको दोश्रो उच्चतम पद सचिवमा रहेको उच्च अस्थिरता निराकरण गर्न अल्पकालका लागि सबै प्रदेश सरकारहरुले संयुक्त रुपमा संघसँग सचिवको सरुवा कम्तिमा १.५ वर्षपछि मात्रै हुने व्यवस्थाका लागि विशेष पहल गर्ने । दिर्घकालका लागि यथाशिघ्र आफ्नै प्रदेश सचिव बढुवा वा नियुक्ती गर्न प्रारम्भ तथा संस्थागत गर्ने ।

४३. कर्मचारीको जिल्लागत उपस्थितीको वितरण सबैभन्दा धेरै राजधानी मोरङ्ग (२८.८४ प्रतिशत), दोश्रो सुनसरी (१५.१४ प्रतिशत), तेश्रो झापा (९.७८ प्रतिशत) र चौथो उदयपुर (७.८८ प्रतिशत) भएको र सबैभन्दा थोरै ताप्लेजुङ्ग (१.९६ प्रतिशत), तेह्रथुम (२.०६ प्रतिशत) र सोलुखुम्बु (२.४२ प्रतिशत) मा भएकोमा आगामी दिनमा दरबन्दी कायम गर्दा र सरुवा व्यवस्थापन गर्दा यस्तो खाडल पुर्ने गरी कर्मचारी वितरणलाई औचित्यपूर्ण बनाउने ।

४४. पुरस्कारतर्फ हेर्दा जनसेवाश्री पदक पाउने कोशी प्रदेशका कर्मचारी संख्या पछिल्लो आ.व. २०७९ मा अघिल्लो आ.व. भन्दा घट्न थालेकोले यस प्रदेशका कर्मचारीलाई पदक दिलाउन नेपाल सरकारमा रहने संघको विभूषण समिती (गृह मन्त्रालय) सँग सहि समयमा ठोस पहल गर्ने ।

४५. हरेक भदौ २२ 'निजामती दिवस' का दिन उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई नेपाल सरकारबाट दिईने उत्कृष्ट ३ प्रकारका निजामती पुरस्कारहरुः सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार, उत्कृष्ट निजामती सेवा पुरस्कार, र निजामती सेवा पुरस्कार यस प्रदेश प्रशासनका कर्मचारीहरुलाई दिलाउन संघको यस सम्बन्धी समिती (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) सँग उपयुक्त समयमा सार्थक पहल गर्ने ।

४६. उत्कृष्ट कार्यसम्पादन गर्ने तथा प्रदेश सरकारको विकास निर्माण र सेवा प्रवाहमा उत्कृष्ट कार्य गर्नेलाई प्रदेशले ''नागरिक सेवाश्री'' वा ''कोशी सेवाश्री'' जस्ता नयाँ पदकहरुको व्यवस्था गरी उत्प्रेरणा दिने ।

४७. आश र त्रासबाट चल्ने सार्वजनिक प्रशासनमा पुरस्कारका अतिरिक्त विभागीय सजायको अभ्यास जरुरी हुन्छ तर सो नभईरहेकोमा प्रदेश निजामती सेवा ऐनको परिच्छेद ११ बमोजिम गरिएका विभागीय संजाय सम्बन्धी व्यवस्थाहरुलाई अभ्यास गर्ने ।

४८. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा १० को (झ) ले उत्कृष्ट काम गर्ने मन्त्रालयका सचिवलाई पुरस्कार प्रदान गर्ने र सोही ऐनको दफा ११ को उपदफा (ट) मा उत्कृष्ट कार्य गर्ने मातहतका कर्मचारीहरुलाई उत्कृष्टताका आधारमा पुरस्कृत गर्ने भन्ने व्यवस्थाहरुको उपयोग गरिनु पर्ने ।

४९. सरुवा वा पदस्थापन (Posting) लाई पूर्वानुमानयोग्य बनाउन यस्तो निर्णय नियम र नर्म्समा आधारित बनाउने । नियम र नर्म्समा सबै कर्मचारीलाई वृत्तिविकासको समान अवसर दिलाउन भौगोलिक वर्गिकृत क्षेत्रमा सेवा गर्ने अवसर दिने साथै अनुभव दिलाउने गरी सरुवाको मापदण्ड तय गर्ने र लागू गर्ने । बिल्कुल फरक सेवाको कर्मचारीलाई फरक जिम्मेवारीमा संकटमोचनको अवस्था बाहेक सामान्य अवस्थामा नखटाउने । राजनैतिक संघ संगठन र ट्रेड युनियनको

प्रभावबाट सरुवालाई मुक्त राख्ने गरी त्यस्ता संगठनहरुको आचारसंहितामा यो विषय समावेश गर्ने ।

५०. प्रदेश सरकारले सार्वजनिक खरिदका लागि प्रतिस्पर्धात्मक बोलपत्र आव्हान गर्दा बनाईने टेण्डर डकुमेण्ट अँग्रेजीको सट्टामा नेपालीमा तर्जुमा गरिनु पर्ने ।

५१. आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परिक्षण समूह वा लेखा समूहकै कर्मचारीहरुको क्षमता विकास गरी आन्तरिक लेखापरिक्षकको रुपमा प्रयोग गर्ने ।

५२. सरकारी बाँकि असूल उपर गर्ने निकाय प्रदेश सरकारसँग नभएको विषयलाई सम्बोधन गर्न सरकारी बाँकि असूल उपर गर्न संघीय तहमा भएको कुमारीचोक तथा केन्द्रिय तहसिल कार्यालयबाटै प्रदेश र स्थानीयको पनि सरकारी बाँकि सरह असूल गर्नु पर्ने कार्य सम्पन्न गराउन चाहिने कानूनी व्यवस्था गर्ने ।

*तालिम तथा अनुसन्धान प्रदायक*

५३. प्रदेश सरकारसँग कूल ९ वटा तालिम तथा अनुसन्धान केन्द्रहरु संचालनमा भएकोमा तिनीहरुले फरक फरक विषय क्षेत्रमा दिएका तालिम र तालिमग्राहीहरुको संख्यामा देखिएको उच्च असमानता (Variances) लाई सम्बोधन गर्न तिनीहरुलाई आ-आफ्नो क्षेत्रमा चुनौतीपूर्ण वार्षिक लक्ष्य (Challenging Targets) दिने र सोको प्राप्तिका लागि साधन श्रोत एवं क्षमता दिलाउने ।

५४. दिईएका तालिम विशिष्ट वा विशेषज्ञ तहका नहुँदापनि तालिम संख्या, तालिमग्राहीको संख्या र लागत बीच औचित्यता नभएकोमा यस्तो असमानता (Variance) हटाउन लागत दक्षता बढाउने र व्यवस्थापकिय लागत एवं चुहावट (भएको भए) घटाउने उपायहरु अवलम्बन गर्ने ।

५५. विगतका तालिम प्रदायक निकायहरु पुर्नसंरचना नगरी साविकका कर्मचारी कायम राख्ने प्रयोजनले मात्रै यथावत राख्न नहुने र तिनको पुर्नसंरचना गर्नु पर्ने ।

५६. कलवलगुढीस्थित प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले ऐनबाट प्राप्त कार्यक्षेत्र अनुरुप अनुसन्धान एवं तालिम दुवैमा सक्रिय हुन पर्ने । अनुदानमा संचालन गरिएका यस्ता कार्य बाहेक अन्य यस्ता सेवा प्रदेश सरकार साथै स्थानीय तहहरुलाई राजस्व आर्जन हुने गरी उपलव्ध गराउने ।

५७. भईरहेका ९ वटै तालिम तथा अनुसन्धान केन्द्रहरुले अर्धसरकारी, निजी तथा कर्पोरेट निकाय तथा संगठनहरुलाई राजस्व आय हुनेगरी तालिम तथा अनुसन्धान सम्बन्धी सेवा उपलव्ध गराउनु पूर्व यसका लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका अतिरिक्त अन्य ८ वटा तालिम तथा अनुसन्धान केन्द्रहरुलाई यस्तो संभावनालाई उपयोग गर्न तिनीहरुलाई अनुमती वा स्वायत्तता दिने ।

५८. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको ऐनमा भनिएको ३ खाले जनशक्ति : १) प्रशासकिय, २) अनुसन्धान, प्रशिक्षण तथा प्राध्यापन, ३) प्राविधिक, प्रतिष्ठानमा जुटाउन O&M स्वीकृत गरी पदपूर्ती कार्य यथाशिघ्र सम्पन्न गर्ने ।

५९. प्रतिष्ठानको ऐनले सबै खाले सार्वजनिक नीति सम्बन्धी अनुसन्धान (Public Policy Research) प्रदेश सरकारले प्रतिष्ठानमार्फत गराउने भने अनुरुप प्रदेश सरकारले सबै मन्त्रालय र केन्द्रीय निकायहरुलाई सो अनुरुप गर्न निर्देशन गर्ने ।

*प्रदेश लगानी प्राधिकरण*

६०. वि.स. २०७७ सालमा स्थापित प्रदेश लगानी प्राधिकरणले पछिल्लो २.५ वर्षमा १ वटा लगानी प्रस्ताव मात्रै स्विकृत गर्दापनि व्ययभन्दा अधिक आय गरेको हुँदा कोशी प्रदेशमा अझ धेरै लगानी भित्राउन सक्ने साथै मूलतः रोयल्टीबाट राजस्व आय गर्न सक्ने संभावना भएकोले प्राधिकरणलाई सबै निकायले बढी भन्दा बढी सहजीकरण गर्नु पर्ने ।

६१. प्रदेश लगानी प्राधिकरणले अहिलेसम्म Unsolicited र Greenfield Projects मा मात्रै लगानी सहजीकरण गर्दै आएकोमा अबदेखि Solicited र Brownfield Projects मा पनि लगानी सहजीकरण गर्न थाल्नुपर्ने ।

६२. संघमा भएको लगानी बोर्डको अनुभवबाट सिक्दै लगानी सहजीकरणमा आफूलाई प्रभावकारी बनाउन प्राधिकरणले लगानी बोर्डसँगको समन्वयलाई प्रभावकारी बनाउनुपर्ने ।

६३. प्राधिकरणलाई बढी सक्षम र दक्ष बनाउन सोको O&M सम्पन्न गरी दरबन्दी संरचना र कार्यविवरण तय गर्ने र सोको आधारमा पदपूर्ति टुंगाउने ।

६४. प्राधिकरणमा विशिष्ट दक्षता चाहिने विषयहरुमा बजारबाट विशेषज्ञहरुको embedded team राखेर सेवा लिने । यसका लागि नेपाल सरकारको लगानी बोर्डले झैं दातृनिकायबाट सहयोग जुटाउने ।

*प्रदेश प्रहरी व्यवस्थापन*

६५. संघीय प्रहरी सेवा ऐन आउनु पर्नेमा अत्यन्तै ढिलाई भएको पाईयो । उक्त कारणले प्रदेश प्रहरी सेवा ऐन र संघीय प्रहरी समायोजन ऐन आईसक्ता पनि प्रदेश प्रहरीतर्फ ठोस उपलब्धी हुन नसकेकोले सबै प्रदेशसँग मिलेर सुंयुक्त रुपमा संघसँग पहल गर्नु पर्ने ।

६६. प्रदेश प्रहरी सेवा ऐन २०७७ को दफा ४ को उपयोग गर्दै प्रदेश प्रहरीको O&M यथाशिघ्र सम्पन्न गर्ने । के कति संख्यामा कुन कुन पदस्तरका प्रहरी कहाँ कहाँ प्रदेश प्रहरीमा रहने हुन र तिनीहरुको कार्य विवरण के के हुने भन्ने प्रारुप तयार गर्ने ।

६७. O&M गरेपछि प्रदेशमा चाहिने प्रहरीको Gap Analysis सम्पन्न गर्ने । प्रदेशमा भविष्यमा आँफैले नियुक्त गर्नेमा त्यस्तो नियुक्ती नगरुन्जेलसम्मका लागि तत्कालका लागि संघबाट र अन्यका हकमा संघबाट के कति संख्यामा कुन कुन पदस्तरका प्रहरी माग गर्ने भन्ने निक्यौंल गर्ने ।

६८. प्रदेशको सुरक्षा नीति र निकट भविष्यमा प्रदेश प्रहरी संचालन गर्नु पर्दा उक्त संगठनलाई आवश्यक पर्ने जग्गा, भवन, हातहतियार, उपकरण, अन्य लजिष्टीक, मानव संशाधन, ल्याब, ऐन कानूनहरु लगायतको व्यवस्था गर्न प्रदेश प्रहरी व्यवस्थापन योजना तयार गर्ने । सोका आधारमा वार्षिक बजेट विनियोजन गर्दै लैजाने ।

६९. प्रदेश प्रहरीमा कार्यरत प्रहरीका लागि वृत्ति विकास र तालिम (आन्तरीक र वैदेशिक) बारे ठोस अवधारणाको विकास गर्ने । सो अनुरुप कानूनी प्रबन्ध गर्ने ।

७०. एउटा पद तहभन्दा माथिका प्रहरी अधिकृत संघबाट प्रदेशमा खटिँदा प्रदेशको पुलमा एकमुष्ट पठाउने र प्रदेशले तिन्लाई पदस्थापन, सरुवा, खटनपटन, बढुवा, पुरस्कृत दण्ड गर्न पाउने विषयहरु के कसरी गर्ने र सोमा प्रदेश सरकारको भूमिका र अधिकार के के हुने भन्ने विषयहरु अझै स्पष्ट पार्ने ।

७१. प्रदेश प्रहरीले भविष्यमा अनुसन्धान र अभियोजन गर्दा सरकारी अधिवक्ता र अदालतसँग र बाट के कसरी समन्वय र सहयोग हाँसिल गर्नेछ भन्ने स्पष्टता ल्याउने ।

७२. गम्भिर प्रकृतिको अपराध र अपराधको अनुसन्धानको दायरा अन्तराष्ट्रिय सीमाना गाँसिने अवस्था जहाँ प्रदेश प्रहरीको क्षमताले मात्रै भ्याउँदैन सोमा के कसरी संघीय प्रहरीबाट सहयोग हाँसिल गर्छ वा संघीय प्रहरी संलग्न हुन्छ भन्ने विषयहरु निक्यौंल गरिनु पर्ने ।

७३. प्रदेश प्रहरीमा संघबाट खटिई आउने प्रहरी अधिकृतहरुको जवाफदेहिता र चेन अफ कमाण्ड के कसरी कायम हुन्छ, सो सम्बन्धी व्यवस्थाहरु यकिन गर्ने ।

७४. प्रदेश प्रहरी कानूनहरुमा प्रदेश सरकारको आन्तरीक मामिला हेर्ने सचिव करीब करीब भूमिकाविहिन भएकोले संघको गृह सचिवको जस्तै बलियो भूमिका के कसरी स्थापित हुन्छ, सोको व्यवस्थाहरु गरिनु पर्ने ।

## ६.३कार्य पद्धती

*कार्यविवरण*

७५. कार्यविवरण नभएका ७ वटा अर्थात ७७.७७ प्रतिशत मन्त्रालयहरुको कार्यविवरण कार्यरत कर्मचारीको तहसम्मको तर्जुमा गरी लागू गर्ने । हरेक कर्मचारीलाई पदस्थापना गर्दा कार्यविवरण अनिवार्य दिने प्रणाली बसाल्ने । सो बमोजिम कार्यसम्पादन गरे नगरेको मूल्यांकनको अभ्यास बसाल्ने ।

७६. कार्यविवरणको व्यवस्था र उपयोग गरे नगरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार ईकाईले अनुगमन गर्नु पर्ने ।

*संस्थागत स्मरण*

७७. प्रदेश प्रशासनमा बारम्बार नेतृत्व परिवर्तन हुने गरेको हुँदा अग्रजबाट लिखित अभिलेख जस्तैः डायरी, टिपोट, रिपोर्ट हस्तान्तरण लिने-दिने परम्परा बसाल्ने ।

७८. सरुवाका क्रममा अग्रज र भावि (Predecessor and Successor) प्रशासकबिच भेटघाट हुने वातावरणमार्फत संस्थागत स्मरण हस्तान्तरण गर्न र गराउन एउटै कार्यक्रमबाट बिदाई र स्वागत गर्ने परम्परा बसाल्ने ।

७९. संस्थागत स्मरणको उपरोक्त पालना गरे नगरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार ईकाईले अनुगमन गर्नु पर्ने ।

*अधिकार प्रत्यायोजन*

८०. प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७८ मा सचिव भन्दा मुनिका अन्य प्रशासकिय अधिकारीहरुले पनि अधिकार प्रत्योजन गर्न सक्ने व्यवस्था निम्न सम्बन्धित नियमहरुमा गर्ने :

१. महाशाखा प्रमुख- नियम ५ बमोजिम
२. विभागीय प्रमुख- नियम ६ बमोजिम
३. निर्देशनालय प्रमुख- नियम ७ बमोजिम
४. डिभिजन प्रमुख- नियम ८ बमोजिम
५. कार्यालय प्रमुख- नियम ९ बमोजिम

८१. अधिकार प्रत्योजनका लागि हालसम्म गरिएका व्यवस्था र सोको सदुपयोग, दुरुपयोग र तिनको प्रभावकारीतामाथि अध्ययन गर्ने र त्यस्तो अध्ययनले औंल्याए अनुसार अधिकार प्रत्यायोजन सम्बन्धी वर्तमान व्यवस्थालाई परिमार्जन गर्ने ।

८२. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम १४ ले एकातिर प्रमुख सचिवले मुख्यमन्त्रीसँग, प्रदेश सचिवले विभागीय मन्त्रीसँग र कार्यालय प्रमुखले सम्बन्धित मन्त्रालयका सचिवसँग कार्यसम्पादन करार गर्नुपर्ने, जिम्मेवारी पुरा नगरेमा सचेत गराउनेदेखि सरकारी बाँकी सरह क्षतिपूर्ति भराउनु पर्ने र प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ६ को उपदफा (३) ले कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी काममा लगाउने भन्ने व्यवस्थाको प्रयोग आर्थिक मामिला तथा योजना मन्त्रालयमा मात्रै भएकोमा सबै मन्त्रालयहरुमा यसको प्रयोग सो कानूनहरु बमोजिम गर्ने ।

८३. उपरोक्त बमोजिम कार्यसम्पादन करारको प्रयोगमा सहजीकरण साथै गरे नगरेको अनुगमन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार ईकाईले गर्ने ।

८४. कार्यसम्पादन करार सम्झौता अनुरुप गरिने कार्यसम्पादन मूल्यांकनसँग कर्मचारीलाई दिईने दण्ड र पुरस्कार जोडने ।

*पारदर्शिता*

८५. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ४१ र नियमावलीको नियम १० (५) अनुसार हरेक मन्त्रालय र सरकारी निकायले प्रत्येक आ.व. सम्पन्न भएपश्चात १ महिनाभित्र वार्षिक प्रगती प्रतिवेदन अनिवार्य सार्वजनिक गर्ने । यस्तो गरे नगरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार ईकाईले अनुगमन गर्नु पर्ने ।

८६. पारदर्शिताको पहिलो शर्त पूरा गर्न सबै मन्त्रालय तथा केन्द्रिय निकायहरुको अफिसियल वेभसाइट भिजिटरले खुल्न सक्ने गरी दुरुस्त हुन पर्ने ।

८७. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३४ बमोजिम सबै मन्त्रालय, सरकारी निकाय एवं कार्यालयले काम कारवाहीको विषयमा सरोकारवाला वा सार्वजनिक रुपमा जानकारी दिन कुनै अधिकृतलाई प्रवक्ता अनिवार्य तोक्नु पर्ने ।

८८. प्रवक्ता र सूचना अधिकारीको नाम र मोबाइल अफिसियल वेभसाइटमा अनिवार्य उपलव्ध गराईनु पर्ने ।

*गुनासो व्यवस्थापन*

८९. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३० बमोजिम सबै प्रत्येक मन्त्रालय वा कार्यालयले गरेको काम कारवाहीउपर गुनासो सुन्ने विद्युत्तिय व्यवस्था अनिवार्य मिलाईनु पर्ने ।

९०. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम २३ ले गुनासो सुन्ने एक जिम्मेवार अधिकारी (नोडल अधिकृत) तोक्नु पर्ने साथै यस्तो गुनासो सुन्न निःशुल्क टेलिफोन (टोलफ्रि नम्बर) वा अनलाइन सेवा राखिदिनु पर्ने ।

९१. गुनासो सुन्ने व्यवस्था उपरोक्त अनुसार गरे नगरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार ईकाईले अनुगमन गर्नु पर्ने ।

*व्यवस्थापन परिक्षण*

९२. कोशी प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १२८ बमोजिम व्यवस्थापन परीक्षण गर्नु पर्ने, अनियमितता देखिएमा सम्बन्धीत कर्मचारीलाई विभागीय कारवाही गर्ने र हरेक

मन्त्रालयले आ.व. समाप्त भएको १२० दिनभित्र यस्तो परीक्षणको वार्षिक प्रतिवेदन प्रदेश सरकारसमक्ष पेश गर्ने व्यवस्थालाई कडाईका साथ लागू गराउने ।

९३. व्यवस्थापन परीक्षण सम्बन्धी उपरोक्त व्यवस्था लागू भए नभएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार ईकाईले अनुगमन गर्नु पर्ने ।

*अनुगमन मूल्यांकन*

९४. अनुगमन मूल्यांकनका लागि प्रचलित प्रदेश कानूनहरुले गरेका ४ वटा संयन्त्र तथा व्यवस्थाहरुलाई पूर्ण क्रियाशील बनाउने :

१. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३७ (१) अनुसार प्रमुख सचिवको संयोजकत्वमा प्रदेशस्तरीय अनुगमन तथा मूल्यांकन समिती ।

२. सोही ऐनको दफा ३७ (२) अनुसार जिल्ला, क्षेत्र र स्थानीय स्तरमा अनुगमन तथा मूल्यांकन समिती ।

३. सोही ऐनको नियमावली २०७७ को नियम ३० ले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ५ सदस्यीय जिल्लास्तरीय अनुगमन तथा मूल्यांकन समिति ।

४. सोही नियमावलीको नियम ३१ अनुसार प्रदेशस्तरीय अनुगमन तथा मूल्यांकन समितिलाई सहयोग गर्ने गरी प्रदेश मन्त्रालयको सचिवको संयोजकत्वमा ६ सदस्यीय मूल्यांकन तथा अनुगमन एकाई ।

९५. मन्त्रालय, केन्द्रिय निकाय तथा मातहतका कार्यालयहरुबाट गरिने स्थलगत भ्रमण तथा अनुगमनलाई वार्षिक कार्यक्रमको कार्यान्वयनमा उत्पन्न समस्या समाधानका लागि मात्र उपयोग गरी यथार्थपरक र परिणाममूलक बनाउनु पर्ने ।

*सार्वजनिक वित्तीय व्यवस्थापन*

९६. कोशी प्रदेशको सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धमा २०७९ चैत्रमा गरिएको एक अध्ययनले औंल्याए अनुसार सार्वजनिक वित्तीय व्यवस्थापनका विभिन्न ६ वटा पाटाहरुमा देखिएका समस्याहरुको यथाशिघ्र समाधान गर्ने :

१. बजेटको भरपर्दोपना - सन्तोषजनक नदेखिएको ।

२. सम्पती र दायित्वको व्यवस्थापन - सन्तोषजनक नदेखिएको ।

३. नीतिमा आधारित वित्तीय रणनीति र बजेट - मिश्रित र मध्यम स्तरको अवस्था देखिएको ।

४. बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण - स्तर मिश्रित देखिएको ।

५. लेखांकन र प्रतिवेदन - ठिकै मात्रै देखिएको ।

६. बाह्य छानविन र लेखापरिक्षण - उक्त दुवै सूचकतर्फ सुधार गर्नुपर्ने ।

*SOP को उपयोग*

९७. प्रदेश प्रशासनमा कूल १९३ वटा केन्द्रीय तथा मातहतका निकायहरु मध्ये जनसम्पर्क अत्यधिक हुने कार्यालयहरुबाट दिईने सेवालाई छिटो छरितो, मितव्ययी र झन्झटरहित बनाउन साथै तोकिएको लागत र गुणस्तर कायम गराउन Standard Operating Procedure (SOP) लागू गर्ने ।

९८. यस्तो SOP को उपयोग यातायात कार्यालय, भूमि व्यवस्थापन सम्बन्धी कार्यालय र प्रदेश तथा जिल्ला अस्पतालहरुबाट शुरु गर्ने ।

*बेरुजु व्यवस्थापन*

९९. महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखापरिक्षण हुँदा सृजना हुने बेरुजुको प्रतिशत अन्य प्रदेशभन्दा कोशीमा निकै उच्च भएकोले कूल लेखापरिक्षण हुने अंकमा बेरुजु सृजना १ प्रतिशत भन्दा अधिक हुन नदिने सीमा तय गर्ने । सबै मन्त्रालय र केन्द्रिय निकायमा सो अनुरुप भए नभएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार ईकाईले अनुगमन गर्ने ।

१००. हरेक वर्ष बेरुजुको सम्परिक्षण तथा फर्छ्यौट प्रगति कूल बेरुजुको कम्तिमा २५ प्रतिशत हुने गरी सबै मन्त्रालय र केन्द्रिय निकायहरुलाई परिचालन गर्नु पर्ने । सबै मन्त्रालय र केन्द्रिय निकायले सो अनुरुप गरे नगरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार ईकाईले अनुगमन गर्ने ।

*सार्वजनिक सुनुवाई*

१०१. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २९ ले हरेक जिल्ला वा स्थानीय कार्यालय प्रमुख साथै संचालित आयोजना कार्यक्रमले आफ्नो काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाइ गराउनु पर्ने भन्ने कानूनी व्यवस्थाको कडाईका साथ पालना गर्नु गराउनु पर्ने ।

१०२. प्रदेश प्रशासन अर्न्तगत हरेक जिल्ला वा स्थानीय कार्यालय प्रमुख साथै संचालित आयोजना कार्यक्रमले सार्वजनिक सुनुवाइ गरेको कार्यक्रम विवरण र प्राप्त सुझावहरु तालुकवाला मन्त्रालय वा केन्द्रिय निकायको वेभसाइटमा नियमित रुपमा राख्ने ।

*कार्यक्रम/आयोजना स्थलमा सूचना बोर्ड*

१०३. प्रदेश सरकारका कुनैपनि मन्त्रालय, केन्द्रिय निकाय र मातहतका कार्यालयले विकास वा सेवाजन्य विषयमा कुनै आयोजना वा कार्यक्रम गर्दा सबैलाई सो बारेमा जानकारी दिन कार्यक्रमस्थलमा सूचना विवरण सम्बन्धी सार्वजनिक बोर्ड अनिवार्य राख्ने । सोमा प्रदेश सरकारको तालुकवाला मन्त्रालय वा निकायको नाम, कार्यक्रम वा आयोजनाको नाम, लागत, कार्यान्वयन अवधी, कार्यान्वयनकर्ताको नाम र सम्पर्क ठेगाना लगायतको विवरण हुन पर्ने ।

१०४. प्रदेश सरकारको मन्त्रालय वा निकायबाट सशर्त अनुदान दिएर पालिकाबाट वा गैससबाट वा कुनै बोर्ड समितिबाट संचालित कार्यक्रममा पनि कार्यक्रमस्थलमा त्यस्तो सार्वजनिक बोर्ड अनिवार्य राख्ने । यस्तो विषयलाई कार्यान्वयन गरे नगरेको प्रदेश सरकारले उपयुक्त तहबाट अनुगमन गर्ने ।

*नागरिक बडापत्र*

१०५. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २४ (१) बमोजिम सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क हुने प्रत्येक प्रदेश कार्यालयले नागरिक बडापत्र (फलेक्स, डिस्प्ले, बोर्ड आदि) अनिवार्य राख्नु पर्ने र दफा २४ को उपदफा (४) ले बडापत्र बमोजिम सेवा नदिएमा विभागीय कार्वाही हुने र उपदफा (५) ले सेवाग्राहीको कुनै हानि नोक्सानी भएमा क्षतिपूर्ति समेत दिने व्यवस्थाको कार्यान्वयनका लागि प्रदेश सरकारले विशेष अभियान चलाउने ।

१०६. नागरिक बडापत्र राखिएको कार्यालयको बडापत्रमा प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २४ (२) मा उल्लेखित सूचनाहरु राख्न अनिवार्य गरिनुपर्ने ।

१०७. मातहतका कार्यालयहरुले सो अनुरुप गरे नगरेको विवरण चौमासिक, अर्ध वार्षिक र वार्षिक प्रगती प्रतिवेदनहरुमा सबै मन्त्रालय र केन्द्रिय निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पेश गर्ने ।

*घुम्ती सेवा*

१०८. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २५ ले सर्वसाधारणलाई कुनै सेवा सेवाग्राही रहे बसेको स्थानीय तहमा उपलव्ध गराउन समय समयमा घुम्ती सेवा सन्चालन गर्न सक्ने व्यवस्था गरेको, यस्तो सेवा प्रदेश सरकारको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतले संयोजन गर्ने भनिएको व्यवस्थाहरु सोही दफामा भनिएको वर्ग र समुदायले लाभ पाउने गरी अनिवार्य कार्यान्वयन गर्ने गराउने ।

१०९. सेवा प्रवाहक कार्यालयका तालुकवाला मन्त्रालय र केन्द्रिय निकायबाट सो अनुरुप गरे नगरेको प्रतिवेदन लिई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार ईकाईले नियमित रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

*शासकिय सुधार एकाई*

११०. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा २८ मा व्यवस्था भएझैं हरेक मन्त्रालयमा शासकिय सुधार एकाई छुट्टै स्थापना गर्ने वा भईरहेका कुनै शाखा महाशाखालाई शासकिय सुधार एकाईका रुपमा कार्य गर्न अनिवार्य रुपमा तोक्ने ।

१११. मन्त्रालयहरुमा तोकिएका शासकिय सुधार एकाईले हरेक आ.व. मा के के सुधार आफ्नो मन्त्रालय वा निकायमा गर्नेछ, सोको वार्षिक कार्ययोजना हरेक श्रावणभित्र तर्जुमा गरी मन्त्रीस्तरबाट स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने ।

११२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार महाशाखाले नियमित रुपमा त्यस्ता स्वीकृत कार्ययोजनाको कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गर्ने ।

*नविनता र सूचना प्रविधीको उपयोग*

११३. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा ३६ र सो ऐनको नियमावली, २०७७ को नियम २८ बमोजिम प्रत्येक मन्त्रालय, विभाग, निर्देशनालय, डिभिजन कार्यालय, प्रदेश सरकारी निकाय एवं कार्यालयले सूचना प्रविधीलाई व्यवहारमा उतार्दा अपनाउनु पर्ने प्रमुख विषयहरुलाई लिएर "Digital Koshi" नामक यस प्रदेशको विद्युत्तिय मूल कार्यक्रम (Flagship Online Program_ को कार्ययोजना तर्जुमा आगामी आ.व.को असोज २०८० भित्र गरी सक्ने । उक्त कार्ययोजनालाई प्रदेश सरकारले स्वीकृत गरेपछि भरसक आउँदा आ.व. भित्र संचालनमा ल्याउने । यसका लागि चाहिने बजेट नपुग हुने भएमा वैदेशिक अनुदान जुटाएर लागू गर्ने ।

११४. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०७७ को नियम २८ (२) ले व्यवस्था गरेबमोजिम सूचना प्रविधीको उपयोगद्धारा सेवामा प्रभावकारिता र मितव्ययिता ल्याउने मन्त्रालय, विभाग, निर्देशनालय, डिभिजन कार्यालय, प्रदेशस्तरीय निकाय वा कार्यालय

वा कर्मचारीलाई हरेक वर्ष नेपाल सरकार तथा प्रदेश सरकारबाट दिईने पदक तथा उत्कृष्ट निजामती कर्मचारी पुरस्कार तथा अन्य पुरस्कार दिलाउन पहल गर्ने ।

११५. प्रदेश अर्न्तगतका यातायात कार्यालयहरुमा देहायको पहलमार्फत सूचना संचार प्रविधीको उत्तम उपयोग गर्ने :

१. यातायात व्यवस्था विभाग, मिनभवन (काठमाण्डौ) को नियन्त्रणमा रहने गरी Electronic Driving License and Vehicle Registration System (EDLVRS) लाई प्रयोगमा ल्याउने र सवारी अनुमतीपत्र सम्बन्धी सेवामा आमूल सुधार गर्ने ।

२. यातायात व्यवस्था विभागले छाप्ने गरेको Smart License Card प्रदेशमा छाप्न थाल्ने र अहिलेसम्म यो कार्ड पाउन सेवाग्राहीले कम्तिमा ६ महिना कुर्नु पर्ने बाध्यताको अन्त्य गर्ने ।

३. विद्युत्तिय प्रणालीमा आउने समस्यालाई हल गर्न र प्रणालीको सुसंचालनका लागि हरेक यातायात व्यवस्था कार्यालयमा १ जना IT Expert को व्यवस्था गर्ने । प्रणालीगत समस्या परेको बेला यातायात व्यवस्था विभागमा त्यस्तो विज्ञले कार्यालयको सम्पर्क अफिसर (Nodal Officer) को रुपमा विभागसँग समन्वय गर्ने र तत्काल समाधान खोज्ने ।

४. विद्युत्तिय प्रणालीमा कार्यरत जनशक्तिलाई अफिसमा हाजिर हुनु पूर्व Basics र तत्पश्चात बेलाबेलामा Advanced Trainings दिईरहनु पर्ने ।

५. कर्मचारी खटाईंदा कर्मचारीले गर्नुपर्ने कामको कार्यविवरण अनिवार्य दिने ।

६. सेवा दिँदा वा काम गर्दा कर्मचारीले अवलम्बन गर्नु पर्ने SOP शुरुमै अनिवार्य उपलव्ध गराउने ।

७. सेवाग्राहीलाई सेवा दिन खटिएको कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्न र सुपरिवेक्षण गर्न कार्यालय प्रमुखलाई EDLVRS मा भएको कर्मचारीले कार्यसम्पादन गरेको कामको उपलव्धी (Outputs) को रेकर्ड हेर्ने पहुँच (Access) उपलव्ध उपलव्ध गराउने ।

८. EDLVRS मा काम गर्न सक्ने क्षमता दक्षताको विकास गराउन यातायात कार्यालयहरुमा त्यस्तो प्रणालीमा काम गर्न सक्ने Aptitude भएका कर्मचारीलाई मात्रै खटाउने साथै खटिएका हरेक कर्मचारीलाई सो प्रणालीमा काम शुरु गर्नु पूर्व नै तालिम दिलाएर अभ्यस्त बनाउने ।

९. सवारी साधनहरुको विद्युत्तिय अभिलेख अनिवार्य राख्ने ।

१०. सेवाग्राहीले अनलाइनबाट प्रदेश सरकारलाई राजस्व बुझाउन र सवारी साधन नविकरण गराउनका लागि चाहिने Revenue Management Information System (RMIS) र EDLVRS बीच Interface वा Linkage स्थापना गर्ने विषयलाई प्राथमिकता दिएर सो कायम गर्ने ।

११. सेवाग्राहीले एउटा कामका लागि सेवा लिन आउँदा अलगअलग ठाउँ धाउन पर्ने, लाइन लाग्नु पर्ने झन्झट अन्त्य गर्न एउटा बिन्दुबाट सबै सेवा पाउने व्यवस्था गर्ने । यसका लागि १ सेवाग्राही १ सेवाप्रदायक कर्मचारी प्रणाली अपनाउने ।

११६. सूचना प्रविधीको उपयोग गरिएको यातायात व्यवस्था कार्यालयहरुमा माथि भनिएको अवस्था रहेपछि सेवा प्रवाह गर्ने र बढी जनसम्पर्क हुने अरु कार्यालयहरुमा पनि थप कार्ययोजना बनाएर यस्तो प्रविधीलाई अर्को आ.व. बाट थप बिस्तार गर्ने ।

११७. नविनता र सूचना प्रविधीको उपयोग मार्फत म्पनष्तबर्ा प्यकजष लगायत सबै पहलहरुको कार्यान्वयनको अनुगमन मूल्यांकन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकिय सुधार महाशाखाले नियमित रुपमा गर्ने ।

## ६.४ मनोवृत्ति र आचरण

*कर्मचारीको आचरण*

११८. प्रदेश निजामती सेवा ऐन, २०७९ को परिच्छेद ९ ले प्रदेशका समस्त निजामती कर्मचारीबाट आचरणका बारेमा दफा ७४ देखि ८९ मा गरेका करीब १६ वटा दफामार्फत गरेका आचरणगत व्यवस्थाहरुको भरपर्दो अनुगमन सुपरिवेक्षण हुन पर्ने । यसका आधारमा सबै तालुकवाला मन्त्रालय र केन्द्रिय निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयस्थित शासकिय सुधार महाशाखालाई नियमित रिर्पोटिङ्ग गर्ने ।

११९. खराब आचरण भएका र मौका दिँदापनि नसच्चिने कर्मचारी बोरामा भएको कुहिएको प्याज जस्तो हो । अतः त्यस्ता कर्मचारीलाई बेलैमा विभागीय कारवाही गरी बोरामा भएका अरु प्याजलाई जोगाउन पर्नेतर्फ CPA को रुपमा तोकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कर्मचारी प्रशासन हेर्ने महाशाखाले विशेष पहल गर्नु पर्ने ।

*सामाजिक संजाल र अनाधिकृत साइट*

१२०. कार्यालय समयभित्र प्रदेशका कुनैपनि कार्यालयमा सामाजिक संजाल प्रयोग गर्न नदिन ISP System बाटै रोकि दिनु पर्ने ।

१२१. प्रदेश प्रशासनका संगठनहरुको अनाधिकृत वेभसाइटहरु ISP System बाटै नियन्त्रण गरि त्यस्ता साईटहरु नखुल्ने व्यवस्था गर्ने ।

*स्वार्थ बाझिने निर्णय*

१२२. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा १७ ले निर्णय गर्ने प्रदेश अधिकारीले स्वार्थ बाझिने भएमा निजले निर्णय गर्न नसक्ने तर गरेमा तोकिएबमोजिम कारवाही हुने प्रावधान व्यवस्थालाई कार्यान्वयन गर्नका लागि अधिकारप्राप्त निर्णयकर्ताले निर्णय गर्दा ती प्रावधानको परिपालना गरे नगरेको विषय व्यवस्थापन अडिटको एक आधार बनाएर हेरिनु पर्ने ।

१२३. प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०७६ को दफा १७ को उपदफा (१) बमोजिम स्वार्थ बाझिने विषयमा निर्णय गर्ने प्रदेश अधिकारीलाई तोकिएबमोजिम कारवाही हुनेछ भनिएपनि सो कारवाही सम्बन्धी व्यवस्था सोही ऐनको नियमावली २०७७ मा ततोकिएको हुँदा यस सम्बन्धी व्यवस्था तत्काल तोक्ने ।

१२४. भविष्यमा गरिने व्यवस्थापन अडिटमा कुनै प्रदेश अधिकारीले स्वार्थ बाझिने विषयमा निर्णय गरेको देखिएमा विभागीय कारवाहीमा लैजान मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कर्मचारी प्रशासन हेर्ने महाशाखाले पहल गर्ने ।

## ६.५ जनशक्ति विकास र उपयोग

१२५. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

यो अध्ययन प्रतिष्ठानमा निम्न पहल गरिनु पर्ने सिफारिस गर्छ :

१. वि.स. २०७६ सालदेखि २०७९ साल सम्म करीब ४ वर्षभर मृतप्रायः रहेको यो संस्थालाई पुर्नजीवन दिनु पर्ने ।

२. २०७९ मा जारी ऐनले प्रतिष्ठानलाई दिएको स्वशासित र स्वायत्त हैसियतलाई उपयोग गर्न प्रदेश सेवाको हैन आफ्नै कर्मचारीमा चल्न दिनु पर्ने ।

३. प्रतिष्ठानको O&M यथाशिघ्र टुङ्गाएर प्रदेश लोक सेवा आयोगमार्फत पदपूर्तिका लागि अघि बढ्न दिईनु पर्ने ।

४. प्रतिष्ठानको O&M गर्दा सो प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ को दफा १० (२) ले औंल्याएझैं प्रदेश र स्थानीय तहका लागि अनुसन्धान र प्रशिक्षण भूमिका लगायत सबै खाले जनशक्तिको प्राप्तीका लागि बाटो खोलि दिनु पर्ने ।

५. अरुको क्षमता विकास गर्न र मापदण्ड तय गर्न पूर्व प्रतिष्ठानकै प्रशिक्षण र प्रशिक्षक साथै अनुसन्धान र अनुसन्धानकर्ताको मापदण्ड तयार गरिनु पर्ने ।

६. हालसम्म प्रतिष्ठान प्रशिक्षणमा सिमित रहेकोले आफ्नै आय आर्जन गर्ने बाटोमा लाग्नु पर्ने ।

७. आय आर्जनका लागि प्रतिष्ठानको ऐनको दफा २२ बमोजिम प्रदेश सरकार तथा १३७ वटा स्थानीय तहका लागि अनुसन्धान सेवाको शुरुवात गर्ने ।

८. प्रतिष्ठानमा अक्सर तालिम कनिष्ठ तहका लागि मात्रै नगरी राजनैतिक तथा प्रशासनिकतर्फका वरिष्ठ तहका लागि समेत आयोजना गरिनु पर्ने ।

९. प्रतिष्ठान पूर्णतः संघबाट सशर्त अनुदान वापत प्राप्त हुने PLGSP (Provincial Local and Governance Support Program) र प्रदेशबाट पाईने बजेटरी सहयोगमाथिको निर्भरता आगामी केही समयका लागि  कायम गर्ने रणनीति लिने ।

१०. हाल PLGSP बाट उपलव्ध पूंजीगत बजेटको खर्च बढाउनु पर्ने र पूर्वाधार निर्माण र अन्य क्षमता विकास कार्यलाई तिव्र गति दिनु पर्ने ।

११. प्रतिष्ठानको सर्वोच्च नेतृत्व स्वयं मुख्यमन्त्रीबाट हुने भएको सन्दर्भमा प्रतिष्ठानको कार्यकारी निर्देशकले सो सर्वोच्च नेतृत्वको उपयोग प्रतिष्ठानको हैसियत र क्षमता विकासका लागि अन्य निकायहरुसँग अधिकतम समन्वय तथा सहयोग जुटाउन गर्नु पर्ने ।

१२. पूर्णकालिक कार्यकारी निर्देशकको प्रबन्ध गर्ने । राजधानी बिराटनगरबाट सचिवले हेर्ने अन्तरीम व्यवस्था धेरै नलम्बाउने ।

१३. संघीय निजामती सेवा ऐनमा NASC (स्टाफ कलेज) बाट तालिम नलिईकन कुनै संघीय कर्मचारीको बढुवा नहुने भनेझैं प्रदेश निजामती सेवा ऐन, २०७९ को बढुवा प्रावधानमा त्यस्तै अनिवार्यता राख्ने ।

१४. केन्द्र (प्रदेश र संघ) बाट एउटा बलियो क्षमतावान टिम ल्याएर एउटा अवधीभर यो प्रतिष्ठानको विकास गर्ने र तत्पश्चात प्रतिष्ठानको टिमलाई क्रमशः हस्तान्तरण गर्दै अन्ततः सम्पूर्ण रुपमा प्रतिष्ठानको टिमबाट प्रशिक्षण र अनुसन्धान संचालन हुने रणनीति अपनाउने ।

१५. प्रदेश सरकारको कार्यक्षेत्र १४ जिल्ला र भईरहेका १३७ वटा पालिकाहरुसँग प्रशिक्षण र अनुसन्धानको लागि स्थापित नातो भएकोले आफ्नो ब्राण्डको सेवा बिक्रिका लागि अधिकतम उपयोग गर्ने ।

१६. प्रतिष्ठान आँफै मोफसलमा भएकोले केन्द्र (संघीय र प्रदेश राजधानी) बाट टाढा भएकोले राम्रा विज्ञहरुलाई निम्त्याउन खोज्दा अनिच्छुक हुने हुनाले तिनीहरुका लागि आकर्षक पारिश्रमिकको व्यवस्था गर्ने ।

१७. आवासीय तालिमग्राहीका लागि बस्ने पूर्वाधार विकास गर्ने र होटेलमा राख्नु पर्ने महँगो बाध्यताको अन्त गर्ने ।

१८. पूर्णकालिक कार्यकारी निर्देशकको प्रबन्ध गर्दा प्राज्ञिक उँचाइ तथा व्यवस्थापकिय कुशलता भएको र परिवर्तनउन्मुख सोच सहित मोफसलमा बसेर प्रतिष्ठानलाई नयाँ उचाइँमा लैजाने दह्रो प्रतिवद्धता भएको व्यक्तिबाट गरिनु पर्ने । त्यस्तो व्यक्तिलाई आकर्षक पारिश्रमिक र सुविधाको प्याकेज दिएर आकर्षण गर्नु पर्ने । साथै हासिल गर्नु पर्ने लक्ष्य (Targets) सहित कार्यकारी निर्देशकसँग कार्यसम्पादन करार गरेर प्रतिष्ठान संचालन गर्ने ।

१९. यसका अलावा Senior level मा Lateral Entry (पार्श्व प्रवेश) मार्फत एकैपटक उच्च तहसम्म नयाँ रगतका जनशक्ति भित्राउने ।

२०. प्रतिष्ठानको बिर्तामोडमा रहेको मूल्यवान जग्गा सम्पती अतिक्रमणको चपेटाबाट बचाउने ।

२१. प्रतिष्ठान र प्रदेश सरकारकै अन्य ८ वटा तालिम प्रदायक निकायहरु बीच समन्वय तथा सहकार्य गर्ने मोडालिटीको विकास गरी लागू गर्ने ।

२२. प्रतिष्ठानले प्रशिक्षण तथा अनुसन्धानबाट आय गर्न एक ५ वर्षे व्यवसायिक योजना (5 Year Business Plan) बनाएर सो अनुसार प्रतिष्ठान परिचालन गर्ने ।

२३. अहिले विविध क्षेत्रहरुमा कार्य गर्ने पालिकाहरुलाई आवश्यक पर्ने Diverse Sectoral Training and Research Needs को आकलन गर्ने र सो अनुरुप प्रतिष्ठानको क्षमता र सेवा बिक्रि गर्ने वस्तु ( Product) को विकास गर्ने ।

२४. प्रतिष्ठानसँग Training and Research Competency and Product के के छन् भन्ने बारे पालिकाहरु र अन्य संभाव्य सेवाग्राहीहरुसम्म कडा बजारीकरण (Aggressive Marketing) गर्ने ।

२५. भविष्यमा प्रतिष्ठानले प्रशिक्षण र अनुसन्धानका क्षेत्रमा सेवा निजी, कर्पोरेट तथा गैससलाई समेत बिक्रि गर्ने एक छुट्टै रणनीति विकास गर्ने ।

२६. उल्लिखित कार्यहरु गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भएको शासकिय सुधार महाशाखाले एक समयबद्ध कार्ययोजना बनाएर परिणाम हाँसिल गर्नु पर्ने ।

१२६. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका अतिरिक्त अन्य ८ तालिम तथा अनुसन्धान प्रदायकहरुका सम्बन्धमा यसभन्दा माथि दिईएका सुझाव अवलम्बन गर्ने ।

## ६.६ प्रशासनिक अन्तर सम्बन्ध (प्रदेश र संघ तथा प्रदेश र स्थानीय तह)

१२७. नेपालको संविधानको धारा २३४ ले संघ प्रदेशबीच र प्रदेश प्रदेश बीच उत्पन्न विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक अन्तर प्रदेश परिषदको अधिकतम उपयोग गर्ने सम्बन्धमा अन्य प्रदेश सरकारसँग मिलेर संयुक्त रुपमा संघसँग पहल गर्ने ।

१२८. प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन गर्नै परेमा स्थानीय तहमार्फत पालिकाको सिफारिसमा संचालन गर्नु पर्ने । यसबाट समन्वय सृजनामा सहजता आउने । यसका लागि हालको प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सन्चालन) नियमावली, २०७८ मा भएको प्रदेश सरकारबाटै संचालन गर्ने हटाई स्थानीय तहको भूमिका भएको प्रावधान राखि परिमार्जन गर्ने ।

१२९. स्थानीय तहबाट योजना छनौटका ७ चरण पूरा नगरेका योजनाहरु प्रदेश सरकारबाट छनौट नगर्ने । उक्त चरणबाट सिफारिस भएका योजना मात्रै वार्षिक बजेट कार्यक्रममा समावेश गर्ने र संचालन गर्ने । यसबाट प्रदेश-स्थानीय तहबीचको समन्वयमा मद्दत पुग्ने ।

१३०. स्थानीय तहमा प्रमुख प्रशासकिय अधिकृत प्रदेश सेवाबाट नियुक्त गर्ने र तिनको खटनपटन सरुवा प्रदेश सरकारले गर्ने गरी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ११४ को प्रयोग गर्दै उक्त पदलाई प्रदेश निजामती सेवाको अङ्ग बनाउने । तब प्रदेश र स्थानीय प्रशासनबीच प्रमुख प्रशासकिय अधिकृतले समन्वयकारी भूमिका खेल्न सक्ने ।

१३१. नेपालको संविधानको धारा २३५ ले संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न र कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि गरेको देहायको व्यवस्था उपयोग गर्ने । यसका लागि प्रदेश सभाबाट तय गरिनु पर्ने यस्तो विवाद समाधान सम्बन्धी प्रक्रिया र कार्यविधी अविलम्ब सम्पन्न गरी लागू गर्ने :

१. सम्बन्धीत गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग प्रदेश सभाले समन्वय गरी विवाद समाधान गर्ने ।

२. विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधी प्रदेश कानून बमोजिम हुने ।

यसो हुन सकेमा स्थानीय तहसँगको कोशी प्रदेशको समन्वय अधिकार क्रियाशील हुने र प्रदेशसँग स्थानीय तहको समन्वयमा सकारात्मक प्रभाव पार्ने ।

१३२. मुख्यमन्त्रीको अध्यक्षतामा गठित प्रदेश समन्वय परिषदको बैठक नियमित गर्ने ।

१३३. प्रदेशको प्रमुख सचिवको संयोजकत्वमा प्रदेशका पालिकाहरुको प्रमुख प्रशासकिय अधिकृतहरु र जिल्ला समन्वय समितिका अधिकारी समेत भएको हालै २०८० सालको प्रारम्भमा गठित समन्वय संयन्त्र 'प्रशासनिक समन्वय समिति' लाई अधिकतम परिचालन गर्ने । यसका लागि उक्त समितिको बैठक नियमित गर्ने ।

१३४. राजस्व परिचालनलाई सुदृढ, पारदर्शि र गतिशील तुल्याउन साथै प्रदेश-पालिका समन्वय प्रर्वद्धन गर्न प्रदेशको आर्थिक मामिला सम्बन्धी मन्त्रीको नेतृत्वमा सबै पालिकाका राजस्व हेर्ने उपमेयर वा उपाध्यक्ष समावेश भएको एक प्रादेशिक राजस्व/वित्त समन्वय समिति गठन गर्ने र त्यसलाई सक्रिय बनाउने । यस्तो समितिलाई नयाँ राजस्वको श्रोतको खोजी, दररेट निर्धारण, संकलन, विद्युत्तिय प्रणालीको विकास तथा व्यवस्थापन, चुहावट नियन्त्रण जस्ता विषयमा संयुक्त पहल हुन गर्ने जिम्मेवारी दिने ।

१३५. स्थानीय तहसँगको प्रदेश सरकारको समन्वय सम्बन्धी सबै संयन्त्रहरुको फोकल पोइण्टका रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयस्थित शासकिय सुधार महाशाखाले सक्रिय भूमिका खेल्नु पर्ने ।

## ६.७ प्रदेशको राजस्व वृद्धि

१३६. राजस्वको निर्धारण, संकलन, अभिलेख लगायत राजस्वका हरेक स्रोतका सम्बन्धमा स्वचालित कम्प्यूटराइज्ड प्रणालीको विकास गर्ने ।

१३७. सवै प्रदेशमा एकरुपता कायम हुने गरी आपसी समन्वयमा सवारी साधनको करको दर निर्धारण गरिने व्यवस्था हुनु पर्ने । साथै सवारी साधनलाई एक प्रदेशबाट अर्को प्रदेशमा सार्दा, सवारी साधन विक्री गर्दा र विदेशमा रहेका व्यक्तिले सवारी साधनको कर विदेशबाटै तिरेमा थप कर लिई राजस्व वृद्धि गर्न सकिने बाटो खोल्ने ।

१३८. प्रदेशवाट तोकिएको जाँचपास प्रमाणपत्रको दरखास्त दस्तुर, प्रतिलिपि दस्तुर, प्रदुषण जाँच दस्तुर, प्रशिक्षण केन्द्र, कारखाना/वर्कशपको सञ्चालन दस्तुर समय सापेक्ष रुपमा वृद्धि हुनु पर्ने ।

१३९. सार्वजनिक तथा निजी सवारी साधनको सम्पूर्ण विवरण, सवारी धनिको सम्पर्क नम्वर, इमेल लगायतका सम्पूर्ण विवरण खुल्ने गरी त्यस्ता सवारी साधनहरु स्वचालित प्रणालीमा प्रविष्ट गरी नियमित रुपमा नियम अनुसारको कर दस्तुर असुल उपर हुने व्यवस्था गरिनु पर्ने ।

१४०. वार्षिक रुपममा नविकरण दस्तुत नतिरेका सरकारी सवारी साधानबाट नविकरण दस्तुर अशुल उपर गरी प्रत्येक आ.व.मा अनिवार्य रुपमा नविकरण दस्तुर तिर्न लगाउनु पर्ने ।

१४१. विज्ञापन कर के के मा र कुन तरीकाबाट के कति उठाउने सोको :यमबष्तिथ तयार गरी लागू गर्नु पर्ने ।

१४२. नदीजन्य पदार्थको उत्खनन् र बिक्रीमा पारदर्शिता कायम हुन सक्ने व्यवस्था गरी त्यस्ता वस्तु विक्री हुनासाथ कम्प्यूटराइज्ड विलिङ्ग सिष्टमद्धारा रकम संकलनको व्यवस्था गरिनु पर्ने

। त्यस्तो कम्प्यूटराइज्ड विलिङ्ग सिष्टमबाट उत्पति हुने डाटा प्रदेश प्रशासनसम्म पहुँच वा प्रवाह हुने व्यवस्था मिलाउने ।

१४३. पर्यटन, वन र कृषि क्षेत्रभित्र नयाँ राजस्व आर्जन गर्न सकिने संभावित करको पहिचान गरी थप राजस्व उठाउने र राजस्वको दायरा फराकिलो बनाउने । जस्तैः बराहक्षेत्रमा बोट चलाएको करीब ४ बर्ष भयो तर त्यसको नियमन हुन सकेको छैन । प्रदेशले यस्ता नयाँ नयाँ विषयहरुमा Proactive भएर नियमन कानून ल्याएर राजस्व आर्जन सक्ने ।

१४४. प्रदेशका लागि लागि कर राजस्व उठाउने स्थानीय तहको त्यस्ता राजस्व डाटामाथि प्रदेश सरकारको पहुँच बढाउन अनलाईनमा आधारित एकिकृत प्रणाली विकास गर्न प्रदेश सरकारको नेतृत्वमा विशेष पहल गर्ने । यस कार्यका लागि बजेट साधनश्रोत अपुग हुने भएमा वैदेशिक अनुदान लिने प्रबन्ध गर्ने ।

१४५. बढी आन्तरिक राजस्व उठाउने स्थानीय तहहरुलाई क्ष्लअभलतष्खभ दिने नीति प्रदेशले लिनु पर्ने । यस्तो नीति स्थानीय तहलाई दिईनु अनुदानमा दिन सकिने । यसरी स्थानीय तहले आन्तरिक आम्दानी राम्रो गर्न सकेमा प्रदेशको समेत आन्तरिक राजस्व वृद्धि हुने ।

१४६. प्रदेश र स्थानीयबीच साझा अधिकारको विषय स्पष्ट हुन नसकेको जस्तैः ढुङ्गा गिटी बालुवाको विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सोबाट आर्जित रकम स्थानीय सञ्चित कोषमा राख्ने व्यवस्था गरेकोले स्थानीय तहबाट प्रदेश सरकारले पाउने बाँडफाँटमा समस्या भएको हुँदा स्थानीय विभाज्य कोषमा जम्मा भएर बाँडफाँट गर्ने व्यवस्था गर्नुपर्ने । यसका लागि सबै प्रदेश सरकारहरुले मिलेर संघसँग संयुक्त पहल गरिनु पर्ने ।

१४७. संघबाट गरिने वित्त हस्तान्तरणमा हालसम्म मूल्य अभिवृद्धि कर र अन्तःशुल्क मात्र बाँडफाट हुने गरेकोमा अब आइन्दा आयकर र भन्सारबाट भएको आयपनि त्यस्तो बाँडफाँटमा समावेश गर्ने व्यवस्थाका लागि सबै प्रदेश सरकारसँग मिलेर संयुक्त पहल गर्ने ।

१४८. राजस्व बाडफाँट तथा अनुदानहरुको वितरणका आधारहरुको सामयिक पुनरावलोकन गर्नुपर्ने । यस सन्दर्भमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा भएको प्रावधानले हाल प्रदेश र स्थानीयलाई १५/१५ प्रतिशत र बाँकी ७० प्रतिशत रकम संघले लिने गरेकोमा प्रदेशलाई कम्तिमा ३० प्रतिशत हुने गरी उक्त ऐनमा परिमार्जन गराउने । यसका लागि सबै प्रदेश सरकारसँग मिलेर संयुक्त पहल संघसँग गरिनु पर्ने ।

१४९. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा भएको प्रावधानले रोयल्टी वापत उठ्ने कूल रकमबाट संघले प्रदेश र स्थानीयलाई २५/२५ प्रतिशत दिने र बाँकी ५० प्रतिशत रकम संघले राख्ने गरेकोमा प्रदेशलाई कम्तिमा ३० प्रतिशत हुने गरी उक्त ऐनमा परिमार्जन गराउने । यसका लागि सबै प्रदेश सरकारसँग मिलेर संयुक्त पहल संघसँग गरिनु पर्ने ।

## ६.८ प्रशासन सुधार कार्यान्वयन योजना (Administrative Reforms Implementation Plan)

१५०. प्रदेश प्रशासनभित्र व्यापत परिवर्तनप्रति उत्साहको कमि (Motivation Deficiency) र उच्च परिवर्तन प्रतिरोध (Resist to Change) दुवैलाई व्यवस्थापन नगरी प्रशासन सुधारका लागि अनुकूल वातावरण तयार नहुने हुँदा राजनैतिक नेतृत्व मुख्यमन्त्री र प्रशासनिक नेतृत्व प्रमुख सचिवले यसका लागि विशेष पहल गर्नु पर्ने ।

१५१. राजनैतिक तहमा र कर्मचारी प्रशासनको तहमा भएका परिवर्तनमुखी व्यक्तिहरु (Agent for Change) को पहिचान गरी तिनीहरुको संख्या (Pool) र भूमिका (Role) बढाएर प्रदेश प्रशासन

सुधार अभियान अगाडी बढाईनु पर्ने । त्यस्ता परिवर्तनमुखी व्यक्तिहरुको एउटा टिम तयार गरेर यस प्रतिवेदन र अन्य अध्ययन प्रतिवेदनहरुमा सिफारिस गरिएका विषयहरुलाई कार्यान्वयन गर्न गराउन एक समग्र कार्ययोजना (Consolidated Plan of Action) तर्जुमा एवं स्वीकृत गरी कार्यान्वयनका लागि अघि बढ्ने ।

१५२. समग्र कार्ययोजना (Consolidated Plan of Action) को कार्यान्वयनका लागि विगतमा नेपाल सरकारले काशीराज दाहालको संयोजकत्वमा गठन गरेको उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितीको जस्तो समितिको व्यवस्था गरेर उक्त समितिलाई कम्तिमा १ वर्ष काम गर्न दिनुपर्ने । उक्त समितिको सचिवालयका रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भएको प्रशासन सुधार महाशाखाले सक्रिय भूमिका खेल्नु पर्ने ।

# सन्दर्भ सामाग्री

## नेपाली सामग्रीहरु


*संघीय संसद सचिवालय (२०७९). संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन. काठमाण्डौ ।*

*मुद्रण विभाग, (२०७२) नेपाल राजपत्र भाग १ खण्ड ६५ अतिरिक्ताङ्क १५, २०७२ असोज ३ गते नेपालको संविधान http://rajpatra.dop.gov.np/welcome/book?ref=22517*

*प्रधान, सुरेश (२०७९). प्रदेश १ सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी सुचकहरुको स्थीतिसम्बन्धी अध्ययन प्रतिवेदन. प्रदेश सहयोग कार्यक्रम. बिराटनगर ।*

*आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश (२०७८). प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७८. प्रदेश राजपत्र, खण्ड ५) माघ १६ गते २०७८, अतिरिक्ताङ्क २४, बिराटनगर, नेपाल*

*आन्तरीक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश (२०७६). प्रदेश सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन २०७६. प्रदेश राजपत्र, खण्ड २), बैसाख २६ गते २०७६, अतिरिक्ताङ्क ४, बिराटनगर, नेपाल*

*आन्तरीक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश (२०७९) प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ (२०७९). कोशी प्रदेश https://moial.koshi.gov.np/files/document/20230328144758.pdf*

*आन्तरीक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश (२०७८) प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सन्चालन) नियमावली, २०७८. कोशी प्रदेश. https://moial.koshi.gov.np/files/document/20230330151533.pdf*

